
# बुद्धधर्म र व्यवहार

(लेखसंग्रह)









सुवर्ण शाक्य

Downloaded from http://www.dhamma.digital

# बुद्धधर्म र व्यवहार

(लेखसंग्रह)

लेखक

**सुवर्ण शाक्य**

Dhamma.Digital

प्रकाशक

शरणप्रकाशन

काठमाडौं

Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| प्रकाशनमिति | - | २०६० आषाढ २८ गते, शनिश्चरवार |
| बुद्धसम्वत् | - | २५४७ |
| नेपालसम्वत् | - | ११२३ |
| इस्वीसम्वत् | - | २००३ |

| | | |
|---|---|---|
| प्रकाशित प्रति | - | १००० |

मूल्य रू. ८०।-

कम्प्यूटर टाइप सेटिंग -

**कान्तिपुर कम्प्यूटर्स**

१९९ निष्ठानन्दमार्ग, ॐ बहाल, काठमाडौं।

फोन नं. ४२५६२६५

मुद्रक -

**प्रिन्टिंग स्पट**


स्यूचाटार, वडा नं. २, काठमाडौं।

फोन नं. - ४२८३३१६


E-mail : pathsetter@wlink.com.np

Downloaded from http://www.dhamma.digital

# प्रकाशन समितिका सदस्यहरू



भिक्षु सद्धातिस्स



भिक्षु कोलित



प्रा. सुवर्ण शाक्य



साहू ज्ञानज्योति कंसाकार



साहू द्रव्यमानसिंह तुलाधर

Downloaded from http://www.dhamma.digital

# बुद्धधर्म र व्यवहार

(लेखसंग्रह)

# विषय-सूची


| क्रम | लेख | पृष्ठ |
|---|---|---|
| ✶ | *मन्तव्य र साधुवाद* | *क* |
| ✶ | *मन्तव्य* | *ग* |
| ✶ | *लेखकको भनाइ* | *घ* |
| ✶ | *प्रकाशकीय* | *छ* |
| १. | शरण | १ |
| २. | बुद्धको उपदेश र धर्मचक्रप्रवर्तन | ४ |
| ३. | प्रेम | ७ |
| ४. | महापरिनिर्वाण | ९ |
| ५. | बुद्धको सिद्धान्त समानता | १३ |
| ६. | बुद्धधर्ममा संघको महत्त्व | १६ |
| ७. | थेरवादी बुद्धधर्म | १९ |
| ८. | बुद्धको व्यावहारिक दृष्टिकोण | २२ |
| ९. | मानवधर्म | २५ |
| १०. | बौद्धभावना | २९ |
| ११. | बुद्धधर्ममा गुरुशिष्यको कर्तव्य | ३३ |
| १२. | अशोकको बुद्धधर्मप्रचारमा देन | ३७ |
| १३. | बौद्धतीर्थस्थल चारधामका अवशेष | ४० |
| १४. | धर्मको कुरा | ४४ |
| १५. | बौद्धसंस्थामा सदस्य हुँदैमा बौद्ध होइन्न | ४७ |
| १६. | ऐतिहासिक विहारपूजा | ५० |
| १७. | बौद्धविहारको विजोग र संरक्षणको आवश्यकता | ५५ |
| १८. | कपिलवस्तुसंबन्धमा छोटो सार संग्रह | ६० |
| १९. | बुद्धजयन्ती : अहिंसादिवस | ६२ |
| २०. | नेपालमा वज्रयानको भविष्य | ६६ |
| २१. | बौद्धहरूलाई हिन्दू भनेर किन भन्छन् ? | ७१ |
| २२. | धर्म र व्यवहार | ७५ |


Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

| क्रम | लेख | पृष्ठ |
|---|---|---|
| २३. | बुद्धधर्मको सामान्य सार | ७९ |
| २४. | बुद्धधर्म ह्रास हुनुमा बौद्धकै कमजोरी | ८३ |
| २५. | ज्ञानमालाभजन र प्रयोगको भाषा | ८७ |
| २६. | पुरातत्त्वको विकासको छोटो परिचय | ९० |
| २७. | दशैं राष्ट्रिय चाड रहेन | ९३ |
| २८. | महामानव गौतम बुद्ध | ९७ |
| २९. | बुद्धधर्म र आजको नेपाल | १०० |
| ३०. | गौतम बुद्धलाई मानिस भनी मान्नुपर्दछ | १०३ |
| ३१. | समझदारीको महत्त्व | १०६ |
| ३२. | भजन र ज्ञानमार्ग | १०९ |
| ३३. | भगवान् बुद्ध र बहुजनहित | ११३ |
| ३४. | क्रोधसम्बन्धमा धम्मपद | ११६ |
| ३५. | लोकनीतिमा स्त्रीकाण्ड | ११९ |
| ३६. | धम्मपदमा क्रोधवर्ग | १२४ |
| ३७. | जनगणनाअनुसार बौद्धसंख्या | १२९ |
| ३८. | भगवान् बुद्धले वंश त्यागे | १३२ |
| ३९. | नेपाली बौद्धहरू | १३७ |
| ४०. | बुद्धधर्मका संप्रदाय | १४० |
| ४१. | शिक्षालाई तत्काल व्यवहारमा उतार्ने शिक्षणसंस्था | १४५ |
| ४२. | धर्मउपदेशक बुद्ध किन मौन रहनुहुन्थ्यो ? | १४९ |
| ४३. | धम्मपदमा वृद्धसंबन्धमा चेतना | १५२ |
| ४४. | नेपालमा बौद्ध र बौद्धसंस्था | १५६ |
| ४५. | नेपालमा बुद्धधर्म | १६१ |
| ४६. | शान्तिको चाहना विहारनिर्माण | १६४ |
| ४७. | धार्मिक लोभ | १६७ |
| ४८. | बुद्धधर्म र धन | १७१ |
| ४९. | बुद्धधर्म र प्रचार | १७४ |
| ५०. | धर्म र संस्कार | १७८ |
| ५१. | मरेपछि दान | १८१ |

❖

Downloaded from http://www.dhamma.digital

# मन्तव्य र साधुवाद

प्रा. सुवर्ण शाक्यका विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखहरूको संग्रह "बुद्धधर्म र व्यवहार" नामक पुस्तक सर्सर्ती पढेर हेरें । यो पुस्तकलाई बुद्धधर्मसंबन्धी ढुकुटी भनेपनि हुन्छ । यसमा बुद्धधर्म र व्यवहारसंबन्धमा सर्वाङ्गविषयमा कुनै संक्षिप्तरूपमा र कुनै विस्तृतरूपमा समावेश भएको छ । यसलाई त 'बौद्धदर्पण' भनेपनि हुन्छ । यस प्रस्तुत पुस्तकमा "शरण" देखि "मरेपछि दान" विषयसम्म गरी जम्मा ५१ वटा अमूल्य लेख संगृहित भएका छन् । यी लेखहरू पढ्दैजाँदा मलाई कुनचाहिँ लेख उत्तम हो छुट्याउन गाह्रो पर्‍यो, एकसे एक उस्तै छन् । चन्दनको रूख काट्दाखेरि जति गहिरो गयो उति नै झन् सुगन्ध आउनेजस्तै यसबाट मलाई त ज्ञानवर्धक भई रसस्वाद आउन थाल्यो । 'बुद्धको सिद्धान्त समानता', 'बुद्धको व्यावहारिक दृष्टिकोण', 'मानवधर्म' र 'बौद्धसंस्थामा सदस्य हुँदैमा बौद्ध होइन्न' जस्ता लेखहरू साह्रै राम्रो लाग्यो । बुद्धको अनुयायी बन्नको लागि के कस्तो गुण चाहिन्छ र कस्ता व्यक्तिलाई बुद्धमार्गी भन्नेबारेमा स्पष्ट विचार लेखिएको अति उत्कृष्ट र सह्राहनीय तथा सान्दर्भिक देखिएको छ ।

पालिसाहित्यका केही शब्दहरूको परिभाषा आफ्नै ढंगको अर्थ अलग्गै छ । जस्तै - "शरण", "अरिय (आर्य)", "अत्ता हि अत्तनो नाथो" र "एस धम्मो सनन्तनो" । यहाँ 'अत्ता' शब्दको अर्थ 'आत्मा' भनेको होइन । सनन्तनोको अर्थ सनातन हिन्दू भनी रहेको होइन । यहाँ प्राचीन कालदेखिको भनिएको प्रकृतिको नियम भनिएको हो । अरिय (आर्यसत्य) को अर्थ नाक चुच्चो भएका जातिको भन्ने अर्थ होइन, उत्तम भन्ने अर्थ हो । त्यस्तै शरणको अर्थ अर्थात् 'बुद्धं शरणं गच्छामि' भन्नासाथै दुःखबाट मुक्त हुने कुरा होइन । बुद्धले कहिल्यै पनि भन्नुभएको थिएन कि 'मेरो शरणमा आऊ, तिमीहरूलाई दुःखबाट मुक्त गरिदिन्छु ।' कृष्ण र क्राइष्टले 'मामेकं शरणं व्रज' मेरो शरणमा आऊ, म दुःखबाट तारिदिन्छु भनेजस्तो बुद्धले भन्नुभएको छैन । बुद्धले त 'मैले देखाएको बाटोबाट गएर आचरण गरेमा दुःखबाट मुक्त हुनेछ । म त मार्गप्रदर्शकमात्र हूं' भन्नुभएको छ । बुद्धले आफ्नो महापरिनिर्वाणको बेला भन्नुभएको थियो - 'अत्तदीपो भव, अत्तसरणो । आफ्नो भरोसा आफै हो, अरूको शरणमा नजाऊ । आफ्नो खुट्टामा आफै उभिन कोशिश गर । सधैं सजग र सतर्क भएर बस । अप्पमादेन सम्पादेथ ।' (महापरिनिर्वाणसूत्र) ।



Downloaded from http://www.dhamma.digital

'बुद्धं शरणं गच्छामि, धर्मं शरणं गच्छामि, संघं शरणं गच्छामि' भन्नुको अर्थ शपथग्रहण गर्नु हो कि ' म बुद्धले देखाउनुभएको मार्गमा गएर धर्माचरण गर्न प्रतिबद्ध छु।' यसरी प्रतिबद्ध भएको सिबाय आत्मसमर्पण गरिएको होइन। पछि आएर यसलाई साम्प्रदायिकरूपमा वाचन गर्ने परंपरा चलाउन शुरूगर्दै ल्याएको देखिन आएको छ ।

यस्तै बुद्धको उपदेश र धर्मचक्रप्रवर्तनसंबन्धमा गौतम बुद्धले सर्वप्रथम उपदेश दिनुभएको धर्मचक्रको अर्थ दुइवटा छन्। एउटा गतिशील हुनु र अर्को मध्यममार्गमा जानु। मानिसले बहुजनहिताय र बहुजनसुखायको लागि गतिशील हुनुपर्दछ। कुनै कुरामा अति जिद्दीपन र कट्टरपन रहनुहुन्न। बुद्धको परिनिर्वाणपछि वहाँका गतिशील उपदेशलाई थेरवादी र महायानी दुबै वर्गले बिर्सिदिए। आज आएर दुबै वर्ग मध्यममार्गबाट टाढिँदै गएका छन् भन्नुमा अत्युक्ति हुँदैन होला।

यसपुस्तकमा उल्लिखित विषयहरू पाठकहरू आफैले पढेर ज्ञान लाभ गर्नुपर्ने कुरा हो भन्ने मैले सम्झेको छु। यस्तै 'नेपालमा वज्रयानको भविष्य', 'बौद्धभावना' र 'धर्मको कुरा' पढ्नैपर्ने विषय हुन्। प्रस्तुत पुस्तक बौद्धपरियत्तिशिक्षाको पाठ्यपुस्तकमा समावेश गर्नुपर्ने देखिन्छ। बौद्धपरियत्तिमा त धेरैजसो अनुवाद गरिएका पुस्तकहरू पाठ्यपुस्तकको रूपमा राखेको देखिन्छ। प्रस्तुत प्रा. सुवर्ण शाक्यको 'बुद्धधर्म र व्यवहार' पुस्तक अनूदित होइन। यो पूर्णत: मौलिक पुस्तक हो। आज नेपालमा प्रचलित बौद्धपरियत्तिशिक्षामा स्वतन्त्र-चिन्तनलाई त्यति ठाउँ दिइएको छैन जस्तो लाग्छ। एकजना परियत्तिका परिक्षार्थीले भनेका थिए - " विषय मिलाएर स्वतन्त्र चिन्तनले लेखेको उत्तरको लागि प्राप्तांक कम पाइयो। यसविषयमा प्रश्न गर्दा पुस्तकमा जे छ त्यहीअनुरूप उत्तर दिनुपर्दछ भनी एकजना परियत्तिशिक्षाका उच्च पदाधिकारीले भन्नुभयो। के यो कुरा ठीक छ ?"

अन्तमा प्रा. सुवर्ण शाक्यको स्वतन्त्रचिन्तन अति सह्राहनीय छ। वहाँको प्रस्तुत पुस्तकको व्यापक प्रचार-प्रसार गर्नसके समाजमा बौद्धजागरण र चेतना जाग्नेछ भन्ने मेरो विश्वास र धारणा छ। वहाँलाई साधुवाद छ।

२०६० आषाढ २८ गते, शनिवार

**भिक्षु अश्वघोष**
श्रीघ:विहार, काठमाडौं



Downloaded from http://www.dhamma.digital

# मन्तव्य

भगवान् बुद्धको जन्म आफ्नो देशमा भएको गर्व गर्ने र आफूहरू बुद्धका अनुयायी हौं भनेर टोपल्ने हामी बौद्ध धर्मावलम्बी भनाउँदाहरू व्यवहारमा भने परम्पराकै धुनमा अन्धाधुन्ध लागेर 'माछामाछा भन्दै भ्यागुता समातिरहन्छौं', कुराले अगाडि बढ्दै कामले पछाडि गइरहन्छौं, उँभोउँभो लागेको भन्ठान्दै उँधोउँधो झरिरहन्छौं । आफ्नो धर्मको दार्शनिक पक्षको कुरै छाडौं, दिनहुँ अभ्यास गरिरहनुपर्ने व्यावहारिक पक्षबारे समेत सोच्नेतिर हाम्रो मन जाँदैन वा फुर्सद हुँदैन ।

प्रा. सुवर्ण शाक्यद्वारा लिखित यो 'बुद्धधर्म र व्यवहार' पुस्तक बुद्धधर्मका विभिन्न पक्ष र हाम्रा परम्परागत प्रचलित गतिविधिहरूबारे समयसमयमा प्रकाशित लेखहरूको संगालो हो । यी लेखहरूबाट आजको हाम्रो समाजका माथि चर्चा गरिएअनुसारको शोचनीय स्थिति तथा व्यवहारमा अझै कायम रहेका गुण-अवगुण र राम्रा-नराम्रा पक्षहरूको झझल्को दिनाको साथै तिनलाई केलाउने काम भएको छ ।

केही लेखहरूमा केही गम्भीर शब्दहरूको अर्थ सजिलै बुझिने पाराले व्याख्या गरिएका छन् भने केहीमा दुई थरी बौद्धगुरुहरू परंपरागत संस्कारविधि गराउने वज्राचार्यहरू र बुद्धधर्मको प्रस्तुति र पालन शुद्धरूपले गराउने भिक्षुहरूको बीचको रेखा घतलाग्दो ढङ्गले कोरिएको छ । फेरि विभिन्न बौद्धसम्प्रदायहरूको बीचमा रहेको धार्मिक सहिष्णुतामात्र नभई धार्मिक एकताको भावनामा आबद्धता र आपसी सहकारिताको प्रवृत्ति पनि खुलस्त पारिएका छन् ।

संक्षेपमा भन्ने हो भने यस सङ्ग्रहमा परेका कुराहरूको मीठो स्वाद यो मन्तव्यमा गनथन लम्याएर होइन कि पाठकहरूले पुस्तक नै पढेर राम्ररी चाख्न सक्नेछन् । कुनैपनि बस्तुमा गुणै गुणमात्र हुन्छन्, दोष हुँदैनन् भन्नु नसकिनेजस्तै प्रस्तुत कृतिमा पनि केही त्रुटि होलात् । उदाहरणार्थ, पृष्ठ २० मा 'हीनयान' नाम उपयुक्त नभएको ले यसलाई थेरवाद (स्थविरवाद) भन्न लागे भन्ने वाक्य ठीक छैन । शुद्ध अर्थात् आदिम बुद्धधर्म स्थविरवाद कहलिएको छ । स्थविरवादलाई पालिभाषामा थेरवाद भनिन्छ । 'हीनयान' भन्ने शब्द चाहिँ द्वितीय तृतीय शताब्दीपछि निक्कै प्रभावशाली भएका महायानीहरूले थोरै संख्यामा रहेका स्थविरवादीहरूलाई आफूभन्दा तुच्छ देखाउन प्रयोग गरेका छन् ।

अन्त्यमा मन्तव्यको निमित्त मलाई सम्झनुभएको मा लेखक मित्रवरप्रति आभार व्यक्त गर्दछु ।

बबरमहल, काठमाडौं ।
२०६०।३।१७

**भुवनलाल प्रधान**



Downloaded from http://www.dhamma.digital

# लेखकको भनाइ

किताबको नाम 'बुद्धधर्म र व्यवहार' मेरो आफ्नै सोचको कुरा हो। यसभित्रका लेखहरू बौद्धजगत्को वातावरणले सृजना गरेका सामयिक विचारका प्रस्तुति हुन् । बुद्धधर्मका अनित्य, दु:ख, अनात्म र अनीश्वरवादितामा आधारित विषयको सँगालो यसमा अन्धभक्तिलाई स्थान दिइएको छैन । यसभित्र अतिविश्वासलाई समर्थन हुने कुरा पनि छैन भने रातलाई दिन पार्ने जस्ता कथाकुथुंग्रीको कुरा पनि छैन । बुद्धधर्मलाई मुख्य आधार मानेर सोचिएका समाजव्यवहार र सामाजिक, धार्मिक अनुभवका कुराहरूले नै यस पुस्तकका पानाहरू भरिएका छन् । एउटा लेखमा प्रकट गरिएको विचार-भाव संझनको लागि विषयगत अस्पष्ट वा अपूर्ण रहेको महसूस भएमा त्यसभित्रको अर्को लेख हेर्दैजाँदा त्यहाँ त्यसविषयको स्पष्टता निहित रहेको पाइनेछ। यी लेखका विषयसम्बन्धमा कसैको सहमति र असहमतितिर ध्यान दिइएको छैन । प्रकटित भावलाई उचित ठान्नेले यी विषयमा आफूले बुझेका कुरालाई व्यवहारमा ल्याउला भन्ने आशा गरिएको छ ।

शील, समाधि र प्रज्ञाका आधारभूत कुराहरू जुन किसिमले यहाँ रहेका छन् त्यसले सज्जन र अन्य सहृदयीहरूलाई समेत व्यवहारतिर प्रेरित गर्न सकिएला भन्ने धारणा लिएको छु। यसमा रहेका भावनाका कुराहरू कसैलाई चित्त बुझाउन होइन अपितु आफै चित्त बुझ्न लेखेको हूं। संस्कारसुधार र बानीसुधारको अभ्यास गर्दै जानु सामाजिक समुन्नतिको लागि हुनेछ भन्ने पनि मेरो ठूलो सोच हो।

जन्ममरणबाट पार भई निर्वाणत्व प्राप्त गरिसकेका भगवान् बुद्धलाई जिउँताउने खालको आव्हान गरी उनको भक्त बनेर ती बुद्धको जीवनगाथा गाइएका नासमझखालका बुद्धप्रतिको समर्पित भावनाको यसभित्र सुइँकोसम्म पनि छैन। बुद्धद्वारा "म मरेपछि मेरो उपदेश नै 'धर्म' हुनेछ । मानिसले आफै बुद्ध हुने प्रयत्न गर्नुपर्दछ । 'आफ्नो मालिक आफै हो" भनिएका कुरा नै मेरा यी लेखहरूमा प्रकटित सारांश हो। बुद्धलाई तारिफ गरेर हाम्रो आकांक्षा पूरा हुने होइन, अपितु बुद्धको उपदेशलाई अँगालेर जीवनको उद्देश्य पूरा गर्नुपर्दछ । कुनैपनि ठाउँमा बुद्धको मूर्तिलाई अगाडि राखेर व्यवहारवादी महामानव बुद्धको गुण सम्झने गरेको मात्र हो सिबाय बुद्धलाई ईश्वर



Downloaded from http://www.dhamma.digital

संझेर अन्धभक्त बनी मात्र पूजा गर्नको लागि बुद्धको मूर्ति राखिएको होइन । यस्तै मानवकल्याण हुने वास्तविक व्यवहारलाई 'धर्म' भनिनेसिबाय तर्क-वितर्क, वाद-विवाद, विद्वत्ता छाँट्ने र बुद्धिविलासितालाई अँगालेर भय र आशाको कारणद्वारा संस्कार जमाई गरिने व्यवहारलाई 'धर्म' भनिँदैन किनकि त्यस्ता संस्कार र व्यवहारबाट मानिसमा रहेको प्रकृतिजन्य स्थायी दु:खको निवारण हुँदैन । यो कुरा प्रत्येक व्यक्तिले अनुभव गरिराखेको हो । यस्तो जगत्‌हितकारी व्यावहारिक सिद्धान्तका प्रतिपादक एवं मानवमूल्य र मान्यताका समर्थक वहाँ बुद्धप्रति आस्था राख्नेले वहाँको 'धर्म' लाई पछ्याएका छन् । बुद्धले बताएका कुरा हुनाको नाताले यस 'धर्म' लाई साम्प्रदायिक गन्ध आउने गरी 'बुद्धधर्म' भनिदिएका छन् । वास्तवमा बुद्धले बताएका कुरा त 'धर्म' मात्र हो । यसरी बुद्धले बताएका कुरामा 'धर्म' नै व्यवहार हो र व्यवहार नै 'धर्म' हो तर त्यसप्रकारको व्यवहार भनेको स्व-पर हित हुने कल्याणकारी शीलाचरणयुक्त व्यवहार हो । सजिलोको लागि एउटै शब्दमा भन्ने हो भने यो 'धर्म' भनेको 'सामान्य बुद्धि' वा 'व्यावहारिक ज्ञान' (Common Sense) हो ।

मेरा यी लेखमा धर्मको आधारमा दिइएको सल्लाह छ, सुझाव छ, मेरो आफ्नै अनुभवको कुरा छ । मेरा यी पंक्तिहरू कसैको गालीको लागि प्रयोग गरिएका छैनन् न कसैलाई तुच्छ संझिन व्यक्त गरिएका छन् । व्यवहारमा चुकेको कुरामा औंल्याइएको रूपमा प्रस्तुत गरिएको हुँदा त्यसविषयलाई कसैप्रति गाली गरिएको र होच्याइएको भनी नसम्झिदिनुहुन पाठकवर्गमा अनुरोध छ । मेरो तुच्छ बुद्धिले जानी-नजानी, बुझी-नबुझी कसैलाई कुनैप्रकारको चोट पुग्ने गरी अभिव्यक्त भएको पाइएमा त्यसको लागि क्षमाप्रार्थी छु ।

आज अधिराज्यका बौद्धजनजातिले बुद्धधर्ममा चाख बढाएको छ । वहाँहरूले बुद्धोपदेशित वास्तविक धर्म बुझ्न खोजिएको छ । वहाँहरूको लागि प्रेरणा र वास्तविकता संझाउन पनि यो पुस्तक उपयुक्त हुनेछ भन्ने ठानेको छु ।

यस पुस्तक प्रकाशनको लागि संपूर्ण आर्थिक व्ययभारको जिम्मा लिइदिनुहुने आदरणीय साहू ज्ञानज्योति कंसाकारप्रति आभार व्यक्त गर्दछु । मलाई बुद्धधर्मको क्षेत्रमा दृढसंकल्पित हुन आजभन्दा २५ वर्षअघि सिंढी तयार पारिदिनुहुने श्रद्धेय भिक्षु अश्वघोष महास्थविर जसले यसपुस्तकको लागि मन्तव्य र मलाई साधुवाद प्रदान गर्नुभयो वहाँप्रति नतमस्तक भई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । मप्रति सधैं आस्था



Downloaded from http://www.dhamma.digital

राखेर मेरो हित चिन्तना गर्दै मेरोलागि सहयोगी बनिरहनुभएका यस पुस्तक - प्रकाशनका व्यवस्थापक भिक्षुद्वय श्रद्धेय सद्धातिस्स र श्रद्धेय कोलितप्रति आभार व्यक्त गर्दछु । यस पुस्तकप्रकाशनसहितको लागि नवगठित 'शरणप्रकाशनसमिति'का परिवारमा रहनुभएका साहू द्रव्यमानसिंह तुलाधरप्रति पनि उतिकै कृतज्ञ छु । यस पुस्तकसम्बन्धमा आफ्नो मन्तव्य पोख्नुहुने बुद्धधर्मसंबन्धी विषयको इतिहास केलाउने इतिहासकार विद्वान् भू.पू. मन्त्री श्री भुवनलाल प्रधानप्रति पनि आभार व्यक्त गर्दछु । बुद्धसम्बन्धित ४ प्रतीकलाई अँगालेर कभरलाई सजाउने मेरो इच्छालाई साकार पार्न आफ्नो श्रमश्रद्धाले लागिपरेर प्रभावोत्पादक डिजाइनका लागि फोटोसमेत तयार पारिदिनुहुने फोटोग्राफर नातिकाजिप्रति धन्यवाद ज्ञापन गर्दछु । अन्तमा मेरो आफ्नै घरपरिवारबाट यसक्षेत्रमा जुन टेवा प्राप्त भएको छ त्यो अकथनीय श्रद्धा-प्रीति मात्र मेरो आफ्नै हृदयमा राखेको छु ।

२०६० आषाढ २८ गते, शनिवार
हालको निवास- स्यूचाटार वडा नं. २, काठमाडौं ।

**सुवर्ण शाक्य**
ॐ बहाल, काठमाडौं

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

धर्मसंबन्धका पुस्तकहरू प्रकाशित भइरहँदा धर्मक्षेत्रमा धार्मिक क्रियाकलाप बढ्ने र जनमानसमा धार्मिक चेतनाको अभिवृद्धि हुने कुरा निर्विवाद छ । यस्तो उपयुक्तता विद्यमान रहेतापनि धार्मिक पुस्तक प्रकाशन गर्नु भनेको अरू क्षेत्रको जस्तो सजिलो कुरा होइन । धर्म भन्दैमा समयानुसारको लोकल्याणको विपरीतभाव एवं अन्धभक्ति, अन्धविश्वास र अन्धपरंपराको विकासमा टेवा हुनजाने खालका पुस्तक प्रकाशित भइदिएमा समाज नै दूषित हुन जाने कुरामा ख्याल पुऱ्याउनु आजको आवश्यकता भएको छ । यस कुरातिर ध्यान राख्दा शुद्ध मानवतावादीविषयका धार्मिक पुस्तक छानी प्रकाशित गर्नु ज्यादै कठिन कुरा हो ।

यसप्रकारका धर्मसंबन्धी पुस्तक प्रकाशित गर्न लगानी गर्नु भनेको त्यागी र दानीले सिबाय अरूले ध्यान दिने कुरा होइन किनकि यस कामले आर्थिक लाभ हुने कुरा हुँदैन । 'कुकुरलाई मासु पैंचो' भन्ने खालका व्यक्तिले यसप्रकारको उद्देश्यअनुरूपका धार्मिक पुस्तक प्रकाशनतिर लाग्ने हुँदैन । कुनैप्रकारको व्यक्तिगत फाइदा र आर्थिक लाभबिना सिर्फ मानवहितका लागि भनी तन, मन र धन अर्पण गर्ने प्रकाशकहरू यससंबन्धमा दुर्लभ हुन्छन् ।

बुद्धधर्मअन्तर्गत शीलाचरण र व्यवहारसंबन्धी चेतनामूलक पुस्तकको खोजीमा प्रा. सुवर्ण शाक्यको लेखसंग्रह पढ्ने औसर प्राप्त भयो । त्यसलाई आद्योपान्त हेरियो । त्यसको विषय बुद्धधर्मसंबन्धमा पुराण, कथाकुथुंग्री, पूजा-भक्ति, कर्मकाण्ड र शास्त्र नभै बुद्धधर्मका आधारहरूलाई मौलिकरूपमा प्रस्तुत गरिएका कुरा रहेको पाइयो । यसलाई प्रकाशनसमितिले प्रकाशित गर्न उपयुक्त ठान्यो ।

यस प्रकाशनसमितिले आफ्नो प्रकाशित कृति निशुल्क बाँड्नेछैन र त्यसबाट उठेको श्रद्धाका रकमलाई क्षणिक चहलपहल हुने खालको अनुत्पादक कार्यक्रम र



Downloaded from http://www.dhamma.digital

काममा लगाइनेछैन। यसको संपत्ति प्रकाशनसमितिका सदस्यहरूको व्यक्तिगत हुनेछैन र मानवोपयोगी धार्मिक उद्देश्य पूर्तिका लागि सधैं साझा रहनेछ।

'शरणप्रकाशन'को नामले संचालित यस प्रकाशनसमितिले बौद्धजगत्का ख्यातिप्राप्त प्रतिष्ठित समाजसेवी प्रा. सुवर्ण शाक्यको 'बुद्धधर्म र व्यवहार' पुस्तक प्रकाशित गर्न पाएको छ। यस प्रकाशनको लागि समयमै कंप्यूटर टाइप सेटिंग तयार पारिदिने कान्तिपुर कम्प्यूटर्स ॐ बहाल र छापेर तयार पारिदिने प्रिन्टिग स्पट स्यूचाटार परिवारप्रति धन्यवाद ज्ञापन गरिन्छ।

Dhamma.Digital

२०६० आषाढ २८ गते, शनिश्चरवार

**शरणप्रकाशन समिति**
काठमाडौं

Downloaded from http://www.dhamma.digital

# शरण*

शरण शब्दको अर्थ आश्रय अथवा आड लिनु हो । जुनसुकैप्रकारका मानिसलाई पनि आड चाहिन्छ । राजा मन्त्री र सेनाहरूका आडमा राज्य चलाउँछन् भने भीखमंगा दानी गुणीहरूको आडमा जीवन यापन गर्छन् । आफैमा परिपूर्ण हुने व्यक्ति संसारमा कोही हुँदैन । हरवर्ग हरक्षेत्रका व्यक्तिले एक न एकको आडमा आफूलाई समर्पण गरेको हुन्छ । शरण विश्वासले हुन्छ, जवर्दस्तीले हुँदैन । वातावरणले मानिसलाई कुनैपनि ठाउँ वा व्यक्तिको शरणमा पुऱ्याएको हुन्छ । कोही क्रोधीको शरणमा पुग्छ भने कोही लोभीको शरणमा पुग्छ । जस्ताको शरणमा पुग्यो उसको स्वभाव त्यस्तै बनेर आउँछ । शरणले स्वच्छ पनि हुन्छ, दूषित पनि हुन्छ । काम, क्रोध, लोभ, मोह, मद र मात्सर्यहरू आसुरीप्रवृत्ति हुन् भने क्षमा, दया र स्नेह आदि दैवीप्रवृत्ति हुन् । आसुरीप्रवृत्तिले पनि सुख त प्राप्त हुन्छ तर शान्ति प्राप्त हुँदैन । यद्यपि सुख-शान्ति प्राप्त भएतापनि त्यो क्षणिक र अस्थायी हुन्छ । क्षणिक कुराको अन्त्य अवश्यम्भावी छ । क्षणिकता जबर्दस्त प्रकृया हो सुख र शान्तिको । मानिसको अन्तिम लक्ष्य त सुख नै हो, शान्ति नै हो । क्षणभरको लागि सुख-शान्ति प्राप्त गर्ने उपायमा काम, क्रोध, लोभ आदि उपयुक्त हुन सक्छन् तर अन्त्य त्यसको दुःख र अशान्ति हुन्छ । राग, द्वेष, जाल-झेलले सुख पाएर दंगदास हुने धेरै हुनसक्छन् तर मानिसको इच्छा सबैको प्रिय भई निश्क्लेष हुने हुँदा उनी आफूमा अन्तर्निहित रागद्वेषहरूले आफैमा विरोध गर्ने भई त्यसबाट शंका र भय उत्पन्न भएर सदा असन्तोष र बेचैनीमा पर्ने हुन्छ ।

मानिसमा आपत-विपत र निराश आदिले घेर्दा ऊ शरण खोजेर हिँड्छ । पानी पर्दा पाटी र घाम लाग्दा रूखको शरण लिन जान्छन् । यो स्थायी शरण होइन, क्षणभरको लागि मात्र हो । रातमा बाघ-भालु र चोर-डाका आएमा पाटीले बचाउन सक्दैन, त्यस्तै रूखले पनि एक दुई कुरामा मात्र शरण दिनसक्छ । मानिसमा दुःख धेरैप्रकारबाट आइपर्छ । जुनसुकैप्रकारको दुःख आइपरेपनि छुटकारा पाउनसकिनेको शरणमा जानु मंगलदायक हुन्छ । जहाँपायो वहींको र जो पायो उहीको शरण वास्तविकरूपमा अशुभकारक नै हुन्छ । शरणको विषयमा भगवान् बुद्धले



Downloaded from http://www.dhamma.digital

भन्नुभएको छ -

*ने’तं खो सरणं खेमं, ने’तं सरणमुत्तमं ।*
*ते’तं सरणमा’गम्म, सब्ब दुक्खा पमुच्चति ॥*

डरले गर्दा मानिसहरू पर्वत, बन, उद्यान, वृक्ष र तीर्थस्थानको शरण लिनजान्छन् किन्तु यो शरण मंगलदायक होइन, यो उत्तम शरण पनि होइन कारण यस्तो शरणले सबैप्रकारका दुःखबाट छुटकारा पाईंदैन ।

जाति, सम्प्रदाय, समाज र देशमा मानिसहरू अनुकूलस्थितिअनुसार पनि शरण लिनजाने हुन्छ । शरण दिनु सुजनता, सद्भावना, दया र क्षमाको परिचायक हो । शरणको नाममा शोषण हुने सम्भावना पनि छ यदि त्यो धूर्तको देखौवा व्यवहारमा पर्नगयो भने ।

मानिसको लागि विभिन्न नियम कानून बनेको हुन्छ । त्यसले नियमभित्र बस्नुपर्छ र ऊ अन्याय भएमा कानूनको शरणमा जान्छ । मानिसको लागि मानिसैले नियम कानून बनाउने हुँदा बेला-बखत अनुसार त्यसमा थपघट हुनु स्वाभाविक छ । सधैं न्याय नै मात्र परिरहन्छ भन्ने कुरा हुँदैन । यसैले न्यायको नौ सिंग हुन्छ भन्छन् । यसप्रकारले न्याय खोज्दैजाँदा दरिलो नियमको आवश्यकता हुनजान्छ । यस्ता नियममा नैतिक नियमभन्दा निष्पक्ष र कामयावी मानिसको लागि अरू कुनै हुनसक्दैन । नैतिक नियम भनेको दया, माया, क्षमा आदि हुन् । आफूलाई दुःखपर्दा जसरी बेचैनीको अनुभव हुन्छ त्यसरी नै अरूलाई दुःख पर्दा बेचैनी हुनसक्छ भन्ने विचार लिई आफूलाई दुःख आइनपरोस् भन्ने इच्छा भएझैं अरूलाई पनि दुःख आइनपरोस् भनी अरूप्रति आफूसरह व्यवहारगर्नु कर्तव्य हो । यो कर्तव्य नै नैतिक नियम हो । मानिसको अन्तिम लक्ष्य सुख-शान्ति प्राप्तगर्नु भएझैं नैतिक नियमको मतलब पनि सुख र शान्तिको प्राप्ति हो । शान्ति र सुखको लागि मानिस आफूलाई अर्पणगरी कसैको शरणमा जान्छन् तर शरणलिने ठाउँ कहीं संकुचित हुन्छ भने कहीं व्यापक हुन्छ । जन्मेपछि साथै आउने दुःखबाट मुक्त हुन मानिसले शरण खोजेकै हुन्छ । गलत शरणमा परी उल्टो दुःखको भुमरीमा चक्कर खाइरहनुपर्ने पनि हुन्छ । साँचैको शरण त्यहाँ हुन्छ, जहाँ सुखी दुःखी सबैलाई स्थान होस्, जहाँ जाति, धर्म, लिंग आदिको व्यवधान नहोस् , जहाँ नियम सबैले पालन गर्नसक्ने होस् । यसरी बिचार गरी शरणको खोजीगरी हेर्दा बुद्धको शरण नै एक उपयुक्त शरण ठहर्दछ जहाँ शील पालन हुन्छ, जहाँ मार्ग नै मध्यम छ, जहाँ भेदभाव छैन, प्राणीमात्रलाई कष्ट हुने हिंसा वर्जित छ । साधुवाद छ शान्तिको कारणमा । शान्ति नै धर्म हो बुद्धको । शान्ति एउटा



Downloaded from http://www.dhamma.digital

शरण हो। शान्तिको कारण भेला भएका संघको उद्देश्य मानवकल्याण हो। मानवकल्याणका मार्गप्रदर्शक गौतम बुद्ध जसले आफै उदाहरण बनी अगाडि सरे। यो कुरा यहाँ सत्य हुनआउँछ कि क्रान्ति गर्नु शान्तिको लागि हो भने शान्ति नै शान्तिको लागि पर्याप्त छ। धम्मपदको बुद्धवर्गमा शरणको विषयमा उल्लेख छ -

*यो च बुद्धञ्च धम्मं च, सङ्घञ्च सरणं गतो।*
*चत्तारि अरियसच्चानि, सम्मापञ्ञाय पस्सति॥*
*दुक्खं दुक्ख समुप्पादं, दुक्खस्स च अतिक्कमं।*
*अरियञ्च'टठङ्गिकं मग्गं, दुक्खू'पसमगामिनं॥*
*एतं खो सरणं खेमं, एतं सरणमु'त्तमं।*
*एतं सरण'मागम्म, सब्ब दुक्खा पमुच्चति॥*

जो बुद्ध, धर्म तथा संघको शरण लिन जान्छ, जसले दु:ख, दु:खको उत्पत्ति, दु:खनिरोध र दु:खनिरोध हुने आर्यअष्टांगिक मार्गलाई प्रज्ञादृष्टिले हेरेको छ, त्यस्ताको शरण नै रक्षादायक उत्तम शरण हो। यही शरण लिएर नै मानिस सबैप्रकारका दु:खबाट मुक्त हुन्छ।

साँच्चै बुद्धको शरण फलदायी शरण हो। बुद्धले आफ्ना आदर्शहरू स्वयंमा प्रयोगगरी मानवप्रेमबाट प्राणीमात्रमा प्रभाव राख्न सफल भएको थियो। उनी ढोंगी, हठी र कपटी कहिल्यै भएनन्। अत: सम्पूर्ण विश्वमा बुद्धका उपदेशको स्थापना भएमा स्थायी शान्तिको सपना साकार हुन्छ। यस्ता बुद्धको शरण नै सच्चा शरण हो।

*बुद्धं सरणं गच्छामि।*
*धम्मं सरणं गच्छामि।*
*संघं सरणं गच्छामि।*

❋

*'आनन्दभूमि' बु.सं २५२५ (वि.सं. २०३८)



Downloaded from http://www.dhamma.digital

# बुद्धको उपदेश र धर्मचक्रप्रवर्तन*

धेरै समयको ज्ञानको खोजीपछि बुद्ध आफ्नै भित्री विचारलाई प्राधान्यता दिएर बोधिवृक्षमुनि तपस्या गरी ध्यानमग्न भए। त्यही बोधिवृक्षमुनिबाटै उनले बुद्धत्व प्राप्त गरे। बुद्धत्व प्राप्तिपछि संसारमा कुनैपनि कारणले कुनैपनि कुरा उत्पन्न हुनेजस्ता अति गम्भीर प्रतीत्यसमुत्पादधर्म मानवहरूमा संझाउनु बुझाउनुपर्छ र यो कुरा बुझाउनु अति नै कठिन कुरा हो भन्ने ठानेर यस अन्धकारलोकमा धर्मचक्र चलाउन धर्मोपदेश दिई सकलको उद्धार गर्ने उनले अठोट गरे। अनि पहिलो ६ वर्षसम्म आफ्नोसमक्ष रहेका कौण्डन्य आदि पञ्चभद्रवर्गीय भिक्षुहरूलाई सबभन्दा पहिले उपदेश दिन ती भिक्षुहरू बसिरहेको वाराणशीनिरको ऋषिपतन मृगदावनतिर लागे।

आषाढपूर्णिमाका दिन आफूहरू भएको ठाउँमा आइपुगेका बुद्धलाई देखेर पञ्चभद्रवर्गीय भिक्षुहरूले तपश्चर्याबाट च्युत भएका बुद्ध आइपुगे भनी उनीप्रति कुरा काटे किन्तु बुद्धको मैत्रीचित्तको प्रभावले ती भिक्षुहरूलाई प्रभावित गऱ्यो र उनीहरू आफै बुद्धको स्वागत-सत्कारमा उन्मुख भए। त्यसपछि पनि आफू बुद्ध भएको कुरामा शंका गर्ने ती भिक्षुहरूलाई आफू पूर्णरूपेण बुद्ध भइसकेको कुरा बताई बुद्धले उपदेश दिन थाले। यही नै बुद्धको पहिलो उपदेश थियो।

बुद्धले बताए कि प्रव्रजित भएकाले दुईप्रकारका *'अति'* (excess) लाई छोड्नुपर्छ। ती दुई *'अति'* मध्ये एउटा पञ्चकाममा आसक्त भइरहनु र अर्को शरीरलाई ठूलो कष्ट दिएर हठचर्या गर्नु। यी दुबैप्रकारका *'अति'* लाई छोडेर *'मध्यममार्ग'* अपनाउनुपर्छ। त्यस मध्यममार्गद्वारा सीधै निर्वाणपदमा पुगिन्छ। त्यही मध्यममार्ग (Middle Path) लाई आर्यअष्टाङ्गिकमार्ग (The Eight-fold Path) भन्दछन्। ती आर्यअष्टाङ्गिक मार्ग हुन् -

१. *सम्यक्दृष्टि (ठीक तरिकासँग बुझिलिनु – Right Vision),*
२. *सम्यक्संकल्प (ठीक तरिकासँग संकल्प गर्नु - Right Determination),*
३. *सम्यक्वाचा (ठीक तरिकासँग बोल्नु - Right Speech),*
४. *सम्यक्कर्म (ठीक तरिकासँग काम गर्नु - Right Action),*
५. *सम्यक्आजीव (ठीक तरिकासँग जीविका गर्नु - Right Livelihood),*



Downloaded from http://www.dhamma.digital

६. *सम्यक्व्यायाम (ठीक तरिकासँग उद्योग गर्नु - Right Effort),*
७. *सम्यक्स्मृति (ठीक तरिकासँग स्मृति राख्नु - Right Attentiveness),*
८. *सम्यक्समाधि (ठीक तरिकासँग ध्यान गर्नु - Right Meditation) ।*

मानिस एक दु:खको पोको हो । जन्मजराव्याधिमृत्यु र संयोग-वियोग आदि पाँच स्कन्ध नै मानिसमा हुने दु:ख हुन् । यी तृष्णा आदि दु:खलाई हटाई यसबाट छुटकारा पाउने मार्ग नै आर्य-अष्टाङ्गिक मार्ग हुन् । यी दु:खका कुराहरू सत्य हुन् । यस्ता ४ प्रकारका *'दु:खसत्य'* छन् जसलाई *'चतुरार्यसत्य'* भन्दछन् । आर्यअष्टाङ्गिक मार्ग यी ४ आर्यसत्यहरूमा आधारित छन् ।

चार *'आर्यसत्य'* मध्ये पहिलो *'दु:ख-आर्यसत्य'* (दु:ख) हो र दोस्रो *'दु:खसमुदय-आर्यसत्य'* (दु:खको कारण), तेस्रो *'दु:खनिरोध-आर्यसत्य'* (दु:खको अन्त्य) र चौथो *'दु:खनिरोधगामिनी-आर्यसत्य'* (दु:खको अन्त्य गर्ने उपाय) हुन् ।

पञ्चभद्रवर्गीय भिक्षुहरूलाई दिइएका यी पहिला उपदेशलाई नै बुद्धको *'धर्मचक्र-प्रवर्तन'* भनिन्छ । बुद्ध जो *'अर्हत्'* बने त्यसले जुन व्याख्या गरे त्यो *'धर्म'* (Law) भयो र त्यही धर्मपालनको लागि *'संघ'* (Community of believers) बन्यो । यी तीनलाई *'त्रिरत्न'* (Three Gems) भन्दछन् ।

भारतवर्षको पुराण-इतिहासमा आदर्शशासकहरू थिए जसलाई धर्मचक्रप्रवर्तक राजा भनी पुकारिन्थे । ती राजाहरू धर्मचकप्रवर्तन गरी शासन चलाउँथे । यो शासन हातहतियारको शक्तिद्वारा होइन किन्तु धर्मद्वारा चलाइन्थ्यो । बौद्धग्रन्थअनुसार सुवर्णचक्र, रजतचक, ताम्रचक र लोहचक थिए । संसारको ठूलो भूभागलाई शासन गर्न सके अनुसार कमश: यी ४ चकप्रवर्तकहरू राजामा गनिन्थे । सुवर्णचकका राजाले सम्पूर्ण भूभागलाई संगठित गरेर शासन गर्दछन् । बुद्धको धर्म पनि सुवर्णचकजस्तै छ । कुनै ठूलो ऋषिमहर्षिले बुद्धधर्मको शिक्षा दिन्छ भने त्यस शिक्षालाई धर्मचकप्रवर्तन गरेको भनिन्छ । त्यस व्यक्तिलाई सबैले सम्मान गर्दछन् र उनको धर्मानुशासन र शिक्षालाई पनि सबैले उत्तिकै सम्मान गर्दछन् । धर्मचकको मतलब बुद्धधर्मको शिक्षा दिनु हो । बुद्धले आफूसहित ६१ जनाले अर्हत्त्व प्राप्तगरिसकेपछि *'चरथ भिक्खवे चारिकं बहुजनहिताय बहुजनसुखाय'* भनी भिक्षुहरूलाई ठाउँ ठाउँमा जान उपदेश गरे । संसारमा धर्मदूतहरू पठाई धर्मप्रचार गर्ने परम्परा चलाउने प्रथम महापुरुष भगवान् गौतम बुद्ध नै थिए । बुद्धको



Downloaded from http://www.dhamma.digital

पहिलो उपदेशको बेलादेखि उनको मृत्युसम्मको ४५ वर्षमा उनले उत्तर र मध्यभारतका मुलुकहरू र गाउँहरूमा निरन्तररूपमा धर्मचक्रप्रवर्तन (Rolling the wheel of the Law) गर्दैरहे । उनको निर्वाणपछि पनि शिष्यपरम्पराद्वारा धर्मचकपरिवर्तन हुँदैरह्यो । यसरी धर्मचक्रप्रवर्तन हुँदै मध्यएशियाबाट चीन, कोरिया र जापानसम्म पनि धर्मचक प्रवर्तित भएर समूचा दक्षिणपूर्व एशियामा बुद्धको धर्मचक्र प्रवर्तित भयो ।

धर्मचक्रप्रवर्तन गर्दा बौद्ध धर्मदूतहरू ठाउँ ठाउँमा जाने गर्थे र गर्दछन् पनि । यी धर्मदूतहरूले कहिल्यैपनि अरूलाई धर्म परिवर्तनतिर जोड दिएनन् । कुनैपनि बुद्धधर्म प्रचारक वा भिक्षुले अरू धर्मप्रति नराम्रो प्रचार गर्ने गरेका छैनन् । जतिपनि बौद्धधर्मदूतहरू भए उनीहरूले शान्ति र सम्मानपूर्ण तरिकाले बुद्धका सन्देशको प्रचार गरे । बुद्धधर्म प्रचारको लागि कुनैपनि इतिहासमा रक्तपात भएको देखिएको छैन । बुद्धका मैत्री र करुणाका उपदेशले मानिसको हृदयलाई खोलिदिएको छ र बिना कुनै अपठ्यारोले नै मानिसहरूले यस शिक्षालाई ग्रहण गरे । यसरी ती दूतहरूले बुद्धधर्मलाई विश्वधर्म बनाउन मद्दत गरे ।

बुद्धधर्म मैत्रीको सुप्रभावबाट विजय हासिल गर्दछ न कि डर - त्रासको कुप्रभावबाट । अन्धकार, घृणा र दुःखको संसारबाट मानवतालाई उज्यालो मैत्री र सुखको नयाँ संसारमा लग्ने बाटोलाई बुद्धको शिक्षाले प्रकाशित पार्दछ ।

अब २० औं शताब्दीको शुरूदेखि बुद्धधर्म पाश्चात्य मुलुकहरूमा प्रचार भइरहेको छ । आधुनिक विज्ञानसँग मेलखाने एउटैमात्र धर्म बुद्धधर्म नै हो भन्ने विश्वास गर्ने धेरै जस्ता पाश्चात्यहरू अहिले बुद्धधर्मप्रति खिँचिएका छन् ।

बुद्धको जुनसुकै उपदेश व्यावहारिक र जीवनोपयोगी छ । एकपल्ट बुद्धले भनेका छन् - *"अनैतिक र असंयमी भएर सय वर्ष बाँच्नुभन्दा सदाचारी र ध्यानी बनेर एक दिन जिउनु जाति छ ।"* यस्ता उपदेशको अनुशीलनको लागि हामी बुद्धको शरण जान्छौं ।

❋

---

*'आनन्दभूमि' बु.सं २५२७ (वि.सं. २०४०)



Downloaded from http://www.dhamma.digital

# प्रेम*

प्रेम एकप्रकारको मानवीय विभूति हो। मानवको सृष्टि प्रेममय छ। मानिसमा प्रेम एकप्रकारको उत्तम मन:शक्ति हो। संसारका कठिनभन्दा कठिन काम पनि प्रेमद्वारा सजिलैसँग पूरा हुन सक्छ। प्रेम एक यस्तो बस्तु हो कि मानिस कोही न कोहीसँग प्रेम नगरी बस्न सक्दैन। यस्तो कुनै मानिस देखिएको छैन कि जसले कसैलाई पनि प्रेम नगरेको होस्। संसारमा प्रेमभन्दा ठूलो बन्धन अरू छैन।

जससँग प्रेम छ र प्रेमको अनुभव छ त्यसलाई प्रेम भनेको के हो थाहा हुन्छ। त्यसले समस्त संसारलाई प्रेममय देख्दछ। उसलाई सृष्टिको प्रत्येक बस्तु आनन्ददायी प्रतीत हुन्छ। ऊ कसैसँग द्वेष गर्दैन। उसलाई कसैसँग शत्रुता हुँदैन। ऊ सबैप्रति भलाइको दृष्टिले हेर्दछ। उसलाई हरेक कुरा रमणीय जँच्दछ। प्रत्येक हृदयले उसको मनलाई मुग्ध पार्दछ।

प्रेमले एक जंगलीलाई दयालु, अविवेकीलाई विवेकी, मूर्खलाई चलाक बनाइ दिन्छ।

प्रेममा कहिल्यै स्वार्थन्धता हुँदैन। प्रेम र स्वार्थ एकै ठाउँमा कहिल्यै रहन सक्दैन जहाँ स्वार्थ छ त्यहाँ सच्चा प्रेमको गन्धसम्म पनि रहँदैन। प्रेमले आफ्नोलागि मात्र कुनै बस्तुको इच्छा राख्दैन बरु यो कुरा हुन सक्छ प्रेमको लागि भने प्रेम सदा लालायित रहन्छ।

मानिसको प्रत्येकप्रकारको शक्तिको स्थान शरीरको सर्वश्रेष्ठ भाग मस्तकमा नै रहन्छ। प्रेम एकप्रकारको मन:शक्ति भएको हुनाले यस शक्तिको स्थान पनि मस्तिष्कमा भएको हुनुपर्दछ। मस्तिष्कको संरचनाअनुसार देशप्रेम, जातिप्रेम, कुटुम्बप्रेम र आमा-बाबु, भाइ-बहिनी र छोरा-छोरीमा प्रेम हुने हुन्छ।

प्रेमको उत्पत्ति हुने कारण भिन्ना भिन्नै भएपनि त्यो मुख्यतया दुईप्रकारको मान्न सकिन्छ। पहिलो कारण *'गुण'* र दोस्रो कारण *'सौन्दर्य'* हो। गुण मुख्य र सौन्दर्य गौण हुन्छ। स्त्रीप्रेमसम्बन्धमा बिचार गर्दा जुन मानिसमा बुद्धिले थोरैमात्र विकास गरेको भएतापनि उसले सौन्दर्यलाई उपेक्षा गरेर गुणलाई नै अँगाल्दछ नत्रभने कामवासनामा लिप्त भएर सौन्दर्यलाई नै आफ्नो लक्ष्य बनाउँदछ। सौन्दर्यलाई लक्ष्य बनाएको प्रेम स्थायी हुँदैन। जब जब यौवन र सौन्दर्यमा क्षीणता आउँछ तब तब उसको प्रेम पनि ह्रास हुँदै जान्छ। जुन प्रेममा ह्रासता आउँछ



Downloaded from http://www.dhamma.digital

त्यस्तोलाई प्रेमको नामले विभूषित गर्नु उचित हुँदैन। प्रेमको गुणमा यसप्रकारको ह्रास हुने बाधा पैदा हुँदैन।

यी दुईप्रकारका प्रेमको अतिरिक्त अर्को एकप्रकारको प्रेम हुन्छ जुन नैसर्गिक हुन्छ। यस्तो प्रेमले दुबैप्रकारका गुणलाई परबाह राख्दैन। यसप्रकारको प्रेम कसरी भयो भन्ने कुरा दुबै प्रेमका पात्रहरूलाई समेत थाहाहुँदैन। यस्तो नैसर्गिक प्रेमसँग गुण वा सौन्दर्यको एक प्रेममात्र गाँसिए तापनि यो नैसर्गिक प्रेम अतुलनीय र स्वच्छ हुनेमा बयानै रहँदैन। यस्तै प्रेमले दाम्पत्यजीवनमा एक अर्कामा लीन भएर एकरूप बन्दछ।

यसप्रकारको प्रेमको दम्पतीबीच कसरी प्रभाव पर्दछ भन्ने विषयमा एक ठाउँमा भनिएको छ -

दर्शने स्पर्शने वापि, श्रवणे भाषणेपि वा।
यत्र हृदयद्रवत्वं, स स्नेह इति कथ्यते।

*"देखनाले, छुनाले, सुन्नाले र कुराकानी गर्नाले यदि हृदय द्रवित हुन्छ भने त्यसैलाई स्नेह भनिन्छ।"*

आँखा, कान, मुख र प्रत्येक शारीरिक अवयवको ज्ञानतन्तुको ज्ञानाशयसँग सम्बन्ध रहन्छ। शरीरमा भएका प्रत्येक कार्यलाई त्यही ज्ञानतन्तुले ज्ञानाशयमा सूचना दिन्छ। ज्ञानाशय र अगलबगलमा रहेको प्रेमाशयका बीच घनिष्ठ सम्बन्ध रहेको हुन्छ। यसैकारणले प्रेमपात्रलाई देख्दा, उसलाई छुँदा, उसको विषयमा सुन्दा र कुरा गर्दा हृदय द्रवित हुने हुन्छ।

यसैले जब कुनै सुन्दर बस्तु अथवा आफ्नो इच्छित बस्तु अर्थात् जुन बस्तुलाई देख्दा चित्त प्रसन्न हुन्छ त्यस्तो बस्तु देखनासाथ आँखासँग सम्बन्धित ज्ञानतन्तुमा त्यसको प्रभाव हुन्छ र त्यो प्रभाव ज्ञानाशयबाट प्रेमाशयमा पुग्दछ। तब चेहरामा प्रसन्नता र आँखालगायत समस्त शरीर रोमाञ्चित भएर चेहरा र शारीरिक इन्द्रियहरूको हावभाव आदिद्वारा प्रेम टप्किन थाल्दछ। यसरी प्रेम र प्रेमीमा आपसी प्रभाव पर्दछ।

एक दोस्रोको प्रेममा लीन भएको दम्पतीको स्थितिलाई देख्दा थाहाहुन्छ कि तिनीहरू कति निर्मल र शान्त चित्तलई आपसमा मिलिजुली बसेका छन्। सच्चा प्रेमले मानिसको हृदयलाई यति सुशील बनाइदिन्छ कि उनमा रहेका सबै दुर्गुण भाग्दछन्। पवित्र प्रेमले स्वच्छ भएको मन दुर्गुणतिर सर्नै सक्दैन। पवित्र मन:शक्तिले दुर्गुणी शक्तिहरूलाई दबाइदिन्छ। यसैले सच्चा प्रेमले मानिसको हृदय र मनलाई पवित्र बनाइदिन्छ। हृदय र मन पवित्र भएका को स्वास्थ्य सदा निरोगी हुन्छ।

❋

*'शङ्ख-ध्वनि' बु.सं २५३१ (वि.सं. २०४४)



Downloaded from http://www.dhamma.digital

# महापरिनिर्वाण*

भगवान् बुद्धलाई सम्झँदा वहाँका चारवटा प्रमुख घटनाहरूलाई सम्झन पुग्दछौं । जन्म, सम्बोधिलाभ, धर्मचक्र प्रवर्तन र महापरिनिर्वाण । भगवान् बुद्धप्रति श्रद्धा राख्नेहरूले भगवान् बुद्ध जन्मेको ठाउँ 'लुम्बिनी', सम्बोधिलाभ भएको ठाउँ 'बोधगया', धर्मचक्रप्रवर्तन शुरूगरेको ठाउँ सारनाथ र महापरिनिर्वाण भएको ठाउँ कुशीनगरमा, चार धामको रूपमा तीर्थयात्रा गर्दछन् । भगवान् बुद्ध परिनिर्वाण हुनुभन्दा अघि वहाँ आफैले आफ्ना अनुयायीहरूलाई ती चार ठाउँमा तीर्थयात्रा गर्न भन्नुभएको थियो । ती चार ठाउँ भगवान् बुद्धका सुकार्यद्वारा पवित्र थिए । बुद्धधर्ममा बुद्धका ती चार पवित्र स्थानको सम्झनामा चारवटा प्रतीकलाई मानिआएका छन् । जस्तै - जन्मको प्रतीक 'हात्ती', सम्बोधिको प्रतीक 'वृक्ष', धर्मचक्रको प्रतीक 'चक्र' र महापरिनिर्वाणको प्रतीक 'स्तूप' हुन् । आज स्तूप र चैत्यको पूजा गर्ने चलन व्यापकरूपमा चलेको छ । स्तूपको पूजा बुद्धप्रतिको अपार श्रद्धा हो । स्तूप भगवान् बुद्धको अस्थिधातु राखेर बनाइएका हुन्छन् । स्तूपपूजा गर्ने चलन शुरूगर्ने गरेको मौर्यसम्राट् अशोकले हो । अशोक भगवान् बुद्धको परिनिर्वाणपछिका पक्का धर्मप्रचारक हुन् ।

भगवान् बुद्ध सम्बोधिलाभपछि ४५ वर्षसम्म बहुजनहिताय, बहुजन सुखायका लागि विचरण गर्दै इशापूर्व ५४३ को वैशाखपूर्णिमाको रातको अन्तिम प्रहरमा ८० वर्षको उमेरमा मल्लहरूको शालकुञ्ज कुशिनगरमा शान्तपूर्वक महापरिनिर्वाण हुनुभयो । निर्वाणको शाब्दिक अर्थ सास उड्नु अथवा चिसो हुनु हो । सास उड्नु वा चिसो हनु भनेको देहावसन हुनु हो । बुद्धको देहावसानलाई निर्वाण प्राप्त भएको भनिन्छ । 'निर्वाण' भनेको ईश्वरसँग लीन भयो भनेको होइन, तृष्णा छुट्यो भनेको हो ।

बुद्धले आफू परिनिवार्ण हुनुभन्दा तीन महिनाअघि नै आफ्नो परिनिर्वाण हुने दिनको घोषाणा गर्नुभएको थियो । आफ्नो परिनिर्वाण हुने दिन नजिक आएपछि वहाँले आफना उपदेशहरूमध्ये चतुर आर्यसत्य र आर्यअष्टांगिक मार्गमा विशेष जोड दिनुभएको थियो । कर्मारपुत्र अथवा कौ चुन्दले प्रदान गरेको भोजन ग्रहण गर्दा नपच्ने अतिसार रोगले भगवान् बुद्धको परिनिर्वाण भएको थियो । बुद्धले आफ्नो



Downloaded from http://www.dhamma.digital

जीवनको अन्तिम बेलाको मृत्युशय्यामा रहेर पनि आफ्नो प्रिय शिष्य आनन्दलाई मुख्य मुख्य उपदेश प्रदान गर्दैरहनुभएको थियो । बुद्धको अन्तिम उपदेश थियो - *'हन्ददानि भिक्खवे, आमन्तयामि वो, वयधम्मा सङ्खारा अप्पमादेन सम्पादेथ ।* अर्थात् भिक्षुहरू हो ! अब म तिमीहरूलाई भन्दछु - सबै संस्कार नाशवान् छन्, अप्रमादी भई जीवनको लक्ष्यलाई पूरा गर ।'

आफ्नो अन्तिम उपदेशपछि बुद्ध प्रथम, द्वितीय, तृतीय र चतुर्थ ध्यानका साथै आकाशानन्त्यायतन अरूपी ध्यान, अकिञ्चन्यायतन अरूपी ध्यान, नैवसंज्ञाना - संज्ञायतन अरूपी ध्यान र निरोधसमापत्तिध्यानमा रहनुभयो । बुद्धले ती ध्यानको अन्त्यबाट शुरू र शुरूबाट अन्त्यको प्रक्रियामा बसी महापरिनिर्वाणत्व प्राप्त गर्नुभएको थियो ।

भगवान् बुद्धको सिद्धान्तअनुसार प्रत्येक बौद्धको अन्तिम लक्ष्य 'निर्वाण' प्राप्ति हो । यहाँ निर्वाणलाई विभिन्नप्रकारले परिभाषित गरिएको छ । रत्नसूत्रमा एउटा बत्तीसँग दाँजेर भनिएको छ - पुरानो नाश हुनु, नयाँ प्रादुर्भाव नहुनु, जसको हृदय पछिको जन्मदेखि अलग छ, उत्पन्न हुने बीउ नै थामिइसकिएको छ, तिनीहरूको इच्छा पुन: प्रबल हुँदैन जसरी बत्तीको बल्ने निभ्ने अवस्था हुन्छ ।

निर्वाणको विषयमा आचार्य नागसेन र राजा मिलिन्दको सवाल जवाफमा आचार्य नागसेनले बताएअनुसार निर्वाणको अर्थ र सार यसरी बुझ्न सकिन्छ, निर्वाणमा सुख नै सुख छ, दु:खको लेश पनि छैन । निर्वाणको रूप नै छैन । जसरी कमल पानीमा अलिप्त भएर रहन्छ त्यसरी नै निर्वाण सबै क्लेशबाट अलिप्त रहन्छ, जसरी पानी शीतल हुन्छ र त्यसले गर्मीलाई हटाउँछ, त्यसरी नै निर्वाण पनि शीतल छ र त्यसले सबै क्लेशरूपी गर्मीलाई हटाइदिन्छ । निर्वाणले मानिसको कामतृष्णा, भवतृष्णा र विभवतृष्णाको प्यासलाई हटाइदिन्छ । जसरी औषधीले सबै रोगलाई निर्मूल पार्दछ उसरी नै निर्वाणले सबै दु:खलाई अन्त्य गर्दछ । जसरी महासमुद्र अथाह र अपरम्पार छ, सबै नदीहरू त्यसमा मिसिन आउँदा पनि भरिँदैन त्यसरी नै सबै जीवहरू आउँदा पनि निर्वाण त्यस्तै रहिरहन्छ । भोजनले सबै जीवको प्राण रक्षा गर्दछ, त्यसरी नै निर्वाणले बुढा हुनु र मर्नुबाट रक्षागर्दछ । आकाश न उत्पन्न हुन्छ, न पुरानो हुन्छ, न मर्छ , न आवागमन गदर्छ, यो स्वच्छ, खुला र अनन्त छ, जसरी पहाडको चुच्चो अटल हुन्छ, त्यसरी निर्वाण पनि अटल हुन्छ । निर्वाण भूत, भविष्य र वर्तमान तीनै कालदेखि परको बस्तु हो । निर्वाण न जन्मन्छ, न जन्मँदैन, न जन्मन सक्छ ।



Downloaded from http://www.dhamma.digital

विघ्नबाधारहित, निरुपदव्र, प्रसन्न, कुशल, शान्त, सुख, नम्र र शुद्ध हुँदा तथा शील पालन गर्दा निर्वाणको दर्शन हुनसक्दछ । कोही पनि असल मानिसले राम्रो बाटोमा हिँडेर मनलाई ठीकप्रकार सँग डोऱ्याएर राग, द्वेष र मोहरूपी आगोको सन्तापबाट छुटेर परम सुख निर्वाणलाई प्राप्त गर्न सक्छ । बुढा हुनु, रोग लाग्नु र मर्नु आदि संकट र भयबाट निक्लेर स्थिरता र निर्भयतामा पुग्नुलाई निर्वाणप्राप्ति भनी सम्झनुपर्छ । शीलमा प्रतिष्ठित भएर मनलाई बसमा राखेर चाहे कहींपनि रहेर मानिसले निर्वाणलाई साक्षात्कार गर्न सक्दछ । जसरी आँखा भएको मानिसले मुसल्मानको देश होस्, चीन अथवा बेलायत होस्, काशीमा होस्, कोशलमा होस्, काश्मिरमा होस्, गान्धारमा होस्, पहाडको टुप्पामा, ब्रम्हलोकमा वा कुनैपनि ठाउँमा रहेर आकाशलाई देख्न सक्दछ, त्यसरी नै शीलमा रहेर, मनलाई बसमा राखेर अथवा कुनैपनि ठाउँमा रहेर मानिसले निर्वाणलाई साक्षात्कार गर्न सक्दछ । यसरी मानिसको जीवनकालमा नै पनि निर्वाण प्राप्त हुन सक्छ भन्ने बुद्धको सिद्धान्त हो। भगवान् बुद्धद्वारा प्रतिपादित तेस्रो आर्यसत्य *'दुःखनिरोध'* नै निर्वाण हो । राग-द्वेषप्रति विजय गरेर आर्यसत्यहरूको निरन्तर ध्यान गर्दै यदि कुनैपनि मानिस समाधिद्वारा ज्ञान प्राप्त गर्दछ भने त्यसलाई पुनः सांसारिक विषयका लागि रतिभर पनि आसक्ति रहँदैन, मानों उसले आफ्ना सांसारिक बन्धनलाई तोड्दछ । यसरी ऊ सर्वथा मुक्त हुन्छ । यसैले निर्वाण राग, द्वेष तथा तज्जन्य दुःखको नाशको अवस्था हो ।

भगवान् बुद्धले कर्मलाई दुई प्रकारका छन् भन्नुभएको थियो । एउटा कर्म राग, द्वेष तथा मोहको कारणले हुन्छ र अर्को कर्म बिनाराग, द्वेष तथा मोहको कारणले हुन्छ । राग, द्वेष तथा मोहको कारणले हुने कर्मले विषयानुसक्तिलाई बढाउँछ र संस्कार पैदा गराउँछ जुन कारणले जन्मग्रहण गर्नैपर्ने हुन्छ । बिनाराग, द्वेष तथा मोहको कारणले हुने कर्म अनासक्तभावद्वारा अनि संसारलाई अनित्य सम्झेर गरिन्छ जसद्वारा पुनर्जन्मको सम्भावना रहँदैन । आफ्नोसम्बन्धमा भगवान् बुद्धले भन्नुभएको थियो कि निर्वाणप्राप्तिपछि बिलकुल निष्क्रिय रहने इच्छा रहेको थियो ।

निर्वाणबाट दुईप्रकारको लाभ हुन्छ । निर्वाणप्राप्तिपछि पुनर्जन्म र तज्जनित दुःख सम्भव हुँदैन किनकि जन्मग्रहणको लागि जुन आवश्यक कारण छन् तिनीहरू नष्ट हुन्छन् । दोस्रो लाभ यो हुन्छ कि त्यसको जीवन मृत्युपर्यन्त पूरा शान्तिसँग बित्दछ ।



Downloaded from http://www.dhamma.digital

निर्वाणपछि जुन शान्ति मिल्दछ त्यसको तुलना सांसारिक सुखसँग हुन सक्तैन । निर्वाणको अवस्था पूर्णतया शान्त, स्थिर तथा तृष्णारहित हुन्छ । साधारण अनुभवद्वारा यसको वर्णन हुन सक्दैन । बढीभन्दा बढी यतिसम्म सोच्न सकिन्छ कि निर्वाणप्राप्तिपछि त्यस्तालाई सबै दुःखबाट मुक्ति मिल्दछ । पूर्णनिर्वाण प्राप्त गर्नुभन्दा पहिले पनि वासनाहरूको आंशिक नाश हुनुबाट पनि केही मात्रामा निर्वाणलाभ हुन सक्दछ । राजा अजातशत्रुले भगवान् बुद्धसँग सोधेका थिए कि श्रमण हुनाले के फाइदा हुन्छ । त्यसको जवाफमा बुद्धले भन्नुभएको थियो कि थोरैपनि अविद्यावासना टुट्नासाथ त्यसको लाभ छिटै प्राप्त हुने हुन्छ किनकि त्यसबाट शौच, प्रेम, आत्मसंयम, साहस, मनको स्थिरता र निर्विकारभावको तुरुन्त अनुभूति हुन थाल्दछ । यसरी आवश्यक गुणलाई बटुलेर श्रमण निर्वाणतिर अग्रसर हुन्छ र अन्त्यमा निर्वाण प्राप्त गर्दछ ।

भगवान् बुद्धले बुद्धत्वप्राप्ति र महापरिनिर्वाणलाई ठूलो कुरा सम्झनुभएको छ । त्यसैले वहाँले सुजाताबाट प्रदान गरिएको भोजन र कर्मारपुत्र चुन्दद्वारा दिइएका दुबै भोजनलाई महान् सम्झनुभएको छ । आफ्नो मृत्यु हुने किसिमको भोजन दिने व्यक्तिलाई समेत तारिफ गर्नु वहाँको आत्माबाट धेरै पर परमात्म हो र वहाँको निर्वाण महापरिनिर्वाण हो ।

❋

*'बुद्धजयन्ती- स्मारिका' बु.सं २५३२ (वि.सं. २०४५)



Downloaded from http://www.dhamma.digital

# बुद्धको सिद्धान्त समानता*

वैदिकधर्मावलम्बीको कुलमा भगवान् गौतम बुद्धको जन्म भएको थियो। बुद्धत्व प्राप्तिपछि उनले आफ्नो कुलपरम्परामा चलिआएका कुराहरूमा निकै संशोधन गरे। त्यही संशोधनको फलस्वरूप बुद्धको आफ्नै सिद्धान्त प्रतिपादन हुन गयो। त्यसरी सिद्धान्त प्रतिपादन हुँदा वैदिकधर्मका धेरै कुरासँग मेल नखाने कुराहरू देखापर्न थाले। मूलभूत सिद्धान्तमा नै फरक हुँदा यो सिद्धान्त नै एउटा नयाँ धर्मझैं हुन गयो। वैदिकधर्मको मूल धारा ईश्वरको सत्ता मान्नु र आत्मालाई नित्य मान्नुलाई बुद्धको सिद्धान्तले यसको उल्टो दिशा अपनाउँदा बुद्धधर्ममा ईश्वर मा विश्वास नराख्ने र आत्मालाई नमान्ने नै मूल कुरा हुन गयो।

संसार प्राकृतिक भएपनि यो संसार मानवको लागि नै सृजित भएझैं रहेको छ। जतिपनि नियम विनियम बने मानवको लागि बनेका सिबाय अरूको लागि हो भन्ने ठाउँ नरहने गरी चेतनशीलता र बुद्धिविवेक प्रयोग गर्ने पात्र मानव नै रहन आएको छ। सृष्टि, स्थिति र संहारका कुरा ब्रम्हा, विष्णु र महेश्वरका जिम्मा हुन् भनी वैदिकधर्म परम्परामा भनिएतापनि मानव नै यसको कारण बनेको छ। मानवबिना संसारको अस्तित्व छैन। बुद्धले खोजीगरेको धर्ममा मानवकल्याण नै सर्वतोमुखी रहन आएको छ।

मानवकल्याणको दृष्टि अपनाउँदा मावशरीर अनि मानवमनलाई चिरफाड गरी कण-कणको अध्ययन र मनन गर्नु जरूरत हुन गयो। भगवान् बुद्धले प्रत्येक पक्षमा डुबुल्कीमार्दै समुद्रमा हीरा खोजे झैं खोज्दै आफ्नै अनुभवद्वारा पत्तालगाएका विभिन्न पक्षलाई समुच्चा मानवजीवनको अगाडि राखिदिए। तब कुनै ग्रन्थलाई स्वतः प्रमाण नमान्ने र जीवनप्रवाहलाई यसै शरीरसम्म परिमित नमान्ने कुरा उनले सबैको सामू राखिदिए।

अनुभवलाई प्रथम स्थान दिँदा मानवका बीच भेदभाव रहुन्जेल मानवकल्याण नहुने निश्चिततातिर उनी पुगे। मानवमा *'तँ, तँ'* र *'म, म'* को कारण नै मानवकल्याणको बाधक भएको कुरा मुख्यरूपमा प्रमाणित हुन आयो। यसले गर्दा हिन्दूधर्म कहिने वैदिकधर्मका प्रत्येक कुरामा बुद्धको विचार फरक हुँदै वर्णव्यवस्थामाथि नै प्रहार भएझैं भई *'बुद्ध'* भन्नु नै हिन्दूधर्मका विरोधी झैं हुन गयो तर बुद्ध कसैका विरोधी होइनन् भन्ने कुरालाई उनको मानववादी सिद्धान्तले नै पुष्ट्याइँ गर्दछ। उनको धर्ममा भएका कुरा अरू धर्ममा हुँदैन भन्ने आशय बुद्धधर्ममा कहीं झल्केको छैन। व्यावहारिक



Downloaded from http://www.dhamma.digital

आचरणशुद्धीलाई उनले कहीं कुनैबेला पनि नकारेका छैनन्। असमानस्थिति देखिएका ठाउँमा मात्र उनको समानतासिद्धान्त छुट्टै देखिने गरेको हो । चार वर्णमा गनिने *'ब्राम्हण'* शब्दलाई उनले नकारेका छैनन् किन्तु जातिले ठूलो हुने भन्ने जात्यभिमानी ब्राम्हणका अशुद्ध आचरणलाई मात्र उदाङ्ग पारिदिएका छन् । ब्राम्हण यदि ठूलो हो भने उनले पदअनुसार आचरण गर्नुपर्छ भन्ने उनको भनाइ थियो । ब्राम्हणलाई उनी मान्दछन् तर सच्चा ब्राम्हणको परिभाषा दिन्छन् ।

## धम्मपदमा बुद्ध भन्दछन् -

*न जटाहि न गोत्तेहि न जच्चा होति ब्राम्हणो ।*
*यम्हि सच्चञ्च धम्मो च सो सुचो सो च ब्राम्हणो ।।*

"जटा भएर, गोत्र भएर र जात भएरमात्र ब्राम्हण हुँदैन जसमा सत्य र धर्म छ, उही पवित्र र उही ब्राम्हण हुन्छ ।"

*न चाहं ब्राम्हणं ब्रूमि योनिजं मत्तिसम्भवं ।*
*भोवादी नाम सो होति सचे होति सकिञ्चनो,*
*अकिञ्चनं अनादानं तमहं ब्रूमि ब्राम्हणं ।।*

"ब्राम्हणीको कोखबाट जन्मँदैमा ब्राम्हण भनिँदैन । त्यसलाई त केवल 'भोवादी' मात्र भनिन्छ किनभने त्यसमा राग, द्वेष र मोह छ। राग, द्वेष र मोह नहुनेलाई नै ब्राम्हण भन्दछु ।"

*असंसट्ठ गहट्ठेहि अनागारेहि चूभयं ।*
*अनोकसारिं अप्पिच्छं तमहं ब्रूमि ब्राम्हणं ।।*

"गृहस्थ र प्रव्रजितहरू दुबैमा लिप्त नहुने, कहींपनि आशा तथा इच्छा नराख्नेलाई ब्राम्हण भन्दछु ।"

*निधाय दण्डं भूतेसु तसेसु थावरेसु च ।*
*यो न हन्ति न घातेति तमहं ब्रूमि ब्राम्हणं ।।*

"चर अचर कुनै प्राणीमा प्रहार नगर्ने, कसैलाई नमार्ने र हिंसा गर्नमा प्रेरणा नदिने व्यक्तिलाई ब्राम्हण भन्दछु ।"

*अकक्कसं विञ्ञपनिं गिरं सच्चं उदीरये ।*
*याय नाभिसजे कञ्चि तमहं ब्रूमि ब्राम्हणं ।।*

"जसले कसैलाई पनि पीडा दिँदैन, जसले कडा बोली बोल्दैन, जसले कारण बताई स्पष्टतया सत्यको प्रकाश गर्दछ, त्यसलाई म ब्राम्हण भन्दछु ।

*आसा यस्स न विज्जन्ति अस्मिं लोके परम्हि च ।*
*निरासयं विसंयुत्तं तमहं ब्रूमि ब्राम्हणं ।।*

"जसको इहलोक र परलोकमा कुनै आशा छैन जो आशारहित र संयोग रहित व्यक्ति हो उसैलाई म ब्राम्हण भन्दछु ।"

ब्राम्हणहरू मानवहितबाट विचलित हुँदा नै मानवसमुदायमा भेदभावको उत्पत्ति भई सृष्टिबाट स्थिति भएको यो संसारमा मानवकल्याणमा डाँवाडोल स्थिति आएको हो। कर्मकाण्ड ब्राम्हणहरूको उपज हो र पुरोहितवाद ब्राम्हणहरूको अधिनायकवाद हो भन्ने कुरा वैदिकधर्मावलम्बी मानवसमुदाय भित्रको अनुभवको कुरा बनेपछि बुद्धले मानवहितको लागि सुधारको अभिप्रायले त्यसमाथि प्रहार गरेका थिए। कुनै जात जातिको उच्चता सकार्न नपरेपछि एक अर्काको हितमा मन जानु स्वाभाविक हो।



Downloaded from http://www.dhamma.digital

एक जातिले अर्को जातिलाई अह्राउने र शोषण गर्ने अभ्यासलाई निरुत्साहित गर्न होम, यज्ञ र दान दछिना जस्ता अनुत्पादक एवं क्षतिपूर्ण व्यवस्थालाई हटाउनुपर्ने कुरा खयालमा आउनु नै बुद्धको दिमाग बुद्धत्वले भर्नु हुन गएको थियो। बुद्धले जातिभेदलाई अनावश्यकमात्र नभनी अस्वाभाविक नै भनिदिए। जातिभेदले सामाजिक स्तर निम्न र हीन हुने कुरामा कसैले नकार्न सक्दैन, यो व्यावहारिक कुरा हो। यसैले बुद्धका सिद्धान्त मानव-मानवका बीच समानताका लागि परिपोषक बन्न गएको छ। मानिस मानिसको भेदलाई सुदृढ गर्नेखालको जातिव्यवस्थाको विरोध गरेर महामानव बुद्धले मानवसमाजलाई उद्धार गरेका थिए।

समानतालाई बुद्धले मानवजातिमा मात्र अपनाइनु आवश्यक ठानेनन् र मानवजातीय समानताका आधारस्वरूप मानसिक समानतामा पनि ध्यान दिएका थिए। मानसिक समानता भनेको दु:ख सुखको समानता हो। दु:ख सुखका दुबै अवस्थामा अप्रमादी हुनु मानसिक समानता हो। यस्तो स्थितिमा कुनैपनि बस्तु आफ्नो र अर्काको भन्ने भेदभाव रहँदैन। मानिसमा यसप्रकारको समानता जति सबल हुन्छ जीवनमा उति नै मंगल प्रस्फुटित हुन्छ। मानवमनमा समता जागेपछि जीवनजगत्‌बाट मानिस विमुख हुँदैन। यसै कुरामा ध्यान राखेर बुद्धले मानिसलाई ध्यानभावनामा जागृत राखेका थिए। मानसिकरूपमा सोचिने 'म' 'मेरो', 'तँ', 'तेरो' को भावना हट्दैगएमा मानिसले जे जति कर्म गर्दछ त्यो मानवको लागि कल्याणकारी हुन जान्छ। बुद्धको मानव समताको सिद्धान्त घाम-पानी, हार-जीत, निन्दा-प्रशंसा, मान-अपमान र लाभ-हानिबाट अलग्ग रहनु हो। यसरी आन्तरिक समानता बुद्धको लक्ष्य हो। बाह्य समानता जाति वर्गमा एकरूपता हो अधिकार र कर्तव्यमा।

मनमा सामंजस्यता आएमा जीवनमा स्वस्थता आउँछ। मनमा स्वस्थता ल्याउन आन्तरिक र बाह्य दुबैको चाँजो मिल्नुपर्दछ। रोग मानसिक र शारीरिक दुबै हुने हुँदा जीवनमा दु:ख सुखका कारण र शान्ति अशान्तिका कारण आन्तरिक र बाह्य दुबै समानतामा निर्भर रहने हुन्छ। यसको लागि दुबैको सुधार आवश्यक छ। भगवान् बुद्ध यस्ता दुबै कुरातर्फ सजग थिए, फलस्वरूप उनी समानताको सिद्धान्तका सफल प्रतिपादक बने। यसैले कुनैपनि प्रकारको समानता नै स्वस्थताको परिचायक हो। बुद्धको समानताको सिद्धान्तले मानवमात्रको कल्याण हुन्छ किनकि भलो गर्नेको भलो नै हुन्छ। मतलब भलो गर्नेले चालेको कदमले आफ्नो यदाकदा नोक्सान भएपनि अर्काको त भलो हुन्छ नै। यही नै भगवान् बुद्धको समानता-सिद्धान्त हो।

❋

---

*'नेपाल बौद्ध परियत्ति शिक्षा रजतजयन्ती - स्मारिका' बु.सं २५३२ (वि.सं. २०४५)



Downloaded from http://www.dhamma.digital

# बुद्धधर्ममा संघको महत्त्व*

बौद्धहरू *'संघं शरणं गच्छामि'* भन्दछन् । बौद्धमतको 'संघ' शब्द राजनैतिक संघ भन्दा भिन्न छ । 'संघ' शब्द भिक्षुहरूको जीवन-यापनको लागि उनीहरूलाई नियमपूर्वक संयमी भई र हनुपर्ने गरी एकै ठाउँमा राखी प्रयोग गरिएको हो । बुद्धले बुद्धत्व पाएपछि कौण्डिन्य, वप्प, भद्दिय, महानाम र अश्वजित यी पाँचै भद्रवर्गीयलाई सँगै राखी प्रथम धर्मोपदेश गर्नुभयो। यस उपदेशलाई बुद्धको धर्मचक्रप्रवर्तन भन्दछन् । यस धर्मचक्रप्रवर्तनपछि भिक्षुहरूको संख्या बढ्दै गयो । भिक्षुहरूलाई सङ्गठित राख्नु आवश्यक भयो । तब भिक्षुहरूको लागि आचरण-नियम बनाइयो । सो नियमलाई संघनियम भन्दछन् । भिक्षुहरूले पालन गर्नुपर्ने नियमहरू २२७ वटा छन् । गृहत्याग गरी बुद्धको शरणमा जाने भिक्षुणीहरूको लागि पालन गर्नुपर्ने ३११ वटा नियमहरू पनि प्रतिपादित भएका छन् । भिक्षु-भिक्षुणीले बुद्धको उपदेशलाई धर्मको रूपमा पालन गरे । तब *'धर्मं शरणं गच्छामि'* भनी उनीहरू बुद्धशासनको लागि समर्पित रहे । यी सङ्गठित भिक्षुहरू बस्ने ठाउँलाई आराम वा विहार भन्दछन् । संघको रूपमा सङ्गठित भई बसेका भिक्षुहरूको वासस्थानलाई सङ्घाराम भनिएको छ । भिक्षामा गई विहार गरी बस्ने भएको ले उनीहरूको निवासस्थानलाई विहार पनि भनियो । त्यसरी विहारमा बसी बुद्ध र धर्मको शरणमा जानेलाई सङ्घ भनिएको हो । सङ्घले नियम छाडेमा बुद्ध र धर्मको अस्तित्व नरहने भएको ले सङ्घलाई विशेष जोड दिएर *'संघं शरणं गच्छामि'* भनी सङ्घ नियमको पछि लागेका हुन् ।

कति जनासम्म भिक्षुहरू एकत्रित रहेमा 'संघ' भनिन्छ भन्ने विषयमा पाली त्रिपिटकमा संघको गुणगानमा बताइएको छ, *'यदिदं चत्तारी पुरुषयुगानी अट्ठपुरिस पुग्गला एस भगवतो सावकसङ्घो'*, अर्थात् जो चार अथवा आठ पुरुष छन् त्यो नै श्रावकसंघ हो ।

भिक्षुले संघको नियम राम्ररी पालन गर्नुपर्छ । संघनियम पालन नगर्नेलाई भिक्षुसंघबाट निकालिन्छ । भिक्षुले पालन गर्नुपर्ने नियममध्ये प्रमुख चारवटा छन्, ती हुन् - मैथुन नगर्नु, चोरी नगर्नु, मानव-हत्या नगर्नु र पूरा ज्ञान नभई ऋद्धिप्रदर्शन नगर्नु । गर्न नहुने कुरालाई पालीमा



Downloaded from http://www.dhamma.digital

पाराजिका भन्दछन् । नियम पालन गर्ने भिक्षुहरूमात्र भएको संघ सदा शुद्ध र पवित्र हुन्छ । तसर्थ सचेत अवस्था प्राप्त गरी अविद्याबाट मुक्त भइसकेका व्यक्तिहरूको समूहलाई संघ भनिएको हो ।

बौद्धहरू बुद्ध, धर्म र संघलाई त्रिरत्न भन्दछन् । बुद्धधर्ममा संघलाई तेस्रो स्थानमा राखिएको छ । संघवन्दना गर्दा भिक्षु-भिक्षुणी, उपासक-उपासिकाहरू, यसरी प्रार्थना गर्दछन् - *'सुपटिपन्नो भगवतो सावकसङ्घो, उजुपटिपन्नो भगवतो सावकसङ्घो, ञायपटिपन्नो भगवतो सावकसङ्घो, सामीचिपटिपन्नो भगवतो सावकसङ्घो, यदिदं चत्तारि पुरिसयुगानि अट्ठपुरिसपुग्गला एस भगवतो सावकसङ्घो, आहुनेय्यो, पाहुनेय्यो, दक्खिनेय्यो, अञ्जलिकरणीयो, अनुत्तरं पुञ्ञक्खेतं लोकस्साति'* ।

अर्थ-भगवान्‌का श्रावकसंघ असल मार्गमा लागेका छन्, भगवान्‌का श्रावकसंघ सीधा मार्गमा लागेका छन्, भगवान्‌का श्रावकसंघ निर्वाणमार्गमा लागेका छन्, भगवान्‌का श्रावकसंघ योग्य मार्गमा लागेका छन्, जो चार जोडा अथवा आठजना पुरुषहरू छन् यी नै भगवान्‌का श्रावकसंघ हुन् जो पूजनीय, सत्कारयोग्य र लोकजनका निम्ति पुण्यक्षेत्रसमान छन् ।

संघको उद्देश्य भिक्षुहरूलाई संयमित र एकताबद्ध गर्ने तथा बौद्ध धर्मको प्रार गर्नु रहेको छ । भगवान् बुद्ध भन्दा पहिलेका कुनैपनि शास्ता वा गणाचार्यहरूले आफ्ना शिष्यहरूलाई संघठित गर्ने कुनै खास उपाय गरेका थिएनन् । श्रमणसंघको इतिहासमा भगवान् बुद्धको यो एक ठूलो देन हो जसले गर्दा भगवान् बुद्ध विश्वका सबै शास्ताहरूमा श्रेष्ठ मानिएका छन् । मानवजीवनको स्तर उठाउने मैत्री, करुणा र मुदिता आदि उत्तम गुणधर्मले युक्त भएको, मानव मात्रको कल्याण गर्ने भावनाले प्रेरित भएको ले यो आदर्श नियम यद्यपि भिक्षु भिक्षुणीहरूको लागि जाहेर गरिएको हो तथापि मनुष्यमात्रको लागि नै सर्वोत्तम जीवन-आदर्श रहेको छ ।

भगवान् बुद्धले निर्वाणपद चाहनेहरूलाई एकै ठाउँमा संगठित गरी उनीहरूलाई बहुजनहित र बहुजनसुखको लागि प्रयत्नशील गराई विश्वशान्ति कायम गर्ने लक्ष्य राख्नुभएको थियो । संघमा बस्दा जुन सुख पाइन्छ त्यो विशेष गरी भौतिक नभएर आध्यात्मिक हुन्थ्यो । कसैले भौतिक सुखबाट वाक्क भएर, कसैले भौतिक सुख नपाएर वा पीडित भएर, कसैले घरपरिवारबाट विरक्त भएर र कसैले भगवान् बुद्धको व्यक्तित्व तथा धर्मोपदेशबाट प्रभावित भएर संघमा प्रवेश



Downloaded from http://www.dhamma.digital

गरेका थिए। विभिन्न कुल-जातिका व्यक्ति एकै ठाउँमा रहेका हुनाले आ-आफ्नो आचरण तथा देशकालको प्रभावले संघमा कहिलेकाहीँ विषमता आउने गर्दा भगवान् बुद्धले उनीहरूलाई सम्झाउनुभएको थियो - *'भिक्षुहरू ! तिमीहरूका आमाबाबु छैनन्, तिमीहरूले सबै त्याग गरिसकेका छौ । तिमिहरू घरबार विहीन छौ । यसैले पारस्परिक मुठभेद र विषमतालाई छाडेर तिमीहरू दूध र पानी झैं मिलिजुली बस्नु र एक अर्काप्रति स्नेहपूर्ण दृष्टि राखी प्रेमपूर्ण व्यवहार गर्ने अभ्यास गर्नु । यसैमा तिमीहरू सबैको कल्याण छ । तब तिमीहरूको सम्पर्कमा जो आएपनि तिमीहरूको उत्तम आचरणद्वारा अरू पनि प्रभावित हुनेछन् र त्यसबाट उनीहरूको पनि कल्याण हुनेछ'*।

यसरी भगवान् बुद्धले भिक्षु संघलाई एकताबद्ध गरिदिनुभएको थियो । जसरी सबै नदीहरू आ-आफ्नो नाम र गोत्र छाडी समुद्रमय भएर जान्छन्। ती भिक्षुहरूको आदर्श जीवन प्रवचन र साधुता आदिबाट प्रभावित भएर असंख्य नरनारीले जीवन सुधारेर भगवान् बुद्धको यस आदर्श संघलाई सदा अनुसरण गर्ने प्रयत्न गर्दैरहे । भगवान् बुद्धले संघलाई भन्नुभएको छ - *'भिक्षुहरू ! यी संघ वृक्षमूल हो, यो शून्य घर हो । ध्यान गर र प्रमादी नहोओ । पछि अफसोस नगर्नू, यही तिमीहरू सबैका लागि मेरो अनुशासन हो'* ।

कलिङ्गयुद्धपछि बौद्धमत स्वीकारेका सम्राट् अशोकले बुद्धधर्मको प्रचारका लागि धेरै प्रयत्न गरे र ठाउँ-ठाउँमा धर्मलेख कुँदाए । सम्राट् अशोक मगधका संघलाई सधैं अभिवादन गर्थे । उनी बुद्ध, धर्म र संघ तीनैमा श्रद्धा राख्दथे। उनकै समयमा बौद्धमतानुयायीहरू चार भागमा विभाजित भएका थिए। जस्तै भिक्षु, भिक्षुणी, उपासक र उपासिका । अशोकले संघलाई सुसंगठित तथा बलवान् बनाउनका लागि साँची, कौशाम्बी र सारनाथजस्ता ठाउँमा स्तम्भ राखेर तिनमा धर्मलेख कुँदाएका थिए । तिनमा उल्लेख गरिएको थियो *'जो कोहीले संघमा विभेद ल्याउला अर्थात् संघभङ्ग गर्ने कोशीश गर्ला उसलाई सेतो लुगा लगाउन लगाई संघबाट निकालिनेछ ।'* यसको अभिप्राय थियो संघ चीरस्थायी होओस् र त्यसमा भेदभावको प्रवेश हुन नपाओस् ।

यही संघ आज देश-विदेशमा फैलिएर मानवकल्याणको अस्तित्व जोगाएर रहेको छ । *'संघं शरणं गच्छामि'*।

❋

---

*'बुद्धधर्म र संस्कृति' बु.सं २५३३ (वि.सं. २०४६)



Downloaded from http://www.dhamma.digital

# थेरवादी बुद्धधर्म*

बुद्धधर्म अहिले हीनयान र महायानको रूपमा विभक्त छ। आजकाल हीनयानलाई थेरवाद भन्दछन् । बुद्धको जीवनकालमा बुद्धधर्मभित्र कुनैप्रकारको वाद र यानसम्बन्धी विवाद आएको थिएन। बुद्धको परिनिर्वाणपछि बौद्धसंघका मानिसहरूले आ-आफ्नोपाराले बुद्धको उपदेशको अर्थ लगाउन थाले। उनीहरूका बीच यस्ता प्रश्न खडा भए कि मानिस स्वतन्त्र छ अथवा एक अर्कोमा निर्भर छ, मानिसको जगत्सँग के सम्बन्ध छ ? यो जगत् उसको मित्र हो अथवा उसको उद्देश्यपूर्तिका लागि उदासीन छ ? मानिसको सबैभन्दा प्रमुख अंग कुन हो ? त्यो अंग उसको मस्तिष्क हो अथवा हृदय हो ? यस्ता प्रश्नले बुद्धधर्ममा मतभेद भइरह्यो र बुद्धधर्ममा मुख्यतया दुइवटा यानको प्रादुर्भाव भयो।

मूल पालीमा रहेको त्रिपिटकमा उल्लिखित उपदेशहरूका अनुयायीहरू हीनयानी भए । हीनयान नाम उपयुक्त नलागेको ले यसलाई थेरवाद (स्थविरवाद) भन्न लागे। थेरवादको अर्थ श्रेष्ठहरूको मार्ग हो । चार आर्यसत्यको तत्त्वज्ञान तथा ती ज्ञान प्राप्त गर्ने पञ्चशील, आर्यअष्टांगिक मार्गको मात्र अनुसरण गर्ने र आफ्नै निर्वाणको प्राप्तिलाई नै परम कर्तव्य ठान्ने थेरवाद केवल ज्ञानको आधारमा छ । यस दृष्टिले विचार गर्दा थेरवादमा निम्न कुराहरूमा जोड दिइएको देखिन्छ ।

*१. थेरवादी बुद्धधर्म मनुष्यलाई खासगरी व्यक्तिकै रूपमा मान्दछ। त्यसको मुक्ति अरूमा आश्रित हुँदैन ।*

*२. थेरवादमा मानिस यस जगत्मा आफ्नै भरमा रहेको हुन्छ, उसलाई मानवभन्दा परका कुनै ईश्वरले सहायता गर्ने भन्ने हुँदैन । यसैले मानिसले स्वावलम्बी हुनुपर्छ ।*

*३. यस वादमा बोधिज्ञानलाई मुख्य सद्गुण मानेको छ ।*

*४. यो वाद भिक्षुहरूमा केन्द्रित छ ।*

*५. यसमा 'अर्हत्' लाई आदर्श मान्दछ ।*

*६. बुद्ध एक महामानव हो, मोक्षदाता होइन ।*

*७. यस वादले आफ्नो थेरवाद परम्परालाई रूढीवादकै रूपमा मान्ने गरेको छ ।*



Downloaded from http://www.dhamma.digital

८. *यसमा कर्मकाण्डलाई कुनै स्थान दिइएको छैन ।*

भगवान् बुद्धको समयमा उनले बताएका उपदेशहरू लिखितरूपमा संग्रह गरिएको थिएन । उनको परिनिर्वाणपछि नै उनका अनुयायीहरूले राजगृहको सभामा उनका मौलिक उपदेशहरूको संग्रह गरी पाली त्रिपिटकको संग्रह गरेका हुन् । यही त्रिपिटकको आधारमा थेरवादले बुद्धशासन चलाएका छन् । यी तीन पिटकको नाम सुत्तपिटक, विनयपिटक र अभिधम्मपिटक हुन् । सुत्तपिटकअन्तर्गत ५ वटा निकायहरू छन् । ती हुन् दीघनिकाय, मजिझमनिकाय, संयुत्तनिकाय, अंगुत्तरनिकाय र खुद्दकनिकाय । लोकप्रसिद्ध जातक र धम्मपद खुद्दकनिकायभित्रका ग्रन्थ हुन् । यस सुत्तपिटकमा तत्त्वज्ञानको सिद्धान्त र बुद्धका उपदेशहरूको संग्रह गरिएको छ ।

यसैगरी विनयपिटकमा भिक्षु भिक्षुणीहरूका लागि आचार व्यवहार सम्बन्धी कथा र उपदेश संग्रह गरिएको छ । यसको पनि ५ भाग छन् । ती हुन् महावग्ग, चुल्लवग्ग, पाराजिकादेखि निस्सगियसम्मका कुरा, पाचित्तियदेखि सैखियसम्म तथा भिक्षुणीसम्बन्धी कुरा र अन्तमा परिवारसम्बन्धी विवरण छ ।

तेस्रो पिटक मानिएको अभिधम्म पिटकमा निर्वाणमार्गमा लाग्ने धर्मलाई प्रतिपादन गरेको छ । यसलाई पनि ७ भागमा बाँडेर तयार पारिएका छन् । जस्तै, धम्मसंगणि, विभंग, धातुकथा, पुग्गल पञ्ञत्ति, कथावत्थु, यमक र पट्ठान । यसरी तीन पिटकमा गरी आचारमार्ग, व्यावहारिक नियम एवं मनोवैज्ञानिक कुराहरू प्रतिपादन गरिएका छन् ।

थेरवादका सारगर्भित कुराहरूमा चार आर्यसत्य, आर्यअष्टांगिक मार्ग, दश शील र चार भावनाहरू छन् । चार आर्यसत्य भन्नाले जीवन दु:खमय छ, त्यो दु:ख हुनुको कारण छ, त्यो दु:खलाई निरोध गर्न सकिन्छ र त्यो दु:ख निरोध गर्ने उपाय छ भन्ने कुराहरूको विशद ज्ञान हो । त्यस्तै आर्यअष्टांगिक मार्ग भन्नाले दु:खको कारण तृष्णालाई पन्छाएर निर्वाणत्व प्राप्त गर्न पुऱ्याउनुपर्ने विवेक हुन् । जस्तै- सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वाचा, सम्यक् कर्मान्त, सम्यक् आजीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि । सम्यक्को अर्थ बढिया किसिमले अर्थात् हेलचक्र्याइँ नगरी अप्रमादी भई होश राखेर गर्ने क्रिया हो ।

बुद्धले बताएअनुसारका १० शीलहरूमा प्राणीहिंसा नगर्नु, नचोर्नु, ब्रम्हचर्य पालन गर्नु, झूठो नबोल्नु, लागूपदार्थ सेवन नगर्नु, कुबेलामा भोजन नगर्नु, फूलमाला



Downloaded from http://www.dhamma.digital

आदि सुगन्धित बस्तुहरूलाई धारण नगर्नु, उच्चासनमा बस्ने र सुत्ने नगर्नु, नृत्यगीतवाद्यादिबाट अलग रहनु र सुनचाँदी जस्ता मूल्यवान् धातुको लोभ नगर्नु हुन् ।

यसै गरी मैत्री, करुणा, मुदिता र उपेक्षा चार भावनाहरू हुन् । यी चार भावनाहरूलाई चतुर्ब्रम्हविहार भन्दछन् ।

पारमिताधर्म पनि थेरवादका प्रमुख मान्यतामध्येका हुन् । यस्ता पारमिता दशप्रकारका छन् । पारमिता भनेको भवसागर पारगर्ने साधनको रूपमा मानिएको छ । यी पारमिताबाट पूरा भएपछि मानिस भवसागरबाट पार हुन्छन् भन्ने ठूलो विश्वास हो । तीमध्ये पहिलो दानपारमिता हो । यसको मतलब दान दिनुमा अग्रसर हुनु हो । दान भन्नाले धनद्रव्यमात्र नभै विद्या र सद्‌गुण आदि दान दिनु पनि हो । त्यसरी नै शीलपारमिता भन्नाले दशै शीललाई पूरा गर्नु हो । यो शीललाई तीन भाग गरी सक्ने व्यक्तिले सक्ने जतिमात्र भएपनि शील पालन गरेमा सुमार्गबाट विमुख हुनुपर्नेछैन भन्ने विचार राखी शीलपालन गराउन अभिमुख गराइएको छ । त्यसैले तिनलाई पञ्चशील, अष्टशील र दशशील भनिएका छन् । क्षान्तिपारमिता भनेको सहने बानी तथा क्षमा गर्ने बानी बसाल्नु हो । वीर्यपारमितामा लोभ मोहलाई जितेर कल्याणमार्गमा जान उत्साहित गर्ने क्षमता भएको हुनुपर्ने कुरा बताइएको छ । ध्यानगरी उच्चता हासिल गर्ने ध्यान पारमिता हो भने अन्तिमरूपमा यस धर्मका प्रसिद्ध पारमिता प्रज्ञापारमिता हो । ज्ञानले परिपूर्ण हुनु नै प्रज्ञापारमिता हो ।

आज आएर स्थविरवादको पनि विभिन्न हाँगा देखिएको छ । स्थविरवादका दुई हाँगामा महीशासक र वृजिपुत्रक हुन् । महीशासकबाट उत्पन्न भएका दुई उपज सर्वास्तिवादी र धर्मगुप्तिक हुन् । सर्वास्तिवादीबाट पनि काश्यपीय अनि त्यसबाट सौत्रान्तिक र त्यसबाट पनि सौत्रान्तिकवाद उत्पन्न भएका छन् । त्यस्तै वृजिपुत्रकबाट निस्केका हाँगामा कर्मोत्तरीय, भद्रयाणिक, छन्नागारिक र सम्मितीय छन् ।

आज विशेषतया स्थविरवादको प्रचुरता भएका देशहरूमा श्रीलङ्का, बर्मा, कम्पुचिया, थाइलैण्ड, लाओस् र भियतानाम आदि छन् ।

❋

*'आनन्दभूमि' बु.सं २५३३ (वि.सं. २०४६)



Downloaded from http://www.dhamma.digital

# बुद्धको व्यावहारिक दृष्टिकोण*

बुद्ध कसका छोरा र उनको जीवन कसरी बित्यो भनेर आज सर्वसाधारणको अगाडि भनिरहनुपर्ने अवस्था छैन। उनको साधारण जीवनको विषयमा सबैलाई थाहा छ। उनको दृष्टिकोणलाई भने मानिसले विभिन्न प्रकारले लिएका छन्। असी वर्षको उनको जीवनीको अध्ययन गर्दा अबोध व्यक्तिदेखि लिएर उच्चरूपले शिक्षित समीक्षकपर्यन्तको लागि उनीहरूको आ-आफ्नो बुझ्ने क्षमताअनुसार उनका शिक्षा र विचारलाई उपयोगस्वरूप ग्रहण गर्न सरल रहेको छ। बुद्धधर्मको ज्ञानलाई जोसुकैले पनि हासिल गर्न सक्दछ। जस्तोसुकै परिस्थितिमा रहेका लाई पनि बुद्धको शिक्षाले हल्का औषधीको रूपमा काम गर्दछ। सामान्य कृषकदेखि लिएर नागार्जुन जस्ता दार्शनिक विद्वान्हरूका लागि पनि बुद्धको जीवनी ज्ञानको भण्डारको रूपमा प्रेरणा बन्न सकेको छ। यही नै बुद्धको जीवनीको विशेषता हो। यसैले बुद्धलाई चिन्न गाह्रो छैन।

मानिसले बुद्धलाई विविध प्रकारले चिन्ने र सम्झने गर्दछ। कसैले उनलाई 'ईश्वर' मान्दछ, कसैले 'देवदूत' मान्दछ, कसैले साधु मान्दछ त कसैले आ-आफ्नो दृष्टिकोणले विभिन्नरूपले मान्ने गरेका छन् तर बुद्ध आफैले भनेका छन् - *"म मात्र बुद्ध हूं"*। यसैअनुसार उनलाई सबैले *'बुद्ध'* भनी पुकार्दछन् र उनको नाम नै *'बुद्ध'* हुन गयो। *'बुद्ध'* को शाब्दिक अर्थ ज्ञानले परिपूर्ण हो।

बुद्धको ज्ञानले *'मध्यम मार्ग'* बताएको छ। कुनै कुरा बढी गर्ने र घटी गर्ने जस्ता *'अति'* लाई सन्तुलनमा राखी आवश्यकतानुसारको मात्रालाई अपनाउनु *'मध्यम मार्ग'* हो। सुख, समृद्धि वा निर्वाण प्राप्तिका लागि भनेर दुष्कर तपस्या गरी शरीरलाई कष्ट दिनु र आमोद-प्रमोदमा लिप्त रही जीवन त्यसैमा घुलमिलाउनु दुबै *'अति'* हुन्। नाशवान् शरीरमा परिवर्तनशील मन रहने हुँदा शरीरको बचावटको लागि चाहिने मात्राको अन्न जल उपभोग गर्नु अतिबाट टाढा बस्नु हो। यो *'मध्यम मार्ग'* जीवनको हरपक्षमा लागू हुने व्यावहारिक सिद्धान्त हो।

धर्म भनेर कुनैपनि दैवीसिद्धान्तलाई स्वीकार नगर्नु बुद्धको दृढ विचार हो। उनैले भनेका छन् कि मानिसले आफ्नो धर्मको मार्ग आफैले खोज्नुपर्छ, कसैले भनेको कुरा सुनेर त्यसमा लाग्नुहुँदैन। उनी कोरा कल्पना अथवा व्यर्थचिन्तनको



Downloaded from http://www.dhamma.digital

पासोमा बाँधिन नचाहने व्यक्ति हुन् । वास्तविक काम आइपर्दा नचाहिँदो तर्क वितर्कमा लागी आवश्यक कर्तव्यको बोध नगर्नुलाई उनले जीवनलाई अलमल्याउने नराम्रो व्यवहार हो भनेका छन् । यस विषयमा उनले एउटा घतलाग्दो उदाहरण दिएका छन् - 'यदि कुनै व्यक्ति वाण लागेर घाइते भइराखेको छ भने उनका साथीभाइ र आफन्तले तत्काल त्यसको उपचार गर्नेतिर लाग्नुपर्छ । घाइतेलाई त्यसै राखी वाण हान्ने व्यक्ति को हो ? त्यो कुन वंशको र त्यो कुन जाति को हो ? त्यसको नाउँ के हो ? त्यसको गोत्र के हो ? आदि भनी सोचिरहेमा त्यतिन्जेल त्यो घाइते व्यक्ति मरिसकेको हुनेछ । घाइतेलाई देख्नासाथ चिकित्सकलाई बोलाउनु, घाउ सफा गर्नु र आवश्यक उपचार गरी उनलाई आराम दिलाउनु आवश्यक छ ।' यस उदाहरणले मानिसको लागि व्यावहारिकता नै सबैभन्दा ठूलो आवश्यक गुण हो भन्ने देखाउँछ ।

गौतम बुद्धको दृष्टिकोण व्यापक छ । कसैको परम्परागत रीतिस्थिति र चालचलन जस्ताको तस्तै गरी ग्रहण गर्नु उचित छैन र बेला-बखतअनुसार बहुजनको लागि हित हुने कुरामात्र ग्रहण गर्नुपर्दछ भन्ने उनको भनाइ छ । बुद्ध वर्तमानकाललाई विशेष मान्यता दिने व्यक्ति हुन् । कुनैपनि समस्या आइपर्दा व्यावहारिक तरिकाबाट नै समाधानको बाटो अपनाउनुपर्दछ, परम्परावादी र हठवादी भई समस्यालाई चर्काउनुहुन्न भन्ने भगवान् बुद्धको भनाइ छ । समानता उनको नीति हो । यसैले वंशवाद र जातिप्रथाको उनले घोर विरोध गरेका छन् ।

उनले चार आर्यसत्यलाई पहिल्याएर त्यसलाई मनन गरेर लोक समक्ष आफ्नो विचार प्रतिपादन गरेको कुरा अति व्यावहारिक रहेको छ । पलपलमा आउने दुःख मानिसको छाया झैं रहने कुरा कसैले नकार्न गाह्रो छ, यसैलाई उनले दुःखसत्य भनी पहिलो आर्यसत्यको रूपमा बताएका छन् । जो कोही पनि दुःखमा पर्छ भने त्यसको कारण अवश्य हुन्छ जसरी रोग लागेपछि चिकित्सककहाँ गई निदान (Diagnosis) गराउँदछन् । यसैले दुःख हुनाको कारण छ भनी त्यस कारणलाई दोस्रो दुःखसमुदय आर्यसत्य मानेका छन् । यसरी नै दुःखको निरोध हुनसक्छ र यो दुःख निरोध गर्ने उपाय छ भनी ती दुईलाई तेस्रो र चौथो आर्यसत्य मानी भगवान् बुद्धले मानिसको जीवनको अवधिमा आइपर्ने दुःख सुखको अनुभूतिलाई लोकसमक्ष राखिदिएका छन् । यसैले बुद्धधर्ममा मानिसको जीवनलाई अध्ययन गर्दा तत्त्वमीमांसासम्बन्धी विवेचनामा जोड नदिई खालि मानवलाई दुःखबाट मुक्त गर्नमात्र प्रयास गरिएको छ ।



Downloaded from http://www.dhamma.digital

मानिस सामाजिक प्राणी हो भनी नमान्ने संसारमा शायदै कोही होला । समाजलाई व्यक्ति-व्यक्तिको लागि हित गर्ने गराउन असल मानिस सधैं प्रयत्नशील रहन्छ । समाजको हितको लागि भनी मानिस धेरै कष्ट उठाउँछन् पनि तथापि समाजमा दूषित वातावरण रही व्यक्तिहरू उँभो लाग्न नसक्ने हुन्छ। व्यक्तिको जीवन उठाउन भगवान् गौतम बुद्धले ज्यादै व्यावहारिक पाँच कुरा बताएका छन् जसलाई पञ्चशील भनेका छन् । यी पाँच कुरा ज्यादै सामान्य देखिन्छ छन् । प्राणी हिंसा नगर्नु, नचोर्नु, व्यभिचार नगर्नु, झूठो नबोल्नु र मद्यपान नगर्नु यी नै पञ्चशील हुन्। सामान्य ठानिने तर यसमा लागेमा भयङ्कर दु:खदायी हुने यी पाँच कुरालाई निषेध गरी उपदेश दिने व्यक्ति तिनै गौतम बुद्ध हुन्। विज्ञानले प्रकृतिमा भएकै बस्तुलाई सिद्ध गरेर देखाउने झैं बुद्धले पनि व्यवहारमा चल्ने तर बेवास्ता गरिने गरिराखिएका बस्तुलाई औंल्याई अप्रमादी भई सजग रहन मार्ग निर्देशन दिएका छन् ।

समाजमा व्यक्तिलाई अरू बढी व्यावहारिक बनाउन ३ वटा शीलका कुरा थपी मार्ग निर्देशन दिएका छन् । अनुशासित जीवन नै वास्तविक जीवन हो भन्ने पक्षलाई अँगालेर विकाल भोजन गर्नु, माला-गन्धविलेपन-धारण-विभूषण गर्नु र उच्चासनमा सुत्ने जस्ता व्यसनका कुराहरूलाई त्याग्नुपर्ने जस्ता कुरा गाँसी समाजलाई स्वच्छ र स्वस्थ बनाउने दृष्टिकोणमा बुद्धका पूर्ण व्यावहारिक कुरा हुन् । सामान्यभन्दा सामान्य जनले पनि सजिलैसँग बुझ्ने र धारण-पालन समेत गर्न सकिने सरल उपायलाई आफ्नो सिद्धान्तभित्र राखेर बुद्धले साँचैको ज्ञानी बुद्ध कहलाउन समर्थ भएको कुरा उनको व्यावहारिक ज्ञान नै हो भन्न सकिन्छ ।

बुद्धले उपदेशको रूपमा बताएका कुराहरूमा जीवनका प्रत्येक पक्ष र प्रत्येक अंश व्यावहारिकताले भरिएका छन् । खाने-पिउने, उठ्ने-बस्ने, रुने-हाँस्ने, मर्ने-बाँच्ने, खेल्ने-कुद्ने तथा विधिव्यवहार संस्कार आदिमा आफ्ना व्यावहारिक दृष्टिकोणलाई अगाडि राखी उनले जनसमक्ष उदाहरणसमेत प्रस्तुत गरेका छन्। स्व-पर, आत्मा-ईश्वर, जातिपाती र आफन्तका बीचको सम्बन्ध एवं विश्वासलाई स्पष्टरूपमा अगाडि सारेर शुद्ध व्यावहारिकतालाई उनले प्रस्तुत गरेका छन्। ठूलो ज्ञानी मानिसका लागि सोचविचार गर्नसमेत गहकिला व्यावहारिक तथ्य सबैका सामू राखिदिएका छन्। यसै कारण बुद्ध कुनै ईश्वर वा देवदूत नभै महामानव भएर उनले संसारमा आफ्नो अस्तित्व छाडेका छन् । यही नै बुद्धको व्यावहारिक दृष्टिकोण हो ।

❋

*'धर्मकीर्ति' बु.सं २५३३ (वि.सं. २०४६)



Downloaded from http://www.dhamma.digital

# मानवधर्म*

धर्म भनेको विश्वासको अर्को नाम हो । जुन कुरालाई आफूले 'यो मेरो हो', 'यो ठीक हो', 'यो यस्तै हो' भनी आफ्नो मनभित्र गहिराएर धारण गरिराख्छ त्यही धारणालाई धर्म भनिएको हो । यसैले आगोलाई छुनासाथ पोल्छ भन्ने धारणा हाम्रो मनमा हुनासाथ आगोलाई छुन डराउँछौं। यो हाम्रो विश्वास हो कि आगोले पोल्छ। आगोलाई छुनुहुन्न भन्ने धारणाले मन मजबूत भएपछि हाम्रो धर्म आगोलाई नछुने भन्ने हुन गयो। तब त्यस्ता मानिसको धर्म नै आगोलाई नछुने भन्ने पनि हुन गयो । त्यस्तै आगोको क्षमता पोल्ने हो । पोल्ने बस्तु त्यसले धारण गरिराखेको छ, त्यसैले आगोको धर्म पोल्ने भयो ।

मानिस विश्वासले धर्म मान्दछन्। आफूलाई जुन कुराबाट विश्वास पार्न सक्यो त्यसैको पछि लागी धर्म पालन भन्दै मानिसले आफ्नो क्रियाकलापलाई अगाडि बढाउँछन् । यसैको फलस्वरूप मानिस विभिन्न धर्मावलम्बी बनेका छन् । आफूलाई विश्वास पारेर कुरा गर्नेलाई मानिसले गुरु थाप्ने गर्दछन् । यसैले कसैको धर्ममा गुरु हुन्छ भने कसैको धर्ममा गुरु नै हुँदैन । प्रकृतिवादीहरूका लागि गुरु स्वयं प्रकृति रहेको हुनाले उनीहरू व्यक्ति विशेष वा आत्मपरक विषयसँग सम्बन्धितलाई गुरु मान्दैनन् । कोही भने महापुरुषहरूलाई नै गुरु मानेर बसेका छन् । यसैको फलस्वरूप बुद्ध, इशा र मुहम्मद आदि महापुरुषहरूको प्रभाकारी उपदेशलाई मनन र धारण गरी उनीहरूको उपदेशको पछि लागेर उनीहरूकै नामबाट धर्म अपनाएर आफ्नो क्रियाकलापलाई अगाडि बढाएर मानिसले जीवन गुजारेका छन् ।

यस परिप्रेक्षमा हेर्दै जाँदा धर्म भनेको प्रभाव हो कि भन्ने कुरा झल्कन आउँछ। जसलाई जुन कुराको प्रभाव पर्छ त्यही उसको धर्म हुँदोरहेछ । आमाले स्याहार संभार गरेको कुराको प्रभाव परेका व्यक्तिले आमालाई नै देवता मान्ने र आमालाई मान सम्मान गरी पूजा गर्नुलाई नै उसले आफ्नो धर्म मान्दछ । यसरी प्रभावकारी सम्पूर्ण बस्तु धर्मका आधार बनेका छन् । ती बस्तुको पूजा आजा गर्ने गरिएको छ । त्यसै गरी व्यक्तिहरू पनि पूजित भएका छन् ।



Downloaded from http://www.dhamma.digital

कुनैपनि बस्तुको आफ्नो स्वभाव हुन्छ। आगोको स्वभाव माथितिर जाने र पानीको स्वभाव तलतिर जाने । त्यस्तै मानिसको पनि आफ्नै स्वभाव छ। प्रकृति र मानिसको स्वभावमा फरक छ । प्रकृतिलाई कसैको प्रभाव पर्दैन भने मानिसलाई अरूको प्रभाव पर्न सक्दछ। प्रकृतिलाई जबर्जस्ती थुनछेक गर्न सकिन्छ भने मानिसलाई जबर्जस्ती गर्न सकिन्न। यी दुई बस्तुमा मिल्ने एउटै कुरा छ कि जबर्जस्ती सधैं अड्दैन। जस्तो कि जस्तै थुनछेक गरिएपनि मौका पाउनासाथ प्रकृतिले आफ्नो स्वभाव जमाइहाल्छ, त्यस्तै मानिसलाई जबर्जस्त गर्न नसकिने अर्थ पनि मानिसमा एउटा स्वभाव र विवेकले बास गरेको हुनु र जुनसुकै बेला ऊ विवेक प्रयोग गर्ने हुनु हो।

यसैले धर्म र स्वभावका बीचमा फरक पाउन गाह्रो देखिन्छ र धर्मपरिर्वतन भनेकै स्वभावपरिवर्तन र स्वभावपरिवर्तन भनेकै धर्मपरिवर्ततन भनेझैं भएको छ। स्वभावको साथसाथै आवश्यकता पनि त्यसमा सन्निहित भएर आएको हुन्छ। शारीरिक आवश्यकता (Biological need) पनि एउटा स्वभाव हो। आहार-मैथुनादि आवश्यक भएको स्वभावले सम्पूर्ण जीवात्मालाई एकै धर्मको छत्रछायामा राखेको पाइन्छ तापनि ऋतु परिवर्तन हुने भएझैं जीवैपिछे स्वभाव पनि फरक हुने गर्दछ । यी सबैलाई आ-आफ्नो धर्म भनिन्छ।

यसरी धर्मको कुरातिर चक्कर लगाउँदै जाँदा मानवको धर्म छुट्टै हुन आउँछ । यो छुट्टै हुनुको एउटा कारण उही विवेकशीलता हो । कुकुर भुक्छ, उसको स्वभावले, भुक्ने स्वभाव उसमा अन्तर्निहित छ। त्यस्तै काम, क्रोध, लोभ, मोहादि मानिसभित्र अन्तर्निहित कुरा हुन्। यी कुरालाई दमन गर्ने एउटै उपाय विवेकको प्रयोग हो जुन मानिसमा सिबाय अरूमा छैन। विवेकलाई अर्को नाम दिन सकिन्छ *'संयम'*, संयम विवेकशील प्राणीमा मात्र हुन्छ । आचरणशास्त्रअनुसार संयमीलाई धार्मिक व्यक्ति भनिन्छ। संयम छोडेमा त्यो अधार्मिक हुन्छ । धार्मिक महापुरुषहरूले मानिसलाई आचरणमा नै जोड दिएको हुन्छ। आचरणको आधार पनि सबैको एकै प्रकारको हुँदैन। सिद्धान्त प्रतिपादकपिछेको आचरणको आधार फरक फरक पाइन्छ । शाक्तधर्मको बलिप्रथा र मुसलमानधर्मको हिंसाप्रथा अलग अलग आचरणको रूपमा पाइन्छ। कस्तो आचरण राम्रो हो भन्ने कुरा ठम्याउन ज्यादै गाऱ्हो छ । आ-आफ्नो राष्ट्रको पोशाक आफू-आफूलाई राम्रो लाग्ने भनेझैं आ-आफ्नो धर्मदेशक धर्मगुरुहरूको



Downloaded from http://www.dhamma.digital

उपदेशअनुसार आफ-आफूलाई त्यही त्यही आचरण राम्रो र ठीक ठानिने हुन्छ ।

शाक्यमुनि गौतम बुद्धले आचरणको आधार आफैमा निहित भएको कुरा बताएका छन् । आर्यअष्टांगिक मार्ग बुद्धको दिमागले प्रशोधन गरी निकालेको आचरणशास्त्र हो । यो सामान्य आचरणभन्दा केही माथिको छ । प्रत्येक प्रकारको आचरणले मानिसको सुख दु:खलाई इंगित गरेको हुन्छ । आचरण नै सुख दु:खको कारण हो भन्नेहरू नै धेरै छन् । भगवान् बुद्धको हेतुवाद नै सुख दु:खसँग सम्बन्धित व्यावहारिक सिद्धान्त हो तर सिद्धान्त जतिसुकै प्रकारको भए तापनि ती सबै मानवकल्याणका लागि नै हुन् भन्नेचाहिँ सबैले मानेको कुरा हो । मानवको हित नहुने सिद्धान्त खालि कोरा कल्पना र हठवादमात्र हो । हालसम्म प्रतिपादित सबै सिद्धान्तहरूमा मानवहित हुने कुरा नै अधिकांशरूपमा पाइन्छ । परिपक्व सिद्धान्तमा अंग पुगेको हुन्छ भने अपरिपक्व सिद्धान्त अपांग हुन्छ । अपांग सिद्धान्त विस्तारै ह्रास हुँदैजान्छ र परिपक्वचाहिँ विस्तृत हुँदैजान्छ । यो कुरा संसारका धर्मावलम्बीहरूका बीच दृष्टिगत गर्दा थाहापाइने कुरा हो । चानचुने सिद्धान्तहरू आए गए, त्यसको प्रभाव न्यूनतम रहे भने ठूलठूला मानवहितका सिद्धान्तले व्यापक रूप लिइराखेको छ । अझ भन्ने हो भने मानिसको दिमाग तिखारिँदै आएपछि व्यापकरूपमा रहेको सिद्धान्तअन्तर्गतका धर्महरूमा पनि ह्रासता देखिँदै आएको छ र मानववादीताले जरो गाडेको धर्मले विश्वव्याप्तता कायम गर्दै आएको छ । *'धर्म'* भित्री हृदयदेखि समर्थन गरी मानिने बस्तु भएको हुनाले अर्थ, काम र मोक्षबाट यो टाढा हुँदै गई यस जीवनमा नै कर्तव्य निभाउनुपर्ने बोध हुँदै आएको छ । कर्मवाद यही बोधको फल हो । राम्रो काम गर्नेले अरूलाई राम्रो पारी आफू पनि राम्रो हुन्छ र नराम्रो काम गर्नेले आफू खाडलमा धसिई अरूलाई पनि खाडलमा धकेलिदिन्छ । जसलाई आफूले मानेको धर्ममा ह्रास आउन लाग्यो भन्ने डर पैदा भएको छ त्यसले पैसा आदिको प्रलोभन दिई धर्मलाई संकुचित पार्दै लग्ने पनि गरिआएको छ । धर्म भनेको पैसाले किनिने बस्तु होइन न जबर्जस्ती प्रचार, प्रसार गरेर हुने कुरा हो । जर्बजस्ती गर्नु मानवधर्म होइन । यहाँ धर्ममा जबर्जस्ती गर्ने मानिस धेरै छन् । उनीहरू धर्मलाई बचाउने भनी आफूलाई धर्मको ठेकेदार मान्दछन् । ठेकेदारीप्रथा धर्मको क्षेत्रमा नीच काम हो । धर्मको नाममा सभा समारोह गर्ने र धर्मदिशनाको आयोजनामात्र गरी मानवव्यवहारप्रति भने कन्जूसी हुनेहरू नै धर्मध्वंशकारी हुन्छन् । उनीहरू



Downloaded from http://www.dhamma.digital

धर्मको नाममा सम्प्रदाय जमाएर साम्प्रदायिक भावना फैलाई मानवताको हत्या गरेर हिँड्ने हुन्छन् । यो ज्यादै मननीय र शोचनीय कुरा हो। अशिक्षित व्यक्ति जे पायो त्यसैलाई *'धर्म'* भनी ठान्दछन् भने शिक्षित व्यक्ति त्यस्ता अशिक्षितलाई फण्डामा फँसाएर आफू सर्वश्रेष्ठ भन्ने ढोंग रच्ने पनि हुन्छन् । यस्तो कुरा सद्व्यवहारवादीमा लाग्ने कुरा होइन तापनि असद्व्यवहार गर्ने छलीहरूको लागि भने यो कुरा घोच्नेखालको नै हुन्छ ।

मानवधर्म भन्नाले मानवसँग सम्बन्धित सबै बस्तुमा लागू हुन्छ। जस्तै मानवको छर-छिमेक, चराचुरुङ्गी र पशुहरू हुन्। मानिसहरूको यिनीहरूसँग सम्बन्ध पूर्ण मानवीय हुनुपर्दछ। मानिसले आफूलाई विवेकशील भनी गौरव मान्दछ भने उनीहरूप्रतिको सास्ना र अवहेलनालाई छोड्नुपर्दछ नत्र मानिसमा मानवता रहेको ठहर्दैन । मानिसमा रहने शक्तिको अहंकारले गर्दा पशुप्रति हुने अन्याय मानवताभन्दा धेरै टाढाको व्यवहार हुने हुन्छ । यसरी मानिस-मानिसका बीच र मानिस र अन्य प्राणीका बीच सुमधुर सम्बन्ध र दयादाक्षिण्यादि गुण कायम राख्नु नै मानवधर्म हो। आजको परिप्रेक्षमा बुद्धधर्म नै यससम्बन्धको निकटतम धर्म देखिन आउँछ । वास्तविक बुद्धधर्म नबुझ्नेहरूलाई आफै नमूना बनी सच्चा बुद्धधर्मावलम्बीले पथप्रदर्शन गर्नु आवश्यक छ ।

❋

*'आनन्दभूमि' बु.सं २५३४ (वि.सं. २०४७)



Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# बौद्धभावना*

मानिस थरी-थरीका हुन्छन् । जन्मँदाखेरि मानिसकै कोख भएतापनि हुर्केपछि त्यसलाई वातावरणले घेर्छ र ऊ वातावरणमा अल्मलिन्छ । ठाउँअनुसार कुण्डपिछेको पानीको स्वाद भिन्न भिन्न हुन्छ । *'कुण्ड-कुण्ड पानी मुण्ड-मुण्ड विचार'*। टाउको पिछेको मानिसको विचार अलग अलग हुन्छ । प्रकृति बलवान् भनेझैं मानिसको भेउ पाउन मानिसलाई नै गाह्रो हुन्छ । यसरी मानिस वातावरणको पछि पछि दौडिराखेको हुन्छ ।

मानिस जन्मेर बालक हुन्छ, किशोरावस्थामा पुग्छ, युवा बन्छ, बूढो हुन्छ । त्यसरी नै बुद्धि पनि उमेरअनुसार फरक फरक हुन्छ । चाहनाले बुद्धिलाई डोऱ्याएको हुन्छ अनि मानिस त्यसको पछि लाग्दछ । बूढोले केटाकेटीपन र युवाजोशलाई बिर्सेको हुन्छ र त्यसले बढी अर्ती उपदेश दिन थाल्छ । युवावर्ग र किशोरहरू त्यस अर्तीलाई बकंफ्वास सरह एक कानले सुन्ने र अर्को कानले उडाउने गर्दछन् । रोएका बच्चाहरू हाउको त्रासले एकछिन अडेर सुन्छन् तर फेरि त्योभन्दा चर्को स्वरले रुन थाल्छन् ।

यसले सिद्ध हुन्छ कि हरेक मानिस भावनामा डुबेको हुन्छ । बेलाबखतअनुसार मानिसमा भावना जाग्छ । भावनाले गर्दा तत् तत् समयमा तत् तत् क्रियापद्धति उसले अपनाउने गर्दछ । यी सबै भावनाका कुरा हुन् । भावनाको मुख्य आधार वातावरण नै हो । जुन वातावरणमा रह्यो त्यही अनुकूलको भावना त्यसमा जागृत हुने गर्दछ । खेलाडीहरूको लागि खेलको भावना नै प्रमुख तत्त्व हुन्छ भने संगीतकारको लागि संगीतकै भावना प्रमुख हुन्छ । खेलजगत्मा नपरेका वा खेल भनेकै थाहा नपाउनेलाई खेलको भावनाको आभास कमैमात्र हुन्छ, त्यस्तै संगीतमा अनि सबैमा । यसैले बूढापाकाहरू संगतलाई सप्रनु बिग्रनुमा प्रमुख तत्त्व मान्दछन् । छोरो कुलतमा परेमा *'छोरा के हेर्नु उसको संगत हेर्नु भन्दछन्'* । चुरोट नखानेलाई खाउँ खाउँ भन्ने भावना जागृत गराउने उसका साथी हुन्छन् । यसरी भावनाले असल खराब दुबैलाई इंगित गर्ने हुन्छ । असल भावनाले असलतिर डोऱ्याउँछ र खराब भावनाले खराबतिर डोऱ्याउँछ ।

राजकुलमा जन्मेका बुद्धले राजपाट त्यागी श्रमण हुन पुगेको मुख्य आधार भावना हो । दुःखै दुःखको भुमरी



Downloaded from http://www.dhamma.digital

भएको दुनिया देखेपछि सुखको कल्पनास्वरूपको भावना उनमा जागृत भयो। भावनाको लहरमा उनले आफ्नो जीवनलाई अनेक क्रियाकलापमा मोड्यो। सुख-दु:खप्रतिको उनको भावना प्रबल हुँदै गयो। भावनाले भावनाको सृजना गऱ्यो। उनका भावनाका बीच क्रिया प्रतिक्रिया रह्यो र सिद्धार्थकुमार बुद्ध बन्यो।

बुद्धले आफ्नो सिद्धान्त प्रतिपादन गऱ्यो र आफ्नै ढंगले यसको प्रचार-प्रसार गऱ्यो। शान्ति र अहिंसाजस्ता नारा विश्वमा फैलियो। अन्धविश्वास र कुप्रथारूपी वृक्षहरूमा कीरा लाग्यो। मानिसमा भावनात्मक परिवर्तन आयो त्यस्तो मानिस बुद्धका सिद्धान्तहरूको पछि पछि लाग्न लाग्यो। मानिसमा नयाँ भावनाहरू जागृत भए। बुद्धको उपदेशको पछि लागिने धर्मलाई बुद्धधर्म भनियो। बुद्धको संगठनको प्रक्रियालाई संघ भनियो। बुद्धको उपदेशद्वारा प्रभावित भएकाहरू बुद्ध, धर्म र संघलाई आत्मसात् गरी *'बुद्धं शरणं गच्छामि, धर्मं शरणं गच्छामि र संघं शरणं गच्छामि'* भनी बुद्धको भावनानुरूप क्रियाकलाप गर्ने प्रयासतिर लागे। बुद्धको भावनालाई अंगीकार गर्ने सबै बौद्ध कहलिए।

संसारमा बुद्धजस्तै आफ्ना सिद्धान्त प्रतिपादन गर्ने महापुरुषहरू धेरै छन्। त्यस्ता महापुरुषहरूका पनि अनुयायी छन्। एकअर्को महापुरुषका भावनाका बीच टक्कर खाएर अनुयायीहरू आफ्ना गुरुप्रति अन्धभक्त बनी आ-आफ्नो डम्फु बजाउने भए। यसले गर्दा एउटै ठाउँमा पनि अनेक भावना विद्यमान रहे। एउटा भावनामाथि अर्को भावनाले प्रभाव पार्दा प्रभावित भावनामा मानिस डुबे। त्यस्ताको क्रियाकलाप र संस्कारमा नै परिवर्तन आउने भयो। परिर्वन आएपनि जग बसेको संस्कारको छाप भने भावनाले मिटाउन सकेन। फलस्वरूप मानिसको आवश्यकता-माथि भावना पनि गौण हुने भयो। यसैले भावनाले मात्र सबै काम गरिने नभएर भावनालाई पनि डोऱ्याएर अवस्था व्यवस्थाले मानिसलाई माथ गऱ्यो। उदाहरणस्वरूप नेपालमा बौद्धहरू धेरै छन् र उनीहरू आफूलाई बौद्ध भन्दछन्। उनीहरू बुद्धधर्मअनुकूलका पूजा पाठ गर्छन् तर बुद्धको उपदेशको विरुद्धका सबै क्रियाकलाप पूजाविधिको नाममा गर्दछन्।

बौद्धहरूमा मूर्तिको पूजा नगर्ने बुद्धको आज्ञा उल्लंघन भएको छ। गणेश, भीमसेन र भगवती आदि देवदेवीको पूजा गरी हाँस, कुखुरा, बोका र रांगो आदिको बलि चढाई बौद्धहरू हिंसा गर्दछन्। बुद्धका पञ्शीलमध्ये मुख्य शील मद्यपानको निषेध हो भने बौद्धहरूको प्रत्येक पूजा आजा र



Downloaded from http://www.dhamma.digital

भोजभतेरमा मद्यपानकै बाहुल्यता रहेको हुन्छ । यस्तै पाँचै शीलको विरुद्धको आचरण बौद्धका घरघरमा पाइन्छ । बुद्धको क्रान्तिमा सबैभन्दा मूलविषय जातभातको आधारमा उच्च नीच मान्नु तथा छुवाछूटको विरुद्ध थियो भने नेपाली बौद्धहरूमा सबैभन्दा जरो गाडेर बसेको विषय नै यही जातभातको कुरा रहेको छ । बौद्धपुरोहितहरू आफ्ना जजमानका घरमा नै भात खाँदैनन् । नेपालीबौद्धहरूमा ज्यापू र मानन्धर आदि प्रमुख बौद्ध हुन् भने यिनीहरू नै कट्टर जातिवादका पोषक छन् । वज्राचार्यहरू पुरोहितको काम गर्दछन् भने शाक्यहरू पूजा पाठमा पोख्त भई धार्मिक क्रिया गर्दछन् । यी दुई जाति भगवान् बुद्धका शिष्यहरू सारिपुत्र र मौद्गल्यायन जस्तै भई गृहस्थमा बसेर पनि ४ दिनसम्म अनिवार्य प्रव्रज्या ग्रहण गरी पक्का बौद्ध बनेर रहेका छन् तर ठूलो बिडम्बना यही भएको छ कि यी दुई वर्ग नै बुद्धको उपदेशको विरुद्ध हाँक दिएर अगाडि बढी जातिवाद र पुरोहितवादलाई जगाइरहनेमा परेका छन् ।

नेपाली बौद्धहरूमा बौद्ध हौं भन्ने भावना छ तर बौद्ध भएर के गर्नुपर्दछ र कस्तो हुनुपर्दछ भन्ने भावना भने तिनीहरूमा विरलै देखिन्छ । भावनाको कुरा गर्दा यसरी भावनारहित भावना पनि देखापर्न आउँछ । भावना असल खराब जे भएपनि साथ-संगत र संस्कारले स्वच्छ वा दूषित भई पालित भएर आउने हुन्छ । नेपाली बौद्धहरूको भावना पनि कुसंस्कार को प्रभावले दूषित भएर कुरामा एउटा र काममा अर्को भइराखेको छ ।

नेपाली बौद्धहरू व्यावहारिक-रूपमा सरासर अबौद्ध हुन पुगिराखेका छन् । बौद्धसंस्कारदेखि बाहिरको विषयलाई प्राधान्य दिएर आफ्नो नामकरण गर्ने चलनसमेत उनीहरूमा निरन्तररूपले चलिरहेको छ । एउटा बौद्धको नाम कृष्णरत्न, रामरत्न, श्यामकाजी र तीर्थनारायण आदि । यसो हुनुमा बौद्धहरूमा सच्चा बुद्धधर्मको जानकारी कम हुनु हो भन्नुमा अत्युक्ति हुँदैन । बुद्धधर्ममा शिक्षित कहलाउनेहरूको संख्या कम हुनु पनि यसको एउटा कारण हो । वास्तवमा भन्ने हो भने यथार्थ बुद्धधर्मको प्रचार-प्रसारमा कमी हुनाले नै बौद्धभावनामा आघात पर्न गएको बुझिन्छ । बौद्धभावनामा आघात पर्नुमा ठूलो जिम्मेदारी शिक्षित बौद्धसमुदाय हुन आएको छ ।

शिक्षित बौद्धसमुदाय भन्नाले सामाजिक भावना कम भएका तथा बौद्धको नाममा जथानाम क्रियाकलापलाई अँगाल्दै उदरपूरण गर्ने खालका पर्न आउँछन् । सामाजिक कुसंस्कारमा घुलमिलिनेलाई



Downloaded from http://www.dhamma.digital

शिक्षित भन्न कुनैपनि नीतिले मान्दैन । ठोसरूपमा सिकेको कुरालाई लिएर व्यवहारमा उन्मुख हुनेलाई नै वास्तविकरूपमा शिक्षित भनिने हो। नेपाली बौद्धहरू कागजी प्रमाणपत्रले शिक्षित बनेका छन् सिबाय व्यावहारिकरूपमा शिक्षित बनेका देखिँदैनन् । यसो हुनुको कारण तिनीहरूमा स्वार्थको भावना निहित हुनु पनि हो । यसरी कोट्याउँदै जाँदा गृहत्याग गरी बुद्धद्वारा निर्देशित चीवर पहिरी बौद्ध रहेका भिक्षुवर्ग पनि बौद्धभावना यताउती हुनुमा पर्न आउन सक्दछ । काम क्रोधादि रागबाट विमुक्त भिक्षुवर्ग खोज्नुपर्ने अवस्था छ । जीविकोपार्जनका लागि पात्रको आधार लिएका श्रद्धेय भिक्षुवर्ग गृहस्थ बौद्धहरूको देखावटी श्रद्धाको भरमा दैनिक गुजारा गर्नुपर्ने अवस्था हुनु पनि बौद्धभावनामा विचलन हुनु हो। गृहत्यागी भएर भिक्षु बनेका ले गार्हस्थ्यविषयका पैतृक संपत्तिको अंश लिनुपर्ने स्थिति र जागिर खानुपर्ने स्थिति बौद्धभावनाका बाधक हुन् । भीडिओ, टी.भी. र फोटोलाई प्रतीक्षा गरी सभा समारोह र प्रार्थना एवं दानादि कर्ममा सहभागी हुने भावना लाभ, सत्कार र यशरूपी प्रचार-प्रसारको प्रियताको भावनाहुनु सिबाय त्यागी एवं निस्पृह बौद्धभावना हुन आउँदैन । नेपाली बौद्ध आज यी भावनाका शिकार बनेका छन् । शरीर र मुखमा बौद्धपन देखिएतापनि व्यवहारबाट बौद्ध हुन नसकेको बौद्धभावनाको विपरीत कुरा हो ।

बहुजन हिताय र बहुजन सुखायका लागि परिस्थितिअनुसारको तरिका अपनाई पञ्चशील, अष्टशील र दशशीलमा जोड दिने भगवान् बुद्धको भावनाप्रति सही समर्थक हुनु नै कुनैपनि व्यक्तिमा बौद्धभावना रहनु हो । हठवाद बौद्धभावना होइन । बुद्धले दिएका उपदेश संबन्धी श्लोक भट्याएर उदाहरणै उदाहरणका कथा भन्नु वाक्चातुर्य पनि हुन सक्दछ तर आचरण शुद्ध गरी व्यवहारमा उत्रनुचाहिँ सच्चा ज्ञानी बौद्ध हुन सक्दछ र ज्ञानी व्यक्ति नै बौद्धभावनासहितको हुन सक्दछ । अत: मन, वचन, कर्मले बौद्ध आचरणमा सरिक हुनु नै बौद्धभावना हो। हिन्दूदेश, इशाईको देश, मुसलमानको देशमा बस्दैमा बौद्ध नहुने होइन । बौद्ध देशमा बस्दैमा मात्र पनि बौद्ध हुने होइन । यस्तै जातित्वमा बौद्ध हुने पनि होइन । ब्राम्हण, क्षत्री, वैश्य र शूद्र कहलिने जोसुकैपनि प्रव्रजित भएर बौद्ध बनेका छन् भने प्रव्रजित नभै आचरणले बौद्ध बनेका पनि धेरै छन् । यसै आचरणसहितको बौद्धभावना नै वास्तविक बौद्धभावना हो, अरू त शब्दार्थ मात्र हुन् ।

❋

*'धर्मकीर्ति' बु.सं २५३४ (वि.सं. २०४७)



Downloaded from http://www.dhamma.digital

# बुद्धधर्ममा गुरु-शिष्यको कर्तव्य*

बुद्धको धर्म वास्तवमा आचरण धर्म हो। आचरणशुद्धीलाई नै धर्म भनिएको कुरा बुद्धका उपदेशद्वारा स्पष्ट हुन्छ । मानिसलाई कर्तव्यनिष्ठ बनाउने बुद्धको लक्ष्य हो। कर्तव्यनिष्ठ मानिसले आफू र अरूको हित गर्दछ। आफू र अरू दुबै पक्षको हित नभैकन कुनैपनि मानिसले सुख पाउँदैन । घरपरिवारदेखि लिएर समाज, राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्रमा हुने वास्तविक उन्नति मानिसको कर्तव्यमा नै आधारित छ। दुःशील व्यक्ति कर्तव्यनिष्ठ हुन सक्दैन। सुशील व्यक्ति नै कर्तव्यनिष्ठ हुन सक्छ । सुशील कसरी बन्छ भन्ने कुरा भगवान् बुद्धले विनयको रूपमा बताउनुभएको छ । विनय भनेको पालित्रिपिटकअनुसार भिक्षु वा गृहस्थहरूको नियम उपनियम हुन् । खासगरी भिक्षुले पालन गरिनेलाई विनय र गृहस्थले पालन गर्नेलाई आचरणधर्म भनिन्छ । यो आचरणधर्मसम्बन्धी कुरा बौद्धवाङ्मयको सुत्तपिटकको दीघनिकायको एघारौं सुत्त "सिगालोवादसुत्त" मा संचित छ ।

सिगालोवादसुत्तमा आमा-बाबु, छोरा-छोरी, गुरु-शिष्य, लोग्ने-स्वास्नी, साथी-भाइ, मालिक-नोकर र श्रमण-ब्राम्हण आदिको आपसमा श्रद्धा र स्नेहका कर्तव्यहरूको समुचित उपदेश व्यावहारिक एवं मनोवैज्ञानिकरूपमा उल्लेख भएको छ । घरपरिवार र ठाउँ ठाउँमा अशान्ति एवं ईर्ष्या, द्वेष र कलह देखने तर आचार-विचार र अवस्था-व्यवस्था नदेख्नेहरूका लागि बुद्धका यी उपदेश ज्यादै मननीय छ। नियम भनेको शरीरभित्र व्याप्तरूपमा रहने रगतझैं हो । जबसम्म रगत स्वच्छ भइरहन्छ तबसम्म शरीर ठीक रहन्छ, त्यस्तै जबसम्म नियम सुस्थिर रहन्छ तबसम्म कुनैपनि ठाउँमा शान्ति रहन्छ ।

मानिसले आफ्नो दोष आफैले देख्दैन । प्रायःजसो आफ्नो दोष अरूले देखिराखेको हुन्छ। यस्तो दोषलाई देखाइदिने जोकोहीलाई गुरुसमानको व्यक्ति भन्दछन्। यसको अर्थ दोष देखाइदिने गुरु हो किनकि दोष हुन्जेल मानिसको भलो हुँदैन। दोष थाहापाएपछि त्यसलाई हटाउने उपाय गर्न सजिलो हुन्छ । त्यसैले केटाकेटीदेखि नै मानिसमा दोष नरहोस् भनी बाल्यावस्थादेखि गुरुको समक्ष पठाई बालबच्चालाई शिक्षा दिलाउने गर्दछन् । गुरुले सिकाउँछ, शिष्यले सिक्छ। सिकेका शिष्यको जीवन उँभो लाग्छ । सिक्ने र



Downloaded from http://www.dhamma.digital

सिकाउनेको सम्बन्ध छोरो र बाबुको जस्तै हुन्छ । गुरु-शिष्यको बीच सदा आत्मीयता रहोस् भन्ने हेतुले भगवान् बुद्धले दुबैको लागि आचरण नियमको उपदेश गर्नुभएको हो । गुरुले शिष्यप्रति अधिनायकवाद जमाउनुहुन्न र शिष्यले गुरुप्रति कृतघ्न हुनुहुन्न भन्ने नै बुद्धको शिक्षाको मूल उद्देश्य हो। गुरु पनि नाना प्रकारका हुन सक्छन् र शिष्य पनि त्यस्तै अनेकप्रकारका हुन सक्छन् । गुरु-शिष्य अनेकप्रकारका हुन सक्ने हुनाले नै यस प्रकारका नियमको रूपमा गुरु-शिष्यले पालन गर्नुपर्ने उपदेश उल्लेख गरिएको हो ।

शिष्यले गुरुप्रति व्यवहार गर्नुपर्ने आचरणधर्म ५ प्रकारको बताइएको छ ।

### *१. उट्ठानेन (उठेर पालन गर्ने आचरण)*

आफूलाई शिक्षा दिने गुरु जहाँ जुनसुकै ठाउँमा देखेपनि उठेर सम्मान देखाउनुपर्छ । आफू जुनसुकै उच्च ओहोदामा पुगेपनि गुरुप्रति उठेर सम्मानभाव देखाउने आचरण सँधै अपनाउनुपर्छ ।

### *२. उपट्ठानेन (सेवा सुश्रूषा गर्ने आचरण)*

गुरुको लागि आवश्यक बस्तु आफूले सकेसम्म जुटाइदिने र रोगी हुँदा भरमग्दुर सेवा पुऱ्याउनुपर्छ ।

### *३. सुस्सूसाय (सुन्ने इच्छा राख्ने र आज्ञापालन गर्ने आचरण)*

गुरुले बताएका कुरा ध्यानपूर्वक सुन्ने र इच्छा राखेर सुन्ने तथा गुरुको आज्ञा पालन गर्ने गर्नुपर्छ ।

### *४. पारिचारिय (सिकेअनुसारको सेवागरी कर्तव्य निभाउने)*

आफूलाई सिकाइदिएको कुरा अनुसार गुरुप्रति गौरव राखी त्यसैमार्फत् गुरुप्रति सेवा पुऱ्याउनुपर्छ ।

### *५. सक्कच्चं सिप्प पटिगहने (राम्ररी शिल्प ग्रहण गर्ने आचरण)*

गुरुले सिकाएका शिल्पका कुरा राम्ररी ग्रहण गरेर गुरुप्रति गौरव राख्नुपर्छ। शिष्यले गुरुप्रति सगौरव आदर भाव प्रकट गर्ने उपर्युक्त ५ कुराले शिष्यको आचरण शुद्ध भई त्यस्ता शिष्यबाट आफ्नो र समाज एवं राष्ट्रकै भलो गर्ने हुन्छ । यस्ता शिष्यले अन्तर्राष्ट्रिय ख्यातिप्राप्त गर्दछ । गुरुप्रति शिष्यले गौरव राखेको उदाहरण बौद्धवाङ्मयमा धेरै ठाउँमा प्राप्त छ । सारिपुत्रका गुरु अस्सजि महास्थविर हुनुहुन्छ। सारिपुत्र महाविद्वान् भएर भगवान् बुद्धका अग्रश्रावक हुनुभयो । वहाँले आफ्ना गुरु अस्सजिले भन्दा ठूलो दर्जा पाउनुभयो तथापि सारिपुत्र महास्थविरले जहाँ जुन ठाउँमा



Downloaded from http://www.dhamma.digital

भएपनि अस्सजिलाई देख्नसाथ उठेर अभिवादन गर्नुहुन्छ। यतिमात्र होइन सुत्दा बस्दा पनि वहाँप्रति गौरव राख्नुहुन्छ।

बुद्धको उपदेशमा गुरुले नै भनेको भएतापनि पत्यारै गर्नुपर्दछ भन्ने कुरा छैन। आफूले पनि विवेक प्रयोग गरी ठीक हो वा होइन भनी स्वीकार्ने वा नकार्ने कुरालाई पनि बुझ्नुपर्छ। अहिंसक कहलाइएका बालक गुरुको कुरालाई पत्यार गरी अंगुलिमाल नामले कुख्यात डाकु हुन पुग्यो। यसैले गुरुको उत्तम शिक्षा नै मात्र शिष्यले शिरोपर गरी लिनुपर्दछ।

यसै गरी गुरुले शिष्यप्रति निभाउनुपर्ने कर्तव्य पनि ४ प्रकारको बताइएको छ।

**१. सुविनीतं विनेन्ति (नियमित जीवनमा रहेर शिक्षित बनाउनु)**

गुरुले आफैले नियम पालन गरी शिष्यलाई शिक्षा दिएर योग्य बनाउनुपर्दछ। आफै उदाहरण नबनी दिइएको शिक्षा प्रभावकारी हुँदैन। *'जस्तो गुरु उस्तो चेला'* भनेझैं गुरु राम्रो भएमा चेला राम्रो हुने हुन्छ। आफू राम्रो भएर शिष्यलाई पनि त्यस्तै राम्रा कुराको अभ्यास गराउनुपर्छ।

**२. अग्गहीतं गाहापेति (राम्ररी शिक्षा ग्रहण गराउने) -**

जुनसुकै जाति र जुनसुकै चरित्रको शिष्य भएपनि उनीहरूको मनोभाव बुझी उनीहरूलाई राम्ररी शिक्षा ग्रहण गराउनुपर्छ। मनपर्ने नपर्ने आदि भेदभाव गरी शिक्षा दिइनुहुन्न। धनी भनेर वा उच्च कुलको भनेर पक्षपात गरी शिक्षा दिनु गुरुको लागि महान् अपराध हो।

**३. सब्बं सिप्पं सुत समयक्खायिनो भवन्तु (आफूलाई थाहाभएका सबै शिल्प शिष्यको क्षमताअनुसार दिने)।**

शिष्यलाई आफूले जानेजति कुरा उसको क्षमताले ग्रहण गर्न सकेसम्म सिकाई पारंगत गराइदिनुपर्छ। शिष्य आफूभन्दा अगाडि बढ्ला वा आफ्नो गौरव नै घट्ला कि भनी शिक्षा दिनुमा कंजुसी गर्नुहुन्न। शिष्य जति जति जान्ने सुन्ने हुँदै जान्छ उति उति गुरुको यश कीर्ति बढ्ने कुरामाथि गौरव राख्नुपर्छ।

**४. मित्तामच्चेसु पटिवेदेन्ति (मित्रादिसँग परिचय दिलाउनु)**

आफ्नो शिष्यलाई आफन्त वा विशेष व्यक्तिहरूसँग परिचय गराइदिनुपर्छ। शिक्षा दिइसकेपछि आफ्नो शिष्यको योग्यता बयान गरी अरूलाई परिचय गराउँदा शिष्यलाई हौसला मिल्ने हुन्छ र आफ्नो पनि कीर्ति बढ्ने हुन्छ। शिक्षा ग्रहण गरिसक्यो भन्दैमा शिष्यलाई त्यसै छोडेर पठाउनु राम्रो होइन। उनलाई उनको योग्यताअनुसार योग्य ठाउँमा काम गर्ने ठाउँसम्ममा पुऱ्याइदिनुपर्छ।



Downloaded from http://www.dhamma.digital

यसरी शिष्यको गुरुप्रतिको कर्तव्य झैं गुरुको शिष्यप्रतिको कर्तव्य पनि त्यत्तिकै जिम्मेवारीपूर्ण किसिमले उपदेशित छ। गुरु-शिष्य दुबै आचारवान् भएमा राष्ट्रमा सच्चा नागरिक उत्पादन भई राष्ट्रबासी सबैले सुख शान्ति पाउने हुन्छ। आचारहीन, क्रोधी र दु:शील गुरु भएमा राष्ट्रलाई हानि पुऱ्याउँछ भने आचारहीन शिष्य भएमा पनि राष्ट्रोन्नतिको लागि ठूलो बाधा पर्दछ। मानिसको जीवनमा सुन-चाँदी धन-दौलतमात्र हुँदैमा सुखी हुने होइन, सुशिक्षित र चरित्रवान् भएमा नै सन्तोषपूर्ण सुख आनन्द प्राप्त हुने हुन्छ। आजकाल प्राय:जसो शिष्यमा गुरुवर्गको सेवा-सम्मान गर्न पनि लाजको कुरा जस्तो हुन गएको छ भने शिष्यहरूमा स्नेह राखी व्यवहार गर्नु पनि हीनताभास भएको मान्ने गुरुप्रवृत्ति देखापरेको छ। आफू शिक्षित र सम्पन्न भएपछि गुरुलाई बिर्सने पनि धेरै भएर आएका छन्, चेतनशील मानवको यो कर्तव्य होइन। गुरुप्रति श्रद्धा र शिष्यप्रति स्नेह नराख्नेलाई बौद्धचरित्रको भनिँदैन।

गुरु र शिष्यको परिभाषा दिँदा यसरी भन्न सकिन्छ कि असल बाटो देखाउने गुरु र असल बाटोमा लाग्ने शिष्य हुन्। गुरु भएर गुरुको कर्तव्य पालन नगर्ने र शिष्य भएर शिष्यको आचरण नगर्ने दुबै राष्ट्रघाती हुन्छन्। शिक्षा दिने लिने दुबै पवित्र र सदाचारयुक्त नभएमा शिक्षाको दुरुपयोग हुन्छ। यसले आफू र अरू दुबैलाई नोक्सान पार्दछ। यसैले गुरु शिष्य दुबै आचारवान् हुनुपर्दछ। आचारवान् विद्वान्हरूबाट जति समाजसेवा र राष्ट्रको सेवा हुन्छ त्यति धनवान् वा अरू प्रकारका व्यक्तिबाट हुन सक्दैन। यसैले शिक्षासँग सम्बन्धित गुरु-शिष्यको ठूलो महत्त्व रहन्छ। आजकालको शिक्षा-प्रणालीमा पढ्ने र पढाउने दुबै कुरा जीवनवृत्तिको लागिमात्र जस्तो भएको देखिन्छ। उपार्जन त जीवनको लागि आवश्यक छ तर उपार्जनको नाउँमा चरित्रधर्मलाई त्याग्नु भने कर्तव्यच्युतप्राय: नै हुनु हो। आचारवान् गुरु हुने भएको ले नै बालबालिकाहरू आमाबाबुको अगाडिभन्दा गुरुको अगाडि आरक्षित हुने हो भने शिष्यहरू पनि गुरुको लागि छोराछोरीभन्दा प्यारो हुने हो। यसैले त्यसप्रकारको गुरु र शिष्यका बीचको पारस्परिक सम्बन्ध दुबैको लागि हित र सुख हुने हुन्छ। तिनीहरूबाट समाज र देशको सेवा हुने हुन्छ।

आजको युगमा पनि बौद्धजगत्मा गुरु र शिष्यपरम्परा भगवान् बुद्धका उपदेशअनुसार कायम रहेका विभिन्न बौद्धदेशमा पाइन्छ। बुद्धोपदेशअनुसारको गुरुशिष्यको कर्तव्य सर्वजनीन छ। यसैले बुद्धधर्म भनेको वास्तविक जीवन हो, संस्कार होइन।

❋

*'आनन्दभूमि' बु.सं २५३५ (वि.सं. २०४८)



Downloaded from http://www.dhamma.digital

# अशोकको बुद्धधर्मप्रचारमा देन*

भगवान् बुद्धको उपदेशलाई अनुसरण गर्ने बौद्धहरूमध्ये प्रचार-प्रसार को माध्यममा सम्राट् अशोकलाई नै विशेष रूपमा लिन सकिन्छ । भारतभूमिभन्दा ६०० योजन टाढाका देशहरूमा पर्यन्त उनले धर्म प्रचार गरेका थिए । उनले बौद्धधर्म प्रचारटोली गठन गरेर श्रीलंका, बर्मा, सिरिया, मिस्र, सायेरिन, भकइनिया, चीन र जापानमा बौद्धभिक्षु-भिक्षुणीहरूलाई पठाएका थिए ।

अशोक मौर्यवंशका राजा बिन्दुसारका छोरा थिए । अशोककी आमा सुभद्रांगी थिइन् । उनी चम्पा नगरका एक ब्राम्हणकी छोरी थिइन् । अशोकको जन्म हुँदा राजाले रानी सुभद्रांगीसँग सोधिन् कि छोराको नाउँ के राख्ने हो । छोरा जन्मँदा आफ्नो शोक दूर भएको हुनाले उनीले उनको नाउँ अशोक राख्नुपर्दछ भनेकी हुनाले सोहीअनुसार उनको नाउँ अशोक राखिएको थियो । राजा बिन्दुसारका १६ जना रानी थिए र सबभन्दा जेठो छोराको नाम *'सुमन'* थियो । राज्यको काममा राम्ररी सघाएको र विविध गुणले सम्पन्न भएको हुँदा र मन्त्रीहरूलगायत सबैले साथ दिएको हुँदा राजकुमार सुमनलाई पछाडि राखेर, अशोक राजा भएका थिए । सिंहली अनुश्रुतिअनुसार अशोकको राज्याभिषेक बिन्दुसारको मृत्युको चार वर्षपछि इ.पू. २६८ मा भएको थियो ।

राज्याभिषेक भएको नवौं वर्षमा अशोकले गोदावरी र महानदीको बीचमा बंगालको खाडीको नजीकै रहेको कलिंग राज्यमा हमला गरे । राजा अशोकको विजय भयो । रगतको खोलो बगेर विजय प्राप्त भएको यस लडाईंले सम्राट् अशोकको मन पग्ल्यो र अशोकको जीवनको मोडनै बदल्यो । तब उसले निश्चय गरे, *"आइन्दा कोहीसँग युद्ध गर्नेछैन र प्रेमको सन्देश लिएर संसारलाई एक सूत्रमा बाँध्नेछु ।"* यति भनी उनले आश्विन शुक्ल दशमीका दिन शस्त्र-अस्त्र त्याग गरिदिए । यसरी अशोकले अहिंसाको उपासक बनेर बुद्धधर्मलाई नै राज्यधर्मसमेत घोषणा गरिदिए ।

अब अशोकले रणयात्राको सट्टा धर्मयात्रा गरेर बुद्धधर्मको प्रचारमा आफै पनि संलग्न भए । धार्मिक उद्देश्यसहितको प्रदर्शनीको आयोजना गरेर विभिन्न ठाउँमा मठ-विहार बनाएर त्यहाँ भिक्षु-भिक्षुणीलाई निवास गराए । धर्ममा छलफल गर्ने र धर्मश्रवण गर्ने व्यवस्था गरिदिए । पहाडका ढुङ्गाहरूमा, ढुङ्गाका खम्बाहरूमा र गुफाहरूमा धार्मिक सिद्धान्त तथा उपदेश लेख्न लगाए । जन्म-मृत्यु र विवाह-व्रतबन्ध आदिमा गरिने निरर्थक अनुष्ठान र बलिलाई प्रोत्साहित गर्ने खालका यज्ञयागादिलाई बन्द गराइदिए । पशुको लागि समेत चिकित्सालयको बन्दोबस्त



Downloaded from http://www.dhamma.digital

गरेर बाटोघाटो, पाटीपौवा, धाराकुवा र वृक्षारोपण आदिको व्यवस्था गरिदिए । पालीभाषामा बौद्धग्रन्थहरूसमेत लेखाएर बौद्धधर्मप्रति योगदान गरे ।

त्यसबेला बौद्धधर्म १८ भागमा बाँडिएको थियो । त्यसरी तत्कालीन बौद्ध संघमा केही मतभेद आएको हुनाले त्यसलाई निवारण गर्न उनले भिक्षु उपगुप्तको सभापतित्वमा तृतीय संगीतिको आयोजना गरे । त्यस संगीतिद्वारा अशोकले बुद्धधर्ममा आएका विकृति र शिथिलतालाई हटाएर त्यस धर्ममा नयाँ जीवन प्रदान गरे । यस संगीतिपछि धर्मप्रचारार्थ विभिन्न भिक्षुहरू विभिन्न ठाउँमा पठाइए । ती पठाइएका मध्ये काश्मीर र गान्धारमा मज्झन्तिक, लंका (ताम्रपर्णी) मा महेन्द्र, यवनदेशमा महारक्षित, स्वर्णभूमि (सुवराणाभूमि) मा सोण र उत्तर, मैसूर (महिषमण्डल) मा महादेव, हिमालय प्रदेशमा कस्यप, पज्झिम मूलदेव, सहदेव र दुन्दुभिरचर, उत्तरी कनारा (बनबासी) मा रक्षित, महाराष्ट्र (महारट्ठ) मा महाधम्मरक्खित र कोंकण (अपरान्त) मा यौनक धर्मरक्षित थिए । लंकाकी राजकुमारीद्वारा अनुरोध आएको हुनाले सम्राट् अशोककी पुत्री संघमित्रा बोधिवृक्षको एउटा हाँगा लिएर धर्म प्रचारका लागि त्यहाँ गएकी थिइन् । संघमित्रासँग त्यहाँका ५०० जना महिलाहरूले बुद्धधर्म स्वीकारेका थिए । त्यहाँका राजाले पनि बुद्धधर्म ग्रहण गर्दा लंकादेश भगवान् बुद्धको उपदेशले व्याप्त भयो र त्यहाँ चालीस हजार मानिस बौद्ध बने ।

यसरी हिमालय प्रदेश (उत्तरापथ) मा ८४ हजार मानिसले बुद्धधर्म स्वीकारे भने मैसूरको आसपासमा ४० हजार मानिसले बुद्धधर्म माने । त्यहाँ ३७ हजार भिक्षु बने । कोंकणप्रदेशमा २८ हजारले बुद्धधर्ममा प्रवेश गरे भने महाराष्ट्रमा ८४ हजारले बौद्ध बने र १३ हजारले भिक्षु बने । काश्मीरमा त्यहाँका राजासँगै ८० हजार मानिस बौद्ध बनेर एक लाख त भिक्षु नै बने । भारतको उत्तर-पश्चिम सीमामा पर्ने यवनदेशमा ७० हजारले बौद्ध बने भने १० हजारले भिक्षुजीवन व्यतीत गरे ।

संसारमा धर्मको नाममा ठूलो ठूलो युद्ध भएको घटनाको इतिहास थुप्रै पाइन्छ । मानिसले सच्चा धर्म पालन नगरेको जस्तो लागेर अशोकले आफ्नो एउटा शिलालेखमा भनेका छन् - *"म धर्मद्वारा सबै मतलाई फलेको फुलेको देख्न चाहन्छु ।"* अर्को एक शिलालेखमा उनले भनेका छन् कि धर्म भनेको पापबाट टाढा रहनु र राम्रो काम गर्नु अर्थात् दया, दान, सत्य र शुद्धतालाई पालन गर्नु हो ।

अशोकले आफ्नो राज्यको कुना कुनामा शिलालेख, स्तम्भलेख र गुहालेखद्वारा धर्मको ढोल पिटेका थिए । उनका शिलालेखहरू प्राय:गरी प्राकृतभाषामा लेखिएका छन् । ठूलठूला पत्थरमा लेखिएका यी मीनारहरू ४५ फीटसम्मको उचाइको र मनौंको वजन भएको पाइएको छ । त्यसमा लगाइएको



Downloaded from http://www.dhamma.digital

पालीश यति असल छ कि मानौं आजै लगाइएको जस्तो देखिन्छ । गुहामा लेखिएका ३ वटा लेख गयाको नजिकैको पहाडमा पाइएका छन् ।

ठूला ठूला ९ वटा स्तम्भलेख निम्न स्थानमा पाइएका छन् - नेपालको लुम्बिनी र निग्लिहवामा, अम्बालाको नजीक टोपरामा, अलाहवादको मेरठ, कौशाम्बीमा, चम्पारनको रामपुरवामा, अररजाको लौरियामा, नन्दगढको लौरिया तथा आरामा । ससाना ४ वटा स्तम्भलेख सारनाथ, साँची कौशाम्बीमा पाइएका छन् । यसैगरी १९ वटा शिलालेख निम्न स्थानमा पाइएका छन्- ब्रम्हगिरी (मैसूर), रूपनाथ (जबलपुर), सहासराम (विहार), बैराट ((जयपुर), इरागुडी (हैदरावाद, दक्षिण), गुजरा (दतिया, मध्यप्रदेश), रामेश्वर-शाहवाजगढी (पेशावर), मानसेहरा (हजारा, सीमाप्रान्त), गिरनार (जूनागढ), सोपरा (थाना), कालसी (देहरादून), धौली (पुरी) र जौगढ (गँजाम) ।

अशोकले तथागत भगवान् बुद्धद्वारा प्रतिस्थापित बुद्धधर्मको व्याख्या, विधान, प्रसार र प्रचार जोडतोडले गरेका थिए । उनले बुद्धधर्मलाई एक विश्वव्यापी धर्म बनाइदिएका थिए ।

बुद्धधर्म सम्पूर्ण मानवजातिको लागि सारपूर्ण जीवन बिताउनको लागि निर्मित योजना हो । यही योजनाको विस्तार गर्न अशोकले ठाउँ ठाउँमा दूतहरूसमेत पठाएर प्रसार गरेका थिए । तृतीय संगीति (Third Council) एक सजीव एवं अर्थपूर्ण आयोजना थियो बुद्धधर्म चिरस्थायीको लागि तृतीय संगीतिले निर्णय गरी पठाइएको भिक्षुसमूहको दूत एउटा Mission हो । Mission को काम धर्म प्रचारमात्र थिएन किन्तु अरू मानवोपकारी कार्यहरू गर्नु पनि थियो । वास्तवमा यी Missions जहाँ जहाँ गए त्यहाँ त्यहाँमात्र बुद्धधर्म प्रचार भएको थिएन ताकि त्यसको प्रभावले अरू अरू देशमा पनि बुद्धधर्म प्रचार भएको थियो ।

सम्राट् अशोकले भिक्षुहरूको बासको लागि ४८००० विहार-भवन बनाउन लगाएका थिए भने ८४००० स्तूप निर्माण गराएका थिए । अशोकको समयमा खासगरी एशियाका दक्षिण तथा पश्चिमी भागहरूमा थेरवाद बुद्धधर्मको बढी प्रचार भएको थियो ।

अशोकले आफ्नो चिन्ह नै धर्मचक्र राखेको छ । भगवान् बुद्धले गरेको धर्मचक्रप्रवर्तनको पूर्ण साररूपमा प्रचार गरी परन्तुसम्म राख्ने धर्म महान् सम्राट् अशोकले सत्य, धर्म र अहिंसाका प्रतीक तीनवटा सिंहसहितको शुभ चिन्हलाई अँगाली बुद्धधर्मको सदाशयतालाई भित्री श्रद्धाले ग्रहण गरेको हुँदा भारतले धर्मचक्रलाई राष्ट्रिय चिन्ह मानेको छ । यसरी अशोकले बुद्धधर्म प्रचारमा ठूलो देन दिएको छ ।

❋

*'ज्योति-उदय' बु.सं २५३५ (वि.सं. २०४८)



Downloaded from http://www.dhamma.digital

# बौद्धतीर्थस्थल चारधामका अवशेष*

भगावन् गौतम बुद्धले चतुरार्य सत्य र आर्यअष्टांगिक मार्गलाई सबैको सामू राखेर छुट्टैप्रकारको धार्मिक सचेतता जगाइदिनुभयो। चतुरार्यसत्य आम-सत्यको रूपमा विश्वले स्वीकार्दै आएको छ । आर्यअष्टांगिक मार्ग जीवन जिउनको लागि आवश्यक व्यावहारिक पथप्रदर्शन हो जुन सबैको लागि महोपयोगी सिद्ध भएको छ। यसै सिद्धान्तको प्रतिपादनले बुद्ध आज सर्वज्ञ विश्वमहामानवमा गनिएको छ । अन्धविश्वासी र कट्टर परम्परावादीले बाहेक धेरैले बुद्धलाई क्रान्तिकारी शान्तिका प्रतिपादक मानेर श्रद्धा व्यक्त गर्दै आएका छन् । बुद्धका अनुयायीहरू उनका उपदेशलाई नै सर्वस्व ठानेर आफूलाई बौद्ध भनी गौरव राख्दछन्। यी बौद्धहरू बुद्धको जन्मदेखि लिएर परिनिर्वाणसम्मको अवधिभित्र घटेका बुद्ध स्वयंका घटनाहरू र बुद्धले बिताएका त्यस्ता स्थलहरूलाई हृदयंगम गर्न बौद्धहरूले आस्थाका साथ श्रद्धा राख्ने गर्दछन् । यही आस्थाजन्य श्रद्धास्वरूप बौद्धहरूले भगवान् बुद्धको जीवनीसँग सम्बन्धित चार स्थानलाई बौद्धतीर्थस्थल चारधामको रूपमा ग्रहण गरी आत्मसात् गरेका छन् । ती चार तीर्थस्थलहरू हुन् - *'लुम्बिनी, बोधगया, सारनाथ र कुशीनगर । भगावन् बुद्धको जीवनमा एउटै अनौठो त्रिसंयोग पर्न आएको छ, त्यो हो जन्मनु, बुद्धत्व प्राप्त हुनु र परिनिर्वाण हुनु एकै दिन अर्थात् वैशाख - पूर्णिमाको दिन पर्नु । यो त्रिसंयोगको दिनलाई बौद्धहरू बुद्धजयन्तीको रूपमा मनाउँछन् र त्यस दिनमा हृदयतः बौद्धआचरणको लागि प्रतिज्ञा गर्दछन्' ।*

यी बौद्ध चारधाममा बुद्धले बुद्धत्व प्राप्तिपछिको प्रथम धर्मोपदेश गरेको स्थान सारनाथसहित तीन संयोगका स्थानहरू नै पर्न आएका छन् । बुद्धको जन्म लुम्बिनमा भएको थियो भने बुद्धत्व प्राप्ति बोधगयामा भएको थियो। अनि परिनिर्वाण कुशीनगरमा भएको थियो। यी चारै ठाउँमा रहेका प्राचीन अवशेषहरू आज बौद्धको लागि मात्र नभै विश्वइतिहासमै सुनौला पाना भएर रहेको छ।

## *लुम्बिनी*

नेपालअधिराज्यको पश्चिमांचल तराईक्षेत्रमा लुम्बिनी नामको प्रसिद्ध स्थान छ। यसै लुम्बिनीको सालबनमा सिद्धार्थ गौतम बुद्धको जन्म आजभन्दा २६१५ वर्ष अघि भएको थियो । इ.सं. १८९६ को उत्खननपछि फेलापरेको अशोकस्तम्भ त्यहाँ छ । त्यस स्तम्भमा कोरिएको ब्राम्हीलिपिको ५ हरफ शिलालेखद्वारा



Downloaded from http://www.dhamma.digital

भगवान् बुद्धको जन्मस्थल त्यही हो भनी पत्तालागेको छ। अशोक-स्तम्भबाट ३० फीट जति उत्तरतिर एउटा मौर्यकाल भन्दा अगाडि बनेको १५' ५" x१२' ५" को कोठा प्राप्त भएको छ। त्यहाँ एक मायादेवीको मन्दिर र सिद्धार्थको जन्म हुनासथा स्नान गराइएको पोखरी छ। मायादेवी मन्दिरको मुन्तिर एउटा नयाँ किसिमको प्राचीन मन्दिर छ। त्यस मायादेवी मन्दिरको उत्तर पश्चिमको कुनामा एउटा ५'५" चारपाटे नयाँ मौर्यकालको स्तूप पाइएको छ। यसको गर्भमा अस्थिधातुसहितको एउटा सुनको वर्णको एक इन्च गोलाइको बट्टा पाइएको छ। त्यहाँको सिद्धार्थलाई प्रथम स्नान गराइएको पोखरीको नगीचै प्राचीन बुद्धविहारका ध्वंशावशेषहरू र विभिन्न चैत्यका अवशेषहरू फेला परेका छन्। त्यहाँ माटा, ढुंगा र कांसका अनेक मूर्तिहरू भेट्टिएका छन्। ती मूर्तिमध्ये माटाको एउटा बौद्धताराको मूर्तिमा *'ये धम्मा हेतुपभवा'* अंकित छ। त्यहाँको मायादेवीको मन्दिर भित्र शालभञ्जिका मुद्रामा उभिएकी मायादेवी, सिद्धार्थ गौतम बुद्ध र देवदेवीका मूर्ति छन्।

## *बोधगया*

भगवान् बुद्धले बोधिवृक्षमुनि तपस्या गरेर बुद्धत्व प्राप्त गरेको स्थान बोधगया हो। त्यस बुद्धत्व प्राप्तिलाई महासम्बोधिलाभ भनिन्छ। सम्बोधिलाभ गर्दा वहाँले रातको प्रथम प्रहरमा पूर्वजन्मका स्मृतिरूपी पहिलो विद्या प्राप्त गर्नुभएको थियो। रातको मध्यम प्रहरमा वहाँले दिव्यचक्षु प्राप्त गरेर त्यसद्वारा समस्त लोकलाई आ-आफ्नो कर्मको फल भोगिरहेको देख्नुभयो। रातको तेस्रो प्रहरमा वहाँले प्रतीत्यसमुत्पादको ज्ञान प्राप्त गर्नुभयो र त्यसबाट वहाँले सत्यलाई दुई भागमा विभाजित भएको देख्नुभयो। सत्यको एक भाग थियो अनित्य, परतन्त्र र सापेक्ष संसार र अर्को भाग थियो चिरशान्त निर्वाण। बौद्धसाहित्यमा बोधगयालाई महाबोधिविहार पनि भनिएको छ। वास्तवमा बुद्धलाई बोधिज्ञान प्राप्त भएको ठाउँ हुनाले नै यसलाई बोधगया भनिएको हो। यहाँको मुख्य आकर्षक धार्मिक विहार नै हो। यो विहार समतल भूमिमा यहाँ बनेको प्राचीन मन्दिर ध्वस्त भएको छ। आजकाल भएको त्यहाँको मन्दिर ५० फीट चौडा चारपाटे उठेको स्थानमा बनेको छ। यसको उचाइ २० फीट छ। यस मन्दिरको पश्चिममा बोधिवृक्ष र वज्रासन देखिन्छ। यसको बगलमा रहेको विहार अथवा स्तूप नष्ट भएको छ।

यहाँको मन्दिरको गर्भगृहमा बुद्धको ठूलो प्रतिमा भूमिस्पर्शमुद्रामा रहेको छ। मन्दिर मुख्य प्रवेशद्वारको पूर्वदिशामा छ। त्यसमा सूर्यको प्रकाश जानुसिबाय कुनै झ्याल राखिएको छैन। मन्दिरको ढोकैनिर सिंढी बनेको छ।



Downloaded from http://www.dhamma.digital

## *सारनाथ*

बुद्धत्व प्राप्तिपछि भगवान् बुद्धले आफ्नो पहिलो देशनाको लागि योग्य पात्रहरू आलार कलाम र उद्रकरामपुत्रलाई ठान्नुभएको थियो तर बुद्धको बुद्धत्व प्राप्तिभन्दा अघि नै यी दुबैको मृत्यु भइसकेको थियो । त्यसपछिका पात्रका रूपमा पंचभद्रवर्गीयलाई योग्य ठानेर बुद्ध उनीहरू तपस्यामा लीन भइरहेको मृगदावमा आउनुभयो । मृगदाव बोधगयाबाट १३० माइलजति पर्दछ । मृगदावलाई ऋषिपत्तन पनि भनिन्छ । यहाँ उसबेला विशाल घना जंगल थियो । यहाँ ऋषिहरू एकान्त भई तपस्या गर्दथे र धार्मिक उपदेश तथा स्वाध्यायरत हुन्थे भनिन्छ । आजकाल यसलाई सारनाथ भनिन्छ । यहाँ रहेका ती पंचभद्र वर्गीय भिक्षुहरू कोण्डिन्य ( कौंडञ्ञ), भद्रिक (भद्दिक), वप्प, महानाम र अश्वजित (अस्सजी) लाई बुद्धले प्रथम उपदेश दिनुभयो । यही उपदेशलाई धर्मचक्रप्रवर्तन भनिन्छ ।

यस धर्मचक्रप्रवर्तनको पहिलो उपदेश चतुरार्यसत्य (अरियसच्च) थियो । यी चतुरार्यसत्य भनेको दुःखसत्य, दुःख समुदयसत्य, दुःखनिरोधसत्य र दुःखनिरोधगामिनीप्रतिपत्सत्य हुन् । अर्थात् प्रत्येक व्यक्तिले यो थाहापाउनुपर्दछ कि संसार दुःखले व्यपाप्त छ । त्यसैले मानिसले दुःखको रूप दुःख उत्पत्ति हुनाको कारण, दुःखलाई रोक्ने आवश्यकता र त्यस दुःखलाई रोक्ने उपाय जान्नुपर्छ । यी कुरा जानेमा उसलाई निर्वाण प्राप्त हुन्छ । त्यसप्रकारको निर्वाण प्राप्त गर्नको लागि आर्यअष्टांगिक मार्ग (अट्ठंग-मग्ग) लाई पालन गर्नुपर्दछ । आर्यअष्टांगिक मार्ग भनेको सम्यक् समाधि, सम्यक् व्यायाम, सम्यक् वृत्ति, सम्यक् स्मृति, सम्यक् कर्म, सम्यक् दृष्टि, सम्यक् संकल्प र सम्यग् वचन हुन् । यसलाई माध्यम मार्ग पनि भनिन्छ । मध्यम मार्ग भनेको न अति न कम भनेको हो । जस्तै, सांसारिक भोगविलासमा लिप्त हुनु पनि ठीक छैन र संसारबाट अलग भएर शारीरिक यातना (कायक्लेश) सहनु पनि ठीक छैन । दुबै अतिसीमाको बीचको बाटो अपनाउनु पर्छ । यसैले बुद्धको आचारनीतिलाई मध्यमा प्रतिपदा (मज्झिमपटिपदा) भनिन्छ ।

यहाँ धर्मचक्रमुद्रामा वज्रासनामा बसेको ध्यानमग्न बुद्धको बुद्ध-प्रतिमा छ । प्रतिमा आसीन रहेको चौकीको केन्द्रमा चक्रको आकृति र चौकीको दुईतर्फ दुइवटा मृगको आकृति कुँदिएको छ । त्यसै चौकीमा पंचभद्रवर्गीयका आकृति पनि छन् । यहाँ सम्राट् अशोकद्वारा निर्मित तीनवटा स्तूपहरू पनि छन् । ती स्तूपहरू हुन् - *चौखंडी, धमेक, स्तूप र धर्मराजिका*।

सारनाथको बाटैमा 'चौखंडी' नामक स्तूपको भग्नावेश रहेको छ । यो एउटा अग्लो ढिस्कोमा आठकुने ईंटले बनेको स्तूप हो । यो जमिनबाट ८४



Downloaded from http://www.dhamma.digital

फीट अग्लो छ । बुद्धले पञ्चभद्रवर्गीयलाई उपदेश दिनुभएको मुख्य स्थल नै यही हो । यहाँ धर्मचक्रमुद्रामा गौतम बुद्धको एउटा मूर्ति छ । २ वटा गोहीका मूर्ति पनि कुँदिएका छन् ।

चौखंडीबाट केहीपर 'धमेक' स्तूप रहेको छ । धमेकलाई धर्म शब्दको अपभ्रंश पनि भनिन्छ । यही स्थानमा भगवान् बुद्धले मैत्रेयलाई भावी बुद्ध हुने भविष्यवाणी गर्नुभएको थियो । यो ठाउँ १०४ फीट अग्लो छ । यसको सतहमा ढुंगाले छापेको छ । यहाँ माथिबाट ३ फीट जति तल रहेको एउटा ढुंगाको पातामा ब्राम्हीलिपिमा बुद्धधर्मको विवरणअनुसार *'ये धम्मा हेतुपभवा'* सूत्र कुँदिएको छ ।

## धर्मराजिका

यहाँ अशोकस्तम्भको नजीकै 'धर्मराजिका' स्तूप छ । बुद्धका शारीरिक अवशेषलाई समाधिको रूपमा राख्नलाई नै अशोकले यसरी स्तूप बनाएका थिए । उसबेला काशीराजको मन्त्री जगत्सिंहले आफ्नो लागि ठाउँ बनाउने हेतुले स्तूपलाई बिगारेर भत्काएर त्यहाँका सबै ईंटा ढुंगा हटाइदियो । त्यस स्तूपलाई त्यसरी नष्ट गर्दा त्यहाँभित्र एउटा ढुंगाको बाकस फेलापऱ्यो । त्यस बाकसभित्र हरियो सिंगमर्मरको भाँडामा भश्म राखिएको थियो । त्यस भश्मपात्रलाई गंगामा फ्याँक्न लगाइएको थियो । त्यो ढुंगाको बाकस आजसम्म पनि भारतीय संग्रहालयमा राखिएको छ ।

## *कुशिनगर*

कुशिनगर बौद्धहरूको अन्तिम तथा चौथो तीर्थस्थल हो । यहाँ गौतम बुद्धले दुइवटा शालवृक्षको बीचमा निर्वाण प्राप्त गर्नुभएको थियो । यो ठाउँ देवरिया जिल्ला (उत्तरप्रदेश) मा रहेको छ । यो कसियाबाट १ माइल पर छ । यहाँ निर्वाण मुद्रामा पल्टिरहेको बुद्धको २० फीटको बुद्धमूर्ति छ । इ.पू. ५४४ मा ८० वर्षको उमेरमा भगवान् बुद्धले निर्वाणलाभ गर्नुभएको थियो । बौद्धमन्दिरको बगलमा ७० फीट अग्लो महापरिनिर्वाणस्तूप रहेको छ । कुनैबखत यहाँ अग्लो स्तूप र अशोकस्तम्भ थिए भने आज ती दुबै लुप्त भए भनिन्छ ।

यहाँको परिनिर्वाणस्तूपबाट ३ माइलपर रामभर भन्ने ठाउँमा तथागत भगवान् बुद्धको देह जलाइएको थियो ।

यी चारधाम आज बौद्धइतिहासका सप्रमाण पाना भएर रहेका छन् । पुरातत्त्वको विशेष उत्खननबाट बुद्ध सम्बन्धी नयाँ नयाँ कुरा पत्तालाग्नेछ भन्ने कुरामा शंका छैन । आजको आणविक हातहतियारले युक्त तनावपूर्ण विश्वमा यी चारै धाम शान्तिका स्मारकका रूपमा रहेका छन् ।

---

*'बौद्धकला तथा संस्कृति' बु.सं २५३५ (वि.सं. २०४८)



Downloaded from http://www.dhamma.digital

# धर्मको कुरा*

*'धर्म'* भन्नासाथ मानिसले आफूलाई सम्झन्छ । आफू भनेको मानिसको लागि संसारमा रहेका सबै बस्तुभन्दा ठूलो बस्तु हो । मानिसले जति पनि काम गर्छ आफ्नै लागि गर्दछ । आफूलाई हित हुने सबै कुरालाई ऊ 'धर्म' भनेर पुकार्छ । डाकामारेरै पनि आफ्नो जीवन गुजारेको छ भने त्यसले त्यसै पेशालाई *'धर्म'* सम्झन्छ । यसै सिलसिलामा कुनै बस्तुप्रति आफूले विश्वास गरेको छ भने त्यही विश्वासलाई धर्म भन्दछ । यही विश्वासले आस्था जमाउँछ । त्यही आस्थास्वरूप ईश्वरको कल्पना हुन्छ । अनि ईश्वरको कल्पनाले पूजा आदि विधि विधानको चलन शुरुआत हुन्छ । एकपटक चलेको विधि विधान पछि गएर बानीको रूपमा अभ्यस्त हुन्छ । अभ्यस्त बस्तु जीवनको लागि निको मानिन्छ । तब मानिस धर्ममा लिप्त हुन्छ ।

आज मानिसको जीवनमा अभिन्न अंगको रूपमा रहेको बस्तुमध्ये प्रमुख रूपमा धर्म नै रहेको छ । धर्म भनेपछि मानिस हुरुक्क हुन्छ । आफूलाई चोर भनेर गाली गरेमा बरु सहने हुन्छ तर अधर्मी भन्यो भने ऊ कुनै हालतमा सहन सक्दैन । आफूले पालन गरेको कुरालाई नै ऊ धर्म सर्वस्व सम्झन्छ । आफूले जस्तो अरूले गरेन भने त्यसलाई विधर्मी भन्दछ । यही विधर्मीको फलस्वरूप संसार मा धेरै धर्महरूको सृजना भए ।

मानिसले आखिर संसारमा बस्नुपर्छ । संसारमा एकैप्रकारका मानिस वा प्राणीमात्र नहुने हुँदा उसले हरेकसँग व्यवहार गर्नुपर्ने हुन्छ । विचारभाव नमिल्नासाथ आपसमा झगडा हुन्छ । झगडामा कहिले आफू जित्छ कहिले अरू । जीत होस् वा हार, त्यसले मानिसलाई चिन्ता र दुःख पैदा गराउँछ । झोंझ झमेला बढाउँछ । उसले कहिले सोच्नुपर्छ, कसरी झोंझ झमेला हटाउने ।

मानिस कहिले जीवजन्तुबाट पीडित हुन्छ भने कहिले प्राकृतिक प्रकोपबाट पनि पीडित हुन्छ । उसले आफ्नो बचाउको उपाय खोज्नैपर्छ । आफूले सोचेको, भनेको र चाहेको कुरा नपुग्दा मानिस दिक्क हुने, उद्विग्न हुने र रिसाउने हुन्छ । यी सबै कुरालाई पन्छाएर बसेमा मात्र मानिसले सुख वा आनन्द पाउने हुन्छ । भन्न सजिलो छ, गर्न गाह्रो छ । अवाञ्छित कुरालाई कसरी पन्छाउने ? कहिले आफैलाई आफू नै बाधा हुन्छ भने अरू आफ्नोलाई बाधा हुन सक्ने कुरा त भइहाल्यो । अन्योल अन्योल वातावरणबाट मान्छेको जीवन गुज्रिरहेको हुन्छ । यसरी जीवन जिउँदा आउने अप्ठ्यारा नै मानिसको लागि दुःख हो । भगवान् बुद्धले भनेका छन्, यो संसार दुःखमय छ, यो



Downloaded from http://www.dhamma.digital

दुःखको कारण छ। यो दुःखलाई हटाउने उपाय पनि छ। यस्तै राम, हजरत मुहम्मद, इशा आदिले पनि दुःख हटाउने उपाय धेरै धेरै बताएका छन्। यी सबै दुःख हटाउने उपायलाई पनि मानिसले धर्म नै भनी लिएका छन्। यसैले मानिसले आ-आफ्नो तरिकाले धर्म मान्ने गरेका छन् जसले जस्तो धर्म मानेतापनि यसको उद्देश्य एउटै मानिसको सुख सुविधा हुन आउँछ। यही कारण कोही अध्यात्मलाई धर्म भन्दछन् भने कोही विज्ञानलाई नै सबै थोक मान्दछन्।

संस्कृतभाषाअनुसारको 'धर्म' शब्दको कुरा गर्ने हो भने यसका विभिन्न अर्थ भएको पाइन्छ। धातुरूपअनुसार हेर्ने हो भने यसको तात्पर्य धारण गर्नु, सहारादिनु र पालन गर्नु हुन्छ। धर्मको अर्थ लगाउँदै जाने हो भने आज विविध रूपमा यसलाई लिन सकिने भइसकेको छ। कसैले धर्म भनी धार्मिक विधि वा धार्मिक क्रिया-संस्कार भनी मान्ने गर्दछन्। कसैले निश्चित नियम वा आचरणलाई धर्म भन्दछन्। कसैले धार्मिक क्रिया-संस्कार गर्दा त्यसबाट प्राप्त हुने गुणलाई नै धर्म भन्दछन्। फेरि *'अहिंसा परमो धर्मः'* र *'आचारः परमो धर्म'* भन्ने पनि छन्। बौद्धवाङ्मयमा त भगवान् बुद्धको शिक्षालाई नै धर्म भनिएको छ। अंग्रजी शब्द religion वा धर्मलाई बोध गर्ने अरू भाषाका शब्दहरूसमेतको अर्थलाई समेट्दा धर्म भनेको कर्तव्य अर्थात् इहलोक परलोकको लागि निभाउने कर्तव्य जसमा व्यक्तिको आफ्नो निजी जीवनदेखि लिएर परिवार, समाज, राष्ट्र र पूरै विश्वप्रति नै कर्तव्य अकर्तव्यको समावेश भएको लाई भनिन्छ। *'धर्म'* शब्दको अर्थ समय समयमा बदलिरहेको छ।

मानिसले मस्तिष्कको दास बनेर मस्तिष्कले बताएअनुसार आचरण गर्दै धर्म पालन भन्दै जीवन बिताइरहेका छन्। यसैको फलस्वरूप कोही ईश्वर, आत्मा, कर्मवाद, पुनर्जन्म, देवी-देवता र स्वर्ग नरक आदिमा जोड दिई धर्म भनी तिनमा आस्था राख्दछन् भने कोही यी कुरालाई ढोंगमात्र हो भन्ने पनि छन्। कोही आफ्नो धार्मिक विश्वास भन्दै साम्प्रदायिक बनेका छन् त कोही आफ्नो धार्मिक विश्वासलाई गुमाएर अशान्त भइरहेका पनि छन्। गुण र दोष जुनसुकै कुरामा पनि हुने हुनाले यो धार्मिक भनिने कुरामा पनि गुण र दोषबाट अलग हुन सकेको छैन। मस्तिष्कले बताएअनुसार मानिसको दृष्टि पुग्ने हुनाले आस्था र विश्वास सबै धर्म भइराखेका छन्।

पूर्वी होस् वा पाश्चात्य, सभ्यताको संसर्गले गर्दा मानिसहरू कोही कोही धर्मलाई व्यक्तिगत विचार संझने गर्दछन्। यद्यपि मन्दिर, मस्जिद र गिरिजाघरको सीमित क्षेत्रमा रहेर पनि मानिसहरू आ-आफ्नो धर्ममा लपेटिरहेका हुन्छन् भने उनीहरूको जीवनका हरक्षेत्रमा धर्म व्यापकरूपमा रहेको बुझिन्छ जसरी शरीरमा रगत रहेको हुन्छ। धर्मनिरपेक्षको नाउँमा कोही आफ्नो धर्म भनेकै छैन भनी स्वच्छन्द हिँड्ने गर्दछन्। यस्तालाई रक्तहीन शरीरको कल्पना गर्ने



Downloaded from http://www.dhamma.digital

भनी लाञ्छना पनि लगाइएका छन् । कतिले त धर्मनिरपेक्षतालाई अनर्थ गरी अर्थ लगाएका छन् । धर्मनिरपेक्षको अर्थ धर्मै चाहिँदैन र धर्मै छैन भनेको होइन । वास्तवमा धर्मनिरपेक्षको अर्थ त सबै धर्महरूलाई समान आदर र आफ्नो धर्मप्रति दृढ आस्था एवं अगाढ श्रद्धा राख्ने भनिएको हो ।

अब आऊँ वास्तविक धर्म के हो ? मानवप्रकृतिको विश्लेषण गरिहेरेमा सबै धर्मको सार हृदयको पवित्रता हो । नम्रता, प्रेम, विश्वास, सहनशीलता, समानता र बन्धुत्व नै धर्म हो । राजानीति, व्यापार-व्यवसाय, कला-संगीत, शिक्षा, सदाचार र परम्परा आदि सबै विश्वास मानवोचित गुणले युक्तगरी सबै धर्मलाई पुष्ट पार्ने उद्देश्यले नै विकसित गरिने हुन्छन् । साँचो बोल्ने, पारस्परिक सहयोग गर्ने र सद्व्यवहार गर्ने कुरा नै धर्मभित्र समावेश गरिएको खण्डमा धर्म भ्रमको विषय नभै त्यसको स्पष्ट अर्थ खुल्ने हुन्छ । मानिसले पुण्य कमाउनु भनेकै यी कुराको पालन गर्नु हो भनी जुनसुकै धर्मावलम्बीको धर्मले बताएको हुन्छ । तब चोरी, ठगी, व्यभिचार र हत्या जस्ता कुरा स्वभावत: अधर्मका कुरा हुन् भन्ने स्पष्ट हुन आउँछ । धर्मको कुरा गर्दा मुख्यतया आफ्नो शरीर, मन तथा इन्द्रियहरूलाई शुद्ध पार्नु नै मानिसको मुख्य कर्तव्य हुन आउँछ ।

धर्मको विषयमा व्याख्या गर्ने महापुरुष धेरै नै भएर गएका छन् । उनीहरूको व्याख्यामा आफ-आफ्नो मौलिकता दर्शाइएको छ । जुन कुरा प्राणी मात्रमा व्यवहृत गर्नको लागि सर्वजनीन र हितकर छ, त्यस्तो मौलिकतालाई संरक्षण गर्नु प्रत्येक धर्मावलम्बीको कर्तव्य हो । उदारताको नाममा कुशलधर्मलाई छोड्नु र संरक्षणको नाममा संकीर्ण भई हठी हुनु कुनैपनि धर्मावलम्बीलाई सुहाउने कुरा होइन । आज भौतिकवादको बोलबाला छ तापनि भौतिकवादप्रति ज्यादै झुकेर धर्म सर्वश्व नै ठान्ने र भौतिकवादप्रति दुराग्रह राखी उपेक्षा गर्नु, यी दुबै कुरा मानवधर्मलाई सुहाउदैन किनकि मानवको लागि उन्नतिको आवश्यकता छ तर सीमापार गरी पखेटा लगाउनु उचित छैन । यसैले धर्मको नाममा आत्मबलिदान गर्नु पनि उचित छैन भने अरूको हत्या गर्नु पनि उचित छैन ।

अब एउटै कुरा बाकी रहन आउँछ, यो हो धूप दीपादिद्वारा गरिने पूजा तथा भजन कीर्तन । यस कार्यकलापलाई धर्म मान्ने नमान्ने भन्ने कुरामा आज धेरैको विचारमा मत भिन्नता छ । यसलाई राम्ररी उपयोग गर्‍यो भने यो विवादको विषय हुनेछैन । पूजा सधैं पवित्र हुन्छ र भजन सधैं भावपूर्ण हुन्छ, यसमा आवश्यकता त शुद्ध आचरण हो । शुद्ध आचरणसहित शुद्ध हृदयले गरेको पूजा अर्चन एवं भजन कीर्तन धर्मका आधारभूत अङ्गमा गनिन्छ जसले समर्पितभाव देखाउँछ । कसैप्रति समर्पित हुनु भनेकै धर्म हो । अत: धर्म ज्ञान विज्ञान दुबै हो जुन मानवको लागि अत्यावश्यक छ ।

❋

*'नवपल्लवी' बु.सं २५३५ (वि.सं. २०४८)



Downloaded from http://www.dhamma.digital

# बौद्धसंस्थामा सदस्य हुँदैमा बौद्ध होइन्न*

बुद्धधर्म शान्ति र अहिंसाको सिद्धान्तको रूपमा चिनिने भएको हुनाले यस धर्मप्रति विभिन्न धर्मावलम्बीहरू आस्था राख्ने गर्दछन् । शान्ति र अहिंसा प्राय:जसो जुनसुकै धर्मको सिद्धान्तभित्र रहेका हुन्छन् । यससंबन्धमा थोरैमात्र विवाद हुन सक्छ । सहनुलाई शान्ति भनिँदैन र प्रतिरक्षालाई हिंसा भनिँदैन भन्ने तर्क प्राय:जसो चेतनशील व्यक्तिहरू भन्ने गर्दछन् । बुद्धधर्मको सिद्धान्त शान्ति र अहिंसामात्र होइन । पंचशील, अष्टशील, दशशील, षट्पारमिता र दशपारमिता आदि प्रत्यक्ष आचरण यस धर्मको सिद्धान्तभित्रका मूल विषय हुन् । चतुरार्यसत्य र आर्यअष्टांगिक मार्ग यस धर्मका गहन पक्ष हुँदा सर्वसाधारणको लागि यसको अध्ययन मनन बोझिलो हुनसक्छ तर पंचशील जस्ता सर्वमान्य व्यावहारिक कुराहरू सरल र तथ्य भएतापनि यसलाई पालन गर्नु ज्यादै कठिन कुरा हो । चोर्नुहुन्न भन्ने सबैलाई थाहाभएको कुरा हो र सबैको मुखमा यही चोर्नुहुन्न भन्ने कुरा रहेको हुन्छ । व्यवहारमा हेर्‍यौं भने यसको पालन भइरहेको पाइँदैन । त्यस्तै पंचशीलको अर्को एउटा शील झूठो बोल्नुहुन्न भन्ने छ । मौकाअनुसार झूठो बोल्ने प्रवृत्ति मानिसको एउटा स्वभावै जस्तो भएर रहेको छ । यसरी पाँच शीलमध्ये देशकाल परिस्थिति अनुसार मानिसमा कुनै न कुनै शीलको अभाव रहेको देखिन्छ । नेपालजस्तो ठाउँमा पंचशीलको संकट नै देखिन्छ । यही संकट टार्न विभिन्न बौद्धसंघसंस्था स्थापना गरेर त्यसैको माध्यमबाट सामूहिकरूपमा धर्मको प्रचार प्रसार गरेर पंचशील संबन्धमा चेतना जागृत गर्ने प्रयास गरिने हुन्छ । बुद्धका विभिन्न उपदेशहरूको प्रचार प्रसारका लागि छुट्टाछुट्टैप्रकारका बौद्धसंस्थाहरूले भूमिका खेलिने हुन्छ । नेपालमा बौद्धसंस्थाहरू प्रचुरमात्रामा छन् । ती संस्थाहरूले आयोजना गर्ने प्रत्येक समारोहको शुरू पंचशीलप्रार्थनाबाट गरिन्छ । त्यसबेला उपस्थित सबै उपासक-उपासिकाहरू सश्रद्ध शीलप्रार्थना गर्दछन् । कहीं बुद्धपूजा भएका ठाउँमा दानदक्षिणा पनि दिन्छन् । यसरी मानिसलाई धार्मिक क्रियाकलापतिर डोऱ्याउनु बौद्धसंघ संस्थाको बुद्धधर्म प्रतिको टेवा हुन आउँछ ।

भगवान् बुद्धको पालादेखि बौद्ध संस्थाको रूपमा रहिआएको मा विहार शीलपालनसंबन्धमा अग्रगण्यको रूपमा रहिआएको छ । भिक्षुत्व ग्रहण गरी भगवान् बुद्धको उपदेशलाई आफूले पनि पालन गरी अरूलाई पनि उपदेशमुखी बनाउनेहरू २२७ प्रकारका नियमहरू पालन गरी विहारमा बस्छन् । यस्ता व्यक्तिहरू पूजनीय मानिन्छन् । यस्ता पूजनीय भिक्षुहरूको नेतृत्व स्वीकार गरी उनीहरूको जीवन र क्रियाकलापमा सघाउन मानिसहरू श्रद्धावान् भई उपासक उपासिकाको रूपमा



Downloaded from http://www.dhamma.digital

रहने गर्दछन् । यसका अतिरिक्त अरू प्रकारका बौद्धसंस्थामा काम गर्नेहरूले विहारका भिक्षुहरूले पालन गर्नुपर्ने नियममध्ये कुनैपनि नियम पालन नै गर्नुपर्दछ भन्ने बाध्यता रहेको हुँदैन । जोकोही पनि संस्थाको सदस्य बन्न सक्दछ। राजनैतिक, ब्यापार र मनोरञ्जनमा चाखलिने आदि जुनसुकै व्यवसायका मानिसहरूले यस्ता संस्थामा काम गर्ने गरेका हुन्छन् । बुद्धधर्ममा श्रद्धा र सद्भावना राख्ने जोकोहीले यस्ता संस्थामा सदस्य बनेर धार्मिक भई सेवारत रहने औसर पाएको हुन्छ। यसरी धार्मिक संस्थाले गर्दा धार्मिक क्रियाकलापमा सघाउ पुगेको हुन्छ ।

सदस्य बन्न सजिलो भएझैं बौद्धसंस्थामा रहनु सजिलो छैन । बौद्धसंस्थामा रहन चाहिने अनौपचारिक योग्यतामध्ये बुद्धधर्म-अनुकूलको चरित्रशुद्धी हो। बुद्धधर्मअनुसार चरित्रशुद्धीको आधार पंचशील हुन् । पंचशील पालन नहुनु बुद्धधर्मअनुसार हीन आचरणमा गनिन्छ। बौद्धसंस्था भन्नासाथ पंचशीलका कुरा नै अगाडि आउने हुँदा बौद्धसंस्थाहरू शान्त र सहयोगी देखिन्छन् । क्रोधी, द्वेषी र विषयलम्पटहरू बौद्धसंस्थामा अफापसिद्ध हुन्छन्। दुराचारी, भ्रष्टाचारी र स्वार्थीहरू यस्ता संस्थामा रहिरहेपनि छद्मरूपमा रहेका हुन्छन् । बुद्धधर्मको प्रचार-प्रसार मा काम गरेको नाताले कठोर वचन बोल्ने, राजनीतिको प्रभाव छेड्ने, ब्यापारको अभिवृद्धिमा दाउ खोज्ने आदि अवगुण भएका लाई पनि लोकजनले उनीहरूको विरुद्ध केही भन्ने गर्दैनन् । यसरी हेर्दा पक्का बौद्ध अनि बुद्धधर्मका सेवक जस्ता देखिने तर निहित स्वार्थ भएकाहरू सदस्य भई क्रियाशील बनेर बौद्धसंस्थामा रहेका पनि हुन्छन्। यस्ता निहितस्वार्थीलाई जानेर पनि मुलाहिजाको कारण त्यस्ताको प्रतिवाद गर्न नसकेको पनि हुन्छ । त्यस्ताको क्रियाशीलतामा लाञ्छना लगाउन हिचकिचाउनुपर्ने अवस्था सृजना भइराखेको पनि हुन्छ । बुद्धधर्म पूर्ण प्रगतिशील छ तापनि बौद्धसंस्थाका संचालकहरू हठी र अभिमानी भएमा बुद्धधर्मको प्रगतिमा बाधा पुगिराखेको हुन्छ । बौद्धचरित्रप्रतिकूल व्यक्तिहरू क्रियाशील रहेका बौद्धसंस्थाहरू संकुचित भएर फष्टाउन नसकी चिप्लेकीराको गतिमा रहेको हुन्छ। बौद्धसंस्था धेरै भएर पनि नाममात्र भएर रहने मुख्य कारण यही अकथनीय प्रतिकूलता हुन सक्छ । बौद्धचरित्रानुकूल आफूलाई ढाल्दै जाने सद्विचार भएका व्यक्तिहरू सदस्य एवं प्रमुख रहेका बौद्धसंस्थाहरू क्रियाशील हुँदा प्रोपगन्दाभन्दा पनि ठोस कार्यलाई अगाडि सार्ने हुन्छन् । फोटोग्राफर, टेलिभिजन, भिडियो रिकर्ड र समाचारदाताहरू नपुगुन्जेल आफ्नो कार्यक्रम नै रोकेर बस्ने क्रियाकलाप बौद्धसंस्थाहरूमा देखिनु दुःखको कुरा हुनेछ किनकि मात्र देखौवा प्रचार-प्रसार बुद्धधर्मका प्रतिकूल आचरण हुन् । कामसंबन्धमा १० वटा समचार पढेर एउटा पनि ठोस काम नभएको देख्दा उपासक-उपासिकाहरू निराश हुन्छन् र प्रचारको प्रभाव वास्तविक सहृदयी श्रद्धालुहरूमा उल्टो पर्न सक्ने हुन्छ । बुद्धधर्म हृदयसँग र व्यवहारसँग सम्बन्धित रहने कुरा हो, बहाना यसको लागि वर्जित



Downloaded from http://www.dhamma.digital

छ । उपासक उपासिका र धर्मप्रति सद्भावना भएका उपस्थित जनसमुदायलाई भन्दा प्रचारका माध्यम बोकेका व्यक्तिहरूको अनिवार्यता मान्ने र उनीहरूको सम्मान र उपस्थितिमा बढी मूल्य राख्ने व्यक्तिहरूले संचालन गरिने कार्यक्रमहरू फोस्रो र खोक्रो भावनाले ओतप्रोत भएका हुन्छन् र त्यस्ता खोक्रा कार्यक्रमको उपलब्धि समाजमा शून्यप्राय: भएर विलीन हुने हुन्छ । यस्ता कार्यक्रमभन्दा त एउटा बन्द कोठामा बसेर ध्यानभावनामा संलग्न कार्यक्रमहरू अति उच्च र उपलब्धिपूर्ण हुन आउँछ । यस्ता प्रचारविहीन कार्यक्रमहरूले अरूलाई नभएपनि आफूलाई त सुधार्छ नै ।

बौद्धसंस्थाका सदस्यतालाई बुद्धधर्मको प्रक्रियालाई जथाभावी डोऱ्याउने लाइसेन्सको रूपमा लिइनुहुन्न । बौद्ध संस्थामा काम गरेर बुद्धधर्मको ठेकेदार बन्नु उचित कुरा होइन । बौद्धसंस्था बुद्धको उपदेशअनुकूलको वातावरण सृजना गर्न टेवा दिने माध्यम हुनुपर्छ । क्रोधी, द्वेषी अहंकारी, लोभी र हठी स्वभाव यस्ता संस्थाका लागि अनौपचारिक अयोग्यता हो । कसैको आशीर्वाद पाउने र ठूलो बडाको चाकडी देखाउने माध्यमको रूपमा बौद्धसंस्थालाई प्रयोग गरिनुहुन्न । पूजा आजामात्र गरी कर्मकाण्ड र संस्कारलाई टेवा दिने खालको परम्परागत परिपाटीलाई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा बदल्दै लाने सत्प्रयास गर्नु बौद्धसंस्थाका शीलवान् सदस्य एवं प्रमुखहरूको दायित्व हो । उल्टो झन् कर्मकाण्ड र संस्कारहरूलाई बढावा दिने संस्थाहरूको वृद्धि हुनु बुद्धधर्मको सिद्धान्तमा मार थप्नु हुनेछ । बौद्धसंस्थासँग सम्बन्धित रहने सदस्य वा व्यक्तिहरूले बौद्धचरित्रका कुरा सिक्ने र सिकेका कुरा आफूले पनि पालन गर्ने र अरूलाई पालन गराउन अग्रसर हुने लक्ष्य राखेर कर्तव्यनिष्ठ हुनु आवश्यक छ । सामाजिक संघ संस्थामा झैं नाममात्रको सदस्य भइरहनु बौद्धसंस्थाको लागि हितको कुरा हुनेछैन ।

पक्षपात, मनोरञ्जन र फोस्रो प्रचार जस्ता व्यवहारलाई बौद्धसंस्थामा बिलकुल स्थान दिइनुहुन्न । यस्ता क्रियाकलापले बुद्धधर्मको अवमूल्यन हुन जाने हुन्छ । यस्ता सम्पूर्ण कुरामाथि सोचविचार गरेर, अवाञ्छित कुराबाट बचेर कुनैपनि बौद्धसंस्थाका सदस्यले पवित्र बुद्धोपदेशको आधारमा प्रचार-प्रसारमा लाग्ने एवं बुद्धोपदेशानुकूल व्यावहारिक क्रियाकलापमा अग्रसर हुन प्रयत्नरत हुनु आवश्यक छ, 'बुद्ध' स्वयं ज्ञानको अर्थमा रहेको छ अत: अज्ञानीप्रवृत्तिलाई टाढा हुन दिनुपर्छ । अज्ञान भनेको कुरा नबुझ्नुमात्र होइन बुझेर बूझ पचाउनु पनि हो । ज्ञानीहरू बूझ पचाउँदैनन् । बुद्ध र बुद्धधर्मसँग संबन्धित संघ-संस्थाका सदस्यहरूले मनसा, वाचा, कर्मणा बुद्धप्रति समर्पित हुनु नितान्त आवश्यक छ । सदस्यताशुल्क तिरेर वा कुनैप्रकारले संस्थामा रहँदैमा बौद्ध होइन्न, बुद्धधर्मानुकूल रहेमा नै बौद्ध होइन्छ ।

*'धर्म-प्रदीप' बु.सं २५३६ (वि.सं. २०४९)



Downloaded from http://www.dhamma.digital

# ऐतिहासिक विहारपूजा*

विहार भन्नाले बौद्धहरूको शिक्षा र साधनाकेन्द्र भन्ने बुझिन्छ । नेपालको बौद्धविहारको इतिहास बुद्धजत्तिकै पुरानो छ । वंशावली र पुराणअनुसार हेर्दा यहाँ गौतम बुद्धको जन्म हुनुअघि नै बौद्धविहार रहेको थियो भन्ने देखिन्छ । बुद्ध कसैको नाम होइन, यो एक पदवीमात्र हो । गौतम बुद्धभन्दा पहिले ककुच्छन्द आदि बुद्धहरू नेपालमा भएको कुरा नेपालीहरू विश्वास राख्दछन् । नेपाल उपत्यका पानीले भरिई दह भइरहेको बेला मन्जुश्रीले यहाँको पानी निकाली त्यहाँ प्रकट भएको स्वयम्भू ज्योतिरूपलाई नमस्कार गरेको कुरा स्वयम्भूपुराणमा उल्लेख छ । उनै मञ्जुश्रीका शिष्य भिक्षु गुणाकर यहाँको साहेंगु विहारमा बसेको कुरो पनि पुराणमा उल्लेख छ । यही साहेंगु विहार नै नेपालको सबभन्दा पुरानो विहार भनिन्छ । त्यसपछि उपत्यकाका कान्तिपुर, ललितपुर, भक्तपुर, कीर्तिपुर र शंखरापुर आदि ठाउँमा विहार हरू स्थापना भई धर्म अध्ययनको केन्द्र रहन गएको थियो । सत्रौं शताब्दीसम्म पनि स्वयम्भूमा रहेको विहार धर्मको अध्ययनकेन्द्र रहेको थियो । नेपालमा बुद्धधर्मको बोलबाला रहेको बेला (इ. ७८८ देखि ८२०) भारतबाट शंकराचार्य नेपालमा आई बुद्धधर्मलाई ध्वंश गर्ने विचारले विहारहरू बिगारेको कुरा वंशावलीमा उल्लेख भएको छ । त्यस्तै ने.सं. ३३३ तिर पूर्वतिरबाट मुगल सुल्तान र ने.सं. ४७० को मार्ग शुक्ल दशमी वृहस्पतिवारका दिन बंगालका समशुद्दीन नेपालमा आई स्वयम्भूका चारैतिरका ठाउँहरू बिगारिदियो भन्ने कुरा स्वयम्भूमा रहेको शिलापत्रमा उल्लेख छ । यस्तो कुराले गर्दा विहारहरू अध्ययनकेन्द्र हुनुको सट्टा खालि कुलघर जस्तोमात्र हुन आएको हो । पहिले भिक्षु भिक्षुणी भई संघको नाममा विहारमा बसेर रहने गरेको मा पछि बाहिरी आक्रमण र आफ्नै देशको राजनैतिक कारणबाट विहारहरूको स्वरूप बदलेको देखिन्छ ।

सातौं शताब्दीमा लुम्बिनीमा तीर्थयात्रा गर्न आएका चीनियायात्री हुएनसाँगले आफ्नो यात्राविवरणमा कपिलवस्तुमा देखेका विहारहरूको वर्णन गरेका छन् ताकि त्यसबेला कतैकतै बुद्धमूर्ति राखी पूजा गरेका थिए । इशा पूर्वकालमा नेपालमा विहारहरू बनिसकेको



Downloaded from http://www.dhamma.digital

संकेत भएपनि वास्तविक विहार पाइन सकेको छैन । लिच्छवीकालीन राजाहरू र बौद्धहरूले विहारहरू निर्माण गरेका र जीर्णोद्धार गरेका कुराहरूको तथ्य शिलापत्रहरूद्वारा जानकारीमा आएको छ ।

चारैतिर आवास बनाएर त्यसका बीच भागमा मुख्य देवता प्रतिस्थापन गरी मन्दिरको आकारमा पैगौडा शैलीमा पूजाआजा गर्ने आवासस्थलसहित बनाई विहारको रूप दिइएको हुन्छ । त्यस आवासस्थलभित्र प्रायजसो भगवान् अक्षेभ्यतथागत (भूमिस्पर्श बुद्ध) वा मैत्रेय बोधिसत्त्वको प्रतिमा नै प्रतिष्ठापित छन् । विहारको मध्यभागमा चैत्य स्थापना गरिएको हुन्छ ।

विहारबासीहरू सबै गृहस्थ भएपछि त्यसको संरक्षणको लागि ठूलो प्रयास गरेको देखिन्छ । ठाउँ ठाउँका विहारहरूको दर्शन अवलोकन गरी त्यसको स्थिति बुझ्ने र त्यसलाई सदा श्रद्धाका साथ सम्मानित राख्ने हेतुले विहार पूजाको आयोजना गरी दैनिक आवश्यकताका बस्तुहरू चढाई जमातका जमात मिली विहारैपिच्छे गई पूजा गर्ने गरिआएको देखिन्छ । यो एक विहार संरक्षणमा सघाउ पुऱ्याउने तरिका पनि हो । यसरी विहारपूजाको आयोजना गर्ने परम्परा आजसम्म पनि कायम रहेको छ ।

गत २०४८ फागुन ६ गते सिपुन्हिका दिन एउटा यस्तै विहारपूजाको आयोजना काठमाडौंमा गरियो । यसको आयोजक काठमाडौंका वज्राचार्य मिलन केन्द्र थियो । हाल भएका विहारमा वन्धाभिषेक (चूडाकर्म) सम्पन्न गरिनुपर्ने र वन्धाभिषेक गर्न नपर्ने गरी दुइप्रकारका रहेका छन् । यस्तो विहार पूजाको आयोजना गर्दा सबैप्रकारका विहारमा गई पूजा गरिने र आफ्नैप्रकार ले निश्चित विहारमात्र छानी दर्शन पूजा गर्ने पनि गरिन्छ । वज्राचार्य मिलन केन्द्रले काठमाडौंका वन्धाभिषेक गरिने विहार मात्र छानी *'विहारपूजा'* मनाएको थियो । यसरी परम्परालाई अनुसरण गरी आयोजित भएपनि यस पटकको यो पूजा इतिहासमा नाउँ रहने खालको भएको छ । यसले हाल चलिरहेको विहारपूजाको परम्परालाई उछिनेर संकुचित, अनुदार र यशकीर्तिको प्रलोभन राख्ने प्रवृत्तिको ठाउँमा व्यापक, उदार प्रगतिशीलता अपनाई कर्तव्यबोध गरी अगाडि बढेको छ । यसैले यो आयोजना एकप्रकारको ऐतिहासिक हुन पुगेको छ ।

## *९. वर्णव्यवस्थावादीलाई हाँक*

बुद्धधर्म वर्णव्यवस्थालाई हाँक



Downloaded from http://www.dhamma.digital

दिएर भातमा अडिने जातलाई हुत्याएर मानवको बीच समानता कायम गर्न प्रतिपादन भएको एक मानवतावादी धर्म हो। यही धर्मलाई बचाउन संघको स्थापना भएको हो। नेपालमा राजनैतिक एवं वर्ण व्यवस्थाका पृष्ठपोषक शासकको कुचक्रमा परी विहारबासी बौद्धहरूसमेत वर्णव्यवस्थाका चंगुलमा फँसे। यसै बीच आफूलाई ब्राम्हणका सन्तान भन्न रुचाउने र ब्राम्हणहरूको अपुताली खाएझैं गरी ब्राम्हणकर्मकाण्डमा अग्रगण्य रहने केहीले वर्णव्यवस्थालाई नै बढावा दिई बुद्धधर्मको सिद्धान्तलाई दूषित पार्दै लगे। बौद्धहरूलाई मानवतावादबाट खस्काई उचनीचको भेद सृजना गरे । उसबेला बुद्धधर्मलाई सुरक्षित गर्ने दाबी गर्नेले आजको अन्तर्राष्ट्रिय खुल्ला वातावरणमा पनि उही खुम्चिएको परम्परालाई जोगाई बौद्धसमाजलाई हिलोमा नै राख्न प्रयत्नरत रहे । एउटै बीज भएका उही बाबुका सन्तानलाई दोस्रो दर्जा र तेस्रो दर्जाको सन्तानमा विभाजन गरी भेद ल्याउनेहरू बुद्धधर्म ध्वंश गर्ने शङ्कराचार्यभन्दा कम रहेनन् । बुद्धको अनुसरण गर्ने विहार भएर पनि ज्यापू चूडाकर्म गर्ने, नाउ चूडाकर्म गर्ने अन्तर्जातीय विवाहबाट जन्मेका छोराहरूलाई चूडाकर्म गर्ने विहार भनी ती कुलपुत्रका विहारहरूलाई आफ्नोसरहको विहारमा नगनी हेल्लाको दृष्टिले व्यवहार गरिराखिए । यो भेदभावजन्य क्रियाकलपप्रति अन्तर्विरोध जनाई वज्राचार्य मिनल केन्द्रले सच्चा बुद्धधर्मको अनुसरण गरी श्रेष्ठजातिभित्रको प्रधान जातिलाई वन्धाभिषेक गरिने थँबहिलको विक्रमशील महाविहार, महर्जन (नापित ?) लाई वन्धाभिषेक गरिने बांगेमुढाको स्थानमण्डपविहार, शुद्ध महर्जन वन्धाभिषेक गरिने यटखाको नारायण विहार र शाक्य वज्राचार्यको शुद्ध बीजबाट अन्तर्जातीय स्त्रीहरूद्वारा पैदा भएका कुलपुत्रहरूलाई वन्धाभिषेक गरिने टेकुदोभानका चिन्तामाणि महाविहारलाई बिना भेदभाव वन्धाभिषेक गरिने पवित्र विहारमध्येमा स्थान दिई विहारपूजाको आयोजना गरिएको वज्राचार्य मिलन केन्द्रको बुद्धधर्मानुकूलको कदम साहसिलो र युगानुकूल रहेको कुरामा कसैको द्विमत रहँदैन ।

## २. *नारीसमुत्थानमा ज्वलन्त उदाहरण*

शताब्दीयौंदेखि नारीहरू पुरुषका बीच सामाजिक रूपमा पिसिएर आएको इतिहास कसैले नकार्न नसक्ने गरिकन आजसम्म पनि व्यवहारमा देखिँदै आएको छ । छोरा र छोरी उही बाबुका बीज र उही आमाका कोखबाट जन्मेर छोराले खाने गरेको उही आमाको दूध खाएर हुर्कने



Downloaded from http://www.dhamma.digital

भएर पनि छोरा कुलपरम्पराको अधिकार सम्पन्न माथिल्लो दर्जाको हुने र छोरी ठाउँ ठाउँमा अधिकारच्युत भएर निम्नदर्जामा रहने सन्तानमा गनिएको छ । अझ भनूंभने छोरीलाई सन्तान नै नमानिकन अवहेलित गर्नेसमेत गरिएको छ । पूजा-आजामा छोराहरू कान्छा भएपनि जेठा दिदीहरूभन्दा अग्रपंक्तिमा रहेका हुन्छन् र त्यसपछिमात्र आमा र दिदीहरूले स्थान पाउने नीति अवलम्बन गरिएको छ । त्यस्तै लोग्नेमानिस विधुर भएपछि पनि पूजाआजामा चल्ने र स्वास्नीमानिस विधवा भएपछि पूजाआजामा चलाइँदैन । फेरि यस्तै पारपाचुके लिइसकेकी स्वास्नीमानिसलाई आफू जन्मेको आफ्नै बाबुको पहिलेकै घरमा आफ्नै जहानसरह नमानी उनलाई पराया भइसकेको नाताले सदा पराया नै गरी राखिछाड्ने जस्ता भेदभावपूर्ण अन्याय नारीवर्गमा गर्ने गरिन्छ । आजको युगमा नारीसमुत्थाको लागि संसारमा ठूलठूलो प्रयास भएको छ र लिंगभेदरहित विधि-विधान र नीति नियमहरू पारित हुँदै आएका छन् । यस्तो बेलामा पनि नेपालीसमाज अनि धर्ममा समान अधिकार बाट नारीवर्गलाई वञ्चित गरिराखिनु पूर्णशोषणयुगमा जकड्याएर राख्नु जस्तै हो । वज्राचार्य मिलन केन्द्रले आयोजना गरेको विहारपूजाले नारी समुत्थानको लागि नारीलाई अगाडि सारेर प्रत्यक्ष उदाहरणसहित ठूलो जमर्को गरी देखाएको छ । विहारपूजामा मुख्य विधि भगवान्को समक्ष अर्घ चढाउनु हो । यस कार्यमा आयोजक परिवारका मुख्य व्यक्ति दम्पतीसहित अर्घ दिने अधिकारी मानिने गरिएको छ । जसले आयोजना गऱ्यो ऊ नै मूल भई अर्घ दिने परम्परा छ । जेठा बडा रहन्जेल अरूलाई अर्घ दिन लगाइन्न । त्यसमा पनि छोरीबेटी त पछाडि नै परेका हुन्छन् । वज्राचार्य मिलनकेन्द्रले विवाह नै नगरी आफ्नो कुलमा बसेकी कुलपुत्रीलाई पुत्रवत् मानी अर्घ दिने अधिकारी बनाइदिएको छ भने विवाह भई पारपाचुके गरेर पुन: विवाह नगरी आफ्नै कुलमा सेवा गरी बसेकी महिलालाई बिटुली नभएको मानी कुलपुत्र सरह नै अधिकार प्रदान गरी उनीलाई पनि अर्घको अधिकारी बनाइएको छ । जातले उच्च-नीच मानिने धर्मपरम्पराको समाजमा समानताका आधारमा दुई विभिन्न जातका दुई महिलाहरूलाई जोडा मानी अर्घ दिन लगाई नारीप्रतिको अन्यायप्रति क्षोभ प्रकट गर्दै सामाजिक न्याय प्रदान गरेको नमूना प्रस्तुत गरेको छ ।

## ३. *धार्मिक जागरणको लागि सामूहिक प्रयास*

बुद्धधर्मअनुकूल गरी विहार पूजाको आयोजना गर्ने परम्परामा कुनै



Downloaded from http://www.dhamma.digital

एक परिवारले पुण्यसंचयार्थ भनी गर्ने गरिन्छ । यो पूजामा अरूसँग मिली साझा आयोजना गरिएको त्यति पाइएको छैन । विहारपूजाको आयोजना गर्नेलाई समाजमा प्रतिष्ठा राखिएको हुन्छ । आयोजना गर्नेले पनि यशकीर्तिको चाहनाले पर्नेजति खर्च आफैले ब्यहोरी अरू कसैको नाउँ त्यसमा गणना गराउन चाहँदैनन् भन्ने पनि देखिन्छ । यस्ता कुनै एक परिवारले आयोजना गरी चलाउने गरिआएको यो पूजा वज्राचार्य मिलनकेन्द्रले बौद्ध समुदायलाई जागृति दिनको लागि सामूहिकरूपमा यसको आयोजना गरिएको छ । यसमा सबै पक्षको सहयोग लिइएको छ । यसैले यो वास्तविक धार्मिक जागृतिको लागि अग्रसर भई स्वार्थनिरपेक्ष रहेको स्पष्ट हुन आउँछ । यस्तो प्रयास आजको युगमा ज्यादै सह्राहनीय कुरा हो ।

## ४. *संस्थागत उन्नतिमा आत्मनिर्भरताका साथ स्वयंको अग्रसरता*

संस्था सञ्चालन गर्ने प्रमुख व्यक्तिहरू प्राय: अरूद्वारा काम लिएर आफू नाइकेमात्र बनी काम चलाउने हुन्छन् । अरूलाई जिम्मा दिनपाएसम्म आफू हलुंगो भएर काम पट्याउन चाहने देखिन्छन् । विहारपूजाको आयोजना गर्दा विभिन्न व्यक्तिलाई विभिन्न काम दिई कार्यक्रम सम्पन्न गर्ने परम्परा छ । यस्तै विहारहरू कहाँ कहाँ छन् र कुनकुन मार्गबाट त्यहाँ जाने हो आदि काम कुरा आफैले नगरी कुनै जानिफकार एवं अनुभवीलाई खटाई जिम्मा दिने गरिन्छ भने वज्राचार्य मिलनकेन्द्रले यस्ता अरूद्वारा गराइने कामलाई आफैले सिकी कोशिस गरी आयोजक परिवारमध्येबाट नै जिम्मा लिई अग्रसर भएको छ ।

यसरी नै खालि पैसाले मात्र गर्ने कामलाई भावना र श्रद्धाको मात्रा बढाई मितव्ययिताको आधारमा सम्पन्न गर्ने सामाजिक मार्गलाई यसले पूर्ति गर्न सफल भएको छ । पूजाको नाममा भोजभतेर गरी समय र अर्थ दुबैको अपव्यय गर्ने प्रवृत्तिलाई हतोत्साहित गरी आवश्यक विधिमा सीमित रही कार्य संपादन गरेको यसको अर्को प्रशंसनीय पक्ष हो । आजको युगसापेक्ष बुद्धधर्मानुकूल सोचाइ र गराइसहितको यो विहारपूजा यसैले एक ऐतिहासिक बन्न पुगेको छ ।

❋

*'आनन्दभूमि' बु.सं २५३६ (वि.सं. २०४९)



Downloaded from http://www.dhamma.digital

# बौद्धविहारको विजोग र संरक्षणको आवश्यकता*

विहार बौद्धहरूको शिक्षा र साधानकेन्द्र हो। नेपालमा बौद्ध विहारको इतिहास बुद्धजतिकै पुरानो छ। वंशावली र पुराणअनुसार यहाँ गौतम बुद्ध जन्मनु अघि नै बौद्धविहार रहेको थियो भन्ने देखिन्छ। *'बुद्ध'* कसैको नाम होइन, यो एउटा पदवीमात्र हो। गौतम बुद्धभन्दा पहिले पनि ऋकुच्छन्द आदि मानवबुद्धहरू नेपालमा भएको कुरामा नेपालहिरू विश्वास राख्दछन्। नेपालउपत्यका पानीले भरिई दह भइरहेको बेला मञ्जुश्रीले यहाँको पानी निकाली त्यहाँ प्रकट भएको स्वयम्भू ज्योतिरूपलाई नमस्कार गरेको कुरा स्वयम्भूपुराणमा उल्लेख छ। उनै मञ्जुश्रीका शिष्य भिक्षु गुणाकर यहाँको साहेंगुविहारमा बसेको कुरा पनि पुराणमा उल्लेख छ। यही साहेंगुविहार नै नेपालको सबभन्दा पुरानो विहार मानिन्छ। यसपछि उपत्यकाका कान्तिपुर, ललितपुर, भक्तपुर र शंखरापुर आदि ठाउँमा विहारहरू स्थापना भई त्यहाँ धर्म अध्ययनको केन्द्र रहन गयो। सत्रौं शताब्दीसम्म पनि स्वयम्भूमा रहेको विहार धर्मको अध्ययनकेन्द्र रहेको थियो। नेपालमा बुद्धधर्मको गठ रहेको बेला (इ. ७८८-८२०) भारतबाट शंकराचार्य नेपाल आई स्वयम्भूका चारैतिरका ठाउँहरू बिगारिदियो भनेर स्वयम्भूमा रहेको शिलापत्रमा उल्लेख छ। त्यस्तै पशुपति र भक्तपुरमा समेत ध्वंश गरी त्यहाँका बस्तुहरू लुटेर लगेको थियो। यसै क्रममा नेपालका विहारहरू अध्ययनको केन्द्र हुनुको सट्टा खालि कुलघर जस्तोमात्र हुन गएको हो। पहिले भिक्षु भिक्षुणी भई संघको रूपमा विहारमा बसेर रहेको मा पछि बाहिरी आक्रमण र राजनैतिक कारणबाट विहारको स्वरूप बदलेको देखिन्छ।

आज ती विहारहरू महायानी र वज्रयानीपरम्पराअनुसार शाक्य र वज्राचार्यहरूद्वारा संचालित छन्। भिक्षुहरू प्रव्रजित हुने परम्पराको अनुसरणस्वरूप शाक्य वज्राचार्यहरूले ४ दिनसमम अनिवार्य प्रव्रज्याग्रहण गर्ने परम्परा वन्द्याभिषेक अर्थात् बरेछुइगुविधि अपनाएर रहेका छन्। त्यस्ता विहारमा भिक्षुणी हुने परम्परा भने आज बिलकुल लोप भएको छ। यस्ता विहारको ठाउँ र त्यसको निर्माणविधि आफ्नै पनको छ। यहाँ गरिने पूजा-पाठ र संस्कारविधि पनि आफ्नै पाराको छ। विहारको संरक्षण र अस्तित्वका लागि बालिभित्रिने जग्गाहरू राखी पूर्ण सुरक्षाको व्यवस्था गरिएको छ। विहार स्थापना हुनासाथ कुनै न कुनैप्रकारको



Downloaded from http://www.dhamma.digital

सुरक्षाविधि अपनाउने दूरदर्शीनीति विहारसंस्थापकले गरेकै पाइएको छ। यस्तो विहार सामुदायिकरूपमा विकसित भएर सार्वजनिकरूपमा उपयोग हुँदै आएको छ । विहारमा जग्गा जमीनका अतिरिक्त सुन-चाँदीका गहनाहरू, कीमती पोशाकहरू, पूजाका सामानहरू, ऐतिहासिक पौराणिक महत्त्वका पुस्तकहरू र सामानहरू रहेका छन्। विहारको भौतिकस्थिति जनजीवनको लागि सुरक्षित ढङ्गले पायक पर्ने किसिमको रहेको छ। नेपली समाजको परम्पराअनुसार पूर्णिमा, संक्रान्ति र अष्टमी आदि पर्वको दिन पारी श्रद्धालुहरूले सबै विहारहरूमा एकै दिनमा गएर सामूहिकरूपमा बाजागाजासहित एकठ्ठा भई व्यक्तिपिछे विविध खाद्य, भोज्य, भैषज्य, अन्न र दक्षिणा आदि बस्तुहरू चढाएर धूप दीप आदि पूजा सामग्रीहरूसहित गराई पिण्डपात्र अर्पण गरेर पूजा गर्ने परम्परा बसालेको छ। यसप्रकारको पूजालाई बाहा:पूजा (विहारपूजा) भन्ने गरेका छन् ।

विहार शिक्षाको केन्द्र हो भने त्यागको नमूना हो । विहार एकताको परिचायक हो भने धर्म संस्कृतिको जग हो । विहार शान्तिको प्रतीक हो अनि कलाको परिपोषक हो । यस्तो नेपाली राष्ट्रिय र सांस्कृतिक सम्पदाको रूपमा रहेको विहारको आज बिजोग भएको छ। उपत्यकामा विहारको नाम नबिर्सिने खालको भएतापनि त्यसप्रतिको उदासीनता बढ्दै गएको छ । विहारको अस्तित्वमा आफ्नो अस्तित्व निहित भएका शाक्य र वज्राचार्यपर्यन्त विहारको अस्तित्व र महत्त्वमाथि प्रहार गर्ने भएका देखिएका छन् । आफूले बस्दै आएको स्वामित्वको नामले विहारसंरक्षणका लागि राखिएका विहारका अपार जग्गा जमीन र सम्पत्ति व्यक्तिगतरूपमा उपभोग गरी स्वाहा पार्दै गएको छ । व्यक्तिगत स्वार्थ र पैसा नै जीवन ठान्ने प्रवृत्तिले नेपालउपत्यका जीर्ण-शीर्ण भई कुकृति र विकृतिको शिकार बनेको छ। अझ विहारहरू स्मैक्स खाने, बाह्रमासे खेल्ने, भट्टी पसल थाप्ने, वेश्यालय राख्ने र अनुत्पादक गफसफ गर्ने थलो पनि बनेका छन् ।

पूजास्थल रहेको नाताले विहार मा भक्तजनहरूले पूजा गर्छन् र अन्न दक्षिणादि चढाउँछन्। विहारका घर जग्गा उपभोग गरी बस्नेले विहारमा चढाएका बस्तु लिन्छन्, सम्पत्तिको उपयोग गर्छन् तर विहारको सुधार गर्दैनन् । यस्तो स्थितिमा विहारहरूको संरक्षणको आवश्यकता भएको छ । सुधारका ठेकदारहरू बोल्दा लङ्का हाँकेर बोल्छन् तर व्यवहारमा उल्टो गर्छन् । यस्ता क्रियाकलाप र भावनाप्रति निरुत्साहित गराई सांस्कृतिक सम्पदाप्रति सचेत भई सुधार गर्ने गराउने भावनामा प्रबलता ल्याई सरकार र जनता दुबै पक्षले ध्यान पुऱ्याएर संलग्न हुनुपरेको छ। विहार संरक्षणमा निम्नप्रकारका उपाय अपनाउनुपर्ने आवश्यकता छ -

१. समूहगतरूपमा पर्वपर्वमा विहारपूजा (बहा:पूजा) जाने बेलामा परम्पराले आवट-जावट गर्ने गरेका बाटाहरूमा



Downloaded from http://www.dhamma.digital

आजकाल निजी घर बनाएर ढोका समेत बन्द गरिदिएका छन्। यसमा निर्भीक भई न्यायको पक्ष लिएर ठोस कदम चाल्नु आवश्यक छ।

२. प्रत्येक वर्ष भाद्र महिनाको शुक्लपक्ष द्वादशीका दिनदेखि ८ दिनसम्म विहारहरूमा ती विहारमा रहेका देवताका प्रतिमाहरू, वस्त्र, आभूषण, चित्रआलेखहरू र पाठ गर्ने ग्रन्थहरू प्रदर्शन गर्ने चलन छ। सो बेला प्रत्येक टोलबासीहरू समूहबद्ध भई सांस्कृतिक बाजागाजाका साथ विहारहरूमा गई प्रदर्शित बस्तुहरू अवलोकन गर्न जान्छन्। यसले गर्दा बस्तु प्रर्दशन गर्नुपर्ने अनिवार्यता र राम्ररी प्रदर्शन गर्दा हुने इज्जतको ख्यालमा यस्ता बस्तुको संरक्षण हुने भएको ले बहाल भ्रमण (बहिद्य:स्व:वने) गर्न छुटाउनु हुन्न र प्रदर्शन हुन्जेल ऐतिहासिक एवं पुरातात्त्विक बस्तु चोरिनु लुटिनुबाट सुरक्षा गरिदिने व्यवस्था पनि हुनु आवश्यक छ।

३. विहारमा प्रत्येक दिन वा पर्वपर्वमा हुने स्तोत्र, पूजा, पाठ र भजनहरू भई नै रहनुपर्छ, यसले गर्दा देवताका मूर्तिहरू, सामानहरू र भवन सम्हालिने हुन्छ।

४. विहारमा नित्यपूजा गर्ने चलन छ। सो नित्यपूजा हीन गर्नुहुन्न। नित्यपूजा त हुन्छ तर झझन्ट मानेर नित्यपूजा गर्ने पालोवालाले अरूलाई पैसा दिई नित्यपूजा गराउने गरिन्छ। अरूलाई ज्यामी बनाएर आफू मालिकझैं भई केही नगरी स्वामित्वमात्र ग्रहण गरिराख्ने गरिनुहुन्न। वर्षभरी एक्लैलाई नित्यपूजा गराउँदा उसैको मात्र हक भएको र उसैमा अधिकार स्वतन्त्र रहेको ठानेर विहारका अमूल्य निधि हिनामिना गरिने हुन्छ। अधिकारवाला सबैले कर्तव्य वहन गर्नैपर्छ र नित्यपूजामा प्रयोग गर्नुपर्ने बस्तुहरू प्रयोग गरिनै रहनुपर्छ।

५. चूडाकर्म (वन्द्याभिषेक) गर्नुपर्ने विहारमा त्यसै संस्कारको नाताले व्यक्ति पिच्छे विहारको स्वामित्व रहने र आफ्नो भन्ने भावनाले संरक्षण हुने भइरहेको छ। बुद्धधर्मअनुसार शाक्य वज्राचार्यले आफ्ना छोरा सन्तानलाई अनिवार्य चूडाकर्म गराउँछन्। अर्न्तजातीय विवाहबाट जन्मेका सन्ततिलाई दोस्रो दर्जाको नागरिक सरह ठानी हक छिनी त्यस्तालाई चूडाकर्म नागराउँदा त्यस्ता सन्तानहरू त्यसप्रति गैर जिम्मेवार रहने गर्नाले संरक्षणमा ह्रास आउँदै रहने हुन्छ। अत: आफ्नै वीर्यबाट जन्मेका सम्पूर्ण सन्तानलाई समान विधिले चूडाकर्म गराई जिम्मेवारीको बोध गराई तिनीहरूलाई विहार संरक्षणमा अग्रसर गराइनुपर्छ।

६. विहारमा अपनाउनुपर्ने धार्मिक सांस्कृतिक कार्यक्रमलाई अपनाइ रहनुपर्छ। यसलाई अपनाउनाले त्यसबेला प्रयोग गरिने बस्तुहरूको



Downloaded from http://www.dhamma.digital

हिनामिना हुन नपाई संरक्षण र अरू आवश्यक वृद्धि पनि हुने हुन्छ, जस्तै चूडाकर्म गर्दा पुराना विविध बाजाहरू र सामानहरू प्रयोग गरिन्छन् र अरू पूजाहरू गर्दा देवदेवीको नृत्याभिनय, संगीतगायन, वस्त्राभूषण पहिरन गरिन्छ। यस्ता क्रियाकलापले देवगणको स्वभावको पहिचान भई चरित्रनिर्माण, शिष्टता र अनुशासनमा भर दिने हुन्छ ।

७. बेला-बेलामा सांस्कृतिक बस्तुहरू चोरिने भइरहेको छ । यसको लागि हराउनेलाई सजायँ र सुरक्षाको व्यवस्था राम्ररी हुनुपर्दछ । कुनै बस्तु चोरिएपछि फेलापर्दा त्यस्ता बस्तुहरू अजायबघर (Museum) मा राखिने गरिन्छ । त्यस्तै बाटोमा वा कुनै ठाउँमा त्यस्ता बस्तुहरू रहेमा सुरक्षाको दृष्टिले भनी अजायवघरमा लगी राखिन्छ । सुरक्षा गर्ने बहानाले त्यस्ता बस्तु अजायवघरमा राखिनाले त्यसको महत्त्व घट्न गई संस्कृतिको ह्रास हुने हुन्छ । बाटो आदि अप्ठ्यारो ठाउँमा रहेका बस्तुहरू त्यहाँ नजिकै पायक पर्ने ठाउँमा नै सार्नुपर्छ र अरू बस्तु यथास्थानमा नै राखी सुरक्षित राख्नुपर्छ । बस्तुको सुरक्षा गर्ने भनी त्यसलाई अर्को ठाउँमा राख्दा बस्तु रहेको ठाउँको ऐतिहासिकता लुप्त हुन जान्छ । कुनैपनि बस्तुको अरू कुरासँग पनि सम्बन्ध रहने हुन्छ । साँस्कृतिक र पुरातात्त्विक संरक्षण भनेको यथास्थानमै रहेमात्र हुने कुरा हो । उदारहणको लागि लुम्बिनीमा रहेको अशोकस्तम्भमा *'हिद बुधे जाते, लुम्बिनी गामे'* भनी लेखिएको छ । स्तम्भ अर्कै ठाउँमा पाइएको वा सारिएको भए लुम्बिनी भन्ने ठाउँ नै त्यहीँ हो कि जस्तो लाग्छ र *'हिद बुधे जाते'* अर्थात् यही नै बुद्ध जन्मेको हो भन्दा स्तम्भ पाइएको वा राखिएको ठाउँमा नै बुद्ध जन्मेको भन्ने हुन जान्छ । सजिलो भयो भन्दैमा पुराना बस्तुलाई जथाभावी ठाउँमा राखिनुहुन्न । म्युजियममा रहेका पनि कति बस्तु  त गायब भएका पनि छन्, सुरक्षाको पनि आफ्नै वैज्ञानिता हुन्छ र सुरक्षा भनेको नाउँ होइन र काम र व्यवस्था हो । दुइटाउके वा अनौठा मानिस फेलापरेमा त्यस्ता मान्छेसमेतलाई म्युजियममा राखी बाँदरलाई झैं थुनेर प्रदर्शन गरिँदैन । त्यस्ता विहारका पुरातात्त्विक बस्तुको सुरक्षामा कडा निग्रानी रहनुपर्छ ।

विहार सञ्चालनका लागि राखिएका गुठीका जग्गाहरू म्हास्दै लगिएको छ भने नम्हासिएको ठाउँमा बालीको प्रत्याभूति नहुनु र भित्रिने बालीमात्रले परम्परागतरूपमा गुठी सञ्चालन गर्न र सुरक्षा गर्न नपुग भएको छ । यसको सुधार र सुरक्षाका लागि सम्बन्धित निकाय अग्रसुर हुनुपर्छ । सुधारको नाममा मौलिकता नै गुम्ने खालको सुधारप्रक्रिया अपनाइनुहुन्न । हामीमा सांस्कृतिक



Downloaded from http://www.dhamma.digital

सम्पदाको सुरक्षाको भावना जागृत हुनुपर्छ। यसप्रतिको चेतना जागृत नहुँदा पनि झंझटको दिक्कतले आफ्नो भएको जग्गा जमीन नै जोताहा वा अरू दलालले क्वाप्प खाएको सहिरहनुपरेको छ। विहार लाई बचाउन आफ्नो सम्पत्ति डुबेको मा उदासीन नरहने र हेलचक्र्याइँ नगर्ने हुनुपर्छ।

बरु यहाँ एउटा कुरा उल्लेख गर्नु आवश्यक छ कि गुठी भनेको भोज खानलाई मात्र होइन, सांस्कृतिक निधि सँगाल्नलाई नै हो। यहाँ गुठियारहरू गुठी सञ्चालन गर्न पैसा पुग्दैन भन्छन् खालि पशुबलि दिन र भोजखानलाई मात्र। पालो पहरा, मर्मत-सम्भार र साँचो-ताल्चा आदिको लागि रकम नपुगेको हो भने त्यसविषयमा सम्बन्धित निकायहरूले बिना सोधपुछ, बिना हिचकिचाहट सहयोग पुऱ्याइदिनुपर्छ। संरक्षण गर्नेहरूलाई कुनै पनि निकायहरूले झोंझ-झमेलामा राख्ने र दिक्क हुने गरी उनीहरूको हौसला बिगारिदिने गर्नुहुन्न।

यस्तै फेरि सरकारी कामका लागि जग्गाहरू अधिग्रहण गर्दा सांस्कृतिक सम्पदा सुरक्षार्थ राखिएका जग्गाहरूका लागि मुआवजास्वरूप पैसा दिंदा त्यसको पूरा मोल दिएर त्यस पैसालाई नम्हासिने गरी गुठीकोष (Endowment Fund) मा राखी गुठी चलाउन र वस्तु संरक्षण गर्न पर्याप्त हुने गराइनुपर्छ। विहारहरू यद्यपि बौद्धधर्मावलम्बीको धार्मिक आधारबाट सृजना भएको भएपनि धर्मसमन्वयमा परिपोषित नेपालीजनजीवनमा यसले सबैको लागि वातावरणीय त्राण दिइराखेको छ। ठूला ठूला विहारहरू छरछिमेक सबैको मनोरञ्जन र सुविधाको स्थलमात्र नभई यसको ऐतिहासिक महत्त्वले नेपालीमात्रको संयुक्त इज्जत ओगटेको छ। खुल्ला विहारहरू सबैको लागि खुल्ला हुनु र एकै स्थलमा रही अन्तर्जातीय, अन्तधार्मिक सिको र मेलमिलापलाई प्रश्रय दिने वस्तु भएको छ। यस परिप्रेक्षमा पनि विहारहरूको सुधार र संरक्षणको ठूलो आवश्यकता भएको छ। विहारले दर्शाएको धर्म वास्तविक धर्ममात्र नभै सामाजिक जीवनलाई यसले समन्वय कायम गरेको छ। व्यक्तिगत अधिकारको पक्षमा मात्र दृष्टि नदिई गुठी संस्थान, पुरातत्त्वविभाग र सामाजिक संघ संस्थाको उद्देश्य, आदर्श र कर्तव्यसमेतलाई गहिरिएर मनन गरी भित्री आँखा उघारी विहारसंरक्षण गर्नेतर्फ प्रोत्साहित र दुरुपयोगप्रति दुरुत्साहित गराउनेतर्फ यथाशीघ्र अग्रसर हुनुपर्ने कुरामा वास्तविकरूपमा ध्यान पुऱ्याउनुपर्ने भएको छ। बौद्धविहारको विजोग नेपालीसंस्कृतिको नै विजोग हो र नेपालीको अस्तित्वमाथिको प्रश्न हो। यसैले यसको संरक्षणको आवश्यकतालाई सबैले महसूस गर्नुपरेको छ।

*

*'गुठीसंस्थान-स्मारिका' बु.सं २५३७ (वि.सं. २०५०)



Downloaded from http://www.dhamma.digital

# कपिलवस्तुसम्बन्धमा छोटो सारसंग्रह*

कपिलवस्तु लुम्बिनीअञ्चलको कपिलवस्तु जिल्लामा पर्दछ। यो भगवान् सिद्धार्थ गौतम बुद्धको पितृभूमि हो। पहिले कपिलमुनिले बास गरेको ठाउँ हुनाले त्यस ठाउँलाई कपिलवस्तु भनी नामकरण गरिएको भनिन्छ । यससम्बन्धमा थाहापाइएअनुसार यो शहर कोशलदेशका राजा ओक्काकका निर्वासित छोराहरूले स्थापना गरेका हुन् । इक्ष्वाकुवंशका सूर्यवंशी शाक्यराजा ओक्काकले कान्छी रानीबाट जन्मेका छोरा जयन्तुलाई राज्य दिलाउन रानीका मागअनुसार आफ्नो जेठीपट्टिका चार छोरा र पाँच छोरीलाई निष्कासित गरेका थिए । कपिलमुनिले तिनीहरूलाई आश्रय दिएर शहर स्थापना गर्न लगाएका थिए ।

उनीहरूले ती नै मुनिको नामबाट कपिलवस्तु नामकरण गरेका थिए। यसै कुलमा शुद्धोदन नामका राजा भए । त्यसैकी जेठी महारानी मायादेवीबाट सिद्धार्थ गौतमको जन्म लुम्बिनीमा भएको थियो । सिद्धार्थजन्मेको सातौं दिनमा मायादेवीको मृत्युभयो। तब राजाकी कान्छी रानी प्रजापति गौतमीबाट लालनपालन भई गौतमले कपिलवस्तुमा बाल्यावस्था र यौवनावस्था बिताएका थिए । यही कपिलवस्तु प्राचीनतम इतिहास, सभ्यता, संस्कृति र दर्शनको केन्द्रस्थल हो र अनेक परिवर्तन र उथलपुथलका साथै यो खण्डहरभित्र लुकेको छ ।

बुद्धको पितृभूमिको नाताले कपिलवस्तुको खोजी हुन लाग्यो । यसै सिलसिलामा इ.पु. ५०० तिर कपिलवस्तुको विनाश भएको मानिन्छ । विनाशपछि यो क्षेत्र जंगलको रूपमा परिवर्तन भएको अनुमान लगाइएको छ। इ.पू. २४५ वर्षतिर भारतका सम्राट् अशोकले त्यस क्षेत्रमा भ्रमण गरेर निग्लिसागर र लुम्बिनी आदि ठाउँमा स्तम्भअभिलेखसमेत राख्न लगाएको बुझिएको छ । त्यसपछि इ. ४०३ तिर फाहियान र त्यसपछि इ. ६६० मा हुएनसांगले पनि यहाँ भ्रमण गरेका थिए। उनीहरूले आफ्नो भ्रमणमा देखेका बस्तुको विवरण लेखिएको बाट उत्खननकार्यमा देश विदेशसहित नेपालको चासो बढेको थियो ।

भारतमा राज्य गर्ने अंग्रेजका प्रतिनिधि डा. फुहररद्वारा उत्खननकार्य शुरुगरेपछि पी.सी. मुखर्जीले १८९८ मा तिलौराकोटको उत्खनन गरेर बौद्ध ग्रन्थहरूमा उल्लेख भएअनुसार बौद्धस्थल कपिलवस्तु यहाँ नै हुन सक्छ भने। उनको भनाइलाई भी.ए. स्मिथ र अरू केही



Downloaded from http://www.dhamma.digital

विद्वान्हरूले पनि सहमती जनाए । लुम्बिनीको अशोकस्तम्भ र चीनियायात्रीहरूको वर्णन तथा विभिन्न बौद्धग्रन्थमा उल्लेख गरिएका वर्णनबाट कपिलवस्तु नेपालको वर्तमान तिलौराकोट हो भन्ने सिद्ध भएको छ ।

इ. १९६२ मा नेपाल र भारतको संयुक्त दलले भारतीय पुरातत्त्वविद् श्रीमती देवला मित्रको नेतृत्वमा कपिलवस्तुको उत्खनन भएको थियो । त्यसपछि १९६५ मा नेपालको पुरातत्त्वविभागले र १९६६-६७ मा जापानको रिसो विश्वविद्यालय (Risso University) को संयुक्त आयेजनामा यहाँको उत्खनन भएको थियो र १९७०-७१ को अवधिमा यस नगरको अवशेष फेलापरेको थियो । यो तिलौराकोटको उत्खननको आधारमा देखिएको विवरणअनुसार यो कपिलवस्तु उत्तरदक्षिण १७०० फीट चौडा भई फैलिएको छ । झण्डै एक माइल क्षेत्रफल भएको जमिनलाई पछि ईंटबाट बनेको ९ देखि १२ फीट चौडा परखाल बाहिर २० देखि २२ फीटसम्म चौडा घेरेको छ ।

राजप्रासादको पूर्वतर्फ राजकुमार सिद्धार्थले महाभिनिष्क्रमण गरेको पूर्वतर्फ प्राचीन स्तूपको अवशेष देखिन्छ । पश्चिमतर्फ सैनिक रखवालीको लागि बनाइएको बुर्जासहित ठाउँ ठाउँमा प्रवेशद्वार देखिन्छ । उत्तर र दक्षिणतर्फ पनि ठाउँ ठाउँमा प्रवेशद्वारका चिन्ह देखिन्छन् । प्रासादभित्र अनेक पुराना अवशेष देखिन्छन् जसलाई उचाइको हिसाबले ८ खण्डमा विभाजित गरी राजधानीको तर्जुमा गरिएको छ ।

यहाँ मौर्य, सुंग र कुषाणकालीन सिक्का नेगम, दावलिस, सकिनस आदि लेखिएका मुद्राहरूका साथै अनेक महत्त्वपूर्ण सामग्री पनि पाइएका छन् । साथै तीनवटा स्तूप पनि फेलापरेका छन् । तिलौराकोट गंगाको उत्तर भेगमा रहेको प्राचीन भग्नावशेष भएका ठाउँभध्ये सबभन्दा ठूलो र पुरातात्त्विक दृष्टिकोणले अति नै महत्त्वपूर्ण ठाउँ भएको छ ।

वाणगंगाको किनारमा रहेको यस क्षेत्रको सँगै भगवान् क्रकुच्छन्द र कनकमुनि तथागतको जन्मभूमिको संस्मरणमा सम्राट् अशोकले शिलास्तम्भ स्थापना गरिराखेको छ । राजा भगीरथले गंगालाई यस संसारमा ल्याएको नदी भएको ले यसलाई भागीरथी नदी पनि भनिन्छ भनिएको छ ।

आज भगवान् बुद्धको कीर्तिको लोभ-लालच हुनेहरू कपिलवस्तुको निश्चित स्थानसम्बन्धमा भ्रम फैलाएर कुतर्कतिर लाग्ने गरेका देखिन्छन् परन्तु यस क्षेत्रमा पाइएका बस्तुहरूको उपलब्धि ले प्राचीन कपिलवस्तु वर्तमान तिलौराकोट नै हो भन्ने प्रमाणित भइसकको छ ।

*'धर्मोदय -स्मारिक' बु.सं २५३७ (वि.सं. २०५०)



Downloaded from http://www.dhamma.digital

# बुद्धजयन्ती : अहिंसादिवस*

वैशाखपूर्णिमाका दिन बुद्धको सम्झनामा बुद्धप्रति श्रद्धाका साथ उनको जयन्ती मनाउने गरिन्छ । गौतम बुद्ध वैशाखपूर्णिमाका दिन जन्मेका हुन् र बुद्धले सिद्धार्थ राजकुमार रहँदारहँदै बुद्धत्व प्राप्त गरेको दिन पनि यही वैशाखपूर्णिमा थियो । साथै वैशाखपूर्णिमाकै दिन ८० वर्षको उमेरमा बुद्धको परिनिर्वाण भएको थियो । जन्म त सबैको भइनै रहेको छ तर निर्वाणत्व प्राप्त गर्नु अति दुर्लभ कुरा हो । निर्वाणत्वको अर्थ जन्म-मरणको भवचक्रबाट पार हुनु हो । यसरी जन्म-मरणबाट मुक्त भई बुद्धले निर्वाणत्व प्राप्त गरेको दिन पनि वैशाखपूर्णिमाकै दिन परेको ले यो दिन अति पवित्र मानिएको छ । यस किसिमले निर्वाण प्राप्त गरेको दिनलाई बुद्ध जयन्तीको रूपमा चुनिएको ज्यादै तर्कसंगत देखिन्छ ।

बुद्धको अर्थ ज्ञान प्राप्त गरेको व्यक्ति हो । मानिस भएपछि केही न केही ज्ञान त सबैमा हुन्छ तर विशेष ज्ञान थोरैमा मात्र हुन्छ । थोरैमा मात्र हुने विशेष ज्ञानको भागीदारमा पनि सर्वज्ञता हजारौं लाखौं वर्षमा कोही कुनैसँग मात्र हुने हुन्छ । भगवान् बुद्ध त्यही दुर्लभ सर्वज्ञता प्राप्त मानवमध्येका हुन् । उनको ज्ञानअनुसार दुनियाँलाई नवआलोक दिएको मा *'चतुरार्यसत्य'* हो । *'चतुरार्यसत्य'* भनेको मानिसको दु:खसँग सम्बन्धित कुरा हो । मानिसको जीउनीभर कुनै कुराको सम्बन्ध रहिरहन्छ भने त्यो एकमात्र कुरा दु:ख नै हो । त्यही दु:ख निवारण गर्न मानिस दु:ख हुने कारणलाई पन्छाउँदै हिँड्ने कोशिस गर्दछ तर अज्ञानता, असंयमता आदिले गर्दा मानिसले दु:खबाट मुक्त हुन सकिराखेको हुँदैन । तिनै दु:खबाट मुक्त हुने उपायस्वरूप बुद्धले आर्यअष्टांगिक मार्ग को देशना गरे । आर्यअष्टांगिक मार्गलाई मध्यममार्ग पनि भनिन्छ ।

आर्यअष्टांगिक मार्गभित्र कुनैपनि किसिमका अकुशल कर्महरूको निवारणका उपाय पर्दछन् । भगवान् बुद्धले ती उपायलाई शीलमा आधारित गरी देखाएका छन् । ती शील नै शान्तिको मार्ग हो । पीडा हुन्जेल शान्ति हुँदैन । पीडा आफ्नै गल्तीले पनि हुन्छ र अरूद्वारा पनि हुने हुन्छ । संसारका सबै प्राणी पीडाबाट मुक्त हुन चाहन्छन् । उनीहरू एउटै कुरामा ठूलो डर मान्छन्, त्यो हो ज्यानको माया ।



Downloaded from http://www.dhamma.digital

प्राण (ज्यान) भएका सबै प्राणी हुन् । प्राणीलाई बचाउने महात्मा हुन्छ । यस्ता महात्मामध्ये नेपालमा जन्मेका नेपालको विभूति भगवान् गौतम बुद्ध विश्वविख्यात प्राणी प्रतिको सहृदयी व्यक्तित्व हुन् । अरूको भय निवारण गर्ने सबैभन्दा ठूलो अस्त्र अहिंसा हो । बुद्धको उपदेशले ठूलठूला राजा महाराजा र क्रूर व्यक्तिहरू पनि अहिंसक बनी शान्तिका दूत बनेका छन् । भारतका मौर्यराजा सम्राट् अशोक बुद्धबाट प्रभावित भई शान्तिअभियानमा लागेको उदाहरण उल्लेखनीय रहेको छ ।

भगवान् बुद्धको जन्मभूमि नेपाल पहिलेदेखि नै शान्त रहिआएको छ । यहाँ बुद्धधर्मको प्रभाव गहिरोरूपमा रहेको छ । यहाँका बौद्धविहारहरू विश्वसंपदाको सूचीमा राखिएका छन् । नेपाल शान्तिप्रिय भएको कारण यहाँ परम्परादेखि नै धार्मिक सहिष्णुता रहिआएको छ । सहिष्णुता यहाँको धर्म हो । धर्म जिउनुको लागि हो । भयरहित भई जिउनु जीवनको लक्ष्य हो । भयरहित भई जिउनमा बुद्धको सम्झनाले नै ठूलो भूमिका निभाउन सकिने कुरामा आज विश्वले बुद्धलाई कदर गर्न थालेको छ । बुद्धको जन्मस्थल नेपालको लुम्बिनीप्रति अन्तर्राष्ट्रिय श्रद्धा र आस्था रहेको स्वरूप लुम्बिनीविकासको लागि धेरै राष्ट्रहरूबाट सहयोगहरू प्राप्त भइराखेका छन् । लुम्बिनी हुँदै आएको विकासकार्यबाट बुद्धलाई मानिसहरूले नजिकबाट चिन्दै आएको पुष्टि गर्दछ । लुम्बिनीमा बुद्धमाता मायादेवीको प्रतिमा सहित मन्दिर छ । स्थानीयबासीहरू पहिले मायादेवीमन्दिरमा आई उनीलाई भगवातीको रूपमा पशुबलि दिई पूजा गर्ने गर्थे । अहिंसाका परम अनुयायी बुद्धकी जननी मायादेवी कुनै पशुबलि लिने शाक्त देवी नभई बुद्धमाता भएको पहिचान गरी त्यहाँ भइरहेको हिंसाबलिमा रोक लगाइदिए । हिन्दू होस् वा बौद्ध होस् यहाँको जनजीवन शाक्तको रूपमा संचालित नेपालको अनौठो इतिहास रहेको छ । नेपाली हिन्दूहरू शैव बढी छन् र वैष्णव पनि छन् । शिव, बुद्ध वा विष्णु तीनै खालको मार्गमा हिंसा वर्जित छ । नेपालमा हिंसाबलि चल्दछ त शाक्तको रूपमा । आदिमकालका मानिसहरू जनावरहरूको शिकार (मासु खाई) जीवन-यापन गर्दथे । पशुहरू पनि एकअर्काको मासुका साथै मानिसको पनि मासु खान्छन् । संसारमा जुनसुकै जनावरको मासु पनि खाइन्छ ।

नेपालमा बुद्धधर्मको विकासक्रममा बुद्धजयन्ती मनाउने चलन पनि आयो । अहिंसाका प्रतीक बुद्धको जयन्ती मनाउने दिनमा हिंसा बन्द गर्नुपर्ने प्रस्तावअनुसार त्यस दिनमा सरकारी स्तरबाट हिंसा बन्द गर्ने निर्णय गरी काटमार बन्द गरियो । निरामिस भोजन गर्ने महापुरुषहरू राम



Downloaded from http://www.dhamma.digital

र कृष्णका जन्मदिनमा पनि यहाँ काटमार बन्द गरिएको छ। यसरी नेपाल अहिंसामा एक कदम अगाडि बढेको छ। धर्मसमन्वयमा अग्रसर हुने नेपालीहरू हिंसा बन्दका दिन दुबै धर्मावलम्बीहरूले हिंसा त्याग्छन् र अरू बेला दुबै धर्मावलम्बी हिंसाकर्ममा लागेका देखिन्छन्। यहाँ एउटा कुरो अनौठो छ कि परंपरा र संस्कृति भनेपछि तिनीहरू हुरुक्क हुन्छन् र यसका लागि नियम कानूनसमेत उल्लंघन गरिन्छन्। बाध्य भएर नियम कानून पनि परम्पराको पछि लागेको यहाँको इतिहास छ। चाहे रामनवमी होस् चाहे बुद्धजयन्ती होस् परम्परागत पूजा-आजा चलिरहेको हुन्छ र काटमार गर्ने बलिप्रथाको संस्कृतिअनुसार विधिको पालन गरिराखेको हुन्छ। राँगो, बोका, हाँस, कुखुरा यहाँको साधारण बलिका पशुपन्छी हुन्। सुंगुर, बँडेल र परेवा बलि दिने पनि प्रशस्त छन्। बलि दिनुको अर्थ त्यसको मासु खानु पनि हो। गाई गोरु बलि दिएको देखिएको छैन तर त्यसको मासु खाने जाति नेपालमा छन्। गाईलाई राष्ट्रिय जनावर मानेर नेपालमा गाई काट्न निषिद्ध गरिएको छ। कसैको गाई बलिदिने परम्परा भएतापनि परम्परादेखि नै नगरिएको ले गाईको बलि दिइँदैन। यस किसिमको अहिंसाबल ज्यादै राम्रो कुरा हो तर परम्परालाई मानेर गाई काट्न नपाइने नियम भएझैं रामनवमी तथा बुद्धजयन्ती इत्यादि दिनहरूमा पनि कुनै किसिमको जनावर मार्न नपाइने अथवा बलि दिन नपाइने कडा कानून बनाउनु अति आवश्यक छ। कुनैमा परम्परा लाग्ने कुनैमा परम्परा नलाग्ने लिंढे कानून बनिरहँदा प्रजातन्त्रमा हुर्केका नवपिंढीले हरेक कानूनमा यस्तै अप्ठ्यारा तेर्स्याएर नियम कानूनप्रति स्थितिविमुखता र अस्तव्यस्तता ल्याउन बेर छैन। यसप्रति राष्ट्रिय स्तरले गहिरिएर ध्यान पुऱ्याउनु आवश्यक छ। बुद्धजन्मभूमिमा कमसेकम पनि बुद्ध जयन्तीका दिन कुनैपनि पशुको बलि बिल्कुल बन्द हुनु वाञ्छनीय छ। काटमार गर्नेले आफ्नो जिद्दी पुऱ्याएर परम्पराको दुहाइ माग्छ र देवाली, गुठी तथा विभिन्न पूजाहरू देखाई पशुबलि दिन्छ भने आजको मानवअधिकारवादी दुनियाँमा प्रत्येक जातिले हरेक पशुहरूको बलि दिन पाउनु पर्ने गुनासो राखी कुनैपनि पशुलाई बलि दिई आफ्नो परम्परा चलाउनेछन्, बरु पशुबलि नै बन्द गुर्न बेश हुनेछ। भगवान् बुद्धको वास्तविक क्रान्ति शोषणको विरुद्ध थियो, पशुबिलको विरुद्ध थियो अनि अन्धविश्वास र छुवाछूटको विरुद्ध थियो। बुद्धको नाताले नेपालदेशमा पशुपंछी - बलि नै उन्मूलन



Downloaded from http://www.dhamma.digital

गर्नु बेहतर छ । धर्मको नाममा यस्तो प्राणीघातक क्रूर प्रथालाई नहटाउने हो भने जसले जस्तो धर्म अपनाए पनि त्यसप्रति रोक लगाउन नसकिने स्थिति सृजना हुनु स्वाभाविक हुन आउँछ । मार्ने धर्मभन्दा बचाउने धर्म स्वभावत: उच्चकोटिको हुन्छ । यही कारण विश्वमा बुद्धधर्म उच्चकोटिको रूपमा ग्रहण हुँदै आइरहेको छ । बुद्धका पञ्चशीलमध्ये 'प्राणातिपात' प्राणीहिंसा नगर्नु पहिलो शील रहेका छ ।

सकिएमा काटमार नै बन्द गर्ने र नसकिएमा देउताको नाममा पशुपंछी बलिदिने प्रथा भने रोक्नु अत्यावश्यक छ, यो कदम एउटा नेपालको लागि ठूलो सुधारको कार्य हुनेछ । यसले विश्वसमाजमा बुद्धजन्मभूमि नेपालको ठूलो सम्मान र यथावादी तथाकारिताको परिचय प्राप्त भई नेपालीप्रति सौजन्यताको ठूलो आस्था रहन जानेछ । धर्मको नाममा काट्ने मार्ने परम्पराको अन्त्य भएमा बहुजाति र बहुसंस्कृति भएका नेपालीहरू एकताको सूत्रमा बाँधिन गई देशोत्थानमा सामूहिक प्रयास रहन जानेछ । राष्ट्रियताको अगाडि जाति, धर्म र भाषा आदिको प्रबलता रहन दिइनुहुन्न । पहिले आफूलाई नेपाली नागरिक हो र त्यसपछि मात्र अरू केही हो भनी सम्झनु प्रत्येक नेपालीको कर्तव्य हो । यसो नभई कुनै जाति, कुनै धर्म र कुनै भाषामा लागेर आ-आफ्नो एकलौटी पनमा जिद्दी गरियो र लादियो भने राष्ट्रिय भावनामा नै खलल पुग्न जाने हुन्छ र नेपालीहरू कर्तव्यबाट च्युत हुन जानेछ । यही परिप्रेक्षमा बलि हिंसा नगर्नु पनि राम्रो हुन आउँदछ । हिंसाविरुद्ध कदम उठाएर बुद्धको जयन्तीलाई अहिंसादिवसको रूपमा मनाउनुपर्छ । बुद्धजयन्तीको वास्तविक उद्देश्य पनि परपीडा रोक्नु र हिंसाकार्यबाट विमुख हुनु हो । "आफूलाई परे वेदान्त र अरूलाई परे मरणान्त" को व्यवहार बुद्धमा छैन । उनी त सत्त्व प्राणीको उद्धार-कामना गर्ने महामानव हुन् । एशियामा जन्मेर मानवताको ज्योति बालेका यिनलाई 'एशियाका ज्योति' भन्ने गर्थे भने उनी आज विश्वप्रसिद्ध शान्तिका अग्रसर महामानवको रूपमा परिचित र श्रद्धाका पात्र रहेका छन् । प्रत्येक वर्ष मनाइने बुद्धजयन्तीले यही सन्देश दिन्छ कि विश्वमा हिंसा अवरुद्ध भई सबै प्राणी सुखी रहुन् । सर्वे सत्ता सुखितत्ता ।

❋

*'बुद्धजयन्ती-स्मारिका' बु.सं २५३९ (वि.सं. २०५२)



Downloaded from http://www.dhamma.digital

# नेपालमा वज्रयानको भविष्य*

भगवान् गौतम बुद्धको जन्म भई ८० वर्षको उमेरमा उनले निर्वाणत्व प्राप्त गरेपछि त्यसै वर्षको हिसाबले बुद्धजयन्ती यस वर्ष २५३९ औं भएको छ । २५०० वर्षभन्दा पहिले बुद्धले स्थापना गरेको धर्म 'बुद्धधर्म' हो । भगवान् बुद्धको नामबाट एउटै रहेको बुद्धधर्म सम्राट् अशोकको समय (इ.पू. २६९) जति पुग्दा महासांघिक र स्थविरवादको रूपमा दुई निकायमा विभाजित भएर गयो । त्यपछि १२५ वर्ष जति पुग्दा महासांघिकका ६ वटा र स्थविरवादका १२ वटा निकायमा विभाजित भई बुद्धधर्म अठार निकायमा विभाजित हुन गयो । त्यसपछि आएर सारांशमा बुद्धधर्म चार दार्शनिक सम्प्रदायको रूपमा प्रसिद्ध भयो । यसमध्ये सर्वास्तिवाद र सौत्रान्त्रिक दर्शन दुई निकाय माथि उल्लेख गरिएअनुसारका १८ निकायअन्तर्गत परेका छन् भने अरू योगाचार र माध्यमिक दुई निकाय धेरै पछि इशाको पहिलो शताब्दीमा देखापरेका हुन् । माध्यमिक निकाय प्रसिद्ध बौद्धविद्वान् नागार्जुनले प्रतिपादन गरेको हो । योगाचार निकाय इशाको चौथो शताब्दीमा वसुबन्धु र असंग भन्ने दुई दाजुभाइले प्रतिपादन गरेको हो । यी दुबै महायानसँग सम्बन्धित निकाय हुन् । स्थविरवादबाट छुट्टिएर आएका महासांघिकद्वारा गोकुलिक, बाहुलिक र चैत्यवादीको प्रादुर्भाव भए । यसपछि इ.पू. पहिलो शताब्दीमा अन्धकनिकायको प्रादुर्भाव भएपछि त्यसबाट वैपुल्य, पूर्वशैलीय, अपरशैलीय, राजगिरिक र सिद्धार्थक निकायहरू देखापरे । यिनीहरूबाट नै इशाको पहिलो शताब्दीमा महायानको विकास भयो । थेरवादी र महायानीहरू एउटा ज्ञानमार्गी र अर्को भक्तिमार्गी भएपनि दुबै निकायले भिक्षुजीवनतिर नै जोड दिएका छन् । पछि बुद्धधर्ममा रहस्यवादीको प्रादुर्भाव भएपछि त्यसैको उपज वज्रयान, मन्त्रयान, सहजयान र लामावाद अघिसरे । वज्रयान इशाको ३०० वर्षतिर भइसकेको हो भनी विद्वान्हरूले मानिआएका छन् । यो वज्रयान लोकप्रिय भएको ठाउँ उत्तरभारत हो ।

बुद्धधर्ममा भिक्षु हुनुमा जोड दिइरहेको बेला मानिसहरूमा सांसारिक विचारभावनाबाट वैराग्य उत्पत्ति भएर भिक्षु हुनुभन्दा भिक्षुले भिक्षु बनाउनेतिर मात्र बढी झुक्न गएर भिक्षुहरूमात्र बढ्न गई भिक्षुत्वको स्थिति खस्किँदै गयो । यसै अवस्थामा नै वज्रयानाको सिद्धान्त प्रादुर्भाव भयो । संसारमा रही त्यसलाई भोग गरेर



Downloaded from http://www.dhamma.digital

नहेरिकन त्यस संसारको वास्तविक रहस्यका कुराहरूको अनुभव हुँदैन । स्वानुभूति नभैकन मानिस जान्ने बुझ्ने हुँदैन । आफै जान्ने बुझ्ने भएपछि मात्र आफूले अरूलाई पनि सिकाउने बुझाउने गरी गुरु पनि हुन सकिन्छ । त्यसैले भोगद्वारा नै अनुभव प्राप्त गर्नुपर्छ र भिक्षुमात्र भएर कुनै सार छैन भनी भिक्षु हुनुबाट टाढा हुने सिद्धान्त वज्रयानले अपनाएको हो । पाँचौं शताब्दीतिर महायानको राम्ररी विकास भइरहेको बेलामा मन्त्रयानको पनि प्रादुर्भाव भयो । मन्त्रद्वारा नै जुनसुकै कुरालाई पनि सिद्ध गर्न सकिन्छ भन्ने विचारधाराले अग्रसर भएको मन्त्रयानले बुद्धत्वपर्यन्त प्राप्त गर्न सकिन्छ भन्ने कुरामा विश्वास गर्न पुग्यो । यो मन्त्रयान त्यति विकास हुन नसकेको ले मन्त्रयान सजिलै सँग तन्त्रयानमा लीन हुनगयो । यही तन्त्र नै वज्रयानको एकप्रकारको विशेषता हो र यही तन्त्रद्वारा मृत्यु भइसकेका लाई पर्यन्त बोल्न लगाउने शक्ति प्रर्दशन गरी यो यान अगाडि बढ्यो । शून्यवादबाट उत्पन्न भएको जुन शून्य हो त्यो वज्रझैं बलियो र दृढ रहेको ले यस यानलाई वज्रयान भनियो ।

नेपालमा वज्रयान कहिलेदेखि प्रचलनमा आयो भनी निश्चितरूपमा भन्न सकिएको छैन । इशाको आठौं शताब्दीदेखि बाह्रौं शताब्दीभित्रमा भारत, नेपाल र तिब्बतका ठाउँ ठाउँमा यो वज्रयान राम्ररी प्रचार भएको हो । त्यसपछि भारतमा मुसल्मानहरूले हमला गरेपछि त्यहाँ बौद्धहरू घट्दै गए । वज्रयानका प्रसिद्ध गुरु शाक्यश्रीभद्रजस्ता वज्रयानीहरू नेपालमा शरण लिन आए । अरू ठाउँमा बिलाएर गएपनि नेपालमा वज्रयान अद्यापि बाँचिरहेको छ । हुनत महत्त्वपूर्ण चौरासी सिद्धाहरूको कुरा र सिद्धान्त तिब्बतमा मानिआएकै छ तापनि नेपालमा आफ्नैपनले वज्रयान चलिरहेको छ ।

वज्रयानको मुख्य ग्रन्थ *'गुह्यसमाजतन्त्र'* हो । यो ग्रन्थ महायानका नवसूत्र (नवव्याकरण) मध्येको हो । गुह्यसमाजतन्त्र भनेको काय, वाक्, चित्तको स्वभावहीन भएको जुन भाव हो त्यो आफ्नो स्वभावमा विलीन भएर जानु हो । यसको मतलब जुन गुह्य बस्तु हो त्यो समाजभित्र घुलमिलिएर जानु हो । तन्त्र भनेको प्रज्ञा र उपायको समापत्तियोग हो । योग भनेको जोड्नु अर्थात् मिलन हो । यसरी योग गर्नेलाई योगी भनिन्छ । प्रज्ञा र उपायको मिलन भनेको स्त्री र पुरुषको समागम हो । यही समागमद्वारा निर्वाणत्व प्राप्त हुन्छ भन्ने यसको भाव हो । शून्यता प्रधान भएको वज्रयानको विषय महासुख र महाशक्ति हो । वज्रयानले अपनाइराखेको शक्ति भनेको स्त्रीत्व शक्ति हो । शक्तिले



Downloaded from http://www.dhamma.digital

मात्र यथार्थ कुराको बोध हुने भएको ले यसप्रकारको भित्री ज्ञान अर्थात् प्रज्ञा भनी स्त्रीलाई लिइराखेको छ । यही प्रज्ञाको उपायस्वरूप भएको हुनाले पुरुषलाई उपाय भनेर नै अपनाइदियो । यही प्रज्ञोपाय वज्रयानको विषय हो । प्रज्ञोपाय एउटा वासना हो । वज्रयानको मूलविषय शून्यता हुने भएको ले वासना स्वयं शून्य हो, रहेको हो कि नरहेको हो भन्ने केही छैन अर्थात् शून्य । निर्वाण हुनु एकप्रकारको शून्यता हो अनि वासना पनि शून्यता हो, त्यसैले वासना पनि निर्वाण नै हो । यही धारणालाई अवलम्बन गरेर वज्रयान पूजाकर्मकाण्डमा डुबेर गएको हो ।

जुनसुकै यानको आफआफ्नो विशेषता हुन्छ । उद्देश्य पूर्ति हुने खालले आचरण गर्न सकेमा यही धर्म ठीक छ भनी कराइरहनु आवश्यक देखिँदैन । त्यसमा पनि वज्रयान त झन् बोधिचित्तमा नै जोड दिने भएको ले आफ्नो शरीरभित्र नै बुद्धत्व निहित छ भनी साधना गरी बुद्धत्व र निर्वाणत्व प्राप्त गरिने यान हो । पूजाक्रियापद्धतिद्वारा सहजरूपमा निर्वाण प्राप्त हुने भएको ले यसलाई 'सहजयान' पनि भनिन्छ । क्रियापद्धतिद्वारा गरिने हुनाले यस यानमा गुरुको आवश्यकता छ । गुरु हुने अधिकार वज्राचार्यमा छ । थेरवादपरंपरानुसार चूडाकर्म (वन्धाभिषेक) गरिसकेपछि गृहस्थमै फर्केर आचार्याभिषेक लिइराखेका वज्राचार्य हुन्छन् । नेपालमा वज्रयान टिकिराखेको वज्राचार्यहरू रहनाले हो । झण्डै दुई हजार वर्ष भएर पनि नेपालमा वज्रयान बचिराखेको एउटा उल्लेखनीय उदारहण हो ।

दुई हजार वर्ष पुग्न लागेको वज्रयानको प्रभाव आज नेपालमा घट्दै गइराखेको छ । आजको अवस्थालाई हेर्दा अब नेपालमा वज्रयानको अवस्था अन्धकार हुँदै गएको छ । वज्रयान रहस्यवाद र साधना हुने हुनाले थेरवादमा जस्तो पञ्चशील ग्रहण गर्दैमा यसको उद्देश्य पूरा हुने होइन । साधना र मन्त्रतन्त्रविधि नै यसको क्रियापद्धति हो । यस पद्धतिको लागि वज्रयानका आचार्यहरू शीलवान् र शुद्ध आचरणसम्पन्न भएको हुनुपर्छ । यसको साथै उनीहरू ध्यान, योगसाधना, तन्त्रमन्त्र र चर्या आदिमा पोख्त भएको हुनुपर्दछ । साधकहरूलाई दीक्षा दिनुपर्दछ । गृहस्थमा रहेरै काम, क्रोध, लोभ मोहबाट मुक्त भएर जगत्लाई नै उद्धार गर्नेप्रकारको मार्ग निर्देशन गर्ने आचार्यले बुद्धत्व प्राप्त गर्ने कुरा वज्रयानको विश्वासको हो । वज्राचार्य र बोधिचित्तमा कुनै फरक छैन भनिराखिएको छ । आज बोधिचित्त भन्न योग्य वज्राचार्यहरू दुर्लभ हुँदै गइराखेको छ । जातले मात्र वज्राचार्य भनिने सिबाय चर्यासम्पन्न भएकाहरू



Downloaded from http://www.dhamma.digital

विलीन हुँदै गइराखेका छन् । ज्ञान भनेको बुझिलिने बस्तु हो, गहना जस्तै लाउने मात्र बस्तु होइन । आज आचार्याभिषेक पनि करबलले विधिमात्र पुऱ्याई गहना लगाउने जस्तैमात्र गर्ने भएर आएको छ । ज्ञान ध्यानको कुरा बताइदिनुपर्ने बालकलाई बच्चा छँदै नै आमाको दूधको लाम्टो चुसाएर काखमा राख्दै दिइने अभिषेक कहाँसम्म व्यावहारिक र प्रभावकारी हुने हो भन्ने कुरामा आज शक्तिसम्पन्न गौरवयुक्त वज्राचार्यहरूले पनि सोचेको देखिँदैन । वज्राचार्यपरंपरामा चर्या पालन गर्दा जातभातको भेदभाव गर्न नहुने भएर पनि नेपालका वज्राचार्यहरूले जातभातमा कट्टर रही चर्याको नै मूल्य ह्रास गर्ने गरेका छन् । असल, राम्रो र योग्य साधकहरूलाई दीक्षा दिएर वज्रयानको उन्नति गर्नुपर्नेमा झन् मात्र आफ्नै वीर्यबाट जन्मेका सन्तानलाई समेत दीक्षा दिनुबाट वञ्चित गरी वर्णव्यवस्थाको पुच्छर लगाई उल्टो यानमा गइरहेको देखापरिरहेको छ । वज्रयान हिन्दूवाद नभएपनि वज्रयानीहरू हिन्दूवादका पृष्ठपोषक भइरहेका छन् भन्ने प्रमाण वर्णव्यवस्था र जातिवादले सिद्ध गर्दछ । आफ्नो सन्तानले नै लिन नपाउने दीक्षा अरू जातले पाउला भन्ने त कुरै भएन, अनि वज्रयानको विस्तार कसरी हुन सक्ला भन्ने कुरा बुझ्न गाह्रो भएन । वज्राचार्याभिषेक ग्रहण गरी गुरु हुनलाई नेपालमा वज्राचार्यकै छोरा हुनुपर्छ । आज वज्राचार्यका छोराहरूले आफ्नो कुलमा बसी पढी गुनी गुरु बन्नेतिर लागिराखेका छैनन् । उनीहरूले दीक्षा लिन पनि छोडिसके । गुरु भइरहेका ले पनि आफ्ना बालबच्चालाई दीक्षा दिन छोडिसके । वज्राचार्य रहेका वज्रयानीमात्र गुरु पुरोहित हुन्छ भन्ने नेपालको धारणा छ । यसरी अरू कोही पनि गुरु बन्न नहुने नियम भएको यस ठाउँमा वज्राचार्यहरू पूजा नगरी पिछडिँदै गएपछि यसको भविष्य कस्तो होला भनी भनिरहनु पर्ने कुरा होला र ? वज्राचार्यले कुलपरंपराको कार्यमात्र नगरेको नभै 'गुरु हूं' भन्ने कुरालाई समेत बिर्सेर पूजालाई पेशा सम्झेर गइराखेको आज देखिइराखेको छ । बाबुले गुरु बनेर लोक उद्धार गर्ने कार्यमा लागिरहेका छन् भन्ने कुरा गुरुहरूका आफ्नै छोराहरूले समेत वास्ता गर्न छोडेका छन् । देवताको भाग र गुरुको भाग भनी भोजन गर्दाका व्यञ्जनका प्रकारहरू पोको पारी ल्याउने वज्रयानभित्र उत्पन्न तालमाल देखेर बाबुले पूजा गर्न जाँदा साथमा लैजाने घण्टसमेत लुकाइदिने गर्ने छोराहरूसमेत भएर आएका छन् ।

वज्रयानपरंपरानुसार साधक भनेका जजमानहरू हुन् । जजमानहरूको गुरुप्रतिको श्रद्धा सुकेर गइराखेको छ ।



Downloaded from http://www.dhamma.digital

यसतर्फ गुरुहरूले सुधार ल्याउनेतिर लागेको देखिँदैन । जजमानहरूले पनि वज्रयान भनेको के हो भनी थाहापाउन छोडिसके । तिनीहरूलाई बुझाउने कोशिश गरेको पनि देखिँदैन । दीक्षा लिने बिचार त उनीहरूको हराइनै सके । आचार्यबाट दीक्षा प्राप्त गरेपछि साधक वा जजमानले तीन कुरालाई पालन गर्नुपर्छ । ती हुन्, जीवहत्या नगर्ने, त्रिरत्नको शरणमा जाने र गुरु वज्राचार्यलाई नछोड्ने । यसप्रकारको व्यवहार नेपालको वज्रायानभित्र देखिइराखेको छैन । भक्ष, अभक्ष, शुद्ध, अशुद्ध भनी भेदभाव नराखी गरिने यस यानभित्रको चर्या हो । समताभाव राखी अद्वयभावले चर्या गर्नेलाई कुनैप्रकारको बुद्धत्व पनि प्राप्त हुन्छ । 'शून्यताज्ञानवज्रस्वभावात्मकोहम्' भनी आफूलाई त्यही शून्य मानेर शून्यता भनेको ज्ञान वज्रस्वभावको आत्म अथवा प्रतीक हो भन्ने धारणा नै यसको विशेष भावना हो ।

वज्राचार्यहरूको आचार्यगुठी एउटा अति राम्रो संगठनात्मक शक्ति हो । त्यसो भएर पनि यसप्रति वज्राचार्यहरूको उदासीनभाव बढ्दै गइरहेको छ । संगठनात्मरूपले काम कुरोमा अगाडि बढ्नुको सट्टा पशुपतिमा हुण्डी लिने जस्तो टिकट लिई आफ्नो भाग भनी कुम्ल्याएर खाने गरी भेलाका दिन अनुपस्थिति बढेको तर्फ किञ्चित चिन्ता नलिने यसको स्वभाव भएको छ । यस स्वभावले नै वज्रयानको भविष्य कतातिर लागिरहेको छ भन्ने कुरा इङ्गित गर्दछ । कर्मकाण्ड गरी विधि अपनाउने भएर पनि नभइनहुने मन्त्र तन्त्र जस्ता कुरालाई बचाएर अरू कुरा लोकजन साधकहरूले बुझ्ने भाषाको प्रयोग नगरिनुले पनि एकप्रकारले समयसापेक्ष नभएको हो । वज्रयानमा जुन शक्ति रहेको छ, त्यसमा गुरुआमाको पनि ठूलो भूमिका रहेको छ । आज गुरुआमा भनिनेहरू जान्ने बुझ्ने भनेकै देखिन छाडिइसकेका छन् । उनीहरूमा सिक्ने बुझ्ने कोशिशभन्दा गुरुकी स्वास्नी भएको नातामात्रले नै गुरुआमा बनिराखेको आजको अवस्था छ । यी सबै लक्षणले नेपालमा वज्रयानको भविष्य नै गम्भीर अवस्थामा पुग्ने सूचना दिइराखेको छ । आजकाल व्यवहार र इतिहासप्रमाणलाई मान्यता दिइने बेला हो । यस्तो बेलामा पनि कथाकुथुन्ग्रीको आधारमा जिद्दी गरी प्रमाण भन्ने कुरालाई नै वास्ता नगरी यान र धर्म भनेर मात्र कुर्लिरहनु मानिसको भविष्य राम्रो पार्ने कुरा हुँदैन । यी सबै कुराहरू अति नै विचारणीय भइराखेको छ ।

❋

---

*'धर्मोदय-स्मारिका' बु.सं २५३९ (वि.सं. २०५२)



Downloaded from http://www.dhamma.digital

# बौद्धहरूलाई हिन्दू भनेर किन भन्छन्*

मानिस धर्म मान्दछन् । धर्मलाई सबैभन्दा गम्भीर र ठूलो बस्तु मान्दछन् । भगवान्को नाम लिनु, पूजा, पाठ, स्तोत्र र भजन गर्नु मानिसले धर्मको आधारमा गर्दछन् । जन्मदिवस, षोडशसंस्कार कर्मकाण्ड र दशक्रिया आदि विधि पनि धर्मकै आस्थानुसार गर्दछन् । मानिसले धर्मको आधार शास्त्रलाई मानेका छन् । प्रत्येक शास्त्रमा आ-आफ्नो कर्तव्य र विधि विधान बताइएका हुन्छन् । ती शास्त्र अनुसार मानिस जाति एउटै भएर पनि मानिसले भिन्न-भिन्न धर्म अपनाउने गर्दछन् । धर्मको भिन्नता भनेको धर्मका प्रतिपादक र शास्त्रको भिन्नता हो । पशु, पन्छी, कीट र पतंग आदिबाट अलग रहेको मानिस एक छुट्टैप्रकारको प्राणी हो । मानिसको स्वरूप संसारभरिको एउटै हुन्छ । वर्ण र स्वभावले फरक भएर पनि मानिस मानिस नै कहिन्छन् । मानिसको व्यक्त भाषा हुन्छ । अध्ययन र अभ्यास गरेर मानिसले मानिससँग दोहोरो कुराकानी गर्न सकिन्छ । पशु-पन्छीको भाषा मानिसको झैं व्यक्त हुँदैनन् । यसैले मानिस र अरू प्राणीबीच भावले मात्र आशय बुझ्ने बुझाउने हुन्छ । ठाउँअनुसारको भाषा बोल्दा एउटा मानिस अर्को मानिससँग अलग भएझैं देखिन्छन् । भारतमा पाश्चात्यभाषा बोल्नेलाई म्लेच्छ भनिन्छ । म्लेच्छलाई अव्यक्तभाषा बोल्ने भनिन्छ । भाषाजस्तै शास्त्रगत व्यवहारले पनि मानिस एकबाट अर्कोसँग अलग्ग भई छुट्टिएर रहेका छन् । यसैगरी मानिस धर्मको आधारमा छुट्टिएको मान्दछन् ।

मानिसहरू यसरी आपसमा छुट्टिँदै गएको झैं धर्मको आधारमा बौद्धहरू पनि एक *'जाति'* हुन पुगेको छ । यसलाई *'धार्मिक जाति'* भनिन्छ । बौद्धहरू नेपालबाहिर देश-विदेशमा यत्रतत्र छन् । नेपालमा पनि बौद्धहरू प्रशस्त छन् । नेपालमा हिन्दूहरू पनि उत्तिकै छन् । वेद र त्यसको आस्थामा रचिएका धर्मशास्त्रको आधारमा देवता, विधिव्यवहार र कर्मकाण्ड मान्नेहरू हिन्दूमा गनिन्छन् । नेपालमा हिन्दूशास्त्रको धेरै प्रभाव परेको छ । बौद्धहरू बुद्धका अनुयायीका रूपमा बुद्ध, धर्म र संघको शरणमा जानेहरू हुन् ।

नेपालमा हिन्दू र बौद्ध दुबैले धर्मलाई प्राणसरि मान्दछन् । नेपालमा हिन्दूमन्दिरहरू र बौद्धविहारहरू समानुपातिक रूपमा रहेका छन् । ती दुबै धर्मावलम्बीहरूमा सहिष्णुता छ । तिनीहरू मिलिजुली रहिआएका छन् । सहिष्णुताको



Downloaded from http://www.dhamma.digital

कारणले तिनीहरू दुईका बीचमा विवाद रहेन । धर्मविषयमा नेपालमा यो एउटा विशेषता नै हो । संसारमा जुनसुकै धर्म मान्ने भएतापनि मानिस आखिर मानिस नै हुन्छ । धर्मको उद्देश्य मानवको हित हो । जुनसुकै धर्म र धर्मशास्त्रमा मानवको हित हुने कुराहरूको निर्देश गरिएका हुन्छन् । यस अर्थमा मानिसले पालन गर्ने विधि फरक भएतापनि धर्म भन्ने बस्तु एउटै हो भन्न सकिन्छ । धर्मको नाममा मानिसका बीच विवाद ल्याएर मानवहितविरुद्धका क्रियाकलाप अपनाइन्छ भने त्यस्ता व्यवहार अगाडि सार्नेलाई साम्प्रदायिक भन्दछन् । मानवहितको नाताले *'धर्म'* आफै कहिल्यै साम्प्रदायिक हुँदैन । कुनैपनि धर्मले मानवहितविपरीत कार्य गर्न निर्देशन दिएको हुँदैन । मानवहितविरुद्धको कुरालाई कसैले *'धर्म'* भन्छ भने त्यो धर्ममा प्रवेश गरेको विकृति हो । धर्मको अर्थ व्यापक छ । धर्म त जीवनदर्शन हो र जीवनसफलताको लागि अपनाइने सुमार्ग हो ।

नेपालका बौद्धहरू सरल स्वभावका छन् । उनीहरूको सरल स्वभावले नेपाल हिन्दूराज्य बनेको छ । यहाँका हिन्दूहरूले बौद्धहरूलाई पनि हिन्दूकोटिमा राखेका छन् । यहाँका बौद्धलाई हिन्दूकोटिको मानिनुमा हिन्दूहरूको मात्र दोष देखिँदैन किनभने यहाँका बौद्धहरूले वास्तविकरूपमा हिन्दूहरूले मान्ने गरेका विधिव्यवहार रीतिस्थिति एवं देवताहरूलाई आत्मसात् गरी मान्ने गरेका छन् । बौद्धहरू जानी वा नजानी व्यवहारत: हिन्दूकरणमा संलग्न (Convert) रहेका छन् । यस्तो स्थितिमा हिन्दूहरूको बौद्धहरूमाथि हिन्दूपनको धारणा रहनु स्वाभाविक हो । मुसल्मान र इशाईलाई हिन्दूहरूले कहिल्यै हिन्दू भनेका छैनन् किनकि उनीहरूले मान्ने देवता र विधिव्यवहारहरू हिन्दूधर्मसँग कुनैप्रकार को साम्य छैन । सीख र जैनलाई पनि हिन्दू भनिनुको मुख्य अर्थ पनि हिन्दूदेवताहरू र यवहारलाई मान्ने गरेको ले नै हो ।

आज बौद्धहरू आफूलाई अरूले हिन्दूकोटिमा गणना गरेको मा क्षोभ प्रकट गर्दछन् र हिन्दूहरूप्रति मतभिन्नता राख्छन् । बौद्धलाई हिन्दू भनी व्यवहार गर्नु राम्रो होइन, यो कुरा हो तर आफूमा चेतना जागृत गरी आफूलाई बौद्धव्यवहार मा उतारेर अरूलाई संझाउनुपर्छ । अरूलाई दोष दिनुअघि आफ्नो बानी सुधार्नु आवश्यक छ । आफूले मान्ने गरेको व्यवहार र धर्मशास्त्रको विषयमा केलाएर हेर्नु र बुझ्नु आवश्यक छ कि त्यस्ता ग्रन्थहरू कसैको प्रभावमा निर्मित भएका हुन् कि आफ्नै धर्मगुरु शास्ताको उपदेशअनुकूल रचित मौलिक शास्त्र हुन् । ब्राम्हणहरू बुद्धधर्मानुकूल प्रव्रजित भई भिक्षु बनेमा तिनीहरू बौद्ध बन्दछन् भने बौद्धहरूले हिन्दूविधि अपनाएमा



Downloaded from http://www.dhamma.digital

तिनहिरू हिन्दू बन्दैनन् र ? हिन्दूविधिको नक्कल गरेर त्यसलाई हिन्दूविधि होइन भनी हिँड्नु पनि अज्ञानताको मात्रा वा जिद्दीको पारा चढेको भन्नुमा केही अप्ठ्यारो पर्ला र ? यो विचारणीय कुरा हो । बक्खू लगाउने आइमाईलाई शेर्पिनी ठान्न सकिन्छ । ती आइमाई शेर्पिनी नभएतापनि त्यो कुरा सबैलाई थाहा हुँदैन । ठूलो भुंडी र हात्तीको सुंड भएको देउतालाई गणेश नै भनिन्छ यद्यपि त्यो गणेश देवता नहुन सक्छ । यदि यसरी भ्रममात्र भएको भनिएपनि त्यस्तो भ्रम सृजना गर्ने खालको क्रियाकलाप तत्काल त्याग्नु आवश्यक छ ।

जातपात नमान्ने, अन्धविश्वासमा नलाग्ने र प्राणीको बलि नदिने उपदेश दिने बुद्धको कुरालाई नमानी कट्टर जातिवादको समर्थन गरी वकालत गर्ने, निरीह प्राणीलाई बलिदिई पूजा गर्ने, अन्धविश्वासी क्रियाकलापमा संलग्न हुने व्यक्तिलाई बौद्ध नभनेको मा हिन्दूहरूको के कुरा, पक्का बौद्धविचारका जुनसुकै व्यक्तिले पनि त्यस्ताप्रति खोट लगाउँछन् । आफूलाई बौद्ध मानी बुद्धको उपदेशविरुद्ध आचरण गर्ने गरेका बौद्ध आफैले पनि आफ्नो सानो बुद्धि भएपनि यसतर्फ सोच विचार लगाउनुपर्ने हो । *"संस्काराद् द्विज उच्यते"* (संस्कारलें बाहुन, क्षत्री, वैश्य हुन्छन्) भनेझैं संस्कारबाटै बौद्ध भनिने हुन्छ । यस संस्कारसम्बन्धमा भनिएको तुलनात्मक कुरामा कसैको दुइमत हुन सक्दैन । चोरीको संस्कारले चोर बन्छ भने हिन्दूसंस्कारले हिन्दू बन्छ र बौद्धसंस्कारले बौद्ध बन्छ । आज नेपाली बौद्धहरूमा बौद्धआचरण खोइ ? मुखले बौद्ध हूं भनेर बौद्ध हुने हो कि ? चोरले साधु भनेमा ऊ साधु हुने हो कि ? चोर र साधु त व्यवहारले देखाउने कुरा हो । त्यस्तै बौद्ध हो कि अबौद्ध हो भन्ने कुरा पनि व्यवहारले नै देखाउने कुरा हो । कुन धर्मको संस्कृति कसरी ग्रहण (Adopt) भइरहेछ त्यसतिर ध्यान दिएर बुझ्नुपर्छ, तबमात्र आफूप्रतिको धारणा र आरोपको खण्डन गर्न सकिन्छ । आफूलाई बुझ्न प्रयत्नरत रहनु कुनैपनि व्यक्तिको कर्तव्य हो । आफ्नो स्वत्व पहिले आफूलाई थाहाहुनुपर्छ । हिन्दूहरूले हिन्दूविधि अपनाएर, बौद्ध भनेर हिँड्ने बौद्धहरूलाई त्यसै हिन्दूअन्तगर्तको भनेर फलाकेको होइन कि भन्ने कुरातिर गहिरिएर सोचविचार पुऱ्याउनुपर्छ । बौद्धहरूलाई हिन्दू भनेर किन भन्छन्, त्यस कुरामा आफै स्पष्ट हुनुपर्छ । भन्नेको के जान्छ ? भनिनेको केही जान्छ । त्यसैले आफू शुद्ध भएर जथाभावी भन्नेप्रति ल्वम्पा दिनसक्नुपर्छ, नत्र खराबलाई खराब भनियो भन्दैमा रिसाउनु राम्रो होइन । आफ्नो दोष देखाइदिने मान्छे गुरुसमान हुन्छन् । आफ्नो दोष सकारेर दोष निवारण गर्नतिर लाग्नु बुद्धिमानी हो र आफ्नै भलो हुने कुरा हो ।



Downloaded from http://www.dhamma.digital

बरु यतातिर ध्यान दिनु उचित छ कि बुद्धधर्मलाई हिन्दूधर्मको शाखा भनी किन प्रचार गरिन्छ । यसरी एउटा शुद्ध धर्मलाई अर्को धर्मको शाखा हो भनिनु चाहिँ साह्रै नै अविवेकपूर्ण धृष्ट कुरा हो। बौद्धहरूले हिन्दूआचरण गर्न सक्छन् तर बुद्धधर्म हिन्दूधर्म होइन । बुद्धधर्म एउटा छुट्टैप्रकारको धर्म हो। हिन्दूधर्ममा विद्यमान अमानवीय संस्कारहरूको विरुद्ध नवसंस्कार प्रतिपादन गरिएको र नयाँ विचारधाराहरू प्रतिपादन गरिएको धर्म *'बुद्धधर्म'* हो। नयाँ संस्कार आएपछि त्यो कसरी पुरानै रहन्छ ? प्रत्येक नयाँ प्रतिपादन नयाँ धर्म हो । त्यसको स्वतन्त्र अस्तित्व रहन्छ। मानवमात्रको लागिको वास्तविक धर्म त एउटै हुन्छ, त्यो दुइटा हुनै सक्दैन। आफ्नो धारणा र अपनाउने विधिको भिन्नताले धर्म नै विभिन्नप्रकारका मानिएका हुन्। त्यसमध्ये बुद्धधर्म पनि एकप्रकारको छुट्टै धर्म मानिएको हो। धर्मलाई मानवमात्रको भन्न छोडेर आफ्नो भन्न थालिनासाथ त्यो साम्प्रदायिक हुन पुग्छ । अहिले हिन्दूधर्म भनिएको पनि एउटा साम्प्रदायिक धर्म हो किनकि यो एउटा सम्प्रदाय भनी हिन्दूहरूले नै मानेका छन् । जसले आफ्नै जिद्दी पुऱ्याउँछ, त्यो साम्प्रदायिक हुन्छ । बौद्धहरूले पक्षपातपूर्ण ढङ्गले बुद्धधर्मको नाममा जिद्दीको व्यवहार गरी अरूलाई खिज्याउँछ भने यो पनि साम्प्रदायिक हुन पुग्छ । वास्तवमा बुद्धधर्म एक सम्प्रदायविहीन धर्म हो किनकि यो मानवधर्म हो र व्यावहारिक धर्म हो। बुद्धधर्म व्यापक हुनु र सबैद्वारा ग्रहण र कदरयोग्य हुनुको मुख्य अर्थ पनि सम्प्रदायविहीन धर्म हुनुले हो। हिन्दूधर्मको मूल सार भएको ईश्वरवादबाट अलग्ग भएको हुँदा पनि बुद्धधर्मलाई हिन्दूधर्मको शाखा भन्नु कतिको उचित हुन्छ, विद्वज्जनले खुल्ला दिमागले विचार गर्नुपर्ने कुरा हो। बौद्ध भनिने व्यक्तिले ईश्वरवाद र अवतारवादलाई जानेर वा नजानेर व्यवहार गर्दैमा सिद्धान्तप्रति नै आक्रमण गरेर बुद्धधर्मप्रतिको दूषित अर्थ लगाइनु कुनैप्रकारले बुद्धिमानी होइन ।

बुद्धधर्ममा थेरवाद र महायान आदि निकायहरू देखापरेका छन् । ती सबैको अन्तिम लक्ष्य बुद्ध बन्नु र निर्वाणत्व प्राप्त गर्नु हो । ईश्वरवाद बुद्धधर्मको कुनैपनि निकायमा निहित छैनन्। व्यवहारमा देखिएतापनि त्यो वास्तविक होइन भन्ने कुरा त्रिपिटकले बताएको छ। पछि पछि सृजित भएका शास्त्रहरूमा नयाँ र विवादास्पद कुराहरू समावेश हुनसक्छन्, त्यससम्बन्धमा विद्वान् दार्शनिकहरू र साधुहरूले बिनापूर्वाग्रह प्रष्ट पारिदिनु आवश्यक छ ।

❋

---

*'धर्मप्रदीप' बु.सं २५४० (वि.सं. २०५३)



Downloaded from http://www.dhamma.digital

# धर्म र व्यवहार*

मानिसले जुन काम गरेपनि आफ्नै सन्तोषको लागि गर्दछ। मानवहित भनेको मानवसन्तोषको कुरा हो । आफ्नो सन्तोषको लागि गरेको कुरालाई नै मानिसले हितको कुरा भनी संझन्छ । पशुपन्छीलाई मारेर खाएपनि मानिस उचित नै संझन्छ किनभने ऊ आफ्नो तर्कमा पशुपन्छी मानिसको आहारको लागि सृजना भएको हो, यसले मानिसको शरीरलाई पुष्ट गराउँछ र बल प्रदान गर्छ अनि देउतालाई बलि चढाउँदा ईश्वर खुशी हुन्छ भन्ने आदि कुरा निहित राख्दछ र सन्तोषको विषय बनाउँछ । चोर्ने मानिस पनि आफ्नो चोर्ने कामलाई ठीक नै संझन्छ। उसको विचार हुन्छ कि ऊ चोर्नमा सिपालु छ, रोजगार नहुँदा उसलाई चोर्न बाध्य गराएको छ, गरिबलाई सोसेर राखेको धन चोर्दा पाप लाग्दैन, चोरेर अरूलाई दिँदा धर्म हुन्छ आदि आफ्नो सन्तोषको कुरा सोच्दछ । झूठो बोल्ने मानिस झूठोलाई चलाक्याइँ संझन्छ र सधैं साँचो कुरा गरेरमात्र साध्य हुँदैन भन्दछ । कामकुरो आइपर्दा झूठ बोल्नाले केही हुँदैन, झूठ बोलेर बलियाबाट निमुखाहरूलाई बचाउन सकिन्छ आदि उसको बिचारले ठहऱ्याएको कुरामा ऊ सन्तोष लिन्छ र झूठ कुरा बोल्नमा धक मान्दैन । यौनसमागमको कुरामा पनि मानिस यस्तै सोच्ने हुन्छ कि यौन प्राणीविज्ञानअनुसारको मानिसलाई नभई नुहने आधारभूत कुरामध्येको हो, यसलाई रोकेर कुण्ठित राख्नुहुँदैन, यौन कुनै खिइने बस्तु होइन, यौन मानिसको अधिकारको कुरा हो, आपसमा मनपरेका मा जसले जोसँग यौन सम्पर्क राखेपनि हुन्छ। त्यस्तै सुरापान गर्ने र अम्मली बन्ने कुरामा मानिस त्यसरी नै सोच्ने हुन्छ कि अम्मलले शरीरमा फूर्ति दिन्छ, डरछेरुवापनलाई भगाएर निडर बनाउँछ, लज्जालुलाई हक्की बनाउँछ, शरीरमा पोष दिन्छ, मात्राको प्रयोगले औषधीको काम गर्छ, यो देवताले पनि सेवन गर्छ आदि उसको धारणा सन्तोषपक्षको हुन्छ । ती तर्क र विचारहरूसबै मानवमस्तिष्कजन्य सोचाइ हुन्। यस्ता कुराले मानिसलाई निकै सन्तोष दिएको हुन्छ। यस्ता सन्तोषलाई नै मानिस धर्म पनि भन्दछन्। यसैकारण धर्मबिना मानिस रहँदैन भनिएको हो। यसैले गर्दा नै थरी थरीका धर्मको सृजना भएको हो। मानिसले जुन विधि अपनायो त्यसको लागि त्यही धर्म हुने हुन्छ। विधि भनेको मनपर्ने कुराको व्यवहार हो। आफूलाई मनपर्ने



Downloaded from http://www.dhamma.digital

कुरा आफूलाई ठीक जँच्ने भएको हुनाले शास्त्रकारहरूले मनपर्ने कुराको सँगालोको रूपमा शास्त्रको रचना गरेका हुन्। मनपर्ने र नपर्ने कुराको द्वन्द्व नै धर्मको भेद हो। कोही मानिस चार वर्णको विधिलाई मनपराउँछ भने कोही त्यही वर्णवादको विरोध गर्छन्। कोही लामो टुपी पालेर, जटा बेरेर धर्म प्राप्त हुने विश्वास लिएर सन्तोष मान्दछन् भने कोही टुपी र जटालाई राग र मोहका कारण हुन् भनी कपाल मुडी सद्धर्म भनी सन्तोष मान्दछन्। यी दुबैप्रकारका व्यवहारवादीहरू आ-आफ्नैपनलाई हितका कुरा भन्छन्।

यो संसार मानिसकै हो भनी ठान्नेहरू धेरै छन् तापनि यो विश्वब्रम्हाण्ड चराचर जगत् हो भनी मान्नेहरू पनि कम छैनन्। मानिसहरू आफ्नो बुद्धि लगाएर काम कुरा गर्छन् भने तिनीहरू अरूको बुद्धिको प्रभावमा पनि लाग्ने गर्छन्। जसको विचार आफूलाई निको लाग्छ त्यसकै विचारमा आफू पनि पछि लाग्ने र त्यसलाई समर्थनगर्ने हुन्छ, यसै कुरालाई पट्याउनेलाई धर्मानुयायी भनिएको हो। अनुयायीहरू भक्त हुन जाँदा एकोहोरो भएर आफ्नै तारिफ गर्छन्। आफ्नोमात्र तारिफ गर्दा अरूको निन्दा गरेसरह पनि हुन जान्छ। यही कारण धर्मावलम्बीहरू आपसमा द्वेष प्रकट गर्छन्। यो द्वेष नै पनि मानिसको सन्तुष्टिको विषय भएको हुनाले धर्ममा नै गनिन्छ। यसैले एउटाको लागि धर्म जस्तो लागेको कुरा अर्कोको लागि पाप जस्तै लाग्ने भएको हो। धर्म र पापको परिभाषा धेरै धेरै गरिएका छन् तापनि एउटै कुरालाई सबैलाई धर्म नै हो वा पाप नै हो भनेका छैनन्।

*"कुण्ड-कुण्ड पानी, मुण्ड-मुण्ड विचार"* धर्म र पापको कुरामा यो उखान ज्यादै चरितार्थ छ। मुसल्मानलाई उल्टो व्यवहार गर्ने भनी आरोप लगाउँछन्। हिन्दूहरू पूर्वतिर फर्केर मुख धोई प्रार्थना गर्छन् भने मुसल्मान पश्चिमतिर फर्केर पूजा गर्छन् आदि तर्क हिन्दूहरूद्वारा गरिने भएको छ भने मुसल्मानहरू आफ्ना पवित्र तीर्थहरू मक्का मदिना रहेको आफू कहाँबाटको पश्चिम दिशालाई सम्मान गरेको कुरा बताउँछन्। मुसल्मानहरू हिन्दूको रीतिलाई कुरीति मानी त्यसप्रति असहमती जनाउँछन्। यही कारण हिन्दू र मुसल्मानबीच झगडा हुन्छ। यी दुबै पक्ष आ-आफ्ना सन्तुष्टिका कुराले अरूप्रतिको असन्तुष्टि जनाउने भएका हुनाले नै यिनीहरूको धर्म नै अलग भएको हो। हिन्दू र मुसलमान मिलेर बसेको ठाउँ पनि धेरै पाइन्छन्। उनीहरूको मिलाप पनि आत्मसन्तुष्टि हो र त्यही आत्मसन्तुष्टि व्यवहारमा उत्रँदा "मेल" नै उनीहरूको धर्म भएको छ। त्यो मेलको



Downloaded from http://www.dhamma.digital

वातावरणमा मुसल्मानले अल्ला र हिन्दूले ईश्वरको साथसाथै मित्रतालाई सर्वोच्च स्थान दिएर आफूबीच असामान्य सन्तोष लिने गरेका हुन् । यस्ता उदाहरण मानिसबीच धेरै पाइन्छन् ।

यसै सिलसिलामा विश्वास, आस्था र भावनाका कुराहरू धर्ममा गनिन आएका हुन् । भगवान् बुद्धले धर्म भनेर आफ्नै उपदेशलाई मानेका छन् । मानिसको हितको लागि भनिएको कुरालाई नै धर्म मान्ने भगवान् बुद्धको सिद्धान्त छ । मोजमज्जा लुटेर व्यक्तिगत जीवन बिताई बस्नेहरू भगवान् बुद्धलाई समय र परिस्थिति नबुझेका अव्यावहारिक व्यक्ति हुन् भन्दछन् भने अनिर्वचनीय मानव समाजभन्दा टाढा रहेर बस्ने, ईश्वरलाई नै सबै कुरा हुन् भनी ठान्ने विद्वद्वर्ग भगवान् बुद्धको अनीश्वरवादी विचारलाई सिल्लीको संज्ञा दिन्छन् । तीनीहरू बुद्धका अनुयायीहरूले शान्ति र अहिंसाको कुरा गर्दा कायर र समाजलाई कमजोरी बनाउने भनी उनीहरूप्रति लाञ्छना लगाउँछन् । यसरी अरूलाई लाञ्छना लगाएर त्यस्ता व्यक्तिले आफ्नो धर्म पालन गरेको ठान्छन् । धर्मलाई कर्तव्य भन्ने धेरै छन् । कर्तव्यको परिभाषा पनि उतिकै जटिल छ । कर्तव्यको शाब्दिक अर्थ त "गर्नु योग्य कुरा" हो । अब कुरा आउँछ, कस्तो कुरा गर्नु योग्य छ । सामान्य अर्थ लगाउँदा गाइबस्तु पाल्नेले बस्तु चराउने कर्तव्य ठानेझैं झगडियाले एकाबिहानै आँखा मिच्दै शत्रुको विपक्षमा राँको छोड्छन् । जसलाई जस्तो कुरा आइपरेको छ त्यसलाई त्यही कुरामा लाग्न मन उब्जेको हुन्छ । त्यसैमा लागेर त्यसले मनमा सन्तोष लिन्छ । यसैको फलस्वरूप संसारमा हित भनिएका धेरै शास्त्रहरू भएर पनि मानिसहरू त्यसमा मात्र लागिरहेका छैनन् । मानिसले शास्त्रलाई अवश्य पछ्याउँछन् तर त्यसभित्रका आफूलाई मनपर्ने कुरामात्र छानी छानी लिने गर्छन् । यसरी छान्दा विषयीहरू विषयवासनाकै कुरा छान्छन् भने लडाकुहरू लडाईंकै कुरा छान्छन् । यस्तैयस्तै आ-आफ्ना मनले खाएका कुराहरू शास्त्रबाट छानी छानी व्यवहार गरिरहन्छन् । घडी, पला, लक्षण आदिको साइत हेरी शनिवार, मंगलवारका दिनको छोड विछोड आदि कुरालाई धर्म संझेर घरबार र परिवारको अप्ठ्यारालाई कतिपनि वास्ता नगर्ने कति छन् भने मौका बेमौकाको ख्याल नगरी स्वेच्छामा व्यवहार चलाउने पनि उत्तिकै छन् । यसप्रकारका मानिस आ-आफ्नै पक्षलाई धर्म मान्दछन् र एकअर्काको पनलाई आलोचना प्रत्यलोचना गर्छन् । कोही जुन कुरालाई अन्धविश्वास मान्दछन्, त्यही कुरालाई कोही सद्विश्वास भन्दछन् । यस्ता तर्कवितर्क र वादविवादलाई पनि आजका



Downloaded from http://www.dhamma.digital

मानिस धर्म संझन्छन् । आफूलाई परेमा मानवअधिकार भन्ने र त्यही कुरा अरूलाई परेमा नियन्त्रण र व्यवस्थाको नारा दिने ले पनि आ-आफ्नै विचारलाई धर्म भनेर नै मान्दछन् । शास्त्र मानिसले बनाएको हो, यस्ता शास्त्र अनगिन्ती छन् र अनगिन्ती भएर आउँछन् पनि । कसैले शास्त्र भनेरै मानेर बस्छन् भने कसैले मान्दैनन् पनि । यसरी मान्नु र नमान्नु दुबै धर्म भएका छन् । यसैकारण स्वभावलाई धर्म भन्ने धेरै छन् । यसप्रकारको स्वभावधर्मलाई बचाउन स्वभावलाई नै शुद्ध पार्नुपर्छ भन्ने धर्ममत पनि रहेको छ ।

यसरी टुंगोमा नपुग्ने धर्मको अर्थ बताउँदा मानिस भ्रममा पर्न सक्छ । सबैको हित चाहने पनि यस दुनियामा नभएका होइनन् तर त्यस्ता व्यक्ति सँधै दुनियाको चालचलनमा अलमल परेका हुन्छन् । सबैको चाहना हितकै छ तर किं कर्तव्यविमूढमा पर्नुपर्दा समाजमा नकामको मान्छेजस्तो भएर त्यस्ता मानिस जोकरझैं फाल्टो भएको पनि देखिन्छ । यस्तो कुरा उठाउँदा कमसे कम पनि धर्म र व्यवहारको आदर्शको पहिचान उसको भित्री आशय र स्वभावलाई थाहा पाउन गाह्रो पर्छ । कति साधु चोर पनि निस्केका छन् कति नपत्याउँदा खालका व्यक्ति साधु निस्केका छन् । यस्तो अवस्थामा प्राय:जसो धर्मको नारा जस्तै भएको एउटा कुरा छ, त्यो हो *'मनसा, वाचा, कर्मणा'* । मनले जे देख्यो त्यही बोल्ने र जे बोल्यो त्यस्तै गर्ने यसको अर्थ हो । यसरी मनले देखेकै कुरालाई बोलेर र बोलेको कुरालाई यथार्थरूपमा गर्ने व्यक्ति नै धर्मलाई जान्ने र सबैको समक्ष सद्व्यवहार गरी मानवहित सोच्ने हुन् भनी बताउन हिच्किचाउनुपर्दैन । यस्ता व्यक्ति सानो स्वरले बोल्ने होस् वा चर्को स्वरले बोल्ने होस् धर्म र व्यवहारलाई राम्ररी अँगालेका व्यक्ति हुन् भन्न सकिन्छ । यस्ता मन, वचन र कर्मस्वरूप पालन गर्ने गरेको धर्म नै वास्तविक धर्म हो । यस्ताले गरेको व्यवहार नै वास्तविक हितैषी व्यवहार हो । यसप्रकारका व्यक्तिले पालन गर्ने धर्म प्राय: शान्ति र अहिंसाकै हुन्छ र उनीहरूको व्यवहार पनि प्राय: लोकप्रिय नै हुन्छ । आजको धार्मिक वा सामाजिक संघ-संस्था र राजनैतिक पार्टीहरूको मूल्यांकन पनि यही *'मनसा, वाचा, कर्मणा'* मन्त्रले गर्न सकिन्छ । जे जस्तो भएपनि असल मानिस सद्धर्म चाहन्छ, सद्व्यवहार चाहन्छ । *"सद्"* को अर्थ बहुजनहिताय बहुजनसुखाय हो ।

❋

---

*'बुद्धजयन्ती-स्मारिका' बु.सं २५४० (वि.सं. २०५३)



Downloaded from http://www.dhamma.digital

# बुद्धधर्मको सामान्य सार*

भगवान् बुद्धले सत्त्व प्राणीहरूको उद्धारको लागि धेरै कुरा बताउनुभएको छ। ती कुरामध्ये भिक्षुहरूलाई नै धेरै जसो बताउनुभएको छ। भिक्षुहरूलाई बताउनु भनेको नै धर्मचक्रप्रवर्तनको माध्यम हो। भगवान् बुद्धले भिक्षुहरूलाई *"चरथ भिक्खवे चारिकं बहुनजहिताय बहुजनसुखाय"* भनी आफूले दिएका उपदेशलाई घरैपिछे अनि गाँवैपिछे र मानिसैपिछे सुनाउन आज्ञा दिनुभएको हो। भगवान् बुद्धले प्राय:जसो उपदेश श्रावस्तीका अनाथपिण्डिक महाजनको आराम जेतवनविहारमा बसी दिनुभएको छ। भिक्षुहरूले पनि आफूले बुझ्न नसकेको कुरा भएमा सवाल गरी गरी भगवान् बुद्धसँग सोध्ने गरेका छन्। भगवान्‌ले पनि छानी छानी भिक्षुहरूलाई बुझाउने पाराले दोहोऱ्याई तेहोऱ्याई बताउने गर्नुहुन्छ। जहाँसम्म यस संसार को जीवनपरंपराको कुरा बुझ्न सक्दैन त्यहाँसम्म कसैले पनि आफ्नो जीवनलाई उँभो लगाउन सक्दैन। यसविषयको कुरा बुझेपछि त्यस्ता व्यक्तिलाई *'प्रज्ञाज्ञान'* भएको भनिन्छ। *'प्रज्ञाज्ञान'* हुने मानिस आफू र अरू दुबैको हित र कल्याण हुने कामकुरामा अग्रसर हुन्छन्। आफ्नो पनि अरूको पनि हित नहुने कामकुरामा लागिरहनुको मतलब अविद्या हो भनिन्छ। अविद्याले नै यो संसार अन्धकार हुने हो भने प्रज्ञाज्ञानले अन्धकार नाश भई झलमल र उज्ज्वल हुन्छ। प्रज्ञाज्ञानले नै दु:खमय संसारमा विजय प्राप्त हुन्छ। यसप्रकारको विजयमा शंका भनेकै हुँदैन।

शुद्ध, शान्त र निर्मल हुन सक्ने चित्तमा ठूलो भय उत्पन्न भएर आउनुको कारण अविद्या नै हो अनि उपद्रव र विघ्न हुने आदि सबै कुराहरू पनि अज्ञान नै अर्थात् अविद्या नै हो। यो अविद्या भनेको थाहानभएको र नबुझेको मात्र नभै संझनु पर्ने किसिमले नभै उल्टो बुझिलिनु पनि हो। त्यसैले जोकोहीसँग दिक्क भएर खिन्न हुने पनि त्यही अज्ञानले हो। त्यसैलें नै मानिसभित्र सृजना भएर आउने रागअग्नि, द्वेषअग्नि र मोहअग्नि जस्ता घोर अन्धकारका कुरालाई बुझिलिनु नै यस विषयको राम्रो अध्ययन हुनेछ। यस्ता कुरालाई प्रज्ञासहितको स्मृतिले अवगत गरी अग्रसर हुन सक्नेलाई साँचैको भिक्षु भनिन्छ। यसो भन्दा प्रज्ञाको ठूलो महत्त्व रहेको छ भन्ने कुरा सिद्ध हुन आउँछ। यसप्रकारको प्रज्ञा भनेको के हो भनी हेर्दा यहाँ देखिराखेका र देखिन आउने विज्ञानधातु, पृथ्वीधातु आदि ६ वटा कारण भएका संज्ञाहरू एकै ठाउँमा जम्मा भइरहेको कारण नै हो। त्यसबाट धातु राम्रो भएर आउने र नराम्रो भएर जाने



Downloaded from http://www.dhamma.digital

धर्मलाई यथार्थरूपले हेरी थाहापाउनुपर्ने अनि त्यस्तो कुरालाई पहिले नै विचार पुऱ्याई ज्ञानदृष्टिले देखेरमात्र चित्त-कल्पना गरिनुलाई प्रज्ञा भन्ने गरिन्छ। अब चित्त भनेको के हो भन्दा ज्ञानले बास गर्ने ठाउँ भन्ने बुझिन आउँछ । त्यसरी नै धातु भनेको के हो त भन्दा आकाशले ओगटिराखेका सबै ठाउँहरू हुन् भन्ने कुरा पनि जान्न सजिलो हुने भयो ।

मानिसलाई संस्कारले च्यापिराखेको छ । यही संस्कारमा डुबेर मानिसले आफूलाई बिर्सने भएको ले भगवान् बुद्धले अनित्यको कुरा संझाई मानिसलाई दु:खबाट मुक्त गराउने प्रयास गर्नुभएको हो । संस्कार कसरी अनित्य भएको हो भन्दाखेरि संज्ञा, वेदना र तृष्णाको रूप लिँदै संस्कार हराउँदै जाने भएको ले हो। यसरी एउटा एउटा कारणले एउटा एउटा बस्तु उत्पन्न हुने भएको हुनाले यो संसार अडिरहेको हो। माटो, पानी, प्रकाश र हावा यी चार कुरा मिलेर प्राणीको जीवात्मा बीचको रूपमा देखापरेर अनि देखापरेको बस्तुलाई नै रूप भनी कल्पना गरेर संज्ञा बनाइराखेको ले हावा, पानी र तातो प्रकाश तीन कुरा एकै ठाउँमा मिलेर अन्न र फलफूल आदि सबै पदार्थहरू भएर आउने हो। यो संज्ञाको अर्थ नाममात्र हो, कुनै एक शुद्ध बस्तु होइन भन्ने कुरा बुझ्नुपर्छ। यो कुरा बुझ्न *'प्रज्ञा'* चाहिन्छ। प्रज्ञा नभई बीज यसरी भयो अनि अन्य पदार्थहरू कसरी भए भन्ने कुरा थाहापाइँदैन । ईश्वरवादीहरू यी सबै कुरा हुने ईश्वरको प्रभावले हो भन्दछन् तर त्यसो होइन विभिन्न तत्त्वहरू एकत्रित भई कार्यकारणको भावले मात्र जुनसुकै बस्तु हुने हो। त्यसैले नै यो बस्तु भन्ने कुरा नाशवान् र अनित्य भएको हो । एउटाले गर्दा अर्को हुने हो भन्ने विषया भगवान् बुद्धको हेतुवाद हो। यसैप्रकारले तृष्णाले गर्दा वेदना हुने र त्यही वेदनाले गर्दा तृष्णा पलाएर आउने हो। यसो हुनाको कारणले नै यो संसार रहिरहेको हो । त्यसैले नै मानिसहरू यस भवसंसारबाट पार हुन नसकिराखेका हुन्। यसो भएर नै विज्ञानले जस्तो कल्पना गऱ्यो उस्तै फल प्राप्त हुने हो । धर्मको बीउले धर्म र तृष्णाको बीउबाट तृष्णा नै उत्पन्न हुन्छ भनिएको पनि यसैले हो । अब आएर उच्च मनुष्यको काम के हो त भन्दाखेरि असल कुराको कल्पना गरी धातुलाई राम्रो पारी चित्तलाई शान्त पारेर एकाग्ररूपमा बस्नु नै हो। अब सिद्ध हुन आयो कि दु:खको कारण *'प्रज्ञा'* नभएका ले बुझ्न नसकिने र त्यही नबुझेको कारणले विषयवासना उत्पन्न भएर आउने र त्यसैले नै मानिसहरू भवचक्रमा डुबेर दु:ख भोगिरहने हो।

भगवान् बुद्धले बताउनुभएको अर्को कुरा हो 'अनात्म'। 'अनात्म' भनेको आत्मा भनेर मानिराखिएको बस्तु नित्य नरही क्षीण भएर जाने बस्तु हो । आफू क्षीण हुँदै नष्ट भएर गएर पनि अरूलाई



Downloaded from http://www.dhamma.digital

नाश हुँदै गइरहेको छ भन्ने कुरा बोध नगराइदिने नै यो "आत्मा" भन्ने बस्तुले हो । मानिसहरू प्रज्ञारूपी चैतन्यलाई गुमाएर अचेत हुने कारणले नै अनित्यमा भुलेर आहार-विहार गरिरहने भएका हुन् । यी आहार-विहारहरू सबै अनित्य भई लोप हुँदै गइरहेको नै यो आत्मा भन्ने बस्तु हो । कुनै धर्ममा यो आत्मा भन्ने बस्तु हराएर बिलाएर जाने होइन भन्ने छ । बुद्धधर्मलाई बुझ्नुपर्ने पनि यहाँनिर हो । जीवमात्र भइरहेको प्राणीहरूले रूप, वेदना, तृष्णा, विज्ञान, संज्ञा र संस्कार लाई आत्मा भन्ने बोधगरी अनि तृष्णाका कारणले नै आफूले आफैलाई हराएर सिध्याइराखेको ले नै त्यस्तालाई भगवान् बुद्धले प्रज्ञाहीन भएका भनी भन्नुभएको हो । यही नै आत्माको अनित्यताको व्याख्या हो । त्यसैले यो धर्म भनिइरहेको बस्तु नै 'अनात्म' हो । दु:ख भइरहेको छ भन्ने पनि थाहा नपाउने "आत्मा" भन्नेलाई जीवनको मुख्य बस्तु हो भनेर कसरी भन्ने । यसरी बुद्ध भएको ले नै यो 'अनात्म' हो भन्ने स्वत: देखिन आउँछ । यसविषयमा बिचार गरेर हेरेपनि हाम्रो देहअनुरूपको जीवन पाँच तत्त्वले बनिरहेको हो, अनि यी पाँच तत्त्व पनि आफैआफ नाश भएर जाने बस्तु हुन् भने त्यस्ताको बीचमा त्यो आत्मा भनिएको बस्तु कसरी रहिरहन्छ ? यसरी बुद्धको मूल सिद्धान्त *'अनित्य, दु:ख र अनात्म'* पहिल्याउने मार्ग भइरहेको छ । दु:ख छ भन्ने बोध गरेर त्यस दु:खलाई शमन गर्ने मार्गरूपी उपाय गर्दै जानेलाई प्रज्ञावान् व्यक्ति भनिन्छ । भएका, भइरहेका र भएर आउने कुरालाई बुझ्ने त्यस्ता प्रज्ञावान्को चित्तमा दु:ख सुख भन्ने रहँदैन भन्ने नै यी सबै कुराको सारांश हो भन्न मिल्छ । हामीले अँगालिराखेका पाँच इन्द्रियहरूमा एकको काम कुरो अर्कोसँग मिल्दैन तैपनि ती पाँचै ज्ञानेन्द्रियहरूले शरण लिने ठाउँ भने त्यही *'चित्त'* हो । त्यसैले त्यस चित्तलाई नै हामीले आफू भन्ने गर्दै आएका छौं । त्यो *'चित्त'* नभएको भए मानिसको लागि शरण भन्नु नै कहीं नहुने हुन्छ । त्यसैले मानिसको शरीरको महत्त्व नै त्यस देहमा *'चित्त'* बस्दाखेरिमात्र हुने हो । *'चित्त'* बाहिर गइरहेको बेला शरीर त खालि मुढो झैं मात्र हुन्छ । दु:खवेदना भनेकै चित्तले पत्तालगाउने भएको ले प्रज्ञा हुनेले त्यस दु:खवेदनालाई निरोध गर्दै गइरहन्छ । प्रज्ञाप्राप्त हुनेको चित्तमा सुख दु:ख दुबै नहुने हुनाले चित्तको त्यस अवस्थालाई *'प्रज्ञापारमिता'* भनिएको हो । यस प्रज्ञापारमिताधर्मलाई नै पनि बुद्धधर्म भनिएको हो । यही प्रज्ञाज्ञानलाई बुझ्ने भएको हुनाले भगवान् बुद्धलाई "सुगत" भनिएको हो । सुगतले समाएको मार्ग सुगति हो । सुगति भनेको चित्तमा रहेको पदार्थमा द्वेष हराउँदै जाने र "म, मेरो" भन्ने नहुने हो । चित्तमा आफू, अरू र मनपर्ने नपर्ने आदिको भाव घुसिरहनु दुर्गति हो । चित्तमा घुलमिल भइराखेको दुर्गतिको भावलाई पन्छाएर हेर्न सक्नुलाई



Downloaded from http://www.dhamma.digital

आर्यअष्टांगिक मार्गको एउटा अंग सम्यक्-दृष्टि भनिन्छ। यसरी हेरेर लैजाँदा संसारसागरबाट पार भएर जाने ज्ञान अज्ञानको मिश्रण नभएको निर्मल शुद्ध प्रज्ञायुक्तभइरहेको बुद्धि विवेक सबैको संगठनात्मकरूपमा *"संघ"* बनिरहेको धर्मलाई नै *"बुद्धधर्म"* भनिएको हो।

बुद्धले आफूले बताएका कुरा बुझेर व्यवहारमा प्रयोग गरियो भने त्यस्ता व्यक्तिले बुद्धधर्मलाई बुझ्यो भनेर जान्नु भनी बुद्ध आफैले भन्नुभएको छ। बुद्धको धर्म भनी वहाँले यसप्रकार संझाउनुभयो कि पहिलेको, पछिको, भएर आइसकेको, फेरि पछि आफूमा यसो गराउनुपर्छ, त्यसो गराउनुपर्छ, आफ्नो मृत्युपछि पनि यसो गराइनुपर्छ त्यसो गराइनुपर्छ भन्ने जस्ता अनुचित बिचारलाई त्यागेर वर्तमानमा नै विवेक बिचार राखी आफू भविष्यमा रहने हो वा होइन के हुने हो भन्ने कुरा बुझी पहिले अनजानमा भइसकेको कर्मलाई छोडेर फेरि अहिले पनि के हुने हो भन्ने नै *'बुद्धधर्म'* हो। *'म कस्तो हूँ, म भन्ने छ कि छैन, म भन्ने को हो, म भन्ने सत्त्वप्राणी कहाँबाट आयो, यो कहाँ जाने हो'* भन्ने जस्ता थाहा नभएका कुराहरूलाई संझाई बुझाई अनुभव गराइदिने बुद्धको शिक्षाको लक्ष्य हो। यसप्रकारले बुझ्ने कोशिश नगरिकन अरू अरूको शरणमा गई आफूलाई *'यस्तो होओस् त्यस्तो होओस्'* भनी प्रार्थनागरी आफ्नो ज्ञान बुद्धिलाई आफैले छोडेर बाटो बिराएर हिँड्ने गरिराख्यो भने त्यसले बुद्धलाई नदेखेको हो।

दुर्गतिको विषयमा उल्लेख गर्दै यसरी भनिएको छ कि दु:खको गति भन्नु नै नरक हो। काय, वाक् र चित्त तीनैवटालाई संयोजन गरी गरिने दुराचार वास्तविक दुर्गति हो। मानिसमा दु:ख आइपर्ने कारण कुरा एउटा काम अर्को गर्ने गरी त्यसको परिणाम आफूमा आउने आपत्ति अनि मनमा ईख राखी अरूको हानि हुनेमा दंग हुनु, अरूको लाभ हुनेमा दु:ख मनाउने आदि नरकभोग हो। बुद्धधर्ममा जुन सुखावतीभुवनको कल्पना भयो त्यो काय, वाक् र चित्तद्वारा शुद्ध दानशीलभावनमा रही अनित्य पदार्थसँग इच्छारहित भई सुशील स्थान प्राप्त भएको अवस्था हो। यस लोकमा मानिसहरूले मानिस आफैले नै थाहा नपाउने गरी पाइला बढाइराख्ने ठाउँ पनि छ, जस्तै आफ्नो चरित्र सुचरित्रले भरिएको छ भने आफूले उसैले मात्र गरिरहेको भनी नराम्रो अविवेकलाई कल्पना गरिरहेको चाल नपाई अनिष्टतिर गइराख्नु।

चित्तमललाई फालेर मानिसका बीच भेदभावलाई त्यागेर प्रज्ञाज्ञानले बाँधेर पिँजडामा रहेको चरालाई पिँजडाबाट छोडिदिँदा जसरी स्वतन्त्र हुने हो त्यसरी नै अन्धकारबाट उज्यालोमा पुग्ने ज्ञान दिने र बिराएको बाटोबाट न बिराइएको बाटोमा पठाउने नै बुद्धको धर्म हो।

❋

*'आनन्दभूमि' बु.सं २५४० (वि.सं. २०५३)



Downloaded from http://www.dhamma.digital

# बुद्धधर्म ह्रास हुनुमा बौद्धकै कमजोरी*

धर्म भनेपछि मानिस हुरुक्क हुन्छ र ज्यानसमेत फाल्न तयार हुन्छ। आफूले मानेको धर्मलाई अरूले आलोचना गर्नासाथ मानिस उत्तेजित हुन्छ । यसै बेला एक धर्मको मानिस अर्को धर्मको मानिससमा जाइलाग्न पुग्छ । जुनसुकै धर्मले शान्ति चाहन्छ तर आलोचना र जाइलाग्ने गरेर मानिसले शान्ति भंग गरिरहन्छ । आ-आफ्नो धर्म आ-आफ्नो लागि हो। आफ्नो धर्म अरूको हितका लागि पनि हुनु आवश्यक भएपनि यो गौण कुरा हुन गएको छ किनकि आफ्नो धर्मका लागि मर्नु भनेको नै अरूको धर्मलाई गौण सम्झनु हो । सहिष्णुता हुनु धर्मको गुण हो तथापि मौकामा सहिष्णुता गुम्नु भनेको पनि धर्म कै कारण हो। मानवको बीच धर्म स्वयं निरपेक्ष हो तर मानिस धर्मलाई सापेक्ष बनाउन चाहन्छन् । धर्ममा झगडा हुने यही कारण हो कि प्रकृतिको विरुद्ध गएर मानिस आफैमा सीमित हुन चाहन्छ । यसरी सीमित हुनु पनि संस्कारप्रतिको मोह हो। संस्कार मानवीय भएको हुनाले त्यसमा असल र खराब दुइटै हुन सक्छन् । असलको अर्थ मानवमात्रको कल्याण हो भने खराबको अर्थ कुसंस्कार गाँसिदै जानु हो, जुनले मानवहितविपरीतका क्रियाकलापलाई अपनाउने हुन्छ । निरभिमान निस्वार्थी मानिस मानवको अहित कहिल्यै चाहँदैन । मानवहित चाहँदा उसले कहीं पनि भएको कुसंस्कारलाई हटाउन सुधारकको नाउँमा अगाडि सर्छ। भगवान् गौतम बुद्ध यस्तैप्रकारका सुधारक हुन् जसले सामाजकि क्रान्ति गरी कुसंस्कारलाई हटाउन खोज्यो । समाजमा भएको कुसंस्कारलाई हटाउनु भनेको स्पष्ट छ कि कसैको आलोचना गरेको र कसैको विरोध गरेको होइन। कसैको धर्म भन्दैमा मानवहितविपरीतको कुरालाई अँगालेर अरूको शोषण गर्ने र अरूलाई उत्पीडन दिने गर्नु कुनैपनि सामाजिक न्यायले दिँदैन । उत्पीडन त सरासर अर्धमको कुरा हो। अरूलाई त के आफैलाई घात गर्न खोजेपनि त्यो अपराध हुन्छ । यसैले आज पनि आत्महत्या गर्नेलाई कानूनत: सजायँ गरिन्छ। उसबेला बुद्धले समाजमा जुन क्रान्ति चलायो त्यो कुनै धर्मको विरोध होइन, त्यो त कुसंस्कारको विरोध हो । हत्या र उत्पीडनको विरोध हो । हत्या र उत्पीडनको विरोध गर्नु कसैको धर्मको विरोध होइन। हत्यालाई नै कसैले धर्म संझन्छ भने त्यस्तो ठाउँमा बसेर शान्ति पाउनु बालुवाबाट तेल निकाल्नु हुनेछ ।

बुद्धले अगाडि सारेको क्रान्तिको



Downloaded from http://www.dhamma.digital

पाइलालाई कालान्तरमा नेपालले बंग्याउँदै लगी पुन: जातिवाद, शोषण, उत्पीडन र हिंसा, बलि जस्ता संस्कारलाई बढावा दिँदै लगियो । फलस्वरूप आज नेपालमा बौद्धहरू पंचशीलको विरुद्ध पंचमकार प्रयोग गरी आफूलाई पक्का बौद्ध ठान्ने भइरहेका छन् । नेपालमा थेरवादको अतिरिक्तको बुद्धधर्मले जरो गाड्दै आजसम्म पनि त्यस्तो जातिवाद र हिंसालाई प्रमुखता दिने बौद्धहरू रहिरहेका छन् । यसप्रकारका बौद्धहरू कर्मकाण्डमा विश्वास गर्छन् र कर्मकाण्डले नै धर्मलाई बचाइराखेको हो भन्छन् । कर्मकाण्ड वास्तवमा जुनसुकै वाद र निकायमा रहेको हुन्छ, तर यहाँ त्यसप्रकारको कर्मकाण्ड छ जसबाट मानवबीच भेदभावलाई उब्जाइरहेको छ र मानिसबाट मानिसको शोषणमा जोड दिने भइराखेको छ । नेपालमा थेरवादको विधिजस्तै अरूवादका ले पनि प्रव्रजित गराउने अर्थात् टुपी काट्न लगाएर चीवरवस्त्र पहिराएर, पिण्डपात्र ग्रहण गराएर प्रव्रज्याविधि अपनाउँछन् । भगवान् बुद्धका अनुसार प्रव्रज्याविधि अपनाएपछि आफ्नो भनिएको जाति र वर्णबाट अलग भई मानवमात्रको एउटै जातमा गनिने हुन्छ भने यहाँ यसरी प्रव्रजित गराएर उल्टो जातपात र वर्णव्यवस्थालाई सृजना गरेर त्यसैमा कट्टर बनाइन्छ । यसप्रकारका वर्गले न प्राणीविज्ञानलाई मान्यता दियो न मानवमूल्यलाई नै कदर गऱ्यो । यसको मतलब न बाबुको वीर्यलाई मान्यता दियो न आमाको रजलाई मान्यता दियो । अझ स्पष्टसँग सम्झाउने हो भने बाबुले जन्माएको छोरालाई पनि आमाकै जातबाट च्युत र आमाले जन्माएको छोरालाई पनि आमाकै जातबाट च्युत गर्ने गराई बाटोमा पाएको कुल गोत्र थाहा नभएको, आमाबाबुको ठेगाना नभएको बच्चालाई काखी च्यापी आफ्नो बनाई प्रव्रजित गराएर आफ्नो कुलमा प्रतिष्ठित गराउँछन् र प्रव्रजितविधि गराई उच्चकुलमा गणना गराइरहन्छन् । यसप्रकारको मनगढन्त व्यवहार गर्ने धर्मरक्षक भनाउँदा जातवादका पृष्ठपोषक पनि देखापरेका छन् कि प्रव्रजित हुन अधिकार भएका बाबुका आफ्ना छोरालाई जुनसुकै जातको आमाबाट जन्मेको भएपनि प्रव्रजित गराउँछु भनी कुर्लन्छन् र बाटाघाटामा दगुराएजस्तै विहारको मूल भागलाई छोडेर जुनसुकै भागमा पर्यन्त प्रव्रजित विधि भनेर पनि गराउँछन् । त्यस्ताले आफ्नै आँखा छलेर दुनियाँको आँखा छलें भनी गौरव मान्छन् । आफू जातपातमा विश्वास नगर्ने भन्दाभन्दै पनि एक वर्गलाई भगवान्को समक्ष अर्थात् प्रतिमासमक्ष पुऱ्याएर अर्कोलाई बाहिरैबाट फर्काएर अर्को वर्गको सृजना गरी बाटैमा प्रव्रजितको विधि गराउँछन् । भगवान्को प्रतिमासमक्ष गई प्रव्रजित गराइएका को आफ्नै संघ भन्ने हुन्छ र त्यसको समाज



Downloaded from http://www.dhamma.digital

हुन्छ तर त्यसरी अलग्गै प्रव्रजित गराइएका विचरा न घरको न घाटको भई त्यसको कुनै संघ भनेकै हुँदैन । यसरी प्रव्रजित गराइएको नाममा भेदभावको जग मजबूत गर्ने जस्ता धूर्त चालबाजी पनि हाम्रो बुद्धधर्ममा चल्दोरहेछ । अब आफै स्पष्ट पारौं कि नेपालमा चलेको नामूद बुद्धधर्म वास्तविक बुद्धधर्म हो कि के हो भनी विचार गरी बुद्धधर्ममा अग्रसर हुनुपरेको छ ।

नेपालमा बुद्धधर्मको नाममा महायान र वज्रयान पनि बुद्धधर्मावलम्बीको गौरवको विषय छ । वास्तवमा भन्ने हो भने यस धर्ममा बुद्धका शिक्षा र दर्शनले ओतप्रोत नै छ तर यहाँ *'काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर'* भइरहेको छ । आग्राको कुरा गाग्रामा मिसाएर धर्ममा व्यवहार गरिएको छ । *'कहीं नभएको जात्रा हाँडिगाउँमा'* भनेझैं कहीं नभएको बुद्धधर्म यहाँ चलाइएका कुरामा धेरैले औंल्याएका छन् । यहाँ पैसाले धर्म चल्छ, पद र ओहोदाले धर्म चल्छ र कोरा ज्ञानले धर्म चल्छ । त्यसैले यहाँको बुद्धधर्म विचित्रको बनाइएको छ । नेपालमा चलेको बुद्धधर्म नवव्याकरणमा आधारित छ भनी सबैले मानेका छन् । ती नवग्रन्थहरूमा जातपात, छुवाछूटको भेदभाव र हिंसाकर्म कहाँ कुन ठाउँमा बताइएको छ भनी सोचेका नेपाली परम्परागत सच्चा बौद्धहरूले अहिलेसम्म पत्तालगाउन सकिएको छैन भने धर्मका कुन ठेकदारले त्यसको पोको फुकाली वास्तविक कुरा देखाइदिने हो थाहा छैन । धर्म हाहामा लाग्ने बस्तु होइन । यहाँ धर्म र दर्शनलाई हँसी उडाउने ठाउँ नदिने स्वनामधन्य गुरुहरू र बुद्धमार्गीको सामूहिक भेला हुने ठाउँमा यस्ता विषयमा छलफल हुनुपर्ने हो ताकि नवग्रन्थको इज्जत रहोस् र यसको मर्यादा कायम रहोस् । पात्र-सुपात्र आदिको व्याख्या गरियोस् ताकि बुद्ध र बुद्धधर्मको नाममा कलंक नहोस् । जसरी ब्राम्हणवादको विरोध गरिएको ब्राम्हणत्वको विरोध होइन अपितु अब्राम्हणीय चरित्रवादको विरोध हो । त्यस्तै नेपालमा चलेको बुद्धधर्मको शुद्धताको लागि गरिएको सुधारात्मक विरोध बुद्धधर्मका ग्रन्थ र संस्कृतिलाई विरोध गरिएको होइन अपितु ज्ञानको नाउँमा अज्ञानवाद र अन्धधृष्टताप्रति चेतावनी दिइएको हो ।

आज यहाँ थेरवाद अगाडि बढी रहेको छ । धेरै मानिस त्यसप्रति झुकिसकेका छन् । स्वयं महायानी वज्रयानी भन्नेहरू पनि थेरवादको विधिमा लागिसकेका छन् । विकृत संस्कार बोकिसकेका मानिसहरू थेरवादमा लाग्दा त्यहाँ पनि कर्मकाण्डको प्रभाव बढ्दै गइरहेको यहाँ महशूश हुँदै आएको छ । नयाँ सिसीमा पुरानो रक्सी भन्ने उखान झैं थेरवादमा पनि षोडश संस्कारका नाउँका विधिहरू चल्दै आएको देखिँदै



Downloaded from http://www.dhamma.digital

आएको छ। विधि फरक अवश्य देखिएको छ, तर संस्कारको रूपान्तरणमात्र भएको कुरा विचारणीय छ।

महायान जतिसुकै ठूलो यान भनिएतापनि यो व्यवहारमा उत्रेर विश्वासमा बढी आस्था राख्ने निकाय भएको छ। यसमा प्रतीकात्मकतालाई बढी जोड दिइएको छ जुन विश्वासमा भरपर्ने एउटा बलियो साधन भएको छ। जति विश्वासमा भर पर्दै जाने हुन्छ त्यसबाट नै अन्धविश्वासको पनि सृजना गर्ने हुन्छ। एउटै देवताको धेरै टाउको र धेरै मुख हुने कुराले जति शान्तिको कल्पना गरिन्छ त्यति भीषणता पनि दर्शाइदिन्छ। बुद्ध, धर्म र संघलाई पनि आकृति दिएर देवताको धारणा प्रस्तुत गरिदिएको छ जब कि धर्म बुद्धको उपदेशमात्र हो सिबाय अरू केही होइन। जसले उपदेशको पालन गर्छ त्यसको भलो हुन्छ र जुन कुराबाट भलो हुन्छ त्यो नै वास्तविक धर्म हो। त्यस्तै भिक्षुहरूको कल्याणकारी संगठन नै वास्तविक संघ हो। महायानले विश्वास र आस्थालाई जोड दिलाएर मानिसलाई दु:खबाट मुक्त हुने उपाय बताएको छ। यसमा शंका लिने ठाउँ रहँदैन र यसले समयसँग गति मिलाएर अगाडि बढेको पनि पाइएको छ तर पनि प्रत्यक्ष व्यवहारको अगाडि यो एउटा टाढाको फल जस्तो भएको छ।

थेरवाद व्यवहारमा कट्टर छ अनि महायान कट्टर छ विश्वासमा। दुबैको आ-आफ्नो स्थानमा विशेषता छ तापनि दुईका बीच समन्वय हुने लक्षण भने हराउँदै गएको छ। महायानलाई तन्त्रमा आधारित वज्रयानले संरक्षण दिएको छ भने थेरवाद भौतिक उन्नतिको अगाडि विचलित हुँदै गएको छ। अँध्यारोमा उब्जने तन्त्र आज बत्तीको प्रकाशमा शिथिल हुँदै गएको छ र थेरवाद पलायनवादमा अझ अगाडि बढ्दै ध्यानमा मग्न हुन थालेको छ। यस्तै परिस्थिति बहुपक्षीयतालाई ख्याल गर्ने बानी घट्दै गएको बेला बौद्धहरूमा समयसापेक्ष हुने कुराको सोच कममात्र आएको देखिन्छ। कोही जातले बौद्ध भन्छन् त कोही कर्मकाण्डले बौद्ध भएका छन्, अनि कोही मात्र चीवरले बौद्ध भएका छन्। कोही बौद्ध बुद्धधर्मका कुरा पढ्न तत्पर छन् त कोही पढाउन तत्पर छन् तर पढेको जानेको कुरालाई व्यवहारमा उतार्न कोशिश गरिएको भने बिरलै पाइन्छ। ज्ञान र अभ्यासमा दूरी भएको कारण आज बुद्धधर्म ह्रास हुने अवस्थाको अभ्यासमा देखिएको छ, यो कमजोरी बौद्धहरूको हो भन्नुमा हिचकिचाउन नपर्ने स्थितिको सृजना भएको छ।

❋

*'वैशाखमहोत्सव' बु.सं २५४० (वि.सं. २०५३)



Downloaded from http://www.dhamma.digital

# ज्ञानमालाभजन र प्रयोगको भाषा*

नेपालउपत्यकामा बौद्धजागरणको एउटा सशक्त माध्यम ज्ञानमालाभजन बनेको छ । भनज एउटा आध्यात्मिक भक्तिमार्ग हो । भक्तिले भक्तलाई आदर्श बनाई सुखसंपदा सम्पन गराउँछ । आदर्शता मनुष्यमात्रमा नभै नहुने गुण हो । आदर्शजीवन नै वास्तविक धार्मिक जीवन हो । आदर्शजीवन सितिमिति पाइने जीवन होइन । मनुष्यमा प्रादुर्भाव हुने रिस, राग, द्वेष आदि आदर्शताका बाधक हुन्, जसलाई मार भनिन्छ । मारप्रति विजय प्राप्त गर्ने व्यक्ति ज्यादै दुर्लभ हुन्छ । आजसममा पूर्णत: मारविजय गर्नेमा महामानव गौतम बुद्धसिबाय अरूलाई उदाहरणत: लिन सकिएको छैन । सामान्यत: धैर्य, सहिष्णुता, करुणा र मैत्रीले जीवनयापन गर्ने व्यक्ति हामी पाउँछौं तापनि बढी मानिसहरू यस्ता देखिँदैनन् । अधिकार खोज्ने धेरै हुन्छन् तापनि त्यसलाई बुझ्ने कम हुन्छन् । समाज व्यवहारका जाल, झेल, छल, कपटदेखि दिक्क भएका र त्यसबाट टाढा रहन चाहनेहरू प्राय: भक्तिमार्गमा लाग्छन् र आत्मसन्तुष्टिको लागि भजन गर्छन् । नेपालउपत्यका टोलैपिछे भजन गाउने परंपराको थलो हो । मन्दिर, विहार, घाट, पाटी यहाँ भजनले गुञ्जिराखेका हुन्छन् बिहान र बेलुका । चाडपर्वले छोपेको नेपालउपत्यका सांस्कृतिक बाजागाजाको पनि एउटा भण्डार नै हो । हाँसो र रोदनलाई टार्ने गीतमात्र नभै संयमित तरिकाले मनोरंजनलाई अँगालेर जीवनयापनको सरलताको लागि यहाँ भजनको व्यवस्था भएको छ । यसैले यहाँ दिउँसै पनि घर घर र बाटाहरूमा समेत भजन गुन्जिन्छन् । यहाँ भजन एक्लो कहिल्यै रहेन, सामूहिकरूपमा नै यसको संस्कार बसेको छ ।

परंपरागत भजनको परंपरालाई यहाँ नयाँ रूप दिइयो । त्यसको नाम ज्ञानमालाभजन रह्यो ज्ञानमाला भजनमात्र भक्तिवाद नभै समाजवादको रूपमा खडाभयो । ज्ञानमाला आफै आएको होइन यसलाई उब्जाएको हो । ज्ञानमाला उब्जेको कारण त्यसबेलाको राणासरकार हो । भक्तको नाउँमा सोझा सीधालाई दबाएर राज्यलाई एकलौटी र एकाधिकार गरेर जनताको आँखामा पट्टी हालेको फलस्वरूप जनताले पट्टी खोलेर आँखा उघार्न गरेको प्रयत्न नै ज्ञानमालाको इतिहास हो । कोरा भक्तिबाट जागरणका शब्दहरू



Downloaded from http://www.dhamma.digital

गाँसिएर भजनहरू पवित्र बौद्धस्थल स्वयम्भूक्षेत्रमा गुन्जिन थालेको हो। ईश्वर को गान तब जनगानमा परिणत भयो। अशिक्षारूपी पर्दालाई हटाई युवा र नारीजगत्मा चेतनाको लेस बढाउने भजनहरू उत्पन्न भए। भजनमाला ज्ञानमाला बन्यो। नेवारहरूको पुर्खौली र बाहुल्य रहेको राजधानीमा हिन्दी र मैथिलीभाषालाई उछिनेर त्यहाँकै स्थानीय भाषामा भजनहरू हारमोनियम र तमलामा गाँसिए। बुद्धका उपदेशहरूले भजनको रूप लिए। आफ्नै मातृभाषामा गाइएका भजनहरूले "भाय् मस्यू मुख्याजु भित्र भित्र जाऊ" भन्ने उखानलाई अगाडि सार्दै गाइएका भनजहरूको अर्थ सम्झन थाले। आफ्नो भाषामा हुँदा कुरा छर्लंग भयो, भाव बुझे गायक स्वयंले विस्तार विस्तारै श्रोतावर्गको कान पवित्र हुँदै आफू पनि भजनको गुणगान गर्ने भए। घर-घरमा जागरण आयो। प्रजातन्त्रको धारणामाथि जनताको साथ रह्यो। प्रजातन्त्रका कर्मठ कार्यकर्तामा बल प्रदान भयो, नवजागरणले पछ्यायो र नव आलोकले चिहायो। यसको कारण थियो कुरा बुझ्नु। आफ्नो मातृभाषामा गाइएको भजन सुनेर अन्धकारबाट उज्यालोमा आउन सकेको कुरा धेरैले सम्झे। तब मातृभाषामा ज्ञानमालाको विकास भयो। जहाँ जहाँ नेपालभाषा मातृभाषा बोल्नेहरू रहे त्यहाँ ज्ञानमालाको संचार भयो। ज्ञानमालाको संचार हुनु भनेको चेतनाको विस्तार हुनु हो। नेपालभाषा नबुझेका तर ज्ञानमाला सुनेको र गाएको देखेकाहरूले ज्ञानमलाका भावनाहरूको बयान सुन्दा ज्ञानमालाप्रति लालायित रहे। ज्ञानमालाभजन गाउनेहरूलाई *'सबैले बुझ्ने भाषामा गाऊ'* भन्न थाले। ज्ञानमाला गाउनेहरूलाई नेपालका जनजातिका भाषाहरू थारू, तामाङ, गुरुङ, मगर, थकाली र शेर्पा आदि भाषा आउँदैन थियो। राष्ट्रभाषा भएको नेपालीभाषासम्म बोल्न जानेपनि यसले सबै जातिको प्यास मेटिने भएन। नेपाली मातृभाषा हुनेहरूको लागि केही हदसम्म यसले बुझाउन सक्ने भएतापनि ज्ञानमालाको आधार उनीहरूको लागि नौलो र पच्य हुन धेरै समय लाग्ने भएको ले तिनीहरूको समाजमा त्यति प्रभावकारी नरहने भयो। नेपालभाषा नबुझेका तर नेपालीभाषाको संसर्गमा परेका बौद्धजनहरूले पनि नेपालीभाषामा ज्ञानमाला गाए, ज्ञानमालाको अनुसरण गर्न सकिएला कि भनी नेपालीभाषामा जोड दिएको पनि पाइयो। आ-आफ्नो मातृभाषामा जति सरल ज्ञान लिन सकिन्छ र सुचारुता एवं बोधगम्य हुन्छ त्यतातिर बौद्धजगत्ले सोचाइ नपुऱ्याउँदा यो ज्ञानमाला एउटै ज़ातिको पेवाझैं देखियो। अहिलेसम्म पनि ज्ञानमाला नेवारको जस्तो भइरहेको छ। ज्ञान त सबैको हो, कुनै जातिको पेवा



Downloaded from http://www.dhamma.digital

होइन। ज्ञानमाला प्रयोगको भाषा आफ्नो मौलिक मातृभाषामा हुनुपर्दछ तबमात्र नेवारजातिमा खुलेको ज्ञानझैं यसले प्रत्येक जातिमा चेतना जगाउँछ। नेवारजातिमा पनि यसको ऐतिहासिक परिप्रेक्षलाई ध्यान नदिएर भाषा बुझेन भन्ने पनि छन्। आफ्नो मातृभाषा बुझ्ने कोशीश नगरि कन प्रभावकारी प्रयोगको भाषामाथि आस्था गुमाउँदा मौलिकताप्रति चोट लाग्ने कुरातिर नसोच्नु राम्रो कुरा होइन। प्रत्येक भाषाभाषीले आआफ्नो मातृभाषामा ज्ञानमाला रचेर सामाजिक जागरण र मानवीय आचरणलाई उच्च धरातलमा पुऱ्याउने गरिएमा आज देखापरिरहेको उच्छृङ्खल सामाजिक वातावरणलाई हदसे हदसम्म सँभाल्दै जानमा मार्गदर्शन हुनेछ। ज्ञानमाला कुनै जात, जाति, धर्म, लिङ्ग र वर्गमा पूर्वाग्रह राख्दैन न भाषाको एक छत्रता नै चाहन्छ। ज्ञानको प्रचार प्रसार र आचरण नै यसको मूल लक्ष्य हो जुन कुरा यसले व्यवहारमा देखाउँदै आएको छ।

ज्ञानमालाले नेपालीपनलाई टिकाउँछ र संस्कृतिको जगेर्ना राख्दछ। आडम्बर र झूठवादको यसले पर्दाफास गर्छ। भक्तिमार्गलाई ज्ञानमार्गद्वारा डोऱ्याएर मानिसको मनुष्यत्व साँच्ने यस ज्ञानमार्गले गर्दछ। सफा वातावरण र स्वच्छमनस्थिति यसले कायम राख्दछ। पत्यारको लागि छापिएको एकप्रति ज्ञानमाला हात पारेर हेरेमा स्पष्ट हुनेछ। ज्ञानमाला भजन मात्र गाउनको लागि नभै बुझ्न र व्यवहार गर्न उपयुक्तविषय भएको छ। यसको प्रयोगको भाषा आआफ्नो मातृभाषा नै हो जसरी नेपालभाषाभाषीले चेतनालाई छरेर साकार गरेको थियो।

एउटै ज्ञानमाला आज अधिराज्यका ६८ ठाउँमा न्यानो गरी बसिसकेको छ। बौद्धजगत्‌मा पहिलो राष्ट्रिय संस्थाको रूपमा यसले निरन्तरता कायम राखी महासंघको स्थिति सृजना गरिसकेको छ। सामयिक, सर्वजनीन र व्यावहारिकता नै यसको प्रयोजन हो। साठी वर्षअगाडिको भजनरचना पनि आजको युगसापेक्ष रहेको नै यसको विशेषता भएको छ। आज नयाँ रचना थपिँदै छ, नयाँ संगीत भरिँदै छ। यसका प्रत्येक थपहरू परिस्थितअनुकूल भई समाजको हित र सुधारको लागि नमूना बन्दै गइराखेको छ।

❋

*'ज्ञानमाला-स्मारिका' बु.सं २५४० (वि.सं. २०५३)



Downloaded from http://www.dhamma.digital

# पुरातत्त्वको विकासको छोटो परिचय*

प्राचीन वस्तुलाई पुरातत्त्व भनिन्छ । पुरातत्त्व भन्नाले यति उति वर्ष पुरानो भनिरहनु आवश्यक छैन । कुनैपनि वस्तु करोडौं वर्षजति पनि पुरानो हुन सक्छ । मानिसले पुराना वस्तुको खोजी गरेका छन् । यसरी खोजी गर्ने काममा चासो देखाएका मानिसको इतिहाससँगै पुरातत्त्वको विकासको इतिहास शुरू हुन्छ ।

इतिहासमा बेबिलोनका राजा बेल्स्तजारकी बहिनी बेसाल्टीले पुराना वस्तु संग्रह गर्ने इच्छा प्रकट गरेको कुरा उल्लेख छ । यस कुराले इ.पू. छैठौं शताब्दीअघि मानिसमा प्राचीन वस्तुप्रति जान्ने बुझ्ने चासो जागिसकेको थियो भन्ने देखिन्छ । ग्रीक (Greek) इतिहासकार हेरोडोटसले प्राचीन सिथियनहरूको संस्कृतिको विषयमा प्रमाणित हुने खालका विवरणहरू प्रस्तुत गरेका थिए । देश विदेश यात्रा गरिहिँड्ने ले इ.पू. ४५० मा इजिप्टको यात्रा गर्दा त्यहाँका धेरै प्राचीन कुराहरूको जानकारी लिएका थिए । त्यसै बेलाको युगलाई प्राचीन बस्तु संकलन गर्ने युग (Antiquarian Age) भनिएको छ । यससम्बन्धको युगप्रवर्तकको रूपमा रहेको हेरोडोटसले नै इतिहासको पिताको रूपमा प्रसिद्धि पाएका थिए ।

समय समयमा प्राचीन मानवसभ्यताको स्वरूपको विषयमा मानवहरूबीच चर्चा हुने हुन्थ्यो । प्लेटो, एरिस्टोटल र टेसिटस आदि विद्वान्हरूले पुरातत्त्वसम्बन्धी विषयमा केही ध्यान दर्शाएको देखिन्छ । त्यस बेलासम्म पुरातत्त्वविषयप्रति त्यति महत्त्व भने दिइएको थिएन । पुरातत्त्वसंबन्धी बस्तुको संग्रह गर्ने चाख बढ्दै गएर नै १५ औं शताब्दीसम्म पुरातत्त्वप्रति विशेष चाख दिनेको नाताले रोमन निबासीहरू पुरातत्त्वका जन्मदाता मानिए ।

सोह्रौं शताब्दीका William Camden ले ब्रिटिस द्वीपसमूहको भ्रमण गरेर पुरातात्त्विक ज्ञान हासिल गर्ने सामग्रीहरूको संग्रह गर्नेतिर लागेर इ. १५७२ मा एउटा संस्था स्थापना गरेका थिए । इ. १५८६ मा प्रकाशित उनको Brittanica भन्ने ग्रन्थ पुरातात्त्विक अध्ययनको पहिलो ग्रन्थ मानिएको थियो । यसैकारण उनी ब्रिटिश पुरातत्त्वका जनक कहियो ।

यसै क्रममा Thomas Brown (१६०५-१६८५), John Aubre (१६२६-१६९७) आदि अंग्रेज विद्वान्हरूले शरीर विज्ञान एवं प्रस्तरका विषयमा प्रागइतिहासका



Downloaded from http://www.dhamma.digital

बस्तुहरूसंबन्धी दस्तावेज प्रस्तुत गरेका थिए । यस्तै Tobert Plot, Edward Lhwyd र John Absay जस्ता विद्वान्हरूले पुरातत्त्वविद्मध्येमा अग्रजको रूपमा मान्यता पाएका थिए ।

पुरातत्त्वमा महत्त्वपूर्ण कुरा नै उत्खनन हो । T. Jefferson द्वारा भर्जिनियामा इ. १७८४ मा गरिएको उत्खननलाई पहिलो वैज्ञानिक उत्खनन मानिएको छ । १९ औं शताब्दीमा Antiquarian Society को स्थापना भएको थियो । फ्रान्सका विद्वान्हरू Paul Enile Botta र Kossaxxd ले गरेका उत्खननलाई योजनाबद्ध उत्खनन मानिएको छ । यसरी विभिन्न स्थानका विद्वान्हरूले विभिन्न क्षेत्र र ठाउँहरूमा उत्खनन गर्ने गरे । पछि गएर Pitt Rivers भनिएका General Lane Fox पुरातत्त्वलाई आधुनिक मोडतिर उन्मुख गराउने व्यक्ति भनी मानियो ।

मानवसभ्यताको विकासको हजारौं वर्षसम्म अलिखित इतिहास रहेको पुरातत्त्वक्षेत्र अठारौं शताब्दीको आरम्भमा नवजागरणस्वरूप देखिन आएको थियो । यस क्षेत्रमा १९ औं शताब्दी ज्यादै महत्त्वपूर्ण मानिन्छ । यूरोप र अमेरिकाका प्राय:जसो देशका शोधकर्ताहरूले पुरातत्त्वक्षेत्रमा चाख देखाएको फलस्वरूप पुरातत्त्वविषयलाई वैज्ञानिक स्वरूप दिन सकिएको थियो । १९ औं शताब्दीको उत्तरार्द्धतिर विद्वान्हरूले उत्खननकार्यमा राम्ररी विश्वसा गर्न थाले ।

पुरातत्त्वक्षेत्रमा उत्खननकार्यको पहिलो चर्चा भएको बेला नै इ. १८९३ तिर नेपालगंज नजिकैको उजाड ठाउँमा भारतका जसकरणसिंहद्वारा अशोकस्तम्भ फेलापारे भन्ने कुरा यत्रतत्र पुगेपछि त्यसबेलाका भारतमा रहेको अंग्रेजसरकार र नेपालसरकारले पनि तराईमा खोजनीति गर्ने योजना बनाएका थिए । त्यसपछि नेपालको पाल्पाका बडाहाकिम खड्गशम्शेरको नेतृत्वमा लुम्बिनी अञ्चलको तराई इलाकामा खोजनीतिको प्रारम्भ गरियो । इ. १९९५ तिर जसकरणसिंहले पत्तालगाएको भनिएको अभिलेख सार्न भनी भारतसरकारबाट खटिएका पुरात्त्वविद् Dr. Fuhrer त्यसतर्फ गएका थिए । त्यहाँ उनले त्यो अभिलेख भेट्टाउन सकेनन् किन्तु खोजको दौडानमा निग्लिहवामा स्थापित अशोकस्तम्भ भेट्टाएका थिए । उक्त स्तम्भाभिलेखअनुसार भारतका सम्राट् अशोकले त्यस ठाउँमा रहेको कनकमुनि बुद्धको स्तूप दुइपटक जीर्णोद्धार गरेको बुझियो । त्यसपछि इ. १८९६ मा खड्गशम्शेरको नेतृत्वगरी गएको टोलीले लुम्बिनीको स्तम्भ पत्तालगाएका थिए । इ. १८९३ मा भारतीय पुरातत्त्वविद् पी.सी. मुखर्जीको



Downloaded from http://www.dhamma.digital

नेतृत्वमा लुम्बिनीको चित्रादेही र तिलौराकोटको अन्वेषणार्थ सानातिना उत्खनकार्य भएका थिए। यसै गरी केशर शम्शेरले पनि उत्खनन गराएका थिए। व्यवस्थित अनुसन्धानको लागि विचार पुऱ्याएर वि.सं. २००९ सालमा नेपाल सरकारद्वारा पुरातत्त्वविभागको स्थापना गरियो। यस विभागले वि.सं. २०१३ सालमा मात्र कानूनी मान्यता प्राप्त गरेर त्यसै साल कार्तिक २७ गते 'प्राचीन स्मारक संरक्षण ऐन' जारी गरियो। यही नै नेपालको प्राचीन संपदाको संरक्षण गर्ने पहिलो कदम मानिएको छ। वि.सं. २०२२ सालमा नेपालमा यससंबन्धका विशेषज्ञहरूको सेवा पाउन सकिएको थियो। हाल काठमाडौं उपत्यका, लुम्बिनी, कपिलवस्तु, जनकपुर र विराटनगर आदि क्षेत्रहरूको उत्खनन एवं ठाउँ ठाउँको ऐतिहासिक बस्तुको संरक्षण गर्ने गरिएको छ। यसै कार्यको फलस्वरूप नेपालमा रामापिथेकसको अवशेष र पूर्वपाषाण तथा नवपाषणयुगका हातहतियार पाइएका छन्। नेपालमा पुरातत्त्वविभाग पहिले शिक्षामन्त्रालयको अन्तर्गत राखिएको थियो भने हाल संस्कृति मन्त्रालयको गठन भई युवा, खेलकूद तथा संस्कृतिमन्त्रालयअन्तर्गत राखिएको छ।

❋

---

*'धर्मोदय-स्मारिका' बु.सं २५४० (वि.सं. २०५३)



Dhamma.Digital
Downloaded from http://www.dhamma.digital

# दशैं राष्ट्रिय चाड रहेन*

नेपाल चाडैचाडको देश हो । यहाँ महिनैपिछे चाड नमानिने त महिना नै छैन । अझ भनौं भने तिथिपिच्छे र वारपिच्छे नै चाड रहेको नोपालदेश भनेपनि अत्युक्ति नहोला । सानातिना चाडहरू जात, जाति र वर्गहरूले विभिन्न बेलामा विभिन्न पर्वका साथ यहाँ मनाउने गर्दछन् । यहाँ राष्ट्रियरूपमा पर्यन्त चाडहरू मनाउने गरिन्छ । दशैं तिहार जस्ता चाड भव्यरूपमा महत्त्वपूर्ण भूमिकाका साथ मनाईंदै आएको सयौं वर्ष भइसक्यो ।

नेपालीचाड खानपान, पूजाआजा र शिष्टाचार आदिमा प्रसिद्ध छ । नेपाली जनजीवनमा चाडबाडले ठूलो प्रभाव रोखको छ । चाडबाड धनी-गरिब, ठूला साना सबैको साझा सन्तुष्टिको दिन बनेको छ । चाडबाडले मनोरञ्जनका साथै आध्यात्मिक र भौतिक उन्नतिमा पुट हालेको छ । नेपालमा कानून र प्रशासनसमेत चाडबाडको आधारमा चल्ने गरेका दिनहरूबाट आजको प्रगतिशील युगमा समेत चाडबाडले विशेषता राख्दै आएको छ । चाडबाड नेपालीमात्रको साझा सांस्कृतिक संपत्तिको रूपमा रहनु एकीकृत नेपालको देन हो भन्न सकिन्छ । राजा पृथ्वीनारायण शाहले नेपाल नेपाली सबैको एउटा रंगीचंगी मनोहर फुलबारी घोषणा गर्दै विविधप्रकारका फूलहरू फष्टाउन दिन आवश्यक संरक्षणका मलजल दिएका थिए । आफ्नो नीतिचातुर्यले पृथ्वीनारायण शाहले जातिपिछेको धर्म-संस्कृतिलाई प्रोत्साहित गरी राष्ट्रिय भावनालाई विखण्डनतिर नपठाउन जोड दिएका थिए । राजालाई साझा मान्ने जनताले सन्तुष्टिका साथ परंपरागत आफ्ना विधि व्यवहारहरू र चाडबाडमा रमाएर सहजीवन यापन गरिरहे ।

नेपालमा मानिनने चाडमध्ये सरकारी स्तरबाट समेत एकरूपताको मान्यता दिएर राष्ट्रिय शान-मानका साथ मनाउने गरिएको बडादशैं चाड हो । १० दिनसम्म देवदेवीको पूजा गरी रहरबहरका साथ मनाउँदै गरेको दशैं चाड अहिले सारा जोश जाँगरलाई छोडेर साम्प्रदायिक चाड मानी मनाउने संकुचितता उत्पन्न भएको छ । नेपालीमात्रको समतामा परिस्थितिवश विषमता सृजना भई दशैंचाड नेपालीमध्येका एक वर्गको मात्रझैं हुन पुगेको छ । धेरै दिनको सरकारी बिदासमेत



Downloaded from http://www.dhamma.digital

दिई एक महिनाको तलब रकम दशैंखर्चको रूपमा प्रदान गरी सरकारको ढुकुटी फुक्का गरी उल्लासमय वातावरणमा चाड मनाउने सुअवसर दिइँदादिइँदै पनि आज यो चाड अपाङ्गसरह हुन गइरहेको छ । चाडअनुसार गरिने पूजाक्रियामा ह्रास आएको छ । घटस्थापना र पशुबलि दिने जस्ता कार्यहरूमा शिथिलता आएको छ भने मनोरंजन एवं पौराणिकतामा आधारित पिंग हाल्ने र चंगा उडाउने जस्ता मनोरञ्जनका चलनहरू लुप्त प्राय: हुँदै गइराखेका छन् । दशैंको चहलपहल निकै घट्दोछ । मानिस व्यस्त छन्, चाडबाड सुस्त भएका छन् । दशैंचाड विस्थापित हुँदै राष्ट्रियस्तरबाट वर्गीय त्यसमा पनि असमानताको धारणामा खुंचिँदै गएको छ । दशैंचाड राष्ट्रियरूपमा रहनुबाट अलगिँगदै जानुमा थुप्रै कारणहरू देखापरेका छन् ।

पहिले दशैंचाडलाई नेपाली चाड भनिने ठाउँमा आजकाल सरकारी संचार माध्यमले हिन्दूमात्रको चाड भनी जोडदार प्रचार-प्रसार गर्नाले हिमाली भेक एवं पहाड र उपत्यकामा रहेका बौद्धहरूले हिन्दूचाड भनिएको लाई बौद्धहरूले मान्नु आवश्यक छैन भनी ल्होसार, बुद्धपर्व आदि आफ-आफ्ना वर्गीय महान् चाडहरू मनाउने गरेका छन् । मुसल्मान र इशाईहरू पनि देवदेवीको पूजा नगरेतापनि नेपालीको भावनामा अन्य धर्मावलंबीसरह रमाइलो त मान्ने गर्दथे नै । आज उनीहरूले ईद र खिष्टाब्दको नववर्षलाई नै महान् चाड मानी दशैंलाई नेपालीमात्रको साझा विशेषताको दिन भन्ने धारणा छोडिसकेका छन् । हिन्दू नभएपनि जैनहरूले उल्लासमय वातावरणमा दशैंलाई मान्ने गरिएको मा उनीहरूले पनि आफ्नो धर्मानुकूलको विशेष दिनलाई चयन गरी त्यसैलाई महान् दिवसको रूपमा मनाउने गर्न थालिसकेका छन् । हिन्दूहरूले आफ्नै धर्मको मात्र गर्व प्रदर्शन गरी दशैंलाई परिभाषित गर्नाले बहुधार्मिक देशमा धार्मिक सहिष्णुतालाई अँगालेर बसेका ले पनि आफ-आफ्नो परंपराका धर्मको गौरवलाई पनि अगाडि सारेर दशैंप्रति त्यति आस्था नराखेको देखिएको छ ।

नेपालमा वज्रयानी बौद्धहरू छन् । उनीहरू देवदेवीको पूजा गर्छन् र दशैंमा पनि पूजाआजा गरी चाड मनाउँछन् । आफूलाई बौद्ध भनेपनि पशुबलि दिने र दिलाउने गरी दशैं मनाउने पनि छन् । आज हिन्दूहरूको अर्को एउटा शब्दले पनि उनीहरूलाई चोट पारेको छ । त्यो शब्द हो *"शाखा"* । दशैं मानेमा बुद्धधर्म हिन्दूर्धमको शाखा कहिन जानेमा स्वत: प्रमाण हुन जाने भनी उनीहरूले दशैंलाई गौण मानेका छन् । कुनैपनि निकायका बौद्धहरू बुद्धधर्मलाई हिन्दूधर्मको शाखा भनाइरहन अलिकति पनि रुचाउँदैनन् ।



Downloaded from http://www.dhamma.digital

परंपरागतरूपमा नउठेको विवाद उठाई धर्महिष्णुतामा विश्वास गरी सहिष्णु भई घुलमिलेर बसेका बौद्धजगत्लाई हिन्दूभित्र समावेश गरेको कुरा देखाई जगाइदिने गरिँदा बुद्धधर्मावलम्बीहरूले प्रजातन्त्रवादी मानवधर्मप्रति अवबोध हुन पुगेका छन् । धर्म एक संवेदनशील कुरा हो । यसमा सानो ठेससम्म पनि लगाउन दिनुहुन्न । विश्वमा ठूलठूलो युद्ध धर्मको नाममा भएका छन्। नेपालको इतिहासको पानामा कहिल्यै धार्मिक कलह भएको पाइएको छैन । आज बुद्धधर्मलाई निमुखा ठान्ने हिन्दूहैकमवादीहरूको अदूरदर्शी शब्दप्रहार बाट बौद्धजगत्लाई चोट पुऱ्याएको छ । यसतर्फ संयमित भई नेपालका कुनैपनि धर्मावलम्बीहरूले बहुधार्मिक देशको एकीकृत विचारधारालाई ख्याल राखी आपसमा वर्ताव गर्ने हुनु अति वाञ्छनीय कुरा भएको छ ।

दशैंमा गरिने मारकाटको वीभत्स दृश्यले पनि आजका मानवाधिकार र पशुअधिकारपर्यन्तका पक्षमा रहेका एवं अहिंसावादी शैव, वैष्णव, जैन र बौद्धहरूमा दशैंचाडप्रति वितृष्णा जगाइदिएको छ । निर्ममतापूर्वक दिइएको पशुबलिलाई हेर्न नसकी यस्तो चाडलाई बर्बरयुगको अमानवीय व्यवहार ठान्ने शान्तिप्रिय नेपालीहरूले दशैंलाई हिंसाको दिवस सम्झी यसबाट पनि हटेको पाइएको छ ।

विशुद्ध नेपाली र पक्का बौद्धमा गनिने शाक्य वज्राचार्यहरूले पशुबलि दिई दशैं मानिरहेको देख्दा हिन्दूजगत्बाट उनीहरूप्रति हास्य व्यंग्य गरेको र बौद्धजगत्का प्रबुद्ध व्यक्तिहरूबाट पनि प्रतिक्रियात्मक आलोचना हुँदा उपत्यकामा नेपाली पनमा ठूलो भूमिका निभाइरहेका शाक्य वज्राचार्यले पनि पशुबलि दिन छोडी शुद्ध बौद्धक्रियाकलापमा जागृत भई लागको ले दशैंको परंपरागत रमझममा शिथिलता थपिएको छ । अधिराज्यका चारैतिर फैलिएका शाक्य वज्रचार्यहरूले पनि हिंसाविमुखतातिर लागिसकेका छन् जसले गर्दा छरछिमेकमा अहिंसाको प्रभावकरी धारणा जागृतभई दशैंको शोभा खस्किएको छ ।

मारकाट क्रूर र बर्बरताको चिन्ह हो । पशुको लागि प्रयोग गरिने तलबार, खुँदा, खुकुरी मानिसको लागि पनि प्रयोग हुन सक्छन् । शान्तिक्षेत्रको प्रस्तावले सिंचित भइसकेको नेपालमा मारकाट गराई हिंसात्मक प्रवृत्तिलाई बढाउने गरी भैंडा, च्यांग्रा, हाँस, कुखुरालाई व्यवस्थितरूपमा बिक्री वितरण गर्न विदेशाट पर्यन्त पशु भित्र्याउने गरी नेपाललाई पशुवधशाला बनाउने क्रियाप्रति सरकार नै उन्मुख भएको देख्दा शान्तिका पुजारी नेपालीहरूले शान्ति पाउने आशाबाट हताश भएर दशैंचाड मनाउन छोडेका छन् । सुनिन्छ यस वर्ष



Downloaded from http://www.dhamma.digital

बजारमा दशैंको लागि बिक्री गर्न ल्याएका पशुहरू अपेक्षितमात्रामा बिक्री भएनन् । अब दशैं मनाउँदा हिंसापक्षलाई पनि बिचार गर्नुपर्ने देखिन आएको छ ।

दशैं मीठो खाने, राम्रो लगाउने, टीको टालो गरी दछिना भेटी चढाउने र सुख ऐश्वर्यको कामना गर्ने बेला हो भनी बच्चा र आइमाईहरूसमेत उत्साहित र हर्षित हुने चाड हो । दशैं आउनु केही महिनाअघिदेखि नै सपरिवार रमाएर दशैंको प्रतीक्षा गरिसक्ने हुन्छ । आज मानिसहरूमा क्रयशक्तिको ह्रास भई उत्थित उत्साह पनि हतोत्साहको रूपमा परिणत हुन पुगेको छ । बेरोजगारीको चपेटा र महंगीको झापटले पनि दशैंलाई आपतका दिन संझेर यो दशैंचाड मलिन भई अधोमुख भएको छ ।

चाडबाडको मुख्य आत्मा आध्यात्मिक उन्नतिभन्दा देखावटी र तमासाको प्रदर्शनझैं भएर गएको छ । दशैंमा सर्व-साधारणको सुविधाको लागि भनेर संचालन भएका दशैंबजारहरूमा सस्तो मोलमा दिने निहुंले कहिल्यै नबिकेका बस्तुहरू बिक्री भई जनता ठगिन पुगेको गुनासो सर्वसाधारणबाट सुनिन्छ । जनता शुद्ध खाद्यबस्तुको नाउँमा मिसावटी बस्तुको शिकार हुन पुगेको छ । क्रयशक्तिको ह्रासताले खाद्यबस्तु र लत्ताकपडापर्यन्तको बिक्री बजारमा कम भएको व्यापारीहरूले भनेका छन् । दशैं शोषणको रूपमा दशा बनेको कुरा मध्यमवर्गले समेत भन्न थालेका छन्, निम्नमध्यम र अति निम्न वर्गको दुःखको कुरा त सुन्दैमा आँखा रसाउने भएको छ ।

कुनैपनि राष्ट्रिय कुरामा राष्ट्रियरूपमा चहलपहल हुनु आवश्यक छ, राष्ट्रिय जागरण हुनु आवश्यक छ, राष्ट्रिय सुविधा हुनु आवश्यक छ र राष्ट्रिय मेलमिलाप हुनु आवश्यक छ । राष्ट्रिय भनेपछि राष्ट्रियताको गौरवलाई सबैले ख्याल गर्नुपर्ने हुन्छ । राष्ट्रिय कुरामा राष्ट्रको कुनै एक वर्गले कुर्लेर राष्ट्रिय गौरव रहने हुँदैन । दीर्घकालीन सोचाइ, दीर्घकालीन सद्व्यवहार, भ्रमरहित मित्रता, विश्वसनीय आत्मीयत रहेर अनेकतामा एकता हुने खालका आचार, बिचार र संचार भएमा राष्ट्रियताका प्रत्येक बस्तु नेपालीमात्रको श्रद्धाको बस्तु हुनेछ । राष्ट्रिय भएर पनि उदारतापूर्ण राष्ट्रिय व्यवहारमा रहन सकिएन भने राष्ट्रियता कुण्ठित हुनमा सघाउ पुग्न जानु स्वाभाविक हो । यस्तैप्रकारले दशैं पनि बाहिरी आडम्बरले मात्र लिप्त हुँदै गएमा दशैंप्रति भएको राष्ट्रियता गुम्दै, नसोचिएको पाराले यो चाड लुप्त हुन सक्नेछ ।

❋

*'धर्मोदय' बु.सं २५४२ (वि.सं. २०५५)



Downloaded from http://www.dhamma.digital

# महामानव गौतम बुद्ध*

मानिस जन्मेदेखि कोही पनि खराब भई जन्मँदैन । जति-जति ठूलो हुन्छ उति-उति विभिन्न आवश्यकताले उसलाई खिँच्छ । आवश्यकताको कुनै सीमा हुँदैन । तथापि मानिस सीमाको ख्याल राख्दैन, अनि समाजमा विकार पैदा हुन्छ । त्यही विकार परम्पराको रूपमा बढ्नुसिबाय घट्दैन । त्यसले समाज विकृत बन्छ र विकृत समाजबाट सम्पूर्ण राष्ट्रहरू विकृत हुँदै जान्छन् । तब मानिसले दुःख पाउन थाल्छ । सुखको खोजीमा दुःख पाएको कुरा महसूस गर्ने विरलै हुन्छ । यदाकदा त्यस्ता महामानवहरू निस्कन्छन् जसले सुखमा दुःखको छाया देख्छन् र सम्पूर्ण मानवको कल्याणार्थ आफूलाई अर्पेर संसारका मानवहरूलाई सुझाव दिँदै सुधारको बाटो अपनाउँछन् । यस्ता आत्मज्ञानी मानवसेवी पुरुषमध्ये २६२२ वर्षअघि जन्मेका भगवान् गौतम बुद्ध पनि हुन् । उनले धेरै शिक्षा-दीक्षा मानवमात्रलाई दिए । तीमध्ये सबैभन्दा ठूलो र प्रभावोत्पादक शिक्षा अहिंसा र शान्ति हुन् ।

मानिसले विकासको सीमा पार गरिसकेपछि शान्ति पाउँला भन्ने सोचे तापनि परिणाम उल्टो भई अशान्तिमात्र फैलिन्छ । यस अवस्थामा शान्तिको खोजी गर्दा सहाराको लागि बुद्धको चरित्र नै सबभन्दा अगाडि उभिन आउँछ । यस उसले आज पनि शान्तिलाई पुकार्नेले बुद्धलाई सम्झिराखेका छन् । यो बुद्धको महामानवता हो ।

बुद्धधर्म प्राचीन धर्म हो । नेपाल उपत्यका पानीले भरिरहेको बेलामा पञ्चबुद्धको जुन ज्योतिर्मय किरणहरू हालको स्वयम्भू डाँडामा देखापरे ती पञ्चबुद्ध हुन् । बुद्धभन्दा पहिले क्रकुच्छन्द आदि धेरै बुद्धहरू तथा दीपंकरादि तथागतहरू थिए । पछि गौतम बुद्धले चतुरार्यसत्य प्रतिपादन गरेपछि सामाजिक, राजनैतिक क्रान्ति ल्याई आफू एक महामानव बने ।

गौतम बुद्धको जीवनीतिर आँखा एकपटक पठाएमा हामी बुद्धलाई विभिन्नरूपले महामानवको रूपमा भएको पाउँछौं ।

## १. परम्परावादी बुद्ध

*'बुद्ध'* परम्पराको विरोधी थिएनन् । थिएभने परम्पराका कुरीतिहरूलाई हटाउने सुधारक किनभने बुद्धले बुद्धत्व प्राप्त गरेपछि अब कसरी जीवनको बाटो अपनाउने भन्ने कुरामा दुबिधा हुँदा आफूभन्दा पहिलेका बुद्धहरूले कसरी जीवनको बाटो अपनाए भन्नेतिर बिचार गरी उनीहरूले भिक्षुजीवन अपनाएका र भिक्षाटनद्वारा खानपानको व्यवस्था गरेको देखेर उनले पनि सोही बाटो अपनाए ।

## २. अनुरोधको कदर गर्ने बुद्ध

बुद्धले आफूलाई ठूलो ठानेर



Downloaded from http://www.dhamma.digital

कहिल्यै जिद्धिवाल बनेनन् । उनले भिक्षा मागी हिँडे । आफ्नै बाबु शुद्धोदनले पहिले आफूकहाँ आई भोजन गर्न निमन्त्रण गरे । त्यो अनुरोध स्वीकारी बुद्ध सरासर त्यहीँ गए परन्तु बाबु भनेर होइन ठूलाबडाको कदर गर्न । यसरी बुद्धले साना ठूलाको भेद नराखी सबैको अनुरोधको कदर गर्थे ।

## ३. *सम्मान गर्ने प्रवृत्ति भएको बुद्ध*

रीस राग त्यागेर नै बुद्ध बनेका गौतमले आफ्नो जन्मभूमि कपिलवस्तुमा आफै जन्मेको दरबारमा जाँदा सबै स्वजन परिजन आफूलाई भेट्न आए तर आफ्नै स्वास्नी यशोधरा आइनन् तापनि उनीप्रति कत्ति रीस नगरी आफूले स्वास्नीलाई एक शब्द नसोधी अनादर गरी त्याग गरेको आफ्नो व्यवहारप्रति लाचार भई आफू भिक्षु बनेदेखि भिक्षुणी बनेर आफ्नै सहभागी भई घरैमा बसी सहयोग गरेकी यशोधराछेउ आफै गएर नारीत्वको सराहना गरे ।

## ४. *बुद्ध लकीरको फकिर होइन*

बुद्ध खान, पिउन र घरगृहस्थी चलाउन असमर्थ भई घरबाट निस्केका गरिब र नादान लकीरको फरिक थिएनन्, किन्तु सर्वसत्तापूर्ण राजकुमार थिए ।

## ५. *कर्मवादी बुद्ध*

बुद्ध कर्मवादी थिए । भाग्यवादी र अन्धविश्वासी थिएनन् । उनी आफ्नो मालिक आफै हो, आफैले आफूलाई उठाउनुपर्छ भन्थे । ब्राम्हण र शूद्रका विषयमा जातले ब्राम्हण हुने होइन कर्मले ब्राम्हण हुने हो भन्थे । एक दिन एक अछूत महिलासँग उनले पानी मागे । अछूत महिलाले पानी दिन मानिन । त्यसबेला बुद्धले उनीलाई भने, *"तिमीसँग जात मागेको होइन, पानी मागेको ।"* यति भनी उनको हातबाट पानी खाई अछूतोद्धार गरे ।

## ६. *जनपक्षी बुद्ध*

*'बुद्ध'* सदा जनपक्षमा रहे । कुनै पनि कार्य गर्दा जनताले गर्न सक्ने, जनताले सम्झन सक्ने र बुझ्न सक्ने गरी गर्नुपर्छ भन्थे । आफै जनताको घर-घर गई व्याख्यान दिन्थे । आफ्नो व्याख्यान बुझाउन पनि सर्वसाधारण जनताले बुझ्ने गरी त्यसबेलाका जनभाषा *'पाली'*लाई अपनाए ।

## ७. *व्यावहारिक बुद्ध*

बुद्धले जतिपनि शिक्षा-दीक्षा दिन्थे त्यस्ता कुनैपनि शिक्षा व्यवहारभन्दा टाढा थिएन । उनमा सजिलैसँग बुझाउने क्षमता छ । एकपटक आफ्नो एक्लो छोरो मरी दु:खले अधैर्य भएकी एक व्यक्ति उनकहाँ गए । बुद्धले उनलाई *'शहरभरि कहीँ पनि गई जसको घरमा कोही मेरको छैन त्यस घरबाट अलिकति तोरी मागिल्याऊ'* भनी पठाए । त्यस्तो घर कुनै फेला परेन जहाँ कोही न कोही नमरेको थियो । यही उदाहरण दिई उनलाई मृत्यु अवश्यम्भावी छ, यसमा चिन्ता लिनुहुन्न भनी सम्झाए ।

## ८. *मध्यममार्गी बुद्ध*

बुद्धले बनाएको बाटो न कठोर



Downloaded from http://www.dhamma.digital

छ न सजिलो नै छ। भोकै बसेर मात्र धर्म हुँदैन न त टन्न खानाले पिउनाले धर्म हुन्छ । शरीरलाई कष्ट नदिई तथा विलासितामा पनि नबसी गर्ने क्रियाकलाप नै बुद्धको धर्मको बाटो हो। उनको यसै मध्यममार्गद्वारा ठूला-साना भनिँदा जोसुकै मानिसलाई पनि यो धर्म ग्रहण गर्न सजिलो भयो।

## ९. *विश्वधर्मी बुद्ध*

बुद्धले मानवमात्रमा कसैप्रति भेदभाव राखेनन्। उनको विचार प्राणी मात्रमा पनि समान छ । यसैले उनले अहिंसालाई प्राणभन्दा ठूलो गरी अपनाए। बुद्धको विश्वास थियो कि संसार मा सबैभन्दा ठूलो कष्ट हिंसामा हुन्छ। कष्टबाट टाढा रहन विश्वले पालन नगरी नहुने यस्तो अहिंसालाई अपनाउने बुद्धको धर्म विश्वधर्म मानिएको छ । जस्तोसुकै युग आएतापनि, जुनसुकै राष्ट्रले पनि संसारको भलाइको लागि अन्त्यमा नलागी नहुने धर्म अहिंसाधर्म हो।

यसरी व्याख्या गरिलाँदा बुद्धको असीमित स्वाभाविक उपदेश र व्यवहारहरूको बयान गरी साध्य छैन। आफै नमूना बन्नुपर्छ भन्ने आदर्श कसले नमान्ला ? बुद्धले आफै नमूना बनी संयमी, धैर्य र त्यागीको उदाहरण प्रस्तुत गरे। उनको पञ्चशील अष्टशील सिद्धान्त त्रिकालसत्य छ। बुद्ध लेखेको लाई पत्यार गर्दैनथे। व्यवहारमा नउत्री सच्चा, ज्ञानी, ध्यानी र समर्थक बन्न सकिँदैन भन्ने उनको सिद्धान्त थियो।

संसारमा जन्मेपछि मानिसलाई सुख-दु:खले घेर्छ। यो घेराभित्र परेपछि जीवनमा धेरै विकार उत्पन्न भई दु:खसिबाय सन्तोष कतैबाट प्राप्त हुँदैन। सन्तोष भनेको सुख हो तर जीवनलाई मुक्ति दिनचाहिँ सन्तोष लिँदै पनि निरन्तर अग्रसर हुनुपर्दछ । लक्ष्य प्राप्त नहुन्जेल निश्चित र निर्धारित बाटोलाई पहिल्याई जाँदै गर्नुपर्छ । आफूलाई मन नपर्ने कुरा अरूप्रति व्यवहार गर्नुहुन्न र आफू जस्तै सबै मानवलाई ठानी व्यवहार गर्नुपर्छ। सांसारिक झमेलाबाट टाढा रही जीवनको अन्त्यसम्म शान्त रहनुपर्छ। यी नै बुद्धका ठूला सिद्धान्त हुन्। बुद्धले भनेका छन् कि संसारमा दु:ख छ, दु:खको कारण छ र दु:खलाई हटाउने उपाय छ । यही सिद्धान्तको आधारमा नै बुद्धका सम्पूर्ण उपदेश प्रादुर्भाव भएको छ । जन्मेपछि दु:ख अवश्यम्भावी छ। दु:ख स्वत: आइपर्ने होइन। यो कुनै कारणद्वारा मात्र उत्पन्न हुन्छ। त्यो कारण पत्तालगाएर त्यसलाई हटाउनुपर्छ । प्रयत्न गरेमा यो हट्न सक्छ । जुनबेला दु:ख हट्छ त्यसबेला आनन्द प्राप्त हुन्छ । आनन्द प्राप्ति नै जीवनको लक्ष्य हो। यही नै वास्तविक विचार हो । बुद्धको संसारको लागि मार्गदर्शक यस्ता महामानव भगवान् गौतम बुद्धको अनुसरण गर्नु नै वास्तविक शान्तिको चाहना हो।

❋

---

*'बुद्धजयन्ती-स्मारिका' बु.सं २५४३ (वि.सं. २०५६)



Downloaded from http://www.dhamma.digital

# बुद्धधर्म र आजको नेपाल*

नेपाल सुन्दर, शान्त र विशाल छ भनी नेपालीले गौरवका साथ गीत गाउँदै आएको छ, कविता रच्दै आएको छ । अनुभवले मानिसले गाथा बनाउँछन् र आफ्नो भन्ने भावनाले हृदय फुकाउँछन् । नेपाल वास्तवमा शान्ति र स्वच्छताको प्रतीक रहेको कुरा स्वयम्भू र पशुपतिको आध्यात्मिक छापले पनि हो । वातावरणयुक्त निष्क्लेश मनले पर्यावरणलाई सौहार्द्रताले सजाउँछ । नेपाल यस्तै यस्ता कुराको नमूनामात्र होइन ज्ञानकुञ्ज र भद्रताको पुञ्ज रहेको छ । नेपालमण्डल नेपालको इतिहासको केन्द्रबिन्दु हो । विशाल नेपाल निर्माणले हिमाल, तराई र पहाड सबै समूचा नेपालीको एकताको राज्य हो । नेपालमा बाहिरी दुर्गन्ध पसेको इतिहास सुन्नमा आउँदैन । एउटा नेपालको खुबी जहाँबाट जे बस्तु नेपालमा पसेपनि त्यो सुगन्धित भई नेपालीपनमा बिलाउने भएको नेपालको वास्तविकता छ । बहुजाति, बहुभाषी, बहुसांस्कृतिक पद्धति र बहुधार्मिक विधि रहेर नेपाल नेपालीको बनेको छ । मानवीय कमजोरी द्वेष, राग, मद, मात्सर्य, मोह आदिको लखेटाइको चापमा रहेर पनि मैत्री, करुणा र आत्मीयताको शीतलताले नेपाली जीवनयानपन गर्ने गर्दछन् । अनेकतामा एकताको पुष्पमाला उनिएको नेपाल त्यस्तै सुन्दर, शान्त र विशाल छ ।

आज नेपालमा नेपालीपन टाढिँदै छ । राष्ट्रवादको नारा चर्किंदो छ र व्यवहारमा व्यक्तिवादको जरो गाडिँदैछ । एकताको निबन्ध लेखिँदैछ, अनेकताको परिपोषक भेदभावको नीति फुरिँदैछ । देश कंगाल भएर देशमा व्यक्तिगत अग्ला घरहरू ठडिँदैछन् । नदी, नाला, पहाड, झरना, बन, जंगल, हावा, पानी, दूषित हुँदै यहाँको आकाश उदांगिएको छ । रगत पसिनाले सजाएर सिँगारिराखिएका प्राकृतिक सांस्कृतिक संपदा शोषण र मनोरञ्जनले लुछाचुंडीमा परिरहेका छन् । दानदिनेद्वारा आज माग्ने भाँडो बोक्ने भएका छन् । यसरी नेपाली स्थितिको परिवर्तन भएको आजको इतिहासले प्रत्यक्ष गरिराखिएको छ । घरघरमा आफ्नो भाषा छैन, दैला दैलामा आफ्ना देवता छैनन् । शरीरमा स्वदेशी कपडा छैन, मन र बुद्धिमा नेपालीभाव हराउँदो छ, नेपालीपन बिलाउँदोछ । संसारसँग प्रतिस्पर्धाको नाताले बन्दूक भित्रिइएको छ, स्कच ह्विस्कीको टोष्ट प्रस्ताव बढ्दो छ । भनौं मानिसमा तृष्णा बढ्दो छ । तृष्णा स्वभाव हो मानिसको । मानिसमा तृष्णा हुन्छ तर पनि नेपाली मनको तृष्णा नेपाली नै भएर तृष्णालाई दमन गरी मन बुझाउने नेपालीपनले आज पुरानो भएको होइन अपितु काँचुली फेरेर पूर्ण नवत्व



Downloaded from http://www.dhamma.digital

प्राप्त गरेको छ । सीमाविहीनको तृष्णाले सीमा पार गरेको छ । नेपालीत्व गुम्दै गएको छ, यसले समुद्रपार गरी बास जमाउने भएको छ ।

नामूद रहेको नेपालीको इमान्दरीता, परिश्रमीपना र बहादुरीपनाको खिल्ली उडाइने भएको आजको स्थितिमा नेपाली सांस्कृतिक नवजागरणले केही गर्ला जस्तो देखिँदैन । सांग्रिएको विश्वभित्र नेपाल रहन गएको छ । चलाख हुनका लागि स्वदेशीभाव त्याग गरिँदैछ । सुख सुविधाको नाममा दु:ख र असन्तोषको पोको कुम्ल्याइने भएको छ । ऋषि मुनिको तपस्थल गुम भएर धुवाँ र बारुदखाना बनी भौतिक बम पड्केर आध्यात्मिकता छिन्न भिन्न हुने अवस्थाको नेपालमा आजका नेपाली छन् । विश्वसँगसँगै जाने स्थितिमा नेपाल र नेपालीमात्र अपवाद बन्न नसक्ने भएर नेपालीको रूप बदलिनु आश्चर्यको कुरा होइन तापनि नेपालीजीवन नेपालीपनबाट त्यति हतारिएर नखस्किने हो कि भन्ने विश्वास चाहिँ टुटेको छ । अब पुर्खाको गौरव संझेर नेपालीले आफ्नो गौरव कसरी राख्ने भन्ने प्रश्न भने खडा रहेको छ । यस्तो स्थितिमा सल्लाह सुझाव कोसँग माग्ने भन्ने एउटा हाँकको कुरा नेपालीले सोच्ने अवस्था आउनु स्वभाविक छ । जिन्दगीमा धेरै जान्ने सुन्ने व्यक्तिको संपर्क आउन सक्छ र ज्ञानी गुणीको संगत आउन सक्छ । यस्ता व्यक्तित्व अहिले विश्वमा धेरै देखिन्छन् । नेपालमा पनि पंडित विद्वान् नरहेको भन्न सकिँदैन तापनि पूर्ण इन्द्रियजित् भई मानवमात्रको कल्याण स्थापित हुने गरी व्यावहारिक उपदेश भने प्राप्त हुन गाह्रो छ । यस्तो स्थितिमा नेपालपुत्र सुगत गौतम बुद्धको संझना हुनु सुखको कारण बन्न सक्दछ । बुद्ध कुनै देवता होइनन्, उनी ईश्वर त अझ कुनै हालतमा होइनन् । उनी मानव हुन् वस्तुत: महामानव । उनको उपदेशले मनुष्यत्व सरल ढंगमा जगाउँछ । उनी भन्छन्, मानिसले चलाख हुनलाई फटाहा कुरा गर्नैपर्छ भन्ने छैन, तरिका र विवेक बुद्धिले पनि कहिले काहीँ कुरा पट्याउन सकिन्छ । फटाहा भएर आफ्नो भलो हेर्ने गर्दा लोकापवादमा पर्नुपर्ने हुँदा पनि कुशलताले फटाहापनलाई पन्छाई लोकमा रहन सक्ने हुन्छ । आज नेपालीहरू आफ्नो बुद्धिभन्दा अरूको लहैलहैमा जाने भएको देखिएको छ । आत्मनिर्भर हुनुभन्दा अर्काको भरमा पर्ने बानी बढेको छ । आफूले कमाउनुभन्दा अरूसँग मागी काम गर्ने बानीलाई बुद्धको उपदेशले सजिलैसित हटाएर कल्याणमार्गतिर लगाउन सकिने कुरा विश्वसनीय रहेको छ । आफ्नो मालिक आफै, आफ्नो द्वीप आफै र आफ्नो प्रकाश आफै भन्ने बुद्धको उपदेश नकार्ने आजको दुनियामा कोही हुन सक्नेछैन भनी अनुभवले बताउन सक्ने कुरा भएको छ ।

छरछिमेकको हावा लागेर आज नेपालमा पनि यौनव्यभिचार बढेर Aids जस्तो रोगले ग्रसित हुँदै आएको छ । Aids लागेपछि औषधोपचारको उपाय नै छैन भनिन्छ । यस्तो स्थितिमा बुद्धको उपदेशले



Downloaded from http://www.dhamma.digital

उपायसहितको कल्याणमार्गले त्राण दिने हुन्छ । बुद्धले मानिसलाई मनपरेका सबै कुरा गर्न छूट दिएको छ तर हानि हुने कुरा नगर्न सल्लाह दिएको छ । बुद्धको सल्लाह मानेर आफूलाई हानि हुने ठानी यौनदुराचार र व्यभिचार नगर्ने भएमा यस्ता खतरनाक रोग लाग्नुबाट बच्ने हुन्छ । आजकाल कसैको व्यक्तिगत कुरामा ख्याल नगर भनी मनपरी गर्नेलाई बुद्धको चेतावनीस्वरूपको उपदेशले राम्ररी संझाउने गर्दछ कि आफूलाई अरूले गरेको दुर्व्यवहार र अमानवीय कुरालाई मन नपरेझैं आफूले गरेको कुरा पनि अरूलाई मन नपर्न सक्छ र अरूलाई बाधा हुने खालको हुन सक्ने भएको ले अप्रमादी भै होश पुऱ्याएर काम गर्नुपर्ने कुरा बताएका छन् जसले गर्दा अरूलाई चित्त दुखाउन नपर्ने र आफू पनि चञ्चल मनबाट बरालिनुबाट टाढा रहने भई आफू र अरू दुबैको लागि कल्याण हुने हुन्छ ।

आज हरकुरामा तडकभडक र स्वांग बढेको कुरा कुनैपनि चेतनशील व्यक्तिले कराइहिँडेको छ । खान पान, उठ बैठ, लवाइ डुलाइ एवं सांस्कृतिक भनिने विधि व्यवहार जम्मैमा देखावटीपन बढेर आर्थिक स्तरको ह्रास भएको र सामाजिक स्थिरता कायम गर्न नसकेको वास्तविकतालाई गुनासोको रूपमा पोख्ने गरेका छन् । यस्ता कुराहरू वास्तवमा संस्कारजन्य कुरा हुन् । संस्कार एउटा जीवनयापनको लागि शिष्टता प्रदान गर्ने नभै नहुने कुरा भएर पनि संस्कारमा अन्धभक्ति र अन्धविश्वासले जरो गाड्न सकिने भएको ले मानिसले त्यसतिर बिचार पुऱ्याउनुपर्ने कुरालाई औंल्याएर भगवान् बुद्धले संस्कार सबै अनित्य भएको प्रत्यक्षीकृत गरी देखाएका छन् । यसैले संस्कारमा नअल्मिलिई धान्न सक्ने र समय एवं आर्थिक रूपले बरबाद नहुने जीवनसंबन्धी व्यवहारमात्र अपनाई संस्कारमा नअल्मिलिने भएमा मानिसमा आउने असामन्जस्यस्थितिको समाधान हुने कुरा मा शंका लिनुपर्नेछैन ।

प्रकृतिको सुन्दरता र वास्तविकतालाई मानिसले संरक्षण र परिवर्द्धन गर्न सकिन्छ भने मानिसले तिनलाई विकृत र ध्वंश पनि गर्न सकिन्छ । हरकुरा बिगार्न र गोलमाल पार्न सजिलो छ तर निर्माण र संरक्षण गर्न अति गाह्रो छ । गाह्रो कुरालाई राम्ररी बुझेर भावनात्मक विवेकलाई अगाडि सारेर आफ्नो बुद्धि प्रयोग गरिएमा गाह्रोपनको महसूस नभै सरलताले पछ्याउनेछ । बुद्धका उपदेशरू मानवीय कमजोरीलाई हटाई सरल संपन्न जीवनयापन गराउने उपाय रहेका छन् । यस परिप्रेक्षमा बुद्धधर्म र आजको नेपाल सन्तुलितरूपमा प्रत्यारोपित गरी कदम चाल्नुपर्ने अवस्था रहेको छ । आजको नेपाललाई शान्ति, सुख र कल्याणतिर दोऱ्याउन बुद्धधर्मले ठूलो सघाउ पुऱ्याउनेछ ।

❋

---

*'धर्मोदय' बु.सं २५४३ (वि.सं. २०५६)



Downloaded from http://www.dhamma.digital

# गौतम बुद्धलाई मानिस भनी मान्नुपर्दछ*

कपिलवस्तुका राजकुमार सिद्धार्थ शाक्यलाई आजकाल मानिसहरू भगवान् गौतम बुद्ध भनी पुकार्छन् र श्रद्धाले मान्छन् । आजभन्दा २६२३ वर्ष पहिलेको वर्ष सिद्धार्थको जन्म वर्ष हो र जन्म, बोधिज्ञान प्राप्ति र निर्वाण एकै दिनमा भएका सिद्धार्थलाई आज शाक्यसिंह आदि धेरै नामले पुकार्दछन् । उनको उपदेशलाई मानिसको लागि ग्राह्यबस्तु र अति उपयोगी बस्तु मानेर नै उनको उपदेशको पछि लागेर उनलाई हृदयदेखि सम्झन्छन् । उनको उपदेश त्रिपिटकमा संग्रहित गरिएका छन् । त्रिपिटक बुद्धप्रति श्रद्धा र भक्ति राख्नेका लागि पवित्र र अनुकरणीय ग्रन्थ मानिएको छ । आज बुद्धका अनुयायीहरू भन्नु नै त्रिपिटकमा उल्लिखित उपदेशहरूको अनुसरण गर्ने व्यक्ति हुन् । बुद्धवचनप्रति आस्था राख्नु नै बुद्धको शिष्य बन्नु हो । अत: शिष्य परम्पराअनुसार बुद्धका अनुयायीहरूलाई बौद्ध भनेका हुन् । बौद्धहरूको लागि वास्तविकरूपमा न्याय र कानून भन्नु त्रिपिटक हो । सच्चा बौद्ध भन्नेहरू त्रिपिटकलाई सर्वेसर्वा मान्दछन् । उसको जीवन नै त्रिपिटकको उपदेशमा आधारित हुन्छ । मानिस आफूलाई मन परेको व्यक्ति र मन परेको कुरालाई तारिफ गर्न चाहन्छ र त्यसको कुरालाई अरूसमक्ष पुऱ्याउन चाहन्छ । यसै आधारमा बुद्धका अनुयायीहरूले बुद्धका कुरा प्रचार-प्रसार गर्दछन् । प्रचार-प्रसारको माध्यममा पत्रिका प्रकाशित गर्नु, पुस्तक प्रकाशित गर्नु, सभा समारोह गर्नु, जात्राको आयोजना गर्नु र परित्राण आदि पूजापाठको आयोजना गर्नुजस्तो क्रियाकलापमा मानिसहरू लाग्दछन् ।

कसैको कुरालाई ठीक हो भनेर मान्दैमा त्यो उसको अनुयायी हुँदैन । अनुयायी भनेको त उसको पछि लाग्नु अनि उसको क्रियाकलापलाई समर्थन गर्दै, अनुसरण गर्दै पछि लाग्नु हो । बुद्धको अनुयायी भई बौद्धको रूपमा रहने भिक्षु-भिक्षुणी नै हुन् । भिक्षु-भिक्षुणीलाई बौद्ध हो भन्नुमा शंकै छैन । बुद्धले घर-परिवार त्याग गरी विहारमा बसेको उदाहरणसमेतलाई पालन गरी कडाइका साथ बुद्धको नियम मान्ने भनेर स्पष्ट रूपमा देखिने भिक्षुहरू नै हुन् । यस्तै भगवान् बुद्धका उपदेशप्रतिरूप भिक्षुहरू समेतलाई सम्मान गरी उनीहरूबाट बुद्धको उपदेश सुनी आफूलाई त्यसप्रति न्यौछावर गर्ने उपासक उपासिका पनि पक्का बौद्ध नै मानिन्छन् । बौद्ध भन्नु भिक्षु नै मात्र होइन, बुद्धको उपदेशलाई ग्रहण गरी प्रत्यक्षत: पालन गर्ने जोसुकै पनि हुने हो । यसैले बुद्धको उपदेश पालन नगर्ने व्यक्ति बौद्धको छोरा हुँदैमा त्यो बौद्ध हुँदैन । भिक्षुहरूले चीवर छोड्नासाथ भिक्षु



Downloaded from http://www.dhamma.digital

नहुने जस्तै उपासक आदि अरू बौद्धहरू बौद्ध नहुने आधार झ्वाट्ट हेर्दा देखिने होइन । क्रियाकलापले बौद्ध नहुन सक्छ तर बुद्धको सम्पूर्ण उपदेशलाई केलाई सकिएपछि मात्र त्यस्तालाई बौद्ध होइन भन्न सकिने भएको ले एक पटक बौद्ध भइसकेको लाई बौद्ध होइन भन्नु गाह्रो हुन्छ । सामान्यत: हेर्दा कुनै व्यक्तिलाई त्यसले बौद्धआचरणमा रहेको छ वा छैनको आधारमा निर्क्यौल गरी बौद्ध रहेको छ वा छैन भनी थाहालिन सकिन्छ । मानिस हुनासाथ समाज बनिहाल्छ । कुनै कुरा छुट्याउने त्यही समाजले गर्छ । बौद्धहरूको च्युति वा स्थिति निर्क्यौल गर्ने त्यही समाज हुन्छ । मानिस समाजबाट छुट्टिन नचाहने भएको ले आफ्नो आचरणमा परिवर्तन ल्याएर पनि ऊ नाना तर्कले त्यही समाजभित्र अल्झेर बस्छ । त्यस्ताबाट विकृति आउनु भनेको बुद्धको उपदेशविपरीत क्रियाकलाप हुनु हो । समाजबाट कसैलाई निष्काशन गर्न ठूलो झमेला उत्पन्न हुन्छ र त्यो झमेला निपटाउन सजिलो छैन । यसप्रकारले बौद्ध हुँदैमा बौद्धआचरण नहुन सक्छ भनी मानिसहरू भन्दछन् ।

कुनैपनि पालन गर्नुपर्ने कुरालाई 'धर्म' भन्दछन् । बुद्धको उपदेशलाई पनि 'धर्म' भन्ने चलन छ । बुद्धको उपदेशलाई बुद्धधर्म भन्दछन् । बुद्धधर्म पालन गर्नेको नाताले त्यस्तालाई बौद्ध भनिएको हो । बौद्ध भन्नासाथ बुद्धधर्म पालन गर्ने भन्ने स्वत: सिद्ध हुन्छ । उपदेश दिनेलाई गुरु भन्दछ । यसैले बौद्धहरूले बुद्धलाई गुरु पनि भन्दछन् । बुद्ध यस्तो गुरु हो जो ज्यादै व्यावहारिक छन् । मानिसलाई परेर आउने दु:ख सुखमा बुद्धले व्यावहारिक रूपमा सहभागी भई सम्झाउने बुझाउने गर्दछन् । बुद्धको सम्झाउने तरिका प्रत्यक्ष हुन्छ । यसको मतलब जो जससँग जतिसम्म बुझ्ने क्षमता छ त्यो त्यसलाई त्यहीप्रकारको उदाहरण दिई सम्झाउँछन् । यसैले बुद्धको ज्ञान सरलभन्दा सरल र सूक्ष्मभन्दा सूक्ष्म पनि पाइएका छन् । बुद्ध सबैको लागि व्यावहारिक हुनुको कारण यही हो । बुद्धको जमानामा 'आत्मवादी', र 'ईश्वरवादीहरू' थिए । तिनीहरूलाई सम्झाउनुपर्दा त्यहीप्रकारले सम्झाउँथे जसरी उनीहरूले विश्वास गरी जीवनको सार्थकतालाई सम्झुन् । यस नाताले बुद्धका कुरामा देवदेवीहरूको सिलसिला पनि देखापरेका छन् । त्रिपिटकको सारांश हेर्ने हो भने देवदेवी र स्वर्गनरकको कल्पनाका विरुद्ध बुद्ध उभिएको देखिन्छ । बुद्धलाई विज्ञानसम्मत भनेको पनि यही कारण ले हो । हरेक कुरालाई कारणत: प्रत्यक्षीकरण गरी देखाउनु नै बुद्धको विशेषता हो । सूक्ष्मातिसूक्ष्म अणुपरमाणुदेखि लिएर स्थूलरूप भौतिकताको व्यख्या गर्न सक्नु नै भगवान् बुद्धको सर्वज्ञता हो । चतुरार्यसत्य, आर्यअष्टाङ्गिक मार्ग शुद्ध बुद्धका गुण हुन् । बुद्धका यी गुणसम्पन्न सिद्धान्तहरू मानवमात्रको जीवनको लागि अतिउपयोगी कुरा हुन् । मानव भन्नाले मानवसँग सम्बन्धित यावत् जीवजन्तुप्रतिको धारणा र व्यवहार पनि निहित छन् । यसै सिलसिलामा देवलोक र देवताको पनि चर्चा रहन आएको कुरामा शङ्का गर्न



Downloaded from http://www.dhamma.digital

सकिन्छ । बुद्ध मानव हो, देवता होइन । मानवले देवतासँग देवलोकमा भेटघाट गरेको कुरा आजसम्म विज्ञानले देखाउन सकेको छैन । देवता मानिने चन्द्र र चन्द्रलोकलाई मानिसले फेला पारिसकेका छन् । चन्द्रग्रहणलाई दक्षप्रजापतिकी छोरीको कारण १५ दिन घट्ने १५ दिन बढ्ने गरी सरापेको कुराको भेद आज वैज्ञानिकहरूले पृथ्वीको छायाको कारणले हो भनी खुलस्त बताइसकेका छन् । दक्षप्रजापतिको र चन्द्रमाको कथा कुशल साहित्यकारको प्रतीकात्मक कथा हो भन्ने कुरा आज देखिन आएको छ । त्रायस्त्रिंश देवलोक होस् वा तुषितभुवन होस् त्यस्ता ठाउँ हुनुमा अपत्यार गर्नुपर्ने कुरा छैन, त्यस्तै असल र गुणीले कसैलाई आफ्नो ठाउँमा लगेर राख्नु आश्चर्यको कुरा होइन तापनि भगवान् बुद्धले उल्लेख गरेका यी कुरालाई मानवपराक्रमको रूपमा मात्र मान्नुपर्दछ । बुद्धले उल्लेख गरेका ती लोकहरू कहाँछन् अन्वेषणको विषय छ । कुनै कुरा दक्षप्रजापति र चन्द्रमाको कथा झैं त्रिपिटकमा कुनै कुशल साहित्यकारले यस्ता कुरा थपेको पनि सिद्ध हुन आउने सक्ने सम्भवना छ ।

बुद्ध मानव हुन र मानव सामर्थ्यलाई पराकष्ठामा पुऱ्याउन अति समर्थवान् भएको ले उनी विश्वमा महामानवमा गनिएका छन् । शान्तिको लागि उनी उदाहरणीय व्यक्ति बनेका छन् । उनी मानेवैज्ञानिक एवं मनोचिकित्सक हुनुमा सफल भएका छन् । होम-यज्ञले शान्ति-स्वस्ति हुने होइन, मनलाई बाँध्नाले नै शान्ति-स्वस्ति हुने कुरा भएको उनको व्यावहारिक मानववादी कुरालाई आज धेरैले विश्वास गरेका छन् । यस जिउँदैको अर्को लोकको कुराले बुद्धले देवधर्मको कुरामा जोड दिएका कुरा कुनै ठाउँमा आएको छ भने त्यो *'अत्युक्ति त होइन र'* भन्ने शङ्का पनि नआउला जस्तो छैन किनकि बुद्धको धर्मलाई देवधर्म नभनिकन मानवधर्म भनिएको छ । यस्ता बुद्धलाई आज मानिसहरू देवता भनी मान्दछन् । कसैलाई बाबुसरह मानेझैं देवतासरह मान्नुमा कुनै असंगति हुँदैन तर देवता नै सम्झनु त मानवमात्रको अवमूल्यन गर्नु हो । भगवान् बुद्ध तिथिमितिसहितले प्रमाणित ऐतिहासिक महापुरुष हुन् । उनको पालामा घटेका युद्धहरूमा देउता नै मानिसको पक्ष विपक्षमा लागेर युद्धमा सम्मिलित भएको इतिहास पाईंदैन । यस्तो स्थिति बुझेर आज हामीले भगवान् बुद्धलाई पूर्णतया मानिस नै हो भनी मान्नुपर्छ र उनका प्रत्यक्ष क्रियाकलाप मानवीय हुन् भनी सकार्नुपर्छ । उनलाई मानवइतरका दलदलमा लगेर डुबाउने खालका पूजाविधि र विश्वासदेखि पर रहेर उनका व्यावहारिक धर्म अथवा उपदेशलाई उच्च स्थान दिएर दिलाएर मानव-कल्याणमा अग्रसर हुनु मानवको लागि आज ठूलो चुनौतीपूर्ण कर्तव्य हुन आएको छ । यस विषयमा बौद्धहरूको आँखा सबभन्दा पहिले खुल्नुपरेको छ ।

❋

*'बुद्धको आशीर्वाद' बु.सं २५४३ (वि.सं. २०५६)



Downloaded from http://www.dhamma.digital

# समझदारीको महत्त्व*

कुनैपनि मानिसले सहीरूपमा काम गर्न नसकेको देख्दा त्यस्तालाई 'अशिक्षित मानिस' भनी प्याच्च भनिदिइहाल्ने शिक्षित भनाउँदाको स्वभाव हुन्छ। कोही अनपढ आफैले पनि कामको सिलसिलामा हीनताबोधले *'के गरूं, शिक्षित छु, राम्ररी काम गर्न सकिन'* भन्ने गरेको देखिन्छ । शिक्षा नभएमा चेतना पनि नभएको ठान्ने पनि धेरै छन् । पढे गुनेका प्रमाणपत्र हासिल गरेका ले नाक फुलाएर आफूलाई सचेत संझन्छन् । पढेका ले पढेका लाई अचेतन भन्ने गर्दैनन् । शैक्षिक संस्थाबाट प्रमाणपत्र प्राप्त सबै शिक्षित र चेतनशील हुन् भन्ने धारणा सबैजसोको हुने गर्दछ ।

शिक्षा प्राप्तिबाट राम्रो काम हुन्छ, चेतनाले कर्तव्याकर्तव्यको बोध गराउँछ अनि हक हितसमेतको ख्याल गराउँछ, यो सर्वमत सिद्धान्त हो । यही सिद्धान्त जनअवधारणा हो । जनधारणा भनेको मानिसको जीवन यापनमा अगुवाइको भूमिका निभाउने मुख्य तत्त्व हो। जसले जुन धारणा लिन्छ त्यसैअनुरूप काम हुने हुन्छ। जनधारणामा परंपरागत संस्कृतिको छाप परेको हुनसक्छ भने कुनै जनधारण सुनेर, देखेर र पत्यारले पनि सृजना भएको हुन्छ। यस्तो जनधारणामा शिक्षा-अशिक्षा र चेतना-अचेतना भनी छुट्याइरहनुपर्ने कुराको आवश्यकता रहँदैन। आफआफ्नो पनले सबैमा धारणा जम्न सक्छ । एकचोटि जमेको धारणा बदल्न गाह्रो हुने हुन्छ । शिक्षित र अशिक्षित अनि चेतन र अचेतनमा पर्ने धारणा बेग्लाबैग्लै हुने हुन्छ भनेर पनि सोचिने हुन्छ। साँचै त मान्छेपिछे धारणा फरक हुन सक्छ, यो निश्चित छ। साझा धारणाचाहिँ मानिसको मनोविज्ञानगत धारणा हुने हुन्छ। शिक्षित र चेतनशीलको मात्र सही धारणा हुने हुन्छ र धारणाअनुसार सही काम हुन्छ भन्ने चाहिँ होइन। शिक्षित अशिक्षित दुबैको धारणा सही र गलत दुबै हुन सक्नेचाहिँ व्यवहारले देखाएको हुन्छ। साँचै त शिक्षितको गलत धारणाले नै धेरै कुरामा धोखा भई समाजमा विकृति आएको पःइएको छ । अशिक्षित भन्नेको धारणा बरु छिटो बदलेको देखिएको छ भने शिक्षित भनाउँदाको धारणाले पूर्वाग्रह लिइराखेको व्यवहारमा पाइएको छ । समाजहितको लागि शिक्षितको जिम्मेवारी बढी हुने भएतापनि जति शिक्षित बढ्यो उति समाजमा अशान्ति र विकार पैदा भएको नै आजको दुनियाको इतिहास छ। हत्या, लूटपाट र जँड्याहाप्रवृत्ति धेरैजसो शिक्षित समाजले सृजना गरेको हुँदा नै



Downloaded from http://www.dhamma.digital

स्वस्थसमाजको स्थिरता बिरलैमात्र रहेको देखिन्छ। सामान्य चोरभन्दा शिक्षित चोर खतरनाक हुन्छ । यही शिक्षित र अशिक्षितमा देखिने भेद हो ।

शिक्षित भनेपछि ज्ञानी गुणी हुन्छ भन्ने प्रमाणपत्रले देखाएको हुन्छ तापनि ज्ञानी भएर गुणी नभएको उदाहरण नै धेरै प्राप्त छ । विद्वान्हरू धेरै छन्, पण्डितहरू धेरै छन् तर उनीहरूबाट शिक्षाको प्रसारण भएर सुध्रिएका मानिसको उदाहरण त्यतिमात्रमा प्राप्त छैन जति उनीहरूप्रतिको आशाको धारणा रहेको हुन्छ । कसैले केही गरोस् वा नगरोस् समयअनुसार विकास स्वत: हुँदैजाने प्रक्रिया हो। मानिसले जुन गति दियो त्यही गति विकासको हुन्छ। ढीला वा चाँडो विकास हुनुमा मानिस नै मुख्य कारण बन्दछ । जस्तो कम्प्यूटरले जति विकासशील काम गऱ्यो भनेपनि मानिसको हातले नछोइदिएको भए त्यसको प्रगति हुन सक्दैन्थ्यो । संसारमा नैतिकवान् र आचरणयुक्त त्यस्तोलाई भन्ने गरिन्छ जसले मानवको अहित हुने काम गर्दैन र निर्धारित कर्तव्य पूरा गरेको हुन्छ । धर्मशास्त्रहरूमा धार्मिक शुद्धभाव रहने गरी प्रयोग भएका शब्दहरूमा दया, करुणा, मैत्री र अवैर आदि हुन् । त्यस्तै शीलआचरणविपरीतमा गनिने शब्दहरूमा दुष्ट्याइँ, क्षुद्रता, लोभ, द्वेष र हिंसा आदि छन् । आवश्यक भएर पनि अति हुने खालका शब्दहरूमा राग, तृष्णा, काम, मोह आदि छन् । यस्ता सबैप्रकारका शब्दहरू जनजिब्रोमा सरलताका साथ रहिसकेका छन् । यी शब्दअनुरूपका गुण र अवगुण सामान्य जनले पनि ज्ञात गरिसकेको छ । फाइदा बेफाइदा र उचित अनुचितताको ख्याल नगरी आफ्नो इच्छामुताबिक स्वच्छन्दरूपमा आफ्नो स्वभाव व्यक्त गर्ने र त्यसमा लाग्ने मानिस नै दुनियामा धेरै पाइने हुन्छ । यी कुराले गर्दा चेतनशील व्यक्ति भनिएपनि अचेतन व्यक्तिसरह कामकाज गर्ने धेरै रहेका छन् भन्ने बुझिन आउँछ । यसैले शिक्षित भनूं वा चेतनशील भनूं तिनीहरूबाट हित र भलोकै कुरामात्र हुन्छ भन्न सकिँदैन । ज्ञान ज्ञानको लागि मात्र भएको कुरा धेरैजसो शिक्षालयका प्रमाणपत्रधारीबाट देखाएको छ। ज्ञान प्रयोगको लागि भएको ठाउँमा पनि स्वार्थपरक भएर ज्ञानको उद्देश्य परिपूर्ति हुन सकेको अति दुर्लभमात्र पाइएको छ । यस परिप्रेक्षमा ज्ञानको सदुपयोग नभएको नै धेरै देखिएको छ । ज्ञानको सदुपयोग त्यसबेला भएको पाइएको छ जुन बेला पूर्वाग्रह पन्छिएर समझदारी कायम भएको छ । समझदारी ग्रहण भएपछि शिक्षाको मूल्यमा महत्त्व थपिने हुन्छ तब शास्त्रीय नैतिक शब्दहरूको अर्थ राम्ररी खुलेको हुन्छ जब त्यसको परिपालन पनि हुन्छ । हालै समझदारीको एउटा ठूलो सफल नमूना प्रस्तुतयोग्यरूपमा रहेको छ जुनले शान्तिको मार्ग अपनाएको छ र



Downloaded from http://www.dhamma.digital

वास्तविकरूपमा धारण गरिएको छ। यो एउटा नमूना हो - "२०५६ मंसिर ३,४,५ गते सिद्धार्थनगरमा एउटा अन्तर्राष्ट्रिय हिन्दू-बौद्धसम्मेलन भयो । यो सम्मेलन हुनुअघि हिन्दू-बौद्धबीच ठूलो विवाद भयो जसले गर्दा दुई धर्मावलम्बीबीच मतान्तरले ठूलो विभेदता जमायो । एक धर्मका ले अर्को धर्मप्रति होच्याउने, दबाउने र प्रभुत्व जमाउने जस्ता प्रवृत्ति देखापरेको थियो। जीवनका जुनसुकै कुरामा स्वतन्त्रता रहने भएपनि धार्मिक जीवनमा स्वतन्त्रता नरहेमा मानिसले आफ्नो जीवनलाई सफल मान्दैन । यही स्थिति केही शताब्दीअघि देखिको धार्मिक मान्यतामा देखियो। वैदिक धर्मको प्रभुत्व बुद्धधर्ममा खन्याएर बुद्धधर्मलाई हिन्दूधर्मको शाखा भन्ने खालका व्याख्या गरेर परंपरावादी चतुर धूर्तभावनावलम्बीहरूले बुद्धको विरोधार्थ शास्त्रपर्यन्त रचेर सयौं वर्ष दबाउँदै आएको कुरामा विस्तृत छलफल गरियो । भनौं शास्त्रार्थ गरियो । अनीश्वरवादी बुद्धधर्मलाई ईश्वरवादी व्याख्याले छोपेर प्रभावकारी बुद्धलाई हिन्दूधर्ममा गाँस्न खोजेको कुरामा विशद छलफल र प्रमाण प्रस्तुत भएपछि बुद्ध विष्णुको नवौं अवतार नभएको सिद्ध हुन आएको छ। झूठमूठको चौगिर्दाभित्र सिद्ध र असिद्धको मतलब नै रहेको हुँदैन । ढाकछोप र छलछाम नै मुख्य उद्देश्य भएपछि त्यसको विस्तृति बढ्दै जाने हुन्छ । जनधारणा त्यसैप्रति दृढ भइसकेको हुन्छ। यस्तै दृढ धारणा जमिसकेको मा हिन्दू-बौद्ध सम्मेलन नेपालमा हुने बेलाले विवादलाई दरिलो बनायो। फलस्वरूप दुई प्रखर विद्वान् एवं बहुजनमान्य व्यक्तिहरूबीच विवाद बनेको विषयमा छलफल (शास्त्रार्थ) हुन पुग्यो। दुई महात्माबीच समझदारी कायम भयो कि पूर्वाग्रहले जरो गाडिएको विवाद नै टुंगियो । यसको निर्क्योलमा बुद्धधर्म हिन्दूधर्मको शाखा रहन गएन अर्थात् श्रद्धेय हिन्दूयोगीद्वारा त्यस कुरामा सही थापे। त्यस्तै बुद्ध ईश्वरवादी सिद्धान्तको नवौं अवतार पनि रहेन ।" यो हो समझदारीको महान् सफल उदाहरण । यही हो शिक्षा र नैतिकताको सही प्रभाव । यही नै चेतनशीलताको सही प्रमाण पनि बनिदिएको छ ।

यस दृष्टान्तद्वारा यही सिद्ध हुन आउँछ कि शिक्षामात्रले मानिसको मोह छुट्दैन अनि चेतनामात्रले सही मार्ग अपनाइने हुँदैन। यी दुबै उपयोगी अनिवार्य विषयलाई जनजीवनमा सुख र कल्याण दिलाउने एउटा छुट्टै बस्तु समझदारी रहेछ भन्ने प्रमाणित देखिएको छ र यस्ता समझदारीको कुरा हरपक्षमा हुँदै आई शत्रु र मित्रबीच यस्तै समझादरीको भाव हुने भएको पनि स्पष्टिएको छ। मानिसको ज्ञानमय जीवनमा समझदारीको ठूलो महत्त्व हुनु स्वाभाविक छ जसले गर्दा शिक्षा र चेतनालाई असल साथी चाहिएको कुरा पनि औंल्याइदिएको छ ।

❋

*'धर्मोदय' बु.सं. २५४३ (वि.सं. २०५६)



Downloaded from http://www.dhamma.digital

# भजन र ज्ञानमार्ग*

धर्म भन्नासाथ मानिसले कुनैपनि देउताको पूजालाई संझन्छ । देउताको वचनलाई सबैप्रकारले पालन गर्नुलाई धर्म भनी मानिसले देउताले भनेको गरेको कुरा भनी शास्त्रबाट उद्धृत गरी पढी घोकी पालनसमेत गर्नमा लाग्दछन् । देउतालाई खुशी पार्न पूजा गर्छन् र पाठ गरी देउता संझन्छन् । खासगरी देउतालाई मान्न अपनाउने मार्ग २ प्रकारका छन् । जस्तै भक्तिमार्ग र ज्ञानमार्ग । लयबद्धरूपमा देउताको गुणगान गर्नु भनेको भजन गर्नु हो । देउताको भजन गरी मानिस उनको भक्त बन्दछ र भक्त बनी गरिने कार्यलाई भक्तिमार्ग भनिन्छ । आफूले श्रद्धा गरी मानेको देवतालाई सर्वेसर्वा मानी मानिस आफै पनि देवताको दाससिबाय अरू केही होइन भीन ठान्दछन् । यसरी धर्म भनेको देवताको पूजा, पाठ र त्यसको प्रसाद ग्रहण गरी कृपापात्र बन्नु हो भन्ने धारणा नै धेरैमा रहेको छ ।

काठमाडौंबाट एउटा भजनको सृजना भएको छ । त्यो भजनलाई ज्ञानमाला भजन भन्दछ । ज्ञानमाला भजन शुरूभएको ६० वर्षको भद्रजयन्ती सम्पन्न गरिसकिएको छ । यो भजन स्वयम्भूमा सृजना भएर यसको नाम नै *'स्वयम्भू ज्ञानमाला भजन'* राखिएको छ । स्वयम्भू नेपाली बौद्धजगत्कै आस्थाको तीर्थस्थल र केन्द्र हो । काठमाडौं उपत्यकाको उच्चस्थानको जुनसुकै ठाउँबाट देखिने यो डाँडा धार्मिकमात्र नभै स्वास्थ्य एवं संस्कृतिको समुन्नतिको लागि पनि उपयोगी रहिआएको छ । त्यहाँको एउटा सत्तल जहाँ अविच्छन्नरूपमा प्रत्येक बिहान ज्ञानमाला भजन भइरहेको छ । यस सत्तललाई ज्ञानमाला-सत्तल भन्ने चलन नै भइसकेको छ ।

यहाँ गाइने ज्ञानमाला भजन मात्र भक्तिभावको नभई सामाजिक जागरणको लागि उनिएका शब्दसमूहको लयबद्ध कविताहरूको गायनका साथ स्वयं कर्तव्यपथ खोज्ने ज्ञानभाव रहेको छ । ईश्वरले दिएमात्र सबै कुरा प्राप्त हुने भन्ने कुराबाट यो भजन टाढा रहेको छ । व्यावहारिक ज्ञान प्राप्त गरी आफै काम कर्तव्यको लागि अग्रसर हुने प्रेरणादायक यो भजन रहेको छ । यो भजनको सृजनाकाल भनेको नेपालमा जनशोषण गर्ने सरकारले प्रतिनिधित्व गरेको राणाकाल थियो । जनतलाई कसरी शिक्षित पार्ने र उनीहरूको आर्थिक स्थिति कसरी



Downloaded from http://www.dhamma.digital

सुधार्ने भन्ने बिचार नभएको सरकार त्यस बेला थियो । शिक्षा हासिल गर्ने औसर नपाएर अशिक्षारूपी अन्धकारमा जकडिरहेको उसबेलाका जनताहरू मौलिक हकबाट वञ्चित थिए। ज्ञानमाला भजनले त्यसै कुरालाई मनन गरेर स्वयम्भूको डाँडाबाट बिगुल फुके । यो बिगुल जनजागृतिको आवाज थियो । जनताले शिक्षित हुनको लागि प्रयास गर्नुपर्‍यो जसको सुअवसरको लागि क्रान्तिको पाइला सार्नुपर्‍यो भनी यस्ता भजन हार्मोनियम र तमलाका साथमा गुञ्जन्थे । बिनाउद्योग आर्थिक संपन्नता नहुने र बिनाआर्थिक सुधार दैनिक जीवन गुजारा नहुने कुराको ख्याल गराउने भई ज्ञानमालाभजन जनजनको मुखबाट गाइन लाग्यो । नारीजागरणका पंक्तिहरूका ज्ञानमालाले समाजमा स्थान ओगट्दै गयो । यी कुराहरू मानिसको सोचमा आउनुको कारण बुद्ध-उपदेश थियो । मानवकल्याणकारी धर्म जसमा न आर्थिक असमानतलाई स्थान छ, न सामाजिक भेदभावलाई प्रोत्साहन छ, त्यो बुद्धधर्म हो। बुद्धधर्म भनेको परंपरागत धारणाझैं को पूजा, पाठ र भक्तिमात्र होइन, यो त व्यवहार हो, आचरणको प्रतिपालन हो। यसैले बुद्धधर्म भनेको बुद्धले भनेका कुराहरू हुन्, बुद्धद्वारा उपदेशित निर्देशनहरू हुन् ।

ज्ञानमालाभजन बुद्धोपदेशमा आधारित छ । कोरा ईश्वरीय भावना यसमा छैन। हुन त ज्ञानमाला पुस्तिकामा संगृहीत भजनहरू कुनै कुनै परंपरागत याचनाखालका नभएका होइनन् तापनि बिरलै छ र त्यस भजनको भावना भन्ने नै बुद्धसिद्धान्तको प्रतीक रहेको छ। बरु शदियौंदेखि साथै रहिआएको हिन्दूधारणा भने ज्ञानमाला भजन गाउनेहरूमा छाप परेको छैन भन्न सकिँदैन । शंख बजाई आरती गर्ने परंपरा हिन्दूधर्मको छाप हो र मन्त्र पढेझैं पढेर भजनको आशयलाई वास्ता नगर्ने बानी भने भजनगायकहरूबाट छुट्न सकेको छैन । भजन गाउनेहरूको बानी बिस्तारै सप्रिनेछ, यो अवश्यंभावी हुने लक्षणमात्र होइन यसको व्यहोरा नै प्रस्तुत गर्न थालिइसकिएको छ। बुद्धपूजा गर्ने तरिकामा बौद्धवातावरण सृजना हुने गरी शान्त र शिष्टता रहिसकेको छ । धेरैमा पंचशीलको ज्ञान छाइसकेको छ ।

ज्ञानमालाभजन मात्र भक्तिमार्गको नभै ज्ञानमार्ग रहेर यो अरू भजनभन्दा छुट्टैप्रकारको रहेको छ। जस्तो गायो उस्तै काम कुरा गर्ने उद्देश्य ज्ञानमालाको हो। यसको प्रवृत्तिमय विकास हुँदै आएको छ । पूर्ण विकास हुन समय लाग्छ, यो पक्का हो । आज ज्ञानमाला भजन गाउनेहरूलाई बुद्धधर्मको ज्ञानको चुनौती रहेको छ । पढ्दैमा पढेको ठहर्दैन जब



Downloaded from http://www.dhamma.digital

परीक्षामा पास हुँदैन, त्यस्तै परीक्षामा उत्तीर्ण हुँदैमा ज्ञानी भएको हुँदैन जब ज्ञानको कुरा व्यवहारमा उतार्न सक्दैन। जुन उद्देश्यको शिक्षा हो त्यो उद्देश्य पूर्ति भएन भने त्यो अशिक्षा हुन जान्छ, त्यस्तै जुन ज्ञानको भजन हो त्यसलाई गाएर ज्ञान हासिल गरिएन भने त्यो अज्ञान हुन जानेछ। यसतर्फ भजनगायकहरूको ध्यान आकर्षित गर्ने क्रियाकलाप भजनसंस्थाले अपनाईंदै आएको छ। कसैकसैले ज्ञानमाला भजनको उद्देश्य नबुझेर व्यावहारिक क्रियाकलापभन्दा भजन गाउनुमात्रलाई नै जोड दिएको पनि देखिएको छ। पूजा, बनभोज, तीर्थयात्रा आदिमात्रले ज्ञानमाला भजनको उद्देश्य पूर्ति हुने नभई व्यावहारिक ज्ञानमा सुधार एवं व्यवहारमा परिवर्तन ल्याउनाले नै क्रान्तिस्वरूप शुरूभएको ज्ञानमालाभजनको अस्तित्व कायम हुने हुन्छ। ज्ञानमालाभजन एक व्यक्तिको आत्मविमुक्तिभन्दा समाजपरक छ र व्यक्तिवादीताभन्दा सामूहिक हित कल्याणको मार्गमा अवलम्बित छ।

बुद्धधर्ममा समर्पित उपासक उपसिकाहरूले जिल्ला जिल्लामा थेरवाद विहारको स्थापना गरी त्यहाँ भजन गाउने प्रथा चलाएका छन्। ज्ञानमालाभजनको विशेषता यही रहेको छ कि त्यस्ता विहार मा गरिने भजन ज्ञानमालाको आधारमा नै रह्यो। ज्ञानमालभजनको निर्धारण भनेको १६ औं संस्करणसम्म प्रकाशित भएका ज्ञानमाला पुस्तकमा प्रकाशित भजनहरू रहेका छन्। बुद्धोपदेशलाई अध्ययन मनन गरी साक्षात्कार गर्न लागिपरेका व्यक्तिहरू नै ज्ञानमाला भजनका कवि रहेका छन्। तसर्थ बुद्धधर्म र त्यसका प्रकृति नै ज्ञानमालाको लक्ष्यप्राप्तिको विषय बनेको छ। यसप्रकार ज्ञानमाला भजन जिल्लाहरूमा गाइनुले बुद्धधर्मको प्रसार र व्यापकताको अभिवृद्धि भएको स्पष्ट हुँदै आएको छ। ज्ञानमाला भजन हुने स्थानमा बुद्धसम्बन्धी केही अरू भजन पनि गाउने भएर आएको छ। यसले धर्मको व्यापकता एवं भजनको कविताको विस्तार भएको मानिन्छ तापनि यसले अत्याधुनिक संगीत र अतिशयोक्तिलाई बढावा दिँदै गई ज्ञानमालाभजनमा विकृति सृजना हुने संभावना छ। यस्तो विकृतिको नियन्त्रण एवं निवारणार्थ आधिकारि करूपमा संस्थागत हिसाबले संगठनात्मक स्वरूपलाई बलियो पारी लानुपर्ने देखिएको छ। प्रजातन्त्रको नाममा अविवेकी स्वच्छन्द विचारले छाडापलनलाई बढावा दिएझैं ज्ञानमालाभजनमा पनि स्वच्छन्दता नआउला भन्न सकिन्न। यसको लागि शुद्ध बुद्धधर्मको ज्ञान विस्तार गर्ने कार्यक्रमहरूको तर्जुमा गरी त्यसमार्फत् जनधारणामा चेतना अभिवृद्धिगराई भजनलाई पनि बुद्धधर्मको अनुकूल बनाइराख्ने प्रयासको निरन्तरता



Downloaded from http://www.dhamma.digital

कायम राख्नुपर्ने आवश्यक भएको छ ।

बुद्धधर्ममा ज्ञानमार्गको नै प्रचुर ता हुने भएको ले दैनिक जीवनव्यवहारमा मानवहित-कल्याणको अपेक्षा यसमा बढीमात्रामा गरिन्छ । ज्ञानी मान्छे एक छाकको भोको हुँदैन । भोको मान्छेको लागि ज्ञानमन्दिर पनि समुचित स्थान मानिँदैन । बुद्धधर्म भन्छ, *'भोकालाई खान देऊ अनि त्यसमा ज्ञान भरिदेऊ'*। ज्ञानमाला भजनका संस्थामा बस्नेहरू दिनहुँ भजन हुने बेलामा उपस्थित रहेका लाई मात्र धार्मिक र संस्थाप्रिय ठान्ने पनि छन् । दिनहुँ भजनमा बसेर भालुलाई पुराण भए झैं आचरण शुद्धी नपार्नुभन्दा निश्चित कार्यहरूमा सम्मिलित भई भजनका गुणहरू ग्रहण गर्नुमा पनि विशेष धार्मिक र व्यावहारिक हुनेछ । यो कुरा वास्तविक धार्मिक ज्ञान भएको व्यक्तिले बुझ्ने विषय हो ।

धर्म एउटा श्रद्धाको विषय भएको ले श्रद्धालुहरू धार्मिक कार्यक्रम भनेपछि त्यसमा संलग्न हुन चाहन्छन् । धार्मिक कार्यक्रमको लागि श्रद्धालुहरूले यथाशक्य धन अर्पण गर्छन् भने समय पनि दिन्छन् । ज्ञानमालाभजनमा लाग्नेहरूले पनि भजन गाउन समय दिएर पनि परेको बेला चन्दा र आवश्यक शुल्क बिना हिचकिचाहट बुझाउँछन् । कंजूसहरू धर्ममा लागेको देखिएतापनि बाहिरी आडम्बरमा लागेका हुन्छन् । उनीहरूको पहिचान भनेको वास्तविक धार्मिक एवं श्रद्धाको काममा २ रूपिया चन्दा नदिन र २ रूपिया शुल्क नबुझाउन नाना अतो थाप्ने हुनु हो । त्यस्ता व्यक्ति नियम विनियम एवं अधिकार अनधिकारको कुरा गरी खिचोला उठाउने हुन्छन् । त्यस्ता देखौवा धार्मिक सदस्य बनेको व्यक्ति आफ्नो स्वार्थको लागि सामूहिक उचित कुराको पनि विरोध गरी आफै जान्ने सुन्ने र आफै कर्तव्यनिष्ठ संझने हुन्छन् ।

ज्ञानमालाभजनको इतिहासले सामजिक जीवनलाई उठाउने प्रयास गरेको हुँदा यो भजन भनेको भक्तिमार्गमात्र नभै ज्ञानमार्ग हो र आचरणशुद्धीको कारण हो भन्ने स्पष्ट हुन्छ । ज्ञानमालाको बुद्धधर्ममा छुट्टै विशेषता रहेको छ ।

❋

---

*'ज्ञनमाला-स्मारिका' बु.सं. २५४३ (वि.सं. २०५६)



Downloaded from http://www.dhamma.digital

# भगवान् बुद्ध र बहुजनहित*

सबै मानिस सुख चाहन्छन्, आनन्द चाहन्छन् तैपनि मानिस दु:खी नै छन् । यसैले भगवान् बुद्धले भन्नुभएको छ, *'यो संसार दु:खमय छ'* । दु:खलाई निरोध गर्ने उपायलाई अँगाल्न सकियो भने दु:ख अवश्य हट्न सक्छ । त्यस्ता उपायलाई सबैले ग्रहण गर्न कोशिश गर्नुपर्दछ । त्यही उपायद्वारा भगवान् बुद्धले बहुजनको हित हुने कुरालाई बताउनुभएको छ । बहुजनको हितलाई सदा स्थिर राख्न भगवान् बुद्धले सारांशमा ३ वटा कुरा आवश्यक भएको बताउनुभएको छ । ती हुन् - शील, समाधि र प्रज्ञा ।

*'शील'* भनेको सदाचार हो । सदाचार भनेको आफ्नो बानी ब्यहोरा असल पार्नु हो । आफ्नो बानी नसपारी अर्काको बानीको मात्र ख्याल राख्ने भयो भने त्यस्ताले आफूले पनि दु:ख भोग्छ र अरूलाई पनि दु:ख पुऱ्याइरहन्छ । यस्तो व्यवहारले बहुजनको हित हुँदैन । मानिस आफ्नो स्वार्थको लागि अरूलाई दु:ख दिने स्वभावका पनि हुन्छन् । यस्तालाई भगवान् बुद्धले शीलको उपदेश दिनुभएको हो । शील पालन नगर्नेलाई दुश्शील व्यक्ति भन्दछ । दुश्शील व्यक्तिले बहुजनहितको लागि कहिल्यै कर्तव्य पूरा गर्दैन । त्यस्ता व्यक्तिले कर्तव्यपथलाई खोट लगाएर कर्तव्यविमुख बन्दछ । त्यस्तलाई थाहाहुँदैन कि कर्तव्यविमुख बन्दा आफैमा दोष आइलाग्ने हुन्छ । त्यस्ता व्यक्ति सधैं दु:खी रहन्छ । त्यस्ता व्यक्ति रहेको ठाउँमा बहुजनको हित हुन गाह्रो छ । त्यस्ता व्यक्ति बहुजनको हितको बाधक मानिन्छ । त्यसैले समाजमा कोहीपनि बहुजनहितको बाधक नहोउन् भनी भगवान् बुद्धले शीलमा जोडदिनु भएको हो ।

अर्को दु:ख हटाउने उपाय हो *'समाधि'*। *'समाधि'* भनेको चित्तलाई चंचल नपारी त्यसलाई बशमा राख्नु हो । चित्तलाई बशमा राख्नु भनेको गरेको काममा दृढ हुनु हो । काम भनेको असल पनि हुन्छ, खराब पनि हुन्छ । खराब काममा दृढ हुनुलाई समाधि भनिँदैन किनकि खराब कामले दु:ख हट्दैन अपितु दु:ख बढ्दै जान्छ । अनि बहुजनको हित हुनुको सट्टा बहुजनको अहित हुन जान्छ । त्यसैले आचरणशुद्धिका साथ काममा दृढ हुनुलाई साँचैको समाधि भन्दछ । चंचल चित्त भएर नै मानिसलाई दु:ख हुने हो । चंचल चित्तले तृष्णारूपी विकार पैदा गर्दछ ।



Downloaded from http://www.dhamma.digital

तृष्णालाई लोभले साथ दिने हुँदा मानिस विकारतिर बढी दृढ हुँदै जान्छ । असल कुरामा दृढ बन्नेको लागि समाधि नै बलियो हुनुपर्दछ । त्यही नै वास्तविक समाधि हो जुनले चंचल चित्तवृत्तिलाई रोक्छ । अर्को अर्थमा भन्ने हो भने सदा सजग रही होश राखिछोड्नु समाधि हो । जस्तो रिस उठ्दा होश राखी चुप लागिदियो भने त्यस क्रोधले आफूलाई हानि गर्दैन । आफूलाई हानि नगर्ने बस्तुले अरूलाई पनि हानि गर्दैन । दुबैको हानि नुहुनु भनेको बहुजनको हित हुनु हो । यसैले भगवान् बुद्धले समाधिमा जोड दिनुभएको छ ।

दु:ख हटाउने अर्को उपाय हो 'प्रज्ञा' । प्रज्ञा भनेको भित्री ज्ञान हो, विवेक-बुद्धि हो । खान-पान, ऐश-आराम बाहिरी ज्ञान हो । मात्र बाहिरी ज्ञानलाई प्रज्ञा भनिँदैन । सत्-असत् विचार गरी मानवमात्रको लागि कल्याणकारीरूपमा प्रयोग गरिने ज्ञान नै प्रज्ञा कहलाइन्छ । सत् ज्ञान भनेको आफू र अरू दुबैको भलो हुने गरी सोच्ने र व्यवहार गर्ने खालको ज्ञान हो । यसप्रकारको प्रज्ञाज्ञान लौकिक र लोकोत्तर गरी दुईप्रकारका छन् । लौकिक प्रज्ञा भनेको मानिसले मानिसप्रति गरिने व्यवहारज्ञान हो । लोकोत्तर प्रज्ञा भनेको आध्यात्मिक चिन्तनले मृत्युपश्चात् पनि कुनै अपाय गतिमा नपरोस् भनी अहिले नै सोच बिचार पुऱ्याउने भित्री ज्ञान हो । मानिसप्रति दुर्व्यवहार भएको मा त्यस्ताले प्रयोग गरेको ज्ञानलाई प्रज्ञा भनिँदैन । प्रज्ञा भएको व्यक्तिले अरूप्रति सद्व्यवहार गर्दछ । अरूप्रतिको सद्व्यवहारले वास्तविक मानिसलाई सन्तोष प्राप्त हुने हुन्छ । सन्तोषी व्यक्तिलाई नै निर्वाणतिर पुऱ्याउँछ । मानिसको अन्तिम लक्ष्य त निर्वाण प्राप्ति नै हो । निर्वाण चाहनेले इमान्दारिताका साथ बहुजनको हितकार्यमा अग्रसरभई आफ्नो मनुष्यत्वको परिचय दिएको हुन्छ । प्रज्ञाहीन व्यक्ति कुमार्गमा लाग्ने हुन्छ । कुमार्गमा लाग्ने व्यक्तिले जोकोहीकै नोक्सान पुऱ्याउने हुन्छ । कसैको कुनै कुरोको नोक्सानले बहुजनहितको लागि बाधा पुऱ्याउने हुन्छ । बहुजनहितको ठोस उपाय भनेको प्रज्ञा खुलेर व्यवहार गरिनु हो । यस्तो व्यवहार उत्पन्न गराउने माध्यम बनेका शील, समाधि र प्रज्ञामध्ये प्रमुख कुरा प्रज्ञा नै हुन आउँछ । त्यसैले प्रज्ञाविनाको शील र समाधि अपूरो उपायको रूपमा रहन्छ ।

२५०० वर्षअघि भगवान् बुद्धले बहुजनहितायको लागि सशक्त शान्तिमय क्रान्ति गर्नुभएको थियो । दुनियामा सांस्कृतिक परिवर्तन ल्याउन भगवान् बुद्धले आफ्नो शरीरलाई पनि सुकाएर बुढाबुढी र महिला एवं राजपरिवारपर्यन्तबाट समेत वहाँले ठूलो अपवाद खप्नुपरेको थियो ।



Downloaded from http://www.dhamma.digital

आफ्नै दाजुभाइको विरोध र षड्यन्त्रले ज्यानपर्यन्त गुम्ने स्थिति वहाँमा परेको थियो । तीर्थंकरजस्ता प्रतिद्वन्दीहरूबाट लात-बात सहनपरेको थियो तर पनि बुद्धत्व प्राप्त भएको हुनाले शील, समाधि र प्रज्ञाबलले बहुजनहितायको लागि अगाडि सरेको सच्चै गरेर वहाँले धेरैलाई दु:खबाट मुक्त गराई सही सलामत व्यक्तिहरूमा निर्वाणमार्गसम्म प्रदान गर्नुभयो। नेपालपुत्र महामानव गौतम बुद्धको यो प्रभाव संसार भरि फैलिँदै गएको छ। शील, समाधि र प्रज्ञाको कमीले विश्वमा ठूलठूला युद्ध मचेका छन्। यो विनाशको चिन्ह हो। यसैले मानिसको जीवन उँभो लगाउन शील, समाधि र प्रज्ञा जीवनभरिमा अति महत्त्वपूर्ण आचारको बस्तु हुन आएको छ। यी तीन कुराबिनाको जीवन वास्तविक जीवन नै नभएको कुरा व्यवहारबाट थाहामिलिराखेको छ । हितबिनाको मानवजीवन कुकुर र बिरालोको जीवनभन्दा कुनै फरक हुनेछैन । यसैले शील, समाधि र प्रज्ञालाई अँगाली शान्तमय जीवन बाँची बहुजन हितायमा अग्रसर हुनु बुद्धको सार जीवनको सारांश हुन आउँछ । वास्तविक जीवन बहुजनको हितसहितको जीवन हो। यसैले जो कोहीले पनि बहुजनहितका लागि अग्रसर हुनु बुद्धत्वको खोजी गर्नु हो।

❋

*'चारुमती भ्वाइस' बु.सं २५४४ (वि.सं. २०५७)



Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# क्रोधसंबन्धमा धम्मपद*

मानिसको जीवनलाई रसमय पार्ने इन्द्रिय हुन् । शरीरधारी मानिसमा पाँच ज्ञानेन्द्रिय र पाँच कर्मेन्द्रिय गरी दश इन्द्रिय रहेका हुन्छन् । मानिस कुनै कुरामा भुल्छ भने त्यो इन्द्रियको करतूत हो । इन्द्रियजाग्रत मानिस मज्जाको अनुभव गर्दछ । इन्द्रियलाई सन्तोष पार्न नसक्ने अवस्थामा मानिसको स्वभाव चिरचिराहट हुन्छ । इन्द्रिय अति चञ्चल छ । यसको चन्चलताले मानिसलाई चञ्चल बनाउने हो । चञ्चलताले मानिसलाई मात्राभन्दा बढीको स्थानमा पुऱ्याइदिन्छ । कुनैपनि कुरा बढी वा घटी भएमा त्यसको उपयोगको सार्थकता कम हुन्छ । प्रत्येक व्यक्ति आफू सार्थक हुन चाहन्छ । जतिसुकै सार्थक हुन चाहे पनि इन्द्रियसंबन्धी स्वभावको ज्ञान नहुने मानिसले सार्थकताभन्दा पर रहनुपर्ने हुन्छ । इन्द्रियधारी मानिसमा अर्को एउटा बस्तु धारित भएको हुन्छ । त्यो बस्तुलाई मन भन्दछ । मनले मानिसभित्रको इन्द्रियरूपी घोडालाई हाँक्ने गर्दछ । कतिसम्म हाँक्ने भन्ने कुरा मनको ज्ञान हो । इन्द्रिय र ज्ञान मानिसमा मात्र होइन संपूर्ण प्राणीमा स्वाभाविकरूपमा हुने हुन्छ । अरू प्राणीभन्दा अलग्ग मनको विश्लेषण गर्ने एउटा छुट्टै तत्त्व मानिस प्राणीमा हुन्छ । त्यो तत्त्वको नाउँ विवेक हो । विवेकले ज्ञानको मात्रालाई सन्तुलित पार्दछ । यो विवेकले मन र इन्द्रियलाई पर्यन्त सन्तुलित पार्न सक्दछ । खासगरी इन्द्रियलाई सन्तुलित पार्नेमा विवेक नै अगाडि सरेको हुन्छ । विवेक अघिसर्नु भनेको इन्द्रियजन्य भोगहरूले मानिसलाई दुःखी पार्नुको सट्टा सुखी पार्ने तिर ढल्काएर लानु हो । मानिसको संरचना नै यस्तो छ कि उसलाई दुःखले ने चारैतिर घेरिराखेको हुन्छ । यही दुःखको ज्ञानलाई आर्यसत्यको रूपमा पत्तालगाएर सर्वार्थसिद्ध बुद्ध बनेका हुन् । इन्द्रियबाट प्राप्त हुने प्रत्येक सुखमा दुःखमिश्रित हुने हुँदा दुःखजतिलाई अलग्ग छुट्याएर सुखको मात्रा सन्तुलित पार्न भगवान् बुद्धले आफ्ना अनुभवका कुरालाई उपदेशको रूपमा जनजनमा संप्रेषण गर्न खोजिएको हो । इन्द्रियजन्य संपर्कमा काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य आदि चेतनाहरू सरिक रहेका हुन्छन् । यसको सक्रियता नै मानिसको लागि दुःखको कारण बनेको हुन्छ । इन्द्रियजन्य यी कारणहरू एक से एक सक्रिय भई सधैं मानिसमा अवलिप्त भइरहने हुन्छ । विवेकले यिनीहरूलाई अलग्ग पार्दै नलगिएमा कुमालेको घट्ट घुमेझैं मानिस दुःखको भुमरीमा घुमिनै रहने हुन्छ ।

यी काम क्रोधादि नै प्रत्येक



Downloaded from http://www.dhamma.digital

धर्मको अन्तर्निहित मूल विषय बनेको छ। यी बस्तुलाई नियन्त्रण दिलाउनु धर्मको लक्ष्य रहेको हुन्छ । यसकै आधारमा धेरै सिद्धान्तहरू प्रतिपादन भएका छन्। यस्ताविषयमा कुनै एकको भन्दा अर्कोको प्रभाव कम रहेको हुँदैन। यस्ता विषयमध्ये भगवान् बुद्धले क्रोधलाई विश्लेषण गरी आफ्नो धारणा अगाडि सारेको कुरामात्र लाई यहाँ उल्लेख गरी शान्तमय जीवन जिउने उपायको रूपमा उद्धृत गर्न खोजिएको छ । बुद्धवचनलाई बुद्धधर्म भन्दछ। यस्ता बुद्धवचनको सँगालो एउटा 'धम्मपद' हो । धम्मपदमा क्रोधसंबन्धी एउटा छुट्टै वर्ग निहित छ । यस वर्गमा चौधवटा गाथा समावेश भएका छन्। यी प्रत्येक गाथासंबन्धमा एक एकवटा कथाको रूपमा उदाहरण पेशगरी संझाउने गरिएको छ । यी गाथाहरूको एक एक कुराले मानिसमा उब्जने क्रोधले मानिसमा कति हानि पुऱ्याउँछ भन्ने कुरा बताउँछ र त्यसको निरोधको उपाय अपनाइएमा इन्द्रियलाई आफ्नै स्थानमा राखी चञ्चले स्वभावप्रति विजय प्राप्त गरी जीवन स्वच्छ सुखमयतामा पुग्दछ। यसैले बुद्ध वैज्ञानिक बनेका छन् र चिकित्सक बनेका छन् मानिसको दु:ख हटाउनेको रूपमा।

बुद्धका अनुसार क्रोधलाई हटाई सुसंयमी हुन सकिने सवालको जवाफ यसरी प्राप्त हुन आउँछ।

## १. कस्तो व्यक्तिलाई दु:ख सन्ताप हुनेछैन ?

क्रोध नगर्ने, अभिमान नगर्ने सबै बन्धनबाट पार तरेर जाने नामरूपमा आसक्त नहुने परिग्रहरहित व्यक्तिलाई दु:ख सन्ताप हुनेछैन ।

## २. सांचैको सारथी कस्तोलाई भनिन्छ ?

बढ्दै गएको क्रोधलाई जसले गुडिरहेको रथलाई रोकेझैं रोक्छ उसलाई साँचैको सारथी भन्दछ । त्यसरी रोक्न नसक्नेलाई मात्र लगाम समात्ने भनिन्छ।

## ३. कस्ता व्यक्तिमाथ कसरी विजय प्राप्त गर्नुपर्दछ ?

रिसाहालाई नरिसाइकन, नराम्रो गर्नेलाई राम्रो काम गरी, कञ्जूसीलाई दान दिएर अनि झूठ बोल्नेलाई साँचो कुरा बोलेर विजय प्राप्त गर्नुपर्दछ ।

## ४. कुन कुन कामले मनुष्य देवलोकमा जान्छ ?

सत्य बोल्ने, क्रोध नगर्ने र माग्न आउनेलाई अलिकति भएपनि दिने गर्नाले मनुष्य देवलोकमा जान्छ ।

## ५. मानिस कुन ठाउँमा पुग्नाले उसलाई शोक हुँदैन ?

सधैं शारीरिक संयममा बसेर हिंसारहित भई बस्नाले त्यो व्यक्ति अच्युत स्थानमा पुग्दछ, जहाँ पुगेपछि त्यसलाई शोक हुँदैन ।



Downloaded from http://www.dhamma.digital

## ६. कस्ता व्यक्तिको आस्रव र चित्तमल नष्ट हुन्छ ?

सधैं जाग्रत भएर रात दिन योगाभ्यासमा लागिरहने र निर्वाण नै एकमात्र अभिलाषा राख्ने व्यक्तिको आस्रव र चित्तमल नष्ट हुन्छ ।

## ७. यो लोकमा निन्दारहित हुने व्यक्ति छ ?

यो प्रश्न ज्यादै पुरानो हो, नयाँ होइन । बौल्दै नबोल्ने, धेरै बोल्ने र कम बोल्ने जो कोही पनि यस लोकमा निन्दारहित हुँदैन ।

## ८. निन्दा वा प्रशंसामात्र प्राप्त गर्ने व्यक्ति हुनु संभव छ ?

बिल्कुल निन्दित वा बिल्कुल प्रशंसित व्यक्ति न पहिले थियो, न आजकाल छ, न कहिल्यै होला ।

## ९-१०. कस्तो व्यक्ति निन्दित नभै प्रशंसित हुन्छ ?

पण्डितजनले दिनानुदिन खूब संझी संझी प्रशंसा गरिने दोषहीन, मेधावी, शीलवान् र प्रज्ञावान् जाम्बुनदमणिजस्तो व्यक्तिलाई कसैले निन्दा गर्न सक्दैन । देवता र ब्रम्हाले पनि त्यस्ता व्यक्तिको प्रशंसा गर्दछ ।

## ११-१३ के कुराबाट बच्ने, कस्तो संयम गर्ने र कस्तो आचरण गर्ने ?

शारीरिक मानसिक र वाचिक दुराचारबाट बच्ने, शारीरिक मानिसक र वाचिक संयम गर्ने अनि कायिक मानिसिक र वाचिक दुश्चरित्रलाई छोडी कायिक, मानसिक र वाचिक सदाचारको आचरण गर्ने ।

## १४. कस्तालाई सुसंयमी भन्दछन् ?

कायिक, वाचिक र मानसिक संयम हुने धीर पण्डितलाई नै सुसंयमी भन्दछन् ।

यसबाट सारांश निस्किन्छ - क्रोधबाट दु:ख सन्ताप हुन्छ । क्रोध रोक्ने वास्तविक सारथी बन्छ । क्रोधीको अगाडि अक्रोधी हुनुपर्दछ । क्रोध नगर्दामात्र मानिस देवलोकमा पुगिन्छ । क्रोधी व्यक्ति शोकमग्न हुन्छ । क्रोधीको आस्रव र चित्तमल नाश हुँदैन । क्रोधी निन्दित हुन्छ । क्रोधी व्यक्ति कायिक, वाचिक र मानसिक सदाचारबाट टाढा रहन्छ । क्रोधी व्यक्ति सुसंयमी हुँदैन । यसैले दु:खको कारण बनेको क्रोधले पछ्याउन नदिन धम्मपदको क्रोधवर्गलाई मनन गरी अभ्यास गर्ने गरेमा त्यस्ता व्यक्ति बुद्धधर्म पालन गर्ने व्यक्तिमा गनिई एउटा सुखी बौद्धमा गनिने हुन्छ ।

❋

---

*'धर्मोदय' बु.सं २५४४ (वि.सं. २०५७)



Downloaded from http://www.dhamma.digital

# लोकनीतिमा 'स्त्री-काण्ड'*

भाषामा नीति शब्दको प्रयोग गरिएको पाइन्छ। मानिसले कुनैपनि काम गर्दा निश्चित आधार लिने गरिन्छ। कुन आधारमा के काम कसरी गर्ने भन्ने कुराको सिद्धान्त प्रतिपादन, कार्यपद्धति र आचार नियमलाई 'नीति' भन्ने गरिएको देखिन्छ। लोकजनले मानिआएको अथवा लोकजनले अपनाउनुपर्ने कुरा भनिएको लाई 'लोकनीति' भनिएको छ । यस्ता लोकनीतिहरू प्रत्येकको धर्म, संस्कृति र भाषामा पाइन्छ । लोकनीति भनेको युगअनुसार बेलाबखत र परिस्थितिअनकूल अनुभवको आधारमा सृजना भएका उद्‌गार हुन्। मानिसले आफ्नो व्यवहार कुशलताको लागि यस्ता लोकनीतिलाई पालन गरी शिक्षा ग्रहण गरिआएको देखिन्छ। नीति व्यक्तिपिच्छे र कार्यपिच्छे हुन सक्ने भएको ले सबैको लागि समानरूपले यस्ता नीति उत्तिकै उपयोगी र मान्य नै हुने हुन्छ भन्ने पनि हुँदैन। कुनै नीति प्राकृतिक रूपमा त्रिकालसत्य पनि हुन सक्छ भने कुनै वर्गविशेष र स्थानविशेषको लागि मात्र उपयुक्त हुने पनि हुन सक्छ । जे भएपनि लोकनीति भनेपछि प्राय: जसो मानिस सुन्न चाहने, बुझ्न चाहने र त्यसमा विश्वास गर्ने हुन्छन् ।

पालित्रिपिटकमा लोकनीतिका कुराहरू प्रशस्त पाइन्छन् । ठाउँ-ठाउँमा प्रयोग भएका लोकनीतिहरूलाई एकै ठाउँमा सँगालेर ग्रन्थको रूपमा नीति संग्रहको रूपमा प्रकाशित भएका पनि छन् । लोकनीतिनामक पालिभाषाको ग्रन्थमा नीतिशास्त्रको महत्त्व बताई यसरी बयान गरिएको छ -

*नीति हि लोके पुरिसस्स सारो,*
*माता-पिता आचरियो च मित्तो ।*
*तस्मा हि नीतिं पुरिसो विजञ्ञ*
*भानी महा होति बहुस्सुतो च ।।*

अर्थात् यस दुनियामा मानिसको लागि *'नीति'* नै सार बस्तु रहेको छ । मानिसको लागि आमा-बाबु, गुरु र साथी पनि नीतिशास्त्र नै हो । त्यसकारण मानिसले नीतिशास्त्रलाई थाहापाउनुपर्दछ । नीतिशास्त्रलाई जान्नाले मानिस बुद्धिमान् र ठूलो विद्वान् पनि हुनसक्छ ।

उक्त नीतिशास्त्रको संग्रहमा *'इत्थी-कण्डो'* अर्थात् *'स्त्रीकाण्ड'* भनी स्वास्नीमानिसको विषयलाई लिएर एउटा छुट्टै अध्याय जस्तै गरी नीतिका कुरा उल्लेख गरिएको छ । त्यसै *'स्त्रीकाण्ड'* मा उल्लेख गरिएका कुराहरूलाई यहाँ



Downloaded from http://www.dhamma.digital

प्रकाश पार्न खोजिएको छ ।

स्वास्नीमानिस जत्तिसुकै रूपवती भएपनि तिनको रूपको मूल्य हुँदैन। कुनै पुरुषसँग विवाह गरी उसैसँग रही प्रतिव्रता धर्मको रक्षा गर्नाले मात्र उनको रूपको मूल्य हुने कुरा बताइएको छ । जस्तो *'नारीरूपं पतिब्बता'*। अर्को ठाउँमा भने *'इत्थीनं च धनं रूपं'* भनी स्वास्नीमानिसको धन भनेको रूप हो भनेर शारीरिक रूपलाई विशेषता दिइएको छ । स्वास्नीमानिस आफ्नो रूप, श्रृंगार र शील स्वभावले मात्र शोभा प्राप्त हुने रहेनछ, लोग्ने भएमा मात्र शोभा हुने कुरा *'इत्थी सोभा ससामिका'* भनी बताइएको छ । स्वास्नीमानिस लोग्ने भएर पनि लोग्नेसँग छुट्टिएर एक महिनासम्म पनि बस्न नसक्ने भनी यौनआतुरताको कुरालाई इंगित गरी *'एक मासा सुभरिया मला'* भनी एक महिनासम्म लोग्नेसँग छुट्टिँदा अर्को लोग्ने मानिससँग पोइल जान सक्ने कुरा बताइएको छ । त्यसैले स्वास्नीमानिस लोग्नेसँग रमाउँछिन् भनी *'थी रमति पु'* भनिएको छ र *'पसंसेय्य दारं च गतयोब्बनं'* भनी यौवन बितिसकेकी स्वास्नीलाई प्रशंसा गर्नू भनी सल्लाह दिइएको छ । *'द्वित्तिपतिका नारी कृतमाया बहुतरा'* भनेर लोग्ने फेर्दै दुई/तीनजनासँग पोइला गइसकेकी स्वास्नीमानिस मायाजाल फिँजाउन जान्ने हुन्छिन् भनेर आइमाई जाति मायाजाली पनि हुने कुरा बताइएको छ ।

स्वास्नीमानिस दुष्ट भइदिएमा त्यस्तीलाई खर्चबर्च आदि केही नदिइकन दु:ख भोगाएर दमन गर्नुपर्दछ भनी दुष्ट स्वभावकी स्वास्नीमानिसलाई दमन गर्ने तरिका बताइएको छ, जस्तै- *'इत्थीनं व्यसनं दन्ति'*। लोग्नेविना कुनैपनि कन्याको शोभा नहुने कुरा ठाउँ ठाउँमा बताइएको छ, जस्तो- *'पतिं विना कञ्ञा न सोभे'* स्त्रीजातिको पुरुषजातिको सरह प्रमुखता नहुने कुरा पनि लोकनीतिमा देखाइएको छ। लोग्नेमानिसले सम्पत्तिको आर्जन गर्ने र त्यस सम्पत्तिलाई स्वास्नीमानिसले राम्ररी संरक्षण गर्ने गर्नुपर्दछ । कमाउने त लोग्नेमानिसले नै हो । त्यसैले लोग्नेमानिस नै मुख्य मानिस हो र स्वास्नीमानिस त सियोमा घुसारेको धागोजस्तै मात्र हो, जुन धागो सियोविना कुनै महत्त्वको रहँदैन । यससम्बन्धमा पालिश्लोक यसरी लेखिएको छ -

*पतिना जनितो भोगो, इत्थीया व संगोपितो ।*
*पुरिसो व हि पधानो, इत्थी सुत्तं व सूचिया ।।*

आइमाइजाति लुकिलुकी पाप गर्नेमा दर्ता भएझैं को कुरा पनि लोकनीतिले दर्शाएको छ । जस्तो - *'सब्बत्थियो करे पापं, लाभमाने निवातके'* । एकान्त र गुप्त ठाउँ पाएमा स्वास्नीमानिसहरू



Downloaded from http://www.dhamma.digital

पापकर्म गर्दछन् । यहाँ त कोही कोहीमात्र स्वास्नीमानिसलाई भनिएको नभएर *'सब्बत्थियो'* नै भनेर सम्पूर्ण स्वास्नीमानिसलाई समेटिदिएको छ ।

*विवादसीली उसूय भाणिनीं*
*सम्पस्स तण्ही बहुपाक भुत्तिनीं ।*
*अगन्नभुन्तीं परगेहवासिनीं*
*नारीं चजे पुत्तसतं पि पुमा ।।*

यस उल्लिखित श्लोकले स्वास्नीमानिसमा हुने अवगुण भनी कोट्याएर अवगुणी स्वास्नीमानिस भएमा सयजना छोराछोरीकी आमा भएपनि त्यस्ती स्वास्नीमानिसलाई त्यागिदिनुपर्ने कुरा जनाएको यो श्लोकको अर्थ यसप्रकार छ -

*'झगडालु स्वभाव भएकी, टेढी बोली बोल्ने, जुन पुरुषलाई देख्यो त्यसैसँग कामको इच्छा गर्ने, नानाप्रकारका सुस्वादिला खाना पकाएर खाने, मगमग बासना आउने आदि चामल नभई भात नखाने, अर्काको घरमा गएर बस्ने'*। यहाँ भने सबै किसिमका स्वास्नीमानिसलाई नमुछेर छुट्टैप्रकारको स्वभाव भएका लाई मात्र जनाइएको छ ।

स्वास्नीमानिस बहुरूपमा हुन्छन् भन्ने कुरा पनि जनाइएको छ । यसै सिलसिलामा एउटी नै स्वास्नीमानिस अवस्थाअनुसार विभिन्न गुण अवलम्बन गर्ने हुन्छन् भनी असल स्वभावकी उत्तम स्वास्नीमानिसमा हुने गुण यसरी बताइको छ -

*भुत्तेसु मण्डेसु जननी व कान्तिनी*
*गुय्हेसु ठानेसु भगिनीव हीरिणी ।*
*कम्मेसु पत्तेसु करणी व दासिनी,*
*भयेसु भन्ती सयनेसु रम्मति ।*
*रूपिसु सिक्खी कुपनेसु खन्तिनी,*
*सा नारी सट्टा ति वदन्ति पण्डित ।*
*कायस्स भेदा च दिवे भवेय्य सा ।।*

"जुन स्वास्नीमानिस भोजन गर्ने बेलामा र गहनाले सिँगारिएको बेलामा आमा जस्तै खुसी हुन्छे, गोप्य कुराहरू गर्ने ठाउँमा दिदीबहिनी जस्तै लजालु हुन्छे, काम गर्ने बेला आएको बखतमा दासीले जस्तै सेवाको व्यवहार गर्ने हुन्छे, आपत, विपत परी डर त्रास भएको बेलामा सल्लाह दिने हुन्छे, पतिसँग सुत्दा प्रसन्न भई रमण गर्ने हुन्छे, श्रृंगार गर्नमा कुशल हुन्छे र लोग्ने रिसाएको बेलामा सहनशील हुन्छे, त्यस्ती स्वास्नीमानिस उत्तम हुन् भनी विद्वान्हरू बताउँछन् । त्यस्ती स्वास्नीमानिस परलोक हुँदा पनि देवलोकमा जन्मलिन जाने हुन्छे ।"

शरीरका अंगहरू हृष्टपुष्ट सुडौल र आकर्षक भई शील स्वभाव पनि राम्रो भएमा आइमाईको कुल र वंशको विषयमा जस्तोसुकै भएपनि विवाहयोग्य हुन्छ भनेर स्वास्नमिानिसबाट प्राप्त हुने रसमय गुणको महत्त्व दर्शाई स्वास्नीमानिसको सह्राहना



Downloaded from http://www.dhamma.digital

पनि गरिएको छ। जस्तै -

*सामा मिगक्खी तनुमज्झगत्ता,*
*सुरू सुकेसी सतपन्ति दन्ती।*
*गम्भीर नाभी सुवती सुसीला,*
*हीने कुले जातापि विवाह्य ।।*

अर्थात् - "जुन युवती हृष्टपुष्ट र पहेँलो वर्ण भएकी हुन्छिन्, मृगको जस्तो गाजल लगाएझैं चञ्चल आँखा भएकी हुन्छिन्, पातलो लच्किलो कम्मरकी हुन्छिन्, हात्तीको सुँढजस्तो सुडौल जाँघ भएकी हुन्छिन्, टम्म मिलेका दाँत भएकी हुन्छिन्, नाइटो गहिरो भएकी र शील स्वभाव राम्रो भएकी हुन्छिन् भने त्यस्ती युवती नीच कुलकै भएपनि उनीसँग विवाह गर्न लायक छ।" यसरी नै आइमाइजातिको श्रेष्ठता भनेको रूपमा नै भरपर्ने कुरापनि भनिएको छ, जस्तै - *'भरियानं रूपवती'* अर्थात् आइमाईहरू रूपवती नै श्रेष्ठ हुन्छन्।

संसारमा मानिसजातिमा पुरुष र नारी दुई बराबरी सम्मानका भएपनि पुरुष पहिलो दर्जाको र नारी दोस्रो दर्जाकै देखिने भएको छ। स्वास्नीमानिसले पनि लोग्नेमानिसभई पुरुषयोनिमा जन्म हुने इच्छा गरेको बाट पनि यो कुरा स्पष्ट हुन आउँछ। पुनर्जन्मवादको दुनियामा लिंगपरिर्वतन भई जन्म हुन सक्ने कुरा यहाँ बताइएको छ। स्वास्नीमानिस मानिसमा दोस्रो दर्जाको मानिस सिद्ध हुने गरी उनीले पुरुषयोनिमा जन्म पाउन आफ्ना जन्मजन्मान्तरका लोग्नेपिच्छेको पुरुषको सेवा टहल गर्दै रहनुपर्ने कुरा जनाएको छ। जस्तै -

*या इच्छे पुरिसं नारी, जाति जाति पुनप्पुनं,*
*सामिकं अपचायेय्य, इन्दं व परिचारिका।*

अर्थात् - "जुन स्त्रीले जन्मजन्मान्तरमा गएर बारम्बार लोग्नेमानिसको योनि प्राप्त गर्न चाहन्छन् त्यस्ती स्त्रीले इन्द्रकी रानी ले इन्द्रको सेवा गरेझैं आफ्नो लोग्नेको सेवा टहल गर्नुपर्दछ"।

स्वास्नीमानिसले आफ्नो लोग्ने छँदाछँदै परपुरुषसँग सहवासमा लाग्न सक्ने खराब बानीको कुरा *'परस्त्रीगमन'* शब्दले जनाएको छ। स्वास्नमिानिस आफैं नलस्सिइकन कुनैपनि पुरुषले गमन गर्न चाहँदैमा परस्त्रीगमन गर्न सकिने हुँदैन तर लोकव्यवहारमा परस्त्रीगमन हुन सजिलो कुराजस्तो भएको बताइएको स्वास्नीमानिस लचिलो हुने भएको हुनाले नै हो कि जस्तो देखिन आएको छ। यसैले अर्काकी स्वास्नीसँग नलाग्न पुरुषलाई चेतावनी दिएको हुन सक्ने देखिन्छ। यस सम्बन्धमा लोग्नेमानिसले जन्मजन्मान्तर मा यथावत् पुरुष नै भएर जन्म लिइरहने भए *'परदारं विजेय्य'* अर्काकी स्वास्नीसँग लाग्नुहुन्न भनिएको हुन सक्छ।



Downloaded from http://www.dhamma.digital

यौवना स्त्रीहरूमा कामशक्ति बढी हुने र उनीहरूले यौनसन्तुष्टी चाहने कुरा बूढोले तरुणीसँग विवाह नगरोस् भन्ने कथनबाट थाहा हुन आउँछ । युवतीको कामसन्तुष्टी पुऱ्याउन नसक्ने पुरुषको विनाश हुन्छ भनी लोकनीतिमा भनिएको छ ।

*अतीत योब्बनो पोसो, आनेति तिम्बरुत्थनिं,*
*तस्सा इस्सा न सुपति, तं पराभवतो मुखं ।*

"बैंस गएको वृद्धले तरुणी स्त्रीसँग विवाह गऱ्यो भने तरुणी स्त्रीको कामवासनायुक्त दहनलाई शान्त गर्न सक्नेछैन र त्यसरी अनमेल विवाह गर्नु वृद्ध पुरुषको विनाश हुने लक्षण हो" ।

यसरी पालिगत लोकनीतमा स्वास्नीमानिससम्बन्धी *'काण्ड'* नै राखी उनीहरू को शारीरिक, मानसिक र चारित्रिक कुराको बयान गरिएको छ । स्वास्नीमानिको शरीरको वर्णन र मनको चित्रण गरिएबाट नारीको सृष्टि पुरुषकै लागि अथवा सेवाजीवन यापन गर्नका लागि नै हो भन्ने देखिन्छ । यहाँ उल्लिखित लोकनीतिमा नारीको स्वतन्त्र अस्त्वि रहेको कुराको उल्लेख छैन । आजको युग नारी र पुरुषको आ-आफ्नो छुट्टै विशेषता र पहिचान हुने भएको ले आजको सन्दर्भको स्त्रीविषयगत लोकनीति पनि प्रकाशमा ल्याएर समाजोत्थानका लागि प्रयास हुनुपर्ने आजका लागि आवश्यक कुरा भएको छ ।

नारीबीचको अधिकार र कर्तव्य, संरक्षण, आरक्षण, समानता, प्रकृति, न्याय, कानून आदिमा जेजस्तो लोकव्यवहार छ, २१ औं शताब्दीसापेक्ष लोकनीत पनि संगृहीत हुनु वाञ्छनीय छ । सम्प्रदायगत धर्मपिच्छेको अनि भौगोलिक रूपमा पूर्वीय र पाश्चात्य आदि एवं ठाउँअनुसारका जातिमा लोकनीत फरक-फरक हुन सक्छ र यी फरकहरूले पनि नीतिशास्त्रको विविधता दर्शाउँछ, यो पनि विचारणीय छ ।

❋

*'बुद्धजयन्ती-स्मारिका' बु.सं. २५४५ (वि.सं. २०५८)



Downloaded from http://www.dhamma.digital

# धम्मपदमा क्रोधवर्ग*

मानिसको जीवनमा *'क्रोध'* शब्द ज्यादै प्रचलित शब्द हो । *'क्रुध्'* धातुमा *'घञ्'* प्रत्यय लागेर बनेको *'क्रोध'* शब्द पालिमा *'कोध'* भई प्रयोग भएको छ । नेपालीमा क्रोधलाई *'रिस'* भनिन्छ । क्रोध भनेको मानिसमा उब्जने एकप्रकारको भावना हो । क्रोधले मानिसमा रौद्ररस उब्जाउँछ । आफूले भनेजस्तो भएन भने मानिसमा क्रोध जाग्छ । धेरै कारणले क्रोध जाग्न सक्दछ । क्रोध आफैआफ पनि उत्पन्न हुन्छ र अरूको कारणबाट पनि क्रोध उत्पन्न गराउने हुन्छ । भगवद्‌गीतामा *'कामात्क्रोधोभिजायते'* भनी कामबाट क्रोध उत्पन्न हुने कुरा बताइएको छ । साँचै त कुनै अनुचित अथवा हानिकारक काम कुरो देख्दा उत्पन्न हुने मानसिक उग्र उद्‌वेग नै क्रोध हो । *'रिस'* शब्दको अर्थ लगाउने हो भने ईर्ष्या, द्वेष र डाहलाई पनि लिन सकिन्छ । यो क्रोधको वेग हुन्छ । यही क्रोधको वेगसंबन्धमा बुद्धवचन धम्मपद ग्रन्थमा १४ गाथाको एउटा छुट्टै वर्ग खडा गरेर *'कोधवग्गो'* भनी सँगालेको छ । बुद्धका उपदेशको सँगालोलाई त्रिपिटक भनिन्छ । त्रिपिटकमा पहिलो पिटक *'सूत्रपिटक'* हो । सूत्रपिटकमा ५ वटा ग्रन्थ अन्तर्निहित छन् । यसको पाँचौ ग्रन्थ खुद्दकनिकाय हो । खुद्दकनिकायमा पनि १५ वटा ग्रन्थहरू समाहित छन् । धम्मपद खुद्दकनिकायको दोस्रो ग्रन्थ हो ।

परिस्थितिअनुसार मानिस क्रोधाकुल हुने हुन्छ । क्रोधलाई कसैले राम्रो ठानिँदैन तापनि क्रोधविनाको मानिस नीरस र समयअनुसार काम पट्याउन नजान्नेमा पनि मानिसले गणना गरेको पाइन्छ । क्रोधित मानिसदेखि सबै डराउँछन् मात्र होइन त्यसबाट सचेत पनि हुने हुन्छन् । ठूला ऋषि मुनिहरू र भिक्षुहरू पनि क्रोधी भनी चिनिएका छन् । यसअर्थमा क्रोधले फाइदा बेफाइदा दुबै क्षेत्रमा सघाउने जस्तो देखिन्छ । विशेषतया क्रोधले नोक्सान पुऱ्याउने गरेको नै धेरै मात्रामा देखिएको छ । धर्मशास्त्रअनुसार क्रोधलाई शमन गर्नु नै वास्तविक मानवीय गुण हुने भएको छ । बुद्धले ठाउँ ठाउँमा बस्दाखेरि ठाउँ ठाउँका व्यक्तिहरूलाई लक्षियत गरी क्रोधसम्बन्धमा सम्झाउने गर्नुभएको थियो । यस्ता सम्झाउनीहरूको गाथापुंज यो क्रोधवर्ग हो । भगवान् बुद्धले क्रोधसँगै अरू अहित हुने कुराहरूको पनि उल्लेख गरी सम्झाउनुभएको छ । दुःख सन्तापबाट



Downloaded from http://www.dhamma.digital

टाढा रहने हो भने क्रोध नगर भनी निर्देशनसमेत दिएर यसरी संझाउनुभएको छ ।

*कोधं जहे विप्पजहेय्य मानं*
*सञ्ञोजनं सब्बमतिक्कमेय्य ।*
*तं नामरूपस्मिं असज्जमानं*
*अकिञ्चनं नानुपतन्ति दुक्खा ।।*

अर्थात् - क्रोध नगर, अभिमान नगर, सबैप्रकारका बन्धनबाट पार तरेर जाऊ । नाम-रूपमा आसक्त नहुने परिग्रहरहित व्यक्तिलाई दुःख सन्ताप हुनेछैन ।

बाढीको वेगभन्दा पनि क्रोधको वेग कडा हुने र त्यसलाई रोक्न गाह्रो हुने कुरालाई संकेत गरेर आएको क्रोधलाई सम्हाल्न नसक्ने व्यक्ति वास्तविकरूपमा उच्चकोटिमा गणना नहुने भएको ले वास्तविक व्यक्तित्वयुक्त हुनलाई क्रोधलाई रोक्न सक्ने क्षमता हुनुपर्दछ भनी असल सवारको उदाहरण दिई यसरी बताउनुभएको छ ।

*यो वे उप्पतितं कोधं रथं भन्तं व धारये ।*
*तमहं सारथिं ब्रूमि रस्मिग्गाहो इतरो जनो ।।*

अर्थात् - जसले बढ्दैगएको क्रोधलाई दौडेको रथलाई रोकेझैं रोक्छ, त्यसलाई म साँचैको सवार भन्दछु, अरू त खालि लगाममात्र समात्ने हुन्, वास्तविक सवार होइनन् ।

कोहीपनि नैतिक सद्गुणलाई बिराएर उल्टो बाटोलाई अपनाउँछ भने त्यसप्रति प्रतीकार गर्नुसट्टा उपकारी भई व्यवहार गर्नुपर्दछ भनी सद्गुणयुक्त सल्लाह दिइएको छ । जस्तै -

*अक्कोधेन जिने कोधं असाधुं साधुना जिने ।*
*जिने कदरियं दानेन सच्चेन अलिकवादिनं ।।*

अर्थात् - क्रोधीलाई अक्रोधले जित्नू, नराम्रो गर्नेलाई राम्रो काम गरी जित्नू, कंजूसीलाई दान दिएर जित्नू र फटाहालाई साँचो कुरा गरेर जित्नू ।

दुःख झेली पृथ्वीमण्डलमा बस्नेलाई आनन्दका साथ देवलोकमा जाने भए क्रोध नगर्ने सहितका तीनवटा कुरालाई पालन गर्नुपर्ने कुरा गाथाद्वारा यसरी बताइएको छ -

*सच्चं भणे न कुज्झेय्य*
*दज्जाप्पस्मिम्पि याचितो ।*
*एतेहि तीहि ठानेहि*
*गच्छे देवानसन्तिके ।।*

अर्थात् - साँचो बोल्नू, क्रोध नगर्नू र कसैले माग्न आएमा त्यस्तालाई केही मात्रामा भएपनि दिनू । यी तीन कुरा पुऱ्याउनाले मानिस देवलोकमा जान्छ ।

क्रोधीहरू असंयमी हुने हुन्छ, हिंस्रक हुन्छ, जुन कुरा हुनाले पछि गएर शोकमा डुबेर जीवन दुःखमय हुने हुन्छ भन्ने कुराको आशय दिएर पछि शोकस्थानमा नपुग्न गर्नुपर्ने कुरालाई यसरी बताइएको



Downloaded from http://www.dhamma.digital

छ -

*अहिंसका ये मुनयो निच्चं कायेन संवुता ।*
*ये यन्ति अच्चुतं ठानं यत्थगन्त्वा न सोचरे ।।*

अर्थात् - जो सधैं शारीरिक संयममा रहेर हिंसावर्जित रहन्छ, त्यस्तो व्यक्ति कहीँ नगिर्ने ठाउँमा पुग्दछ, जहाँ पुग्दा शोकमा पर्नपर्ने हुँदैन

क्रोधी व्यक्तिको आस्रव र चित्तमल नाश नहुने कुरालाई इंगित गरी त्यस्ता व्यक्तिको अभिलाषा निर्वाणप्राप्ति भएपनि योगाभ्यासमा लाग्न नसक्नाले जीवन सफल हुन नसक्ने कुराको झल्को दिएर अक्रोधी भएर गर्ने कुरा यहाँ बताइएको छ -

*सदा जागरमानानं अहोरत्तानुसिक्खिनं ।*
*निब्बानं अधिमुत्तानं अत्थं गच्छन्ति आसवा ।।*

अर्थात् - जो व्यक्ति सधैं जाग्रत भएर रातदिन योगाभ्यासमा लागिरहन्छ र निर्वाणप्राप्ति नै एकमात्र इच्छा राखेको हुन्छ, त्यस्ता व्यक्तिको आस्रव र चित्तमल नाश हुन्छ ।

क्रोधवर्गमा क्रोधसँग सम्बन्ध नै नभएको जस्तो कुरालाई समावेश गरेर एउटा त्रिकालसत्यको कुरा *'अतुल'* नामक उपासकलाई संबोधन गरी बताइएको कुरा अति मननीय छ । यहाँ बताइएको कुराले असल मानिसलाई जीवनमा हौसला पुग्ने गरी सरल जीवनयापनमा आश्वस्त हुन सहयोग हुने भएको छ । जस्तो कि -

*पोराणमेतं अतुल नेतं अज्जतनामिव ।*
*निन्दन्ति तुण्हिमासीनं निन्दन्ति बहुभाणिनं ।।*
*मितभाणम्पि निन्दन्ति नत्थि लोके अनिन्दितो ।।*

अर्थात् - हे अतुल ! यो पुरानै कुरा हो, अहिलेको मात्र कुरा होइन कि यस दुनियामा चुप लागेर नबोल्दा पनि निन्दा नै गर्दछन् र धेरै कुरा बोल्दा पनि निन्दा नै गर्छन् अझ त मितभाषी भएमा समेत निन्दा गर्छन् । यस दुनियामा कोही पनि निन्दारहित हुँदैन ।

मानिसको स्वभाव सबैको बराबर कहिल्यै हुँदैन । निन्दाको भय र प्रशंसाको अभिलाषा क्रोधजतिकै निष्क्रिय पार्नुपर्ने विषय हो । यसविषयलाई उल्लेख गरी क्रोधरहित भई बस्ने असल व्यक्तिहरूको मनस्थितिलाई शान्त पार्ने हौसलाजन्य कुरा यहाँ यसरी बताइएको छ -

*न चाहु न च भविस्सति न चेतरहि विज्जति ।*
*एकन्तं निन्दितो पासो एकन्तं वा पसंसितो ।।*

अर्थात् - बिलकुल निन्दित भएका र हर कार्यमा प्रशंसित व्यक्ति न उहिले थियो न पछि हुनेछ न त अहिले नै रहेको छ ।

क्रोध भएमा दोषयुक्त हुने हुन्छ । क्रोध नहुने शीलवान्लाई ठूला बडाले प्रशंसा गरिने कुरालाई अगाडि सारी निन्दनीय नभएको गुण ग्रहण गरी सन्तोष जीवन बिताउन सल्लाह दिइएको गाथा यसप्रकार छ -



Downloaded from http://www.dhamma.digital

*यञ्चे विञ्ञू पसंसन्ति अनुविच्च सुवे सुवे ।।*
*अच्छिद्दद् वुत्तिं मेधाविं पञ्ञासीलसमाहितं ।।*
*नेक्खं जम्बोनदस्सेव को तं निन्दितुमरहति ।*
*देवापि तं पसंसन्ति ब्रह्मुनापि पसंसितो ।।*

अर्थात् - विद्वान्हरूले तौली तौली प्रशंसा गरिने दोषरहित मेधावी शीलवान् र प्रज्ञावान् जाम्बुनदमणिसरहको व्यक्तिलाई कसैले निन्दा गर्ने ठाउँ हुँदैन। त्यस्ता व्यक्तिलाई देवता ब्रह्माले पर्यन्त प्रशंसा गर्ने हुन्छ।

बेफाइदाका कुरा वास्तविकरूपमा बुझेपछि त्यस्ता बेफाइदाका कुराबाट बच्न बाहिरबाट देखिने बेफाइदाका कुराहरूबाट बच्नुपर्दछ। मनले जेसुकै भनोस् शरीरले नराम्रो नगरिदिएमा आचरण शुद्ध देखिन्छ र शुद्ध हुन्छ पनि। क्रोधी हुँदा शारीरिक दुराचरण पनि भई व्यक्तिको लागि हानि हुने हुँदा शारीरिक दुराचरणबाट बच्न यसरी उपदेश दिइएको छ -

*कायप्पकोपं रक्खेय्य कायेन संवुतो सिया ।*
*काय दुच्चरितं हित्वा कायेन सुचरितं चरे ।।*

अर्थात् - शरीरबाट गरिने खराब आचरणबाट बच। शारीरिक संयम अपनाऊ। शरीरबाट गरिने खराब आचरणलाई त्यागेर शारीरिक सच्चरित्रता अपनाऊ।

रिसाएको मानिसले जथाभावी बोल्न सक्छ। वचनलाई आचरणयुक्त बनाई नियन्त्रण गर्नु व्यक्तिको लागि परम हित हुने कुरा व्यवहारवादी अनुभवीलाई थाहाहुने कुरा हो। यसैले वाचिक आचरण शुद्ध पार्न यसरी संझाइएको छ -

*वची कोपं रक्खेय्य वाचाय संवुतो सिया ।*
*वची दुच्चरितं हित्वा वाचाय सुचरितं चरे ।।*

अर्थात् - वचनबाट गरिने अशोभनीय आचरणबाट बच। वाचिक संयम गर। वचनबाट गरिने खराब स्वभावलाई छोडी वाचिक सदाचरण गर।

मानसिक सदाचरण नभएसम्म कुनैपनि व्यावहारिक आचरण ठीक नहुने कुरालाई जोडदिएर मानसिक दुराचरण छोड्नुपर्ने उपदेशलाई यसरी जोड दिइएको छ -

*मनोपकोपं रक्खेय्य मनसा संवुतो सिया ।*
*मनोदुच्चरितं हित्वा मनसा सुचरितं चरे ।।*

अर्थात् - मनले खराब सोच्नेबाट बच। मनलाई संयमित पार। मनद्वारा गरिने खराब आचरणलाई छोडेर मानसिक सदाचरण गर।

बुद्धधर्म भनेको मनसा वाचा कर्मणा इमान्दारिता वहन गरी मनले विचारेको कुरा वचनले पालन गर्ने र वचनले पोखेको कुरा कामद्वारा व्यवहारमा उतार्ने विषय हो। बुद्धको उपदेशको मूल सार नै यही हो। विना कर्मवाद बुद्धधर्म मानेको हुँदैन भनिएको पनि यही कारणले हो। यसैले मानिसले आफ्नो जीवन सार्थक बनाउनको लागि यी तीनै कुरामा संयमित भई ख्याल गर्नुपर्दछ। यसविषयमा क्रोधवर्गको अन्तिम



Downloaded from http://www.dhamma.digital

गाथा यसरी प्रतिपादन गरिएको छ -

*कायेन संवुता धीरा अथो वाचाय संवुता ।*
*मनसा संवुता धीरा ते वे सुपरिसंवुता ।।*

अर्थात्- कायिक, वाचिक र मानसिक संयम हुने धीर विद्वान्लाई नै सुसंयमी भन्दछ ।

'पद' भनेको 'दर्जा' हो । धर्मसम्म पुग्ने पद धम्मपद हो । क्रोधयुक्त व्यक्ति धर्मको पदसम्म पुग्न सक्दैन । मानिसमा हुने प्राकृतिक विकारमध्ये क्रोध चानचुनको होइन । क्रोधसंबन्धमा मानिसले बहुत होशियारी अपनाई ठूलो संयम अपनाउनु पर्दछ । यसै कुराको सार यस धम्मपदको क्रोधवर्गमा निहित रहेको छ । बुद्धधर्म भनेको सुन्ने र पढ्नेमात्र होइन अपितु सुनेका पढेका कुरा व्यवहारमा उतार्ने विषय हो । यसैले धम्मपद सानो ग्रन्थ भएर पनि बुद्धका गहन उपदेशको मार्मिक विषय बनेको छ । यस्ता मार्मिक कुरामध्ये विध्वंशका कारण बनिराखेको क्रोधको विषय पनि हो । क्रोधवर्गको अध्ययन, मनन र पालन गरी बुद्धधर्मानुकूल निर्वाणत्वको मार्ग पहिल्याउन सक्ने कुरामा विश्वास लिन सकिन्छ । कुरामा होइन व्यवहारमा लाग्नु बुद्धधर्ममा लाग्नु हो । यसमा लिखित कुरा सामान्य नीति र उखान टुक्का जस्तो मात्र होइन, त्रिकालसत्यका नमूना हुन् । अत: क्रोधवर्ग असल मानिस बन्न चाहनेको लागि बुद्धको वरदान हो ।

❋

*'धर्मकीर्ति' बु.सं २५४५ (वि.सं. २०५८)

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# जनगणनाअनुसार बौद्धसंख्या*

नेपाल बहुधार्मिक देश हो । यहाँका मानिसहरू शान्तिप्रिय छन् । नेपाली माटोको गुण शान्तिप्रिय हुनु हो । यसै भूमिमा शान्तिका नायक महामानव गौतम बुद्धको जन्म भएको हो । गौतम बुद्ध जन्मनुअघि यहाँ क्रकुच्छन्द आदि मानव बुद्ध रहेको कुरा यहाँका आद्यइतिहास (Proto-history) ले बताउने गरेको छ । स्वयम्भू-पुराणअनुसार यहाँको प्राक्‌इतिहास (Pre-history) पनि यहाँका अमिताभ आदि आदिबुद्धहरूद्वारा स्पष्ट्याएको छ । मानवकल्याणको लागि अग्रसर हुँदै आएका दीपंकर तथागतजस्ता बुद्धहरूको वर्णनले नेपालका आदिवासी मानिस बौद्ध हुन् भन्ने थाहा हुन आउँछ । गोश्रृंगपर्वतको स्वयम्भू भगवान् मानव निर्मित नेपाली इतिहासको उदाहरण भई आजसम्म विद्यमान छ । सिद्धार्थ गौतम एउटा शान्त भिक्षुको दर्शनले प्रभावित भई महाभिनिष्क्रमण गरी बुद्धत्व प्राप्त गरेका विश्वका अद्वितीय व्यक्ति बनेका हुन् । उनको जीवनकालमा बौद्धहरूको व्यापकता बढ्यो र चतुरार्यसत्यको प्रतिपादन अद्वितीय विशेषताको रूपमा र हुन गयो । नेपालमण्डलमा रहेको बौद्धजगत् नेपालअधिराज्यमा विस्तार हुँदै गयो । विश्वको अग्लो भूमि रहेको नेपालको हिमालीभेक बौद्धजगत्‌ले बेरिएको छ । डाँडाकाँडाले भरिएको पहाडीमुलुकका विकट ठाउँमा बौद्धहरूको घना बासस्थान रह्यो । दहबाट बासयोग्य भएको उपत्यका बुद्धका उपदेशअनुकूल दान, शील, क्षान्ति, वीर्य, ध्यान, प्रज्ञाको प्रभावमा जीवन यापन गर्नेहरूको थलो बन्यो । बौद्धहरूले व्याप्त भएर पनि शान्तिमार्ग अपनाइआएको मुलुकको नाताले यस देशमा मुलुकबाहिरका धर्मावलम्बीहरू पनि भित्रिए ।

इतिहास निमार्ण गर्न सहयोगी बनेका लिच्छवीराजा मानदेवका बराज्यू वृषदेवले यहाँ राज्य गर्दा यत्र तत्र सर्वत्र बौद्धहरूमात्र भई आफू आफ्नो सनातन धर्ममा रहँदा जनताबाट आफ्नो समर्थन गुमिएला भन्ने डरले आफूलाई सीधै सुगतशासनपक्षपाती भनी बौद्धपन देखाएर राज्य संचालन गरेका थिए । त्यसबेलादेखि धर्ममिश्रण भई संचालित नेपालराज्य धर्मसहिष्णुताको आधारमा आजसम्म जनजीवन चरिहेको छ । जनघनत्व रहेको बस्ती र जनसंख्याको आधारमा परंपराका बौद्धहरू बहुसंख्यामा रहेर पनि



Downloaded from http://www.dhamma.digital

जनगणना लिने परंपरा शुरूभएको बेलादेखि बौद्धजनको संख्या घटेको तथ्यांक देखापर्दै आएको छ । बुद्धधर्म कुनैप्रकारको साम्प्रदायिक धर्म नभै शान्ति र मानवहितको पक्षको आस्थागत धर्म भएको ले यहाँको राज्यव्यवस्थाअनुसार विद्वद्जनको नेतृत्वमा रहँदै आएर बौद्धजनले साथसंगतसँगै आफ्नो धर्मको नाममा अन्य धर्मलाई पनि उल्लेख गर्दै जाने भए । धर्मले केही हुने होइन, कर्म (Action) ले केही हुने हो भन्ने बौद्धहरूको मर्म थियो । यसैले उसबेला आफ्नो धर्मलाई उल्लखे गर्दा बौद्धले बौद्ध नै हो भनी बताउने हुनुपर्दछ भनी चिन्तिन रहेनन् । फलत: जनगणनामा अन्य धर्मको बाहुल्य देखिन आयो । तब नेपालमा बुद्धधर्मलाई साम्प्रदायिक हिसाबले विभाजित गरियो । तब बौद्धको संख्या न्यून देखियो । समयक्रमले नेपालराज्यको नाम नै बदलिन पुग्यो ।

बौद्धहरू पूजागर्नयोग्य व्यक्तिको सधैं आदर गौरव राख्दछन् । उनीहरू जात-पात र थर-गोत्रको हिसाबले कसैलाई ठूलो-सानो मान्दैनन् । आफ्नो राज्यप्रमुखलाई सधैं आदर सम्मान राख्दछन् । यो बौद्धविनय (शिष्टाचार र नियम) हो । नेपालराज्यको राजालाई धर्मको हिसाबले होइन प्रजापालकको हिसाबले जनताले आफ्ना जन्मदेखि मृत्युपर्यन्तका पूजाविधिमा सांस्कृतिक अनुस्थानमा राख्ने गरेर राज्यको कुशल कामना गर्ने गर्दछन् । पंचदान र सम्यक् आदि महादान तथा महाभोजनमा राजालाई देवतास्वरूपको स्थानमा आसीन गराई राजाको वैशिष्ट्य प्रदर्शन गरिन्छ । बौद्धहरू आफ्ना पितृतर्पण दिने कार्यहरूमा पर्यन्त दिवंगत राजाहरूसमेतलाई तर्पण दिने गर्दछन् । राजा स्वयं बौद्धहरूको सांस्कृतिक धार्मिक बौद्धपद्धतिमा सरिक हुन्छन् । यस्ता धार्मिक कार्यमा राजा स्वयं उपस्थित हुने क्रियापद्धति हुनाले राजाबाट प्रतिरक्षित सबै जनता एकैप्रकारको रहन गई धर्मानुसरण गरिने नेपालीपरंपरा बौजगत्मा अद्यापि विद्यमान रहेको तथ्य पाइन्छ ।

आज नेपालमा राजालाई एउटै सम्प्रदायगत धर्मको आधारमा विशेषता ग्रहण हुने गरी व्यवहृत भएको छ । बौद्धहरू न्यून रहेको तथ्यांकले गर्दा राजासमेत बौद्धको लागि पराईजस्तो देखिने व्यवहार राज्यनीतिमा देखापरेको छ । सहिष्णुता भंग भएर जनता नै फ्याकका फ्याक हुने गरी नेपालभूमिमा धर्मको दुहाइ दिने नारा देखिएको छ । यसो हुनुमा तथ्यांकमा उल्लिखित धर्मावलम्बीको घटी बढीको प्रभाव हो कि भन्न सकिने भएको छ । यस्तो स्थितिमा सबै नेपाली एउटै राज्यका समानस्तरका प्रहरी हुन् र सबै नेपालीको धर्म नेपालीमात्रको हित कल्याण हो भन्ने भावनालाई परिपुष्टि गर्न नेपाली बौद्धहरू



Downloaded from http://www.dhamma.digital

जाग्रत अवस्थामा प्रवेश भएका छन् । नेपाललाई धर्मको आधारमा विखण्डन नगर्न, कुनै जाति, भाषा र लिंगको आधारमा उच्च-नीच र ठूलो-सानो नगराई इतिहासलाई साक्षी राखेर एकताबद्ध भई मुलुकमा जनताको समान हक हित कायम हुने कार्यलाई पुन: स्थापना गर्न बौद्धहरूले आफूलाई बौद्ध नै हौं भनेर जिकिरका साथ लाग्न तम्सिएका छन् ।

नेपालमा बौद्धको संख्या जतिसुकै भएपनि जनगणनाअनुसारको तथ्यांकमा ठोस संख्या अंकीकृत नभएमा आफ्नै देशमा अवहेलना भोगी पक्षपातपूर्ण व्यवहारमा जाकिनुपर्ने खालको आधुनिक व्यवहार यहाँ देखिँदै आएको ले सशंकित भई नेपाली बौद्धजागरणस्वरूप नेपालअधिराज्यमा स्वच्छता र स्वस्थताको लागि आगामी जेठमा हुने जनगणनामा आफूलाई बौद्ध लेखाउन र लेख्न लगाउन तत्परताका साथ अग्रसर भइरहेका छन् । बौद्धहरू शान्ति र कल्याणको आफ्नै पुरानो बाटो रोजेर बौद्ध जनाउँछन् भने यो कुनै अन्य धर्ममाथि द्वेष गर्न र बडप्पन ल्याउन गरिएको होइन । अन्य धर्मावलम्बी कसैले आफ्नैमात्र डम्फू बजाउन खोजेको दृश्य सामूमा नपरेको भए कसैमा धर्मान्धता रह्यो कि भन्ने भान हुन आउने गरी बौद्धहरू यसरी कम्मर कसेर आफूलाई बौद्ध नै हो भन्न अगाडि सर्नुपर्ने थिएन होला जस्तो लाग्छ । यस्ता धर्ममा निहित स्वार्थ देखिने कुराहरूले गर्दा जनगणनाअनुसार सहीरूपमा बौद्धसंख्या बढाएर विश्वको चाहना रहेको शान्तिनीतिलाई अपनाउन राष्ट्रिय योजनाको लीग नेपालीमात्रमा समान अवसर प्रदान गर्ने बुँदा प्रस्तुत गर्न सकिने आशा लिइएको यो कदम राम्रो रहेको छ । वास्तविकता नै तथ्यांक हो र जनगणनामा वास्तविक तथ्यांक प्रतिपादनमा जोडदिनु पनि जनताहरूको कर्तव्य हो । यसै क्रियाकलापलाई राष्ट्रप्रतिको सकारात्मक जिम्मा गरिएको भन्नु उचित हुनेछ ।

❋

*'धर्मचक्र' बु.सं २५४५ (वि.सं. २०५८)



Downloaded from http://www.dhamma.digital

# भगवान् बुद्धले वंश त्यागे*

आधुनिक जमानमा नश्लअनुसारको वंश मानिसमा मान्य रहेको छ । पुराना धर्मशास्त्रअनुसार कल्पौं कल्पअगाडिको देववंशबाट मानिसको वंशपरम्परा मान्ने गरिआएको छ। यस्तो विचारधारा खासगरी पूर्वीयजगत्का मानवमा अवलिप्त रहेको छ। वंशपरम्राको आधारमा उस प्राचीन अवस्थादेखि चलिआएको संस्कारलाई आजसम्म पनि मानवसंस्कृति मान्दै आएको हुँदा मानिस बहुसांस्कृतिक भइराखेको छ। युगअनुसार संस्कृतिमा सुधार हुँदै आएपनि संस्कारजन्य परम्परागत विश्वास अहिलेसम्म हट्न सकेको छैन। मन र बिचारजन्य संस्कारको प्रभावमा परम्परालाई सनातन भनी मान्ने गरिएको छ । विश्वका विविध धर्म र संस्कृति संस्कारजन्य विचारकै उत्पत्ति हो। यसै संस्कारजन्य कुराहरूको आधारमा धर्मशास्त्र र आचार नियम प्रतिपादित हुँदै आएको देखिन्छ। विश्वका ठूला मानिने धर्म-संस्कारमध्ये भारतमा हिन्दूधर्मपरम्पराको विशेष प्रभाव रहेको छ । हिन्दूधर्मको सृजनाका मूल आधार रहेको सनातनधर्म विश्वमा नै प्राचीन मानिएको छ । भारतभूमिको शुरूको धार्मिक तत्त्वहरूको रूप बदल्दै आएको क्रममा एउटा हिन्दूधर्म भनी नामकरण भएर पनि एकप्रकारको धर्मसंस्कार जकडिँदै आयो। विभिन्न मत, मतान्तर, निकाय र संप्रदायका रूपमा ती धर्मसंस्कार विभाजित हुँदै आएतापनि समूहगतरूपमा ती विभाजित मत-मतान्तरलाई समाहित गरी समग्ररूपमा हिन्दूधर्म भनी त्यही कुरा आज भारतमा संस्कारित र प्रतिपालित छ। त्यसप्रकारको हिन्दूधर्मको आधारभूत कुराबाट अलग्ग भएर धर्म-संस्कृतिको क्षेत्रमा स्वतन्त्र नवअस्तित्व कायम गरी भारतमा दुई धर्म-संस्कृतिको प्रतिपादन भएको छ । जैन र बौद्धधर्म हिन्दूसनातनबाट विपरीत आस्थाका धर्म हुन् । यी दुबै धर्मको अनुसरण गर्ने धर्मावलम्बी मानिसहरूको वंश पुरातन हिन्दूवंशकै पुर्खाका भएको हुँदा यी दुबै धर्मलाई पुर्ख्यौली बराजुका सन्तानले पालन गर्ने मानिसको धर्म भनी ती दुई धर्म पनि हिन्दूसनातन धर्मभित्रको नै भनी हिन्दूपरम्परावादीहरू मान्छन्। बुद्धधर्मप्रतिको असामयिक हिन्दूधारणा रहेको हिन्दूधर्मवादको पूर्वसंस्कारजन्य पूर्वाग्रही व्यवहार आजको बेग्लैप्रकारको बुद्धवादको आचार व्यवहार रहिसकेको अवस्थासम्म पनि विद्यामान देखिएको छ । कुनैपनि धर्ममा कुनै न कुनैप्रकारको साधना र विचार चरम



Downloaded from http://www.dhamma.digital

सीमामा पुगेको हुन्छ । बुद्धधर्म त्यसैप्रकार को एउटा छुट्टै विचारधारा लिएर अभूतपूर्व सत्यताको आधारमा माानवमुक्तिको साधनस्वरूप रहेका कुराहरू प्रतिपादित भई सृजना भएको धर्म हो । निष्काम कर्मवाद नै यसको प्रबल तत्त्व हो । मानवोचित कर्तव्यनिष्ठता यस धर्मको जग हो। भारतीय वर्णव्यवस्था, गज्याङमज्याङको कर्मकाण्ड र दार्शनिक वादविवाददेखि पर रहेर भगवान् शाक्यमुनि बुद्धले आफ्ना उपदेशलाई अगाडि सारेर नवधार्मिक प्रवृत्ति जगाएका हुन् । फलस्वरूप यो एकप्रकारको धर्म नै बनेर संस्थापन हुन पुगेको हो । बुद्धधर्मको उत्पत्ति भनेको मानवकल्याणविपरीतका क्रियाकलापका विरुद्ध उत्पन्न भएको मनमस्तिष्कको उपजको क्रियाकलाप हो। हिन्दूधर्म कहिने परम्पराका आधारमा रहने मानिसले सामान्यतया अपनाउने गरिआएको जातिभेद, पुरोहितवादको कपटाचरण, कामना र वासनाको घरजाम बनेको आदि कुराप्रतिको क्षोभ बुद्धका उपदेशमा पाइन्छ । बुद्ध निष्क्लेश र पूर्ण संयमी महापुरुष हुन् । उनी नानाप्रकारका ईश्वरवाद र मतवादमा अल्झिन चाहँदैनथे र अनाहक कसैको आलोचना पनि गर्न चाहँदैनथे । उनीसँग कसैले ईश्वरको अस्तित्वसम्बन्धमा प्रश्न गरेमा अव्याकृत भनी त्यसको जवाफ दिइरहँदैनथ्यो। यस्तै कसैले मानिसको कर्तव्य के हो भनेर उनीसँग सोधेमा *"चरित्रवान् बन र अरूको भलो गर "*भन्थे। कसैले ईश्वरका नाउँमा अहंकार गरी श्राप दिने, रिसाउने र तार्किक विवादमा फँसेर बुद्धका सामु ईश्वरसम्बन्धमा प्रश्न गर्न पुग्दा बुद्ध उनीहरूसँगै यसरी प्रतिप्रश्न गर्थे - *"के कुनैपनि शास्त्रमा ईश्वरले क्रोध गर्दछ भनिएको छ ? ईश्वरले कसैको हानि गरेको छ ? के ईश्वर अशुद्ध छ ?"* यसको जवाफमा *'ईश्वर परिशुद्ध छ'* भन्नासाथ बुद्ध उनीहरूलाई भन्दथे - *"त्यसो भए पहिले आफू नै शुद्ध बन्ने र सदाचारी बन्ने चेष्टा किन नगर्ने जसबाट ईश्वरको ज्ञानको प्राप्ति होस्"* । विश्वमा सदाचरणको उदाहरणमा बुद्ध यथार्थरूपमा अद्वितीय निष्कामी महामानव हुन् भन्न हिचकिचाउन नपर्ने कुरा उनको दैनिक सदाचरण र मानवप्रतिको व्यवहारले देखाउँछ। संसारमा त्यस्ता धेरै पुरुषहरू थिए जसले आफूलाई ईश्वरको अवतार भन्दथे र विश्वास दिलाउन चाहन्थे कि जसले उनमा श्रद्धा राख्नेछ, उसलाई स्वर्गको प्राप्ति हुनेछ । बुद्ध स्वर्ग नरकबाट टाढा रहेर शुरूदेखि अन्तसम्म यही भन्ने गर्थे कि आफ्नो उन्नति आफ्नै कोशिसद्वारा हुन्छ, अरू कोही पनि कसैको उन्नतिमा भरपर्दो सहायक हुन सक्दैन । आफ्नैबारेमा बुद्ध भन्थे - *'बुद्ध शब्दको*



Downloaded from http://www.dhamma.digital

*अर्थ आकाशतुल्य अनन्त ज्ञान सम्पन्न हो । म शाक्यमुनिलाई त्यसप्रकारको ज्ञानको अवस्था प्राप्त भइसकेको छ । कोही पनि जीउ ज्यान लगाएर कोशिस गर्दछ भने त्यसप्रकारको ज्ञानको अवस्था प्राप्त गर्न सकिन्छ'*। बुद्धले सबैप्रकारका कामनाप्रति विजय प्राप्त गरिसकेका थिए। बुद्धलाई स्वर्ग जाने भन्ने कुरामा कुनै लालसा थिएन न ऐश्वर्य भोगको नै कुनै कामना थियो । उनी राजपाट र अनेक प्रकारका सुख सयललाई तिलाञ्जली दिएर दरबारबाटै निस्केका थिए। उनले विशाल हृदय बोकेर स्त्री-पुरुष र जीवजन्तु पर्यन्तको कल्याणका लागि जीवन अर्पण गरेर भिक्षाचरण गर्दै जीवन निर्वाह गरेर आफ्ना उपदेशको प्रचार गर्ने गरेका थिए । यो सारा चराचरजगत्मा उनै एकमात्र यस्तो महामानव थिए जसले यज्ञहरूमा पशुबलि निवारणका लागि अनि कुनैपनि प्राणीको जीवन सुरक्षाको लागि आफ्नो जीवन नै बाजीमा थाप्थे ।

शाक्यमुनि बुद्धको आफ्नै छुट्टै मत रहेको छ । यो मत भनेकै मानवीय समाजमा अशुद्ध पूर्वसंस्कारको परित्याग हो । शाक्यमुनि बुद्धले भौतिक पूर्वसंस्कार सँग कुनै सम्बन्ध नै नरहने गरी भिक्षुत्व ग्रहण गरी स्वभावमा परिर्वतन गरेका हुन्। त्यसबेलाको समाज र जीवनपद्धतिमा नै उल्टोपाल्टी हुने गरी बुद्धले आफ्नो मत राखेपछि त्यस समाजमा त्यसअघिका जातीय र जीवनसम्बन्धका धारणा सबै स्वत: गुम हुने भएको थियो । भिक्षुत्व ग्रहणअघिका आफ्नो वंशसँग नै सम्बन्ध छुटाएर बुद्धले त्यसअगाडिको जीवन बिताएका थिए । दुनिया भने उनको सम्बन्धमा उनको वंशपरम्परागतकै वंश रहेको मान्दथे। यससम्बन्धमा साधारण अनभिज्ञता रहनु परम्परावादी र पूर्वाग्रहीहरूका लागि स्वाभाविक थियो। बुद्धले संस्कारजन्य पूर्ववंशहरूलाई विधिवत् त्यागेका थिए । स्वयं बुद्धका पिता शुद्धोदनले आफ्नो छोरा बुद्धलाई आफ्नै पुर्खाको वंश मानी व्यवहार गरिरहेका थिए। एकपटक भगवान् बुद्ध भिक्षुगणका साथ कपिलवस्तु जाँदा उनलाई भिक्षा माग्दै आएको देखेर शुद्धोदनले आफ्नै दरबारमा बोलाउन पठाई भनेका थिए - *"भन्ते ! तपाईंले आफ्नै राज्यको शहरका बाटोमा भिक्षा मागेर हाम्रो प्रतिष्ठा सम्पन्न क्षेत्रीयवंशलाई नै नसुहाउने कार्य गर्नुभयो । हाम्रो वंश त भिक्षा दिने वंश हो, भिक्षा लिने वंश होइन । तपाईंले भिक्षा मागी खानुपर्छ र ? हाम्रो यत्रो सम्पत्ति छ । के हामीले तपाईंको जीवनभरको लागि खानाको व्यवस्था गर्न सक्दैनौं र ? फेरि तपाईंका ती शिष्यहरूलाई हाम्रो सम्पत्तिले पाल्न सक्दैन र ? भिक्षा माग्न छोड्नुहोला । हाम्रो वंश मागिखाने वंश*



Downloaded from http://www.dhamma.digital

*होइन ।"* शुद्धोदनको त्यस कुरालाई सुनेर गम्भीर भई बुद्धले भने - *"तपाईंको वंश क्षत्रीयवंश रहेतापनि अब मेरो वंश क्षत्रीय रहेन । अहिले मेरो वंश बुद्धवंश हो । अतीतका बुद्धहरूले जसरी भिक्षा गरी जीवन पालन गरे, मैले पनि त्यसै गरी बुद्धवंशानुगत चर्या पालन गरेको छु । मेरो बुद्धत्व प्राप्तिअघिको संस्कार पूर्णरूपले टुटिसकेको छ ।"*

परम्परागतपद्धतिको शिक्षा-दीक्षा, आचार-व्यवहार, जीवन-मरणका धारणाहरू र लक्ष्य-सिद्धान्त सबै बदलेर निम्नप्रकारको जीवनधार भएको लाई अज्ञानतावश वा स्वार्थान्धतावश अरूका विचारधाराप्रति हेमाइतीका साथ जिस्क्याई जिस्क्याई कुनैपनि धर्मपरम्परामा गाभ्ने दुनियाको प्रवृत्ति सदियौं वर्षपछि पनि आजसम्म बदलिएको छैन । बुद्धलाई आफ्नै पुरानो संस्कारको मानेर त्यसबाट अलग भयो भनेर उनलाई चोर, नास्तिक र जडवाद आदि भनेर जथवा-तथवा गाली गरेर, दोषारोपण गरेर उनै बुद्धका धर्मपद्धतिलाई आफ्नो धर्म-संस्कारभित्रको ॐ कारपरिवारभित्र पारी, बुद्ध स्वयंलाई ईश्वरको दशअवतारमा अन्तर्निहित गरी नानातवरले तर्क प्रस्तुत गरी हिन्दूधर्म संस्कारित आफ्नै परिवार र वंशको मान्ने धृष्टता आज गरिँदैछ । हिन्दूधर्म र दर्शनकै विपरीत दिशामा लागेर आफ्नो हिन्दूसंस्कृति र अस्तित्वमाथि नै प्रश्न खडा गरेर छिन्नभिन्न पारिएको हिन्दूधर्मपरम्परालाई आफ्नो अवहेलित हिन्दूधर्मको जगेर्ना गर्नुको सट्टा बुद्धमतलाई नै आफ्नो शाखापरिवार भनी बुझपचाएर लाजसमेत पचाउने गरिराखेको आजको समाजमा देखिन्छ । कुनैपनि एक धर्म अर्को धर्मको मित्र हुन सक्छ, एक धर्मले अर्को धर्मप्रति मित्रवत् व्यवहार गर्नु कुनैपनि सद्धर्मको राम्रो स्वभाव हो तर ईर्ष्या, द्वेष, लालच र जबर्दस्त बदनियतपूर्ण तरिकाले कुनैसँग कुनै कुरामा सम्बन्ध कायम गर्नु उचित कुरा मानिँदैन । अहिले बुद्धधर्मलाई आफ्नै परिवारको भनी देखाउन खोज्ने धर्मको इहलोक र परलोकपर्यन्तको धारणा पूर्ण विपरीत छ । बुद्धका अनुसार मानवमा रहेको इहलोक र परलोकको धारणा मानवको आफ्नै मनस्थिति र धर्मद्वारा बनिने र बिग्रिने हो । यसैकारण देव र मनुष्यको हित गर्ने उपदेशकको रूपमा बुद्धको वन्दना गरिन्छ । यही मौलिक विशेषता बुद्धधर्मको हो । यही विशेषताद्वारा बुद्धधर्म अन्य धर्मभन्दा पृथक् मानिएको छ । यसकारण बुद्धधर्मलाई कसैले आफ्नो सिद्धान्तअनुसारको धर्ममा गाभ्न चाहेपनि गाभिन जाने हुँदैन ।

धर्मका प्रवर्तकरूपमा मर्त्यमण्डलका मानव नै हुनु भनेको आजसम्मको धर्म जगत्‌को इतिहासमा बुद्धले पहिलो र



Downloaded from http://www.dhamma.digital

अनन्यको रूपमा रहेर देखाएका छन् । कुनै संप्रदायमा ईश्वरीय शक्ति नै धर्मको प्रतिपादक मानिएको छ । धर्मप्रचारक र महामानव बुद्ध ईश्वरीय सनातन परम्परागत आदिमा नबाँडिई शुद्ध मौलिक धर्मको संवर्द्धनमा रही मानवजगत्‌मा आफ्नै छुट्टै अस्तित्व कायम गरी पैतृक पुर्खाले मानेको वंशसमेतलाई त्याग गरी मात्र मानवसमतामूलक बुद्धवंशमा रहे । अन्धविश्वास र अन्धभक्तपरम्पराको विरुद्ध विश्वमा बुद्ध कीर्तिमान रहे । पैतृक वंशसमेत त्याग गर्ने साहस राखी निश्चल, निश्छल जीवन यापन गरेर जन्ममरणबाट अलग भएको निर्वाणत्व प्राप्त गर्ने विधि र लक्ष्यसमेत राख्ने बुद्धजस्तो विश्वप्रसिद्ध मानव चाहे पुराणमा होस् वा आधुनिक जगजीवनमा होस् कतै देखाउन सकिँदैन । बुद्धेतर धर्मावलम्बीले बुद्धलाई आफ्ना ईश्वरत्वका वंशहरूमा समावेश गरी आफ्ना परमेश्वरको तहमा राखी ईश्वरीय वंश कायम गरी अपनत्व जगाउन खोजिएको देखिएको छ । दश अवतारभित्र बुद्धलाई समावेश गरिनुले एउटै ईश्वरको अवतारपिच्छे वंश फेरिनु जस्ता कुराले बुद्धको त्यस्तो क्रियासँग कुनै सम्बन्ध नरहेको स्पष्ट जनाउँछ । दश-अवतारवाद यस दुनियामा बुद्धपछि मात्र आएको देखिन्छ । यस्ता अवतार १० मात्र के हजार पनि हुन सक्नेछ । बुद्धको पैतृक वंश विच्छेदले बुद्धको अलग धर्मको परिचय दिएको छ । बुद्ध बुद्ध नै भएर रहेका छन्, अरू कोही त्यसप्रकारको बुद्ध हुन सकेका छैनन् । बुद्धको पैतृक वंश त्यागले बुद्ध स्वत: बुद्धवंशी बनेका छन् ।

❋

*'स्वर्णस्मारिका' बु.सं २५४५ (वि.सं. २०५८)



Downloaded from http://www.dhamma.digital

# नेपाली बौद्धहरू*

नेपालका बौद्धहरू दुई भागमा बाँडिएका देखिन्छन् । एउटा पौराणिक बुद्धहरूमाथि विश्वास राखी धर्म मान्ने र अर्को ऐतिहासिक शाक्यमुनि बुद्धका उपदेशलाई अनुसरण गरी धर्म मान्ने । पौराणिक आधारका बौद्धहरू दरिलो कर्मकाण्डमा आधारित जीवनपद्धतिलाई अपनाउने देखिन्छन् भने ऐतिहासिक बुद्धका अनुयायी भिक्षुचर्यामा रहने खालका र उपासक उपासिकाको रूपमा रहेर हल्का कर्मकाण्डमा जीवनपद्धति अपनाउने देखिन्छन् ।

बौद्ध भएर जस्तोसुकै धर्माचरणविधिलाई अपनाउने भएपनि बुद्धको उपासना नै बौद्धहरूको मूल विषय हो । शाक्यमुनि बुद्धका अनुयायीहरू पनि २७ अरू पूर्वबुद्धहरू भएको पौराणिक धारणालाई अँगाल्छन् भने अन्य बौद्धहरू शाक्यमुनि बुद्धबाट प्रतिपादित चतुरार्यसत्य र आर्यअष्टांगिक मार्गप्रति आफ्ना धार्मिक धारणा पोख्दछन् । शील, समाधि, प्रज्ञा एवं चतुर्ब्रम्हविहार दुबै खाले बौद्धहरूका शुद्ध आचरण हुन् । नेपालीबौद्धहरू यानमा विभाजित छन् भनिएतापनि ती विषयलाई दुबैमा एकात्मक भावनाले हेर्ने गरेको देखिन्छ । पंचबुद्धको प्रतिमा रहेको स्वयम्भूलाई आफ्नो श्रद्धेय बौद्धस्थल भनी बौद्धमात्रले गौरव राख्ने गरिआएको देखिन्छ । गानबजानसहितको भजन-कीर्तनमा सबै सामेल भएका देखिन्छन् । पुराना विहारहरूमा रहेका कुनैपनि प्रकारका काष्ठकला, धातुकला, मूर्तिकला र चित्रकलाहरूको सह्राहना गर्दै त्यसप्रति सबैले आफ्नो बौद्धकला भनी गौरव मानेको देखिन्छ । विधि फरक भएपनि जन्मदेखि मृत्युपर्यन्तको संस्कारमा सबै लागेका छन् । विधिमा छोटो र लामो अनि संस्कार सामानको प्रयोग घटी र बढी भएपनि विधिको प्रकार संक्षेपमा उस्तै देखिन आउँछ । नेपालमा परंपरागत बौद्धहरूको ठूलो धार्मिक प्रथा मानिने पूजा-संस्कार *"सम्यक्"* र *"पञ्चदान"* हुन् । यी दुबै प्रथामा शाक्यमुनि बुद्धको प्रज्ञा-भावना नभई आदिबुद्धको पूजा-सत्कार गरिआएको देखिन्छ । बुद्धजयन्ती मनाउँदा र भिक्षुहरू सम्मिलित हुने बुद्धपूजाहरूमा शाक्यमुनि बुद्धको प्रतिमा स्थापित गरी पूजाविधि अपनाउने गरेको देखिन्छ ।

नेपाली बौद्धहरू खुलेआम मांसाहारी छन् । परंपरागतका बौद्धहरू मजाले सुरापान गर्ने गर्दछन् । भिक्षु चर्यापट्टिका बौद्धहरू पशुबलितिर लागेको देखिँदैन तर एकथरी आफूलाई शुद्ध बौद्ध भनी जिकिर गर्नेहरू हिंसाबलि रुचाउने अनेकप्रकारका देव-दवीको पूजा गरी जात्रा मनाई पुण्यकार्य गरेको भनी ठान्ने देखिएका छन् । परंपरागत बौद्धहरूमा दैनिक जीवनमा निश्चित बौद्धपोशाक लगाउने



Downloaded from http://www.dhamma.digital

देखिएका छैनन् । यदा कदा बौद्धपूजा भनी गरिने पर्व र पूजामा भने निर्धारित पोशाक लगाउने गरिएको देखिन्छ तापनि पूजा अवधिपछि त्यस्तो पोशाक तुरुन्त फेर्ने गरेको देखिन्छ । एकातिर पुरोहित्याइँ र अर्कोतिर भिक्षुचर्या अपनाउने नेपाली बौद्धहरूमा एक खलक जातपातको भेदलाई नै उच्चस्तरको बौद्ध हुनुको परिचय मान्ने गर्दैनन् भने अर्को खलक जातपातको भेद नै उच्चस्तरको बौद्ध हुनुको परिचय मान्ने भएका देखिन्छन् । भिक्षुहरू सामान्य बौद्धजनलाई उपासकउपासिका ठान्दछन् भने पुरोहित बौद्धगुरुहरू सामान्य बौद्धजनलाई यजमान मान्दछन् ।

मण्डलविधिलाई अपनाई वज्रलाई अधिष्ठान गरी घण्ठ र डमरु बजाई माने घुमाउने र निर्धारित पोशाकमा गुम्बामा बस्ने परंपरागत आस्थाकै बौद्धहरू पहाडी भेगहरूमा बढी देखापर्दछन् । यिनीहरूलाई गुरु मानी बस्ने गृहस्थ बौद्धहरू परंपरागत बुद्धहरूप्रति आस्था राख्दछन् । आफूलाई बौद्ध भनेर पनि बौद्धपूजाविधिबाट वञ्चित रही नानाविध पूजाभाव अपनाइआएका बौद्धहरू पनि देखापरेका छन् । नेपालीबौद्धहरू केही आफ्नो बौद्धत्व नै गुमाई बसेर पुन: होशमा आई आफ्नो बौद्धमार्गमा फर्केका देखिएका छन् । केही आफ्नो विगत बौद्धसंस्कारको अस्तित्वको स्मरण गरी आफू बौद्ध नै हुनुपर्ने तर्क गरी शाक्यमुनि बुद्धका अनुयायी नै रहिआएको अठोट गरी बुद्धमार्गीतिर अगाडि बढिरहेका देखिन्छन् । कोही भने बौद्धपरंपराका पुरोहितहरूद्वारा बुद्धसँग सम्बन्धित स्तोत्र र गाथाहरूबाट पूजा अर्चना गराइँदै आएपनि आफूलाई बौद्धइतर हौं भनी आफ्नो परिचय दिने पनि देखिएका छन् । कोही कुन देवताको किन पूजा प्रार्थना गरियो भनी त्यसतर्फ चासो नै नराखिकन ईश्वरको दास बनी ईश्वरवादलाई स्वीकारेर बौद्ध बनेका देखिएका छन् । यस्ता बौद्धहरू परंपरागत बौद्धहरूमा पर्दछन् ।

यसप्रकारका अवस्थाबाट गुज्रिरहेका नेपालीबौद्धहरूको भावनालाई एकीकृतरूपद्वारा समतामा ल्याउने समुचित प्रयास गरिएको कुरा नेपाली बौद्धजगत्मा पाइएको देखिँदैन । बुद्धधर्मका विविधप्रकारका ग्रन्थहरू प्रशस्तमात्रामा पाइएतापनि अबौद्धहरू ती ग्रन्थहरू हेरी बुद्धधर्म के हो भनी ठम्याउन अलमलमा परेका देखिन्छन् । नेपालीबौद्धजनको साँस्कृतिक परंपरालाई वास्ता नगरी ग्रन्थहरू हेरेर मात्र बुद्धधर्म बुझ्न खोज्नेले नेपालीबौद्धहरूको राम्ररी परिचय पाएको देखिएका छैनन् झैं भएको देखिएको छ । स्वयं बौद्धहरू पनि एकअर्को बौद्ध क्रियाकलापदेखि अल्मलिएर बसेका पनि देखिएका छन् ।

बोधिवृक्ष, बोधिचर्या र बोधिज्ञानलाई बौद्धले अँगालेको सम्पूर्ण रूपमा देखिएका छन् । बोधिसत्त्वप्रतिको आस्था सबैको उत्तिकै देखिएको छ । एक वर्ग जातककथालाई मानिसको जन्मजन्मान्तरको योनि मान्दछन् भने अर्को वर्ग स्वर्ग र नरकरूपी भुवनहरूलाई मान्ने भएका देखिन्छन् । यस्तै देखिएको छ नेपालमा बुद्धधर्म अनि यस्तै देखिएका छन् नेपलीबौद्धहरू । कोही धर्म नै कर्ममा आधारित छ भन्ने देखिन्छन्



Downloaded from http://www.dhamma.digital

त कोही आफूले गरेको कार्यलाई कर्म मान्ने देखिएका छन् भने कोही भाग्यलाई नै कर्म मान्ने देखिएका छन् । नेपालमा बौद्धविद्वान्हरू धेरै देखिन्छन् । नेपालमा दुबै खेमाका बौद्ध क्रियाकलापको बखान गर्ने बौद्धहरू नै धेरै देखिन्छन् । शाक्यमुनि बुद्धका शिक्षापदहरूको अध्ययन गर्नेहरू बुद्धधर्म भन्नासाथ सिद्धार्थ गौतम बुद्धद्वारा प्रतिपादित धर्मलाई नै संझने देखिएका छन् । साधारणतया जनमानसमा बुद्धधर्म भन्नासाथ सिद्धार्थ बुद्धलाई नै इंगित गर्ने नै धेरै देखिएका छन् । नेपालमा मान्यता रहेका दुइखाले धर्मका बीच कहिलेकाहीं विरोधभासको भान हुँदा बौद्धहरू आफैमा अल्मलिएका देखिएका छने भने अबौद्धहरू यसप्रकारका नेपालीबौद्धहरूलाई देखेर अनौठा मान्ने गरिएको पनि देखिएका छन् । अवतारवाद, बहुदेवतावाद र अनात्मवादका कुराहरू एकै ठाउँमा देखिँदा नवप्रवेशका बौद्धहरू बुद्धधर्मप्रति अन्योलमा पर्नु स्वाभाविक भएजस्तो देखिन्छ । यानगत विभेदलाई थाहापाउने अबौद्धहरू नेपालीबौद्धधर्मसंबन्धमा आफू चिन्तन मननतिर लाग्ने गरेको पनि देखिन्छ । कहिलेकाहीं यानवाद भनेको हठवाद जस्तो पनि देखिने हुन्छ । यसरी बुद्धधर्म भनी मानिएको विषयलाई हठवाद भनिहाल्दा निकायगतका यानमा विश्वास राखी आफूले मानेका धर्मप्रति निष्ठावान् रहेका बौद्धका लागि भने चित्तदुख्ने भएको पनि देखिन्छ ।

शाक्यमुनि बुद्धका अनुयायी हुने हो भने अनित्यवाद, दु:खवाद र अनात्मवाद हुनुपर्ने सर्वसिद्ध जस्तो देखिएको छ । गौतम बुद्धलाई कोही अध्यात्मवादी भन्नेहरू देखिन्छन् त कोही भौतिकवादी र कोही अनीश्वरवादी भन्नेहरू प्रशस्त देखिन्छन् । जसले जे भनेपनि गौतम बुद्ध हेतुवादी हुनुमा द्विमत नभएको देखिन्छ किनकि सबै वाद त्यसभित्र निहित हुने कुरा देखिएको छ । जीवनदर्शन भनेको सबै वादको पुञ्ज हो भन्नुमा अत्युक्ति होओइन जस्तो देखिन्छ ।

मानिसको जन्मदेखि मृत्युसम्ममा हरवादको कुनै न कुनैप्रकारको कुरा आइपर्न गएको देखिने हुन्छ । त्यस जीवनभित्र जसले जुन अवस्थालाई ध्यान दिएर बिचार दौडाउँछ त्यसले त्यही वाद सम्झन पुग्ने पनि देखिन्छ । बुद्धवाद मान्छौं भन्ने बौद्धहरू देखिएका छन् तर कुनप्रकारको बुद्धवाद भनेर सोच्ने बौद्ध कममात्र देखिए जस्तो देखिन्छ नेपालीबौद्धहरूमा । *'बुद्ध'* एउटा पदवी हो, कसैको नाम होइन । बुद्धधर्ममा जोकोहीपनि समुचित अथक प्रयासले बुद्ध बन्न सक्ने कुरा बताइएको देखिएको छ । गौतम बुद्धको समयभन्दा अघि चतुरार्यसत्यको सिद्धान्त प्रतिपादित नभएको कुरा बौद्धग्रन्थ त्रिपिटकले दाबी गरेको देखिन्छ । सबैप्रकारका नेपालीबौद्धहरूले चतुरार्यसत्यलाई बौद्धसिद्धान्त भनी मानेको देखिएको छ । यसरी प्रत्येक वादको बीचमा नेपाली बौद्धहरू कोही बुद्धधर्म भनेर मान्ने र कोही बौद्धधर्म भनेर मान्ने देखिएका छन् ।

❋

*'संघाराम' बु.सं २५४५ (वि.सं. २०५८)



Downloaded from http://www.dhamma.digital

# बुद्धधर्मका सम्प्रदाय*

भगवान् बुद्धका पालामा भगवान् बुद्धले उपदेश दिनुभएका कुरा आचार्यपरंपराद्वारा एकले अर्कोलाई बताउँदै संझँदै जानिराखेका थिए। भगवान् बुद्धको निर्वाण भएको १०० वर्षपछि बुद्धले दिएका उपदेशको विषयमा वादविवाद र तर्कहरू उठ्दा बुद्धको धर्ममा साम्प्रदायिक विभाजन भयो। बुद्धले धर्मलाई कहिल्यै साम्प्रदायिक बनाएका थिएनन्। उनले मानिसको लागि हित हुने कुरालाई धर्म भनी बताएका थिए। त्यही धर्मसम्बन्धी कुराका व्याख्याताहरूले आफआफनो तर्क लगाउँदा एउटै बुद्धद्वारा उपदेशित धर्म १८ वटा साम्प्रदायिक निकायमा विभक्त हुनपुग्यो।

श्रुतिपरम्पराबाट मान्दै आएको बुद्धोपदेशलाई पहिलो संगायन (महाधिवेशन) मा धर्मविनयको निर्धारण भएपनि त्यसप्रति पनि विभिन्न तर्क र विचारहरूमा धार्मिक मत-मतान्तर सृजना भएपछि दोस्रो संगायनको पनि आयोजन गरियो। यो दोस्रो संगायनलाई महासंगायन भनिन्छ। यस संगायनमा बुद्धधर्म मुख्यतया दुई फ्याकमा विभाजन भयो। परम्परागत कट्टर पन्थीरूपमा विनय-नियम पालन गर्नेहरू स्थविरवादीको रूपमा रहे र अरू महासांघिक कहलाइए। यी दुई संप्रदाय बनेपछि यिनैबाट अरू विभिन्न संप्रदायहरूको सिर्जना भएको देखिन्छ। लौकिक कुरालाई संचेतनास्वरूप बताउने बुद्धधर्ममा अलौकिकताको सिद्धान्त जोडदाररूपमा देखापऱ्यो। यसै अलौकिकताको सिद्धान्तको आधारमा महायान बुद्धधर्मको उदय भयो। बुद्धको निवार्णपछि ४०० वर्षसम्म यी विविध संप्रदाय र उपसंप्रदायहरू अस्तित्वमा रहेर पछि बिस्तारै यी संप्रदायमध्ये कुनै एक अर्कोमा विलीन भए र कुनै स्वत: निष्क्रिय भए।

मूलरूपमा विभाजित महासांघिक र स्थविरवादका शाखाहरूमध्ये महासांघिकबाट *'गोकुलिक'* र *'एकव्यावहारिक'* गरी २ वटा शाखा बने। गोकुलिकबाट पनि *'प्रज्ञप्तिवादी'* र बाहुलिक गरी दुई उपशाखा बने। अन्तमा बाहुलिकबाट *'चैत्यवादी'* प्रशाखा बनी महासांघिकतर्फ ६ वटा सम्प्रदाय बने। अर्को शुरूको स्थविरवादबाट *'महीशासक'* र *'वृजिपुत्रक'* दुई उपाशाखा बने। महीशासकबाट *'सर्वास्तिवादी'* र *'धर्मगुप्तिक'* प्रशाखाहरू बनेपछि फेरि सर्वास्तिवादीबाट पनि *'काश्यपीय'* र काश्यपीयबाट *'सांक्रान्तिक'* अनि सांक्रान्तिकबाट पनि सूत्रवादीसंप्रदाय खडा भयो। स्थविरवादको अर्को शाखा *'वृजिपुत्रक'*बाट *'धर्मोत्तरीय'*, *'भद्रयाणिक'*, *'छन्नागरिक'* र *'सामितीय'* गरी ४ वटा उपसंप्रदाय खडा भए। यसरी स्थविरवादतर्फ



Downloaded from http://www.dhamma.digital

१२ वटा शाखा बनी जम्म १८ वटा शाखा बनेका थिए ।

भगवान् बुद्धको आधारभूत सन्देश कुनै बस्तुप्रति लोभग्रस्त भई मोहवश त्यसमा लिप्त भएर आसक्त नहुनु हो । बुद्धधर्मका सम्पूर्ण शिक्षपदमा झण्डै ८४ हजार धर्मका विषय छन् । ती सबैको सारांश भन्नु नै आसक्ति हटाउनु हो । यसैले धर्मले अनासक्तिको अभ्यास गराएर त्यसबाट प्राप्त हुने फलको विषयमा ज्ञान दिलाउँछ । अनासक्तिको अभ्यास पूरा गरिसकेका मानिसको समूह नै *'संघ'* हो । बुद्धधर्ममा *'संघ'* बुद्धजतिकै वन्दनीय छ । बुद्धधर्मको पहिलो संप्रदाय भनेको थेरवाद हो । यसका सबै सिद्धान्त पालिभाषामा सुरक्षित छ । पालिभाषामा लिखित धर्मग्रन्थ तीन भागमा विभक्त छन् । ती हुन् - सुत्तपिटक, विनयपिटक र अभिधम्मपिटक । यी पिटकका अनुसार बुद्ध मानवगुणले सम्पन्न लौकिक महामानव हुन् । कुनैपनि पापकर्मबाट निवृत्त हुनु र सबैप्रकारका कुशल कर्मको संचय गर्नु र चित्त परिशुद्धि गर्नु नै यस धर्मको विशेष सिद्धान्त हो । यस सिद्धान्तको प्रतिपालन शील, समाधि र प्रज्ञाद्वारा हुन्छ । मानिसको जीवनमा शीलद्वारा आदिकल्याण, समाधिद्वारा मध्यकल्याण र प्रज्ञाद्वारा अन्त्यकल्याण हुने हुन्छ । शीलद्वारा चरित्रशुद्धि र समाधिद्वारा समस्या समाधान हुन्छ । समाधि समय र विपश्यना गरी २ प्रकारका छन् र समय भनेको कामच्छन्द आदिलाई त्यागरे चित्त एकाग्र गर्नु हो र विपश्यना अनित्य, दुःख र अनात्म बोध हुने एक विशेष दर्शन हो । स्थविरदवादको सिद्धान्तअनुसार मध्यम मार्ग नै धर्मको प्रमुख विषय हो । यसको मूल लक्ष्य अर्हत्त्वको प्राप्ति हो जसबाट निमार्णतिर लैजाने गर्दछ । निर्वाण भनेको च्युत नहुने शान्त पद हो । स्थविरवादमा आफ्नो निर्वाणप्रति मानिस पूर्ण चिन्तित हुन्छ र अरूको निर्वाणप्रति उसको त्यति चिन्ता रहँदैन् । यसै स्थविरवादबाट शाखा बन्दै गएका अन्य ६ वटा सिद्धान्तको यहाँ संक्षिप्तमा विवरण प्रस्तुत गरिन्छ ।

महीशासकअनुसार अर्हत्लाई आफ्नो आध्यात्मिक जीवनबाट फर्कने ठाउँ हुँदैन खालि श्रोतापन्नको लागि मात्र यसप्रकारको अवसर प्राप्त हुन्छ । यस सिद्धान्तअनुसार बुद्धलाई दान दिनुजस्तो महत्त्व संघलाई दान दिनुमा हुँदैन । आर्यअष्टांगिक मार्गमा सम्यक् वाक्, सम्यक्कर्मान्त र सम्यक्आजीवलाई शीलसँग सम्बन्ध रहेको भनी अष्टांगिक मार्गको सट्टा पंचांगिक मार्गलाई यसले प्रमाणित गर्दछ ।

वृजिपुत्रकअनुसार पुद्गललाई अस्तित्व मान्दछ र त्यसैमा विश्वास राख्दछ । पुद्गललाई साक्षात्कृत परमार्थ प्राप्त हुन्छ । पुद्गल न एकस्कन्धात्मक छ, न स्कन्धबाट भिन्न छ, न स्कन्धमा नै अवस्थित छ । यसप्रकारको अस्तित्वविना कसैको जन्म नै हुन सक्दैन भन्ने नै यसको सिद्धान्त हो ।



Downloaded from http://www.dhamma.digital

महीशासकअन्तर्गतको सर्वास्तिवादले सबै बस्तुहरू प्रत्युत्पन्न, अतीत र अनागत सबै कालमा अस्तित्ववान् रहन्छन् भन्ने कुरा प्रतिपादन गरेको छ। 'सर्वम् अस्ति' अर्थात् सबैको अस्तित्व छ भन्ने नै यसको सिद्धान्त हो। यस वादले कर्म र निर्वाणमा विश्वास राख्दछ।

धर्मगुप्तिकअनुसार संघलाई दिइएको दानलाई ठूलो मान्दछ। स्तूपहरूप्रति श्रद्धा र सम्मान व्यक्त गर्नु पनि यसले ठूलो कुरा मान्दछ। यस धारणामा मानिस पवित्र र तृष्णारहित हुने हुन्छ।

काश्यपीयअनुसार अर्हत्सँग क्षयज्ञान र अनुत्पादज्ञान दुबै हुने हुन्छ। तिनीहरू तृष्णाका विषय हुँदैनन्। संस्कार प्रतिक्षण नाश हुँदै रहने हुन्छ र अतीतको परिणामको कारण तिनीहरू उत्पन्न हुने हुन्छन्।

सौत्रान्तिकअनुसार सत्त्वको एउटा भवबाट अर्को भवको संक्रमणमा आस्था र विश्वास राखिन्छ भन्ने कुरा प्रतीत हुने हुन्छ। जुन पंचस्कन्धबाट व्यक्ति निर्मित हुन्छ, तीमध्ये खालि एउटै संक्रमित हुन्छ। अर्हत्को शरीर ज्ञानप्रसूत भएको कारण पवित्र र पर्यवदान हुन्छ। अष्टांगिक मार्गको सहायताबाट निर्वाणको प्राप्ति (अधिगम) त गर्न सकिन्छ तर स्कन्धहरूलाई नष्ट गर्न सकिँदैन। प्रत्येक मानिसमा बुद्ध बन्ने क्षमता रहेको हुन्छ।

सौत्रान्तिक बुद्धवचनलाई प्रमाणित मान्ने सम्प्रदाय हो। यो सम्प्रदाय स्वभाववादी छ। यसले बाह्यजगत्को अस्तित्वलाई त मान्दछ तर यसको ज्ञान प्रत्यक्षद्वारा नभएर अनुमानद्वारा हुन्छ। सबै धर्मको विनाशी स्वभाव छ र कुनै यथार्थ छैन। यो स्वत: प्रामाण्यवादी छ।

वृजिपुत्रकअन्तर्गतको सम्मितीय संप्रदायअनुसार विमुक्ति पाएर फेरि परिहाणी हुन सक्छ। लोभबाट फर्किन्छ। पुनरागमन पनि संभव छ। सुखयश प्राप्त गरेर भोग गर्दछ। अभीष्ट उत्तमपद प्राप्त गर्दछ। यस संप्रदायले ६ पुद्गल अर्थात् श्रोतापन्न, कुलंकुल, सकृदागामी, एकबीजिक, अनागामी र अर्हत्को संकेत मान्दछ।

धर्मोत्तरीय, भद्रयाणिक र छन्नागरिक तीनवटै परंपराले जातिमा अविद्या र जाति छ साथै निरोधमा अविद्या र निरोध छ भनी मान्दछन्।

बुद्धको परिनिर्वाणपछिको १०० वर्षपछि भएको संगायनले सृजना गरेको महासांघिक संप्रदायले आफ्ना दार्शनिक प्रतिपत्तिहरूमा बुद्धको अलौकिकताको विशेषरूपले प्रतिपादन गरेको छ। यसले नयाँ नै सिद्धान्तको पनि प्रतिपादन गरेको छ कि सूत्र र विनयग्रन्थहरूको नयाँ ढंगबाट प्रस्तुत गरेको छ। यस संप्रदायले धर्म र विनयको आफ्नै तरिकाबाट संकलन र संपादन गरेको छ। यसरी महासांघिकहरूले आफ्नै अस्तित्वलाई कायम गरेका छन्। यस सम्प्रदायबाट संकलन गरिएको सिद्धान्तलाई आचार्यवाद भन्ने गरिएको छ। पछि आएर यो सम्प्रदाय



Downloaded from http://www.dhamma.digital

स्थविरवादबाट बिल्कुलै भिन्नप्राय: भएर गयो । महासांघिकहरूले साहित्यको माध्यम प्राकृतभाषामा गरेका थिए । यो निकाय सूत्र, विनय, अभिधर्म, धारणी र संयुक्त गरी ५ भागमा बाँडियो । यसका साहित्य संस्कृतभाषामा रह्यो । महाबस्तुजस्तो ग्रन्थमा प्राकृत र संस्कृत दुबै भाषा प्रयोग गरिएका छन् । स्थविरवादीले झैं महासांघिकहरूले पनि चतुरार्यसत्य, आर्यआर्ष्टांगिक मार्ग, प्रतीत्यसमुत्पाद, स्कन्धहरूको अनस्तित्व र अनात्मवाद आदि आध्यात्मविकासलाई स्वीकारेको छ । यस संप्रदायअनुसार बुद्ध लोकोत्तर र अनाविल थिए । यी सम्प्रदायकाहरू सधैं समाधिमा रहन्थे । बुद्धसँग सम्बन्धित सबै बस्तु लोकोत्तर मान्दथे । यसप्रकारको धारणा नै महायानको प्रादुर्भावको मूल आधार हो ।

महासांघिकबाट गोकुलिक र एकव्यावहारिक निकाय खडा भएका थिए । गोकुलिकबाट उत्पन्न प्रज्ञप्तिवादीका अनुसार स्कन्ध र दु:ख समवर्ती छैनन् । बाह्य आयतन यथार्थ छैन । आर्यमार्गको उपलब्धि कर्मद्वारा हुन्छ । आर्यमार्गको उपलब्धि भएमा फर्कनु संभव छैन ।

यस्तै बाहुलिकअनुसार बुद्धका ५ स्वर, देशनाका ५ बस्तुहरू लोकोत्तर मानिन्छन् । यसका अन्य देशनाहरू लौकिक छन् । यस संप्रदायमा संघलाई लोकोत्तर मानिएको छ । यसअनुसार बुद्ध दशबल चतुर्वैशारद्य र अप्रतिम तेजद्वारा युक्त रहन्छन् । अतीत र अनागतको कुनै अस्तित्व रहँदैन र वर्तमान नै यथार्थ छ ।

बाहुलिकबाट उत्पन्न भएको चैत्यवादीअनुसार चैत्यको पूजा गर्ने यस संप्रदायलाई लोकोत्तरवाद पनि भनिन्छ । यिनीहरू महाविहारमा रहन्छन् । चैत्यनिमार्ण, चैत्यपूजा र चैत्यप्रदक्षिणा आदिबाट पुण्यफल प्राप्त हुन्छ भन्ने यसको सिद्धान्त हो । बुद्ध पूर्ण वीतराग थिए र निर्वाण दोषमुक्त भावनात्मक अवस्था हो । माध्यमिक, योगाचार र दिङ्नागहरूको व्याख्या बुद्धधर्ममा गहनतम छ ।

१८ निकाय भनिएपनि त्यसका पनि शाखा प्रशाखा बनेर अनकौं सम्प्रदाय बुद्धधर्ममा रहेका छन् । धेरै यानमध्ये हीनयान अथवा स्थविरवाद र महायान मुख्य संप्रदाय भई त्यसको आधारमा देश विदेशका धर्मावलम्बीहरू बुद्धधर्म अवलम्बन गर्दछन् । श्रीलंका, बर्मा, थाइलैण्ड र कम्बोडिया आदि देशमा थेरवाद र तिब्बत, चीन, जापान आदि ठाउँमा महायान प्रवर्तित छन् । नेपाल पनि महायानीकै देश भनिएपनि यहाँ थेरवादको बहुप्रचार पनि भएको छ ।

महायान र थेरवादमा दार्शनिक भेद भएर पनि केही सिद्धान्तमा सामञ्जस्यता लक्षियत छ । दुबै संप्रदायमा चतुरार्यसत्य, अष्टांगिक मार्ग, अनात्मवाद र कर्मवादका सिद्धान्त स्वीकृत छन् । दुबै निकाय एकदोस्रोसँग सम्बन्ध राख्दछ । पछि गएर



Downloaded from http://www.dhamma.digital

महायान *'तान्त्रिक महायान'* नामले प्रसिद्ध भएको छ । महासांघिकतर्फ मन्त्रयान, वज्रयान, सहजयान र कालचक्रयान विशेष प्रचलित छन् जुन नेपालमा विशेषतया प्रचलित छन् ।

मन्त्रनयअनुसार मन्त्र नै विमुक्तिको एकमात्र साधन मानिन्छ । यसको उपलब्धि आध्यात्मिक अभ्यासबाट मात्र सम्भव छ । मन्त्रनय अति गम्भीर र सूक्ष्म छ । यसमा साधक सक्षम हुन्छन् र धैर्य राख्दछन् ।

महायानको तान्त्रिक र दार्शनिक सिद्धान्त वज्रयानमा रूपान्तरित भएको छ । महायानमा बुद्ध र बोधिसत्त्वलाई चमत्कारी गुरुहरूको रूपमा मानिन्छन् । परमकारुणिक बोधिसत्त्वको लागि मात्र संसार उपरत भिक्षुचर्यामात्र पर्याप्त छैन । उपायको रूपमा त्यसले सांसारिक जीवनमा पदार्पण गर्न सक्दछ । यहाँसम्म कि करुणा विगलित भएर ब्रम्हचर्यको नै उच्छेद पनि गर्न सक्दछ । वज्रयानमा गुरुको महत्ता सर्वाधिक छ । यस मतमा परमार्थलाई सर्वव्यापक, अविकारी तथा सर्वज्ञ मानिन्छ । वज्रयानमा स्वाभाविक प्रवृत्तिहरूलाई बलपूर्वक दमन गर्नु दोषपूर्ण भनिएको छ ।

यसरी नै सहजयानको मूल उद्भावनाको बीज वज्रयानमा निहित छ । सहजयानमा कुनैप्रकारको तपश्चरण, संयम, नियम, व्रतोपवास, स्नान, मन्त्र, मुद्रामण्डल तथा प्रतिमापूजन आदिलाई त्यति स्थान दिइएको छैन । कार्यमा नै सबै देवताहरूको अधिवास मानिएको छ । सहजसिद्धिको लागि कुनैप्रकारको विधि निषेध पनि यस यानमा स्वीकृत थिएनन् ।

यसैअन्तर्गत अर्को एउटा यान छ, त्यो कालचक्रयान हो । यस यानले वज्रयानको साधनात्मक पद्धतिमा विशेष बल दिन्छ । कालचक्र शून्यता र करुणासँग समन्वित छ । कालचक्र आदिबुद्ध र महाशून्यको पर्याय हो । विधिवत् दीक्षा ग्रहण नगरिकन शास्ताद्वारा शिष्यलाई ज्ञानको उपदेश नै दिइन्न । यसमा शरीरका सबै क्रियाहरूविरुद्ध कार्य गर्न सकिन्छ र कालप्रति विजय गर्न सकिन्छ ।

बौद्धसंप्रदायको ज्ञान नराख्दा बौद्धेतर व्यक्ति र बुद्धधर्ममा भरखरै गहिरिएर सम्मिलित हुनेहरूले बौद्धहरूका पूजाआजाका नियम विनियममा द्विविधामा दृष्टि राखिने हुन्छ । नवजागृत बौद्धहरू थेरवादको विशेष अध्ययन गरेका हुन्छन् । लामा-धर्ममा संलग्न हुने नव बुद्धानुयायीहरूको अनुभव अर्कै हुन्छ । यसैले वास्तविक बुद्धधर्मको ज्ञान राख्न बौद्धधर्मका मौलिक सिद्धान्तको रूपमा थेरवाद बुद्धधर्मलाई बुझ्नु उपयुक्त हुनेछ जुनलाई वैज्ञानिक र व्यावहारिक धर्म भन्ने गरिएको छ । त्यसपश्चात् बौद्ध संप्रदायहरूलाई बुझ्न कोशिस गर्नु राम्रो हुनेछ जसबाट बुद्धको एकयानको भाव स्पष्ट हुनेछ ।

❋

---

*'चम्पक' बु.सं २५४५ (वि.सं. २०५८)



Downloaded from http://www.dhamma.digital

# शिक्षालाई तत्काल व्यवहारमा उतार्ने शिक्षणसंस्था*

मानिसलाई वास्तविक शुद्ध मानिस बनाउन संस्कारकार्यहरू गरिन्छन्। हिन्दूधर्मविधानको दशकर्म त्यसै शुद्धीरणका उदाहरण हुन्। यस्तै बाप्तिजम इशाइधर्ममा शुद्धताको विषय भएजस्तै अन्य धर्महरूमा पनि आफ्ना आफ्ना ढंगका शुद्धीकरणका नियमहरू छन्। मानिसमा शुद्धता ल्याउने यस्ता विधिहरूसँग मानिसलाई शिक्षा दिने औपचारिक विषय गाँसिएको छ। शिक्षा दिने र लिने गरिँदा मानिसमा हुने स्वाभाविक बुद्धि तिखारिएर आउने हुन्छ। समाजमा बस्ने स्वभावका मानवजाति आफ्नो बुद्धिलाई प्रयोग गरेर नै पशुभन्दा भिन्न भएर मानवीय अधिकार सम्पन्न गर्दछन्। मानिसको सुखसुविधा समाजीकरणमा निर्भर गर्दछ। समाज मानिसको आवश्यकता पूर्ति गर्ने सहयोगतात्मक थलो हो। सहयोगी भावनालाई विकास गरेर मानिसमात्रको लागि हित सुख पुऱ्याउने तौर तरिका जुटाउन मानिसले शिक्षालाई माध्यमको रूपमा अपनाएको छ। मानिस स्वभावत: पाशविक प्रवृत्तिमा डुबेको हुन्छ। मानिसमा पाशविक प्रवृत्ति हटाउने एउटै उपाय शिक्षा हो। समाजमा बसेर मानिस स्वत: अरूको सिको गरी शिक्षा हासिल गर्ने हुन्छ। शिक्षाले मानिसलाई जान्ने बुझ्ने गराई चलाक बनाउँछ र त्यही चलाक्याइँबाट मानिसलाई स्वार्थी पनि बनाउने हुन्छ।

मानवसमाजको विकास गरी मानवजीवन उत्थान गर्न मानिसले शिक्षालय खोलेर आफ्ना मानवसन्ततिलाई सचेत गराउने उपाय सोचेको छ। सबैको भलो हुने कुराहरूको खोजिनीति गरी अर्थात् शिक्षालाई क्रमबद्ध गर्ने गरी पाठयक्रम बनाएर शिक्षालयमा शिक्षा दिने गरिएको छ। शिक्षालयहरूबाट धेरै बालबालिका एवं किशोर-प्रौढहरूले समेत उच्चस्तरमा पुगी विश्वजगत्मा ज्ञान हासिल गरेका छन्। शिक्षाजगत्मा मानिसहरूको उन्नति देखापरेको छ। शिक्षाकै आधारमा विज्ञानको चमत्कार देखिएको छ। मानिसको लागि सुख-सुविधा चरमचुलीमा पुग्दै गएको छ। मानिसमा अन्धाधुन्ध ज्ञानको खानी बढ्दै गएको छ। पुराना जमानाका विश्वास गरिने देवदेवीहरूको शक्ति र क्षमतालाई पनि उछिन्ने ज्ञान विज्ञान विश्वमानवसमुदायले प्राप्त



Downloaded from http://www.dhamma.digital

गरिसकेझैं देखिएका छन्। देवी-देवता आज पृथ्वीमण्डलमा देखिन्न । विश्वास र आस्थाको भरमा आज देवी-देवता बाँचेका छन् अथवा मानिस नै देउता बनेर अवतारी भगवान् कहिलिएको पनि देखिइएको छ । कति मानिसमा देवता प्रवेश हुन्छ, कति मानिसमा दैवी चमत्कारिता प्रदर्शित रहेका छन् । यो विश्वब्रम्हाण्ड मान्छेको भइसकेको छ । नवै ग्रह मानिसद्वारा कब्जा हुँदै जाने भएको छ । पुराना शास्त्रसँग टक्कर खान नयाँ शास्त्रहरू बनिँदै आएका छन् । पुराना कुराहरू Refine भएका छन् भने नयाँ कुराहरू पनि उत्तिकै सृजना भएका छन्।

समूचा शिक्षा आज Specialize हुँदै गएको छ । शुरूमा धर्मको नाउँमा व्याप्त शिक्षा आज विश्लेषणात्मक कर्मवादमा बदलेको छ । अन्धविश्वासका कुरामाथि प्रत्यक्षविश्वासले ठाउँ ओगटेको छ । संसारको सृष्टिमा मानिसको लागि मुख्य वाद दुईप्रकारका छन् जसमा आध्यात्मिक र भौतिकवाद स्पष्ट छ । पुरानो शास्त्रले आध्यात्मिकताको परिचय दिएको छ भने भौतिकवादले जीवनजगत्को परिचय दिएको छ । कुनैपनि व्यक्तिको जीवनअघिका कुरा र जीवनपछिका कुरालाई आध्यात्मिक शास्त्रले पुष्टी दिएर मानवजीवनलाई सचेत पारेको छ भने भौतिकवादले मानवका भूत र भविष्यका शारीरिक अवस्थालाई किटेर बताउने गरेको छैन । यस्ता कुराहरू शिक्षाका विषय बनेका छन्। शिक्षाजगत्मा विभिन्न सिद्धान्त प्रतिपादन गर्न शिक्षालयहरू खोल्दै आएका छन् भने शिक्षालाई एउटा प्रतिस्पर्धा र व्यवसायको रूपमा पनि लिने गर्दै आएको छ। शिक्षा प्रतिस्पर्धाको विषय होइन, अनिवार्य ज्ञानको कुरा हो। सम्पूर्ण व्यवसायलाई नैतिक आधार दिने विषय शिक्षा हो। शिक्षा ग्रहण गरिसकेर पनि त्यस्ताले नैतिकता अँगालिएन भने त्यस्तो शिक्षा कुप्रयोगको लागि हुन जान्छ । मानिसभित्रका नैतिकताको परिभाषा दिन गाऱ्हो भएपनि मानवहितविरुद्ध हुने कुरा सबै अनैतिकताको क्रममा पर्ने हुन्छ । शिक्षाक्षेत्रमा स्नातकोपाधि हासिल गरेपछि त्यस्तालाई शिक्षित र जिम्मेवार अनि सचेत नागरिकमा गणना गरेर समाज र राष्ट्रहितको लागि शपथग्रहण गराउन दीक्षान्त समारोह गर्ने गरिन्छ । यस्तो क्रिया औपचारिकरूपमा अनिवार्यविषय हुन आएको छ। जब जब औपचारिकताका कार्यक्रम बढ्दै गयो, शिक्षाका शपथहरू नक्कली र ढोंगीजस्ता देखिँदै गएका छन् किनभने कर्तव्यताको शपथग्रहण गरेर पनि व्यवहारमा कर्तव्य निभाइएको देखिनु दुर्लभ प्राय: भएको छ। हाल मानिसलाई शिक्षित बनाउने शिक्षा जनजीवनको दैनिक व्यवहारमा प्रयोग हुने हुनु अनिवार्य र हेन । यस पृष्ठभूमिमा शिक्षा मानिसको स्वार्थको लागि प्रयोग भएको



Downloaded from http://www.dhamma.digital

छ्यापछ्याप्ती देखिन आएको छ । आध्यात्मिक शिक्षा दिने संस्थाहरू नैतिकतामा बल दिएर अध्ययन अध्यापन गर्ने गरिन्छ तापनि सबै प्रकारका धार्मिक शिक्षाहरू जनजीवनमा पालन नै भएको पनि देखिन्न। धार्मिक आधारमा प्रत्यक्षरूपमा नियम पालन हुने शिक्षाको थलो भएको आध्यात्मिक संस्थाका प्रमुख व्यक्तिहरू त्यसप्रकारको अनिवार्य शिक्षा पालन गर्ने कर्तव्यपथमा रहनुपर्ने खालका नभएका पनि होइनन् तापनि व्यवहारमा उत्रेको देखिनु गाऱ्हो छ । यस्तो बेला कट्टर पन्थीकैरूपमा आफ्ना धर्म प्रतिपादक गुरुको निर्देशनानुसार कर्तव्य पालन गर्दै छिनभर पनि कर्तव्यबाट च्युत हुन नहुने शिक्षापालकमा अहिले बुद्धधर्मका अनुयायी भिक्षुहरू देखिन्छन् ।

भिक्षुजीवनको आफ्नै नियम हुन्छ । बुद्धले प्रतिपादन गरी निर्देशन दिएका कुरा बौद्धहरूका लागि शिक्षा हुन् र त्यही नै उनीहरूको लागि धर्म हो । दार्शनिक धर्मावलम्बीहरू धर्मको परिभाषा दिन्छन् । बुद्धधर्ममा धर्मको परिभाषा दिइरहनु आवश्यक छैन । *'धर्म च जिनभाषितम्'*। बुद्धधर्मलाई प्रतिपादन गरी धर्मप्रचारार्थ बुद्धकै पालामा संघ खडा गरिएको छ। धर्मलाई प्रतिपाल गर्ने भएको ले बौद्धजीवनमा संघको ठूलो महत्त्व रहन गएको छ । यसैकारण बौद्धहरू संघलाई बुद्धलाई जत्तिकै श्रद्धा राखेर वन्दना गर्दछन्। संघ रहेको ठाउँ स्वत: बौद्धशिक्षालय हुन्छ । संघले कहिल्यै व्यक्तिगत घरमा नबस्ने भएको ले संघ बस्ने घरलाई विहार भन्दछ । विहार बुद्धधर्मको साधनास्थल हो । शान्तमय विहारहरू संघका शाखाप्रशाखा एवं ठाउँअनुसारको केन्द्रकैरूपमा पनि रहन्छ। संघको विधान हुन्छ। यस संघको विधानलाई राष्ट्रको कुनैपनि प्रशासनिक निकायमा दर्ता गरिरहनु जरूरत पर्दैन न दर्ता गर्ने बाध्यता नै रहन्छ किनकि संघको विधान भनेकै बुद्धद्वारा निर्देशित नीति नियमहरू हुन् ।

संघ रहने विहार सामाजिक घरवार र परिवार त्याग गरी विशेष सांघिक जीवन पालन गर्नको लागि अनिवार्य थलो हो। यहाँ गृहस्थहरू आई बुद्धधर्मका शिक्षा ग्रहण गर्दछन् र त्यस धर्मका अनुयायी बन्दछन्। यसरी संघमा आई संघप्रति आस्था राख्नेहरूका लागि तिनीहरूको सुखी जीवनका लागि छुट्टैप्रकारले प्रोत्साहित गर्ने नियमहरू बुद्धद्वारा निर्देशित छ। यसरी विहारमा गएर शिक्षा लिँदैमा सबैले आफ्आफ्नो घरमा बसेर त्यस्ता सबै नियम पालन गर्दछन् नै भन्ने हुँदैन किनकि उनीहरूको गार्हस्थ्य बाध्यताहरू रहेका हुन्छन् । जसरी सार्वजनिक शिक्षालयहरूमा पढेर परीक्षामा उत्तीर्ण भई प्रमाणपत्र हासिल गर्नेले पढेका जम्मै कुरा व्यवहारमा उतारिरहेका छैनन् ।



Downloaded from http://www.dhamma.digital

उसमा ज्ञान भो, शिक्षा भो, ऊ चलाक भो, शिक्षित भो, बस् उसको लागि उपलब्धिमूलक भो र शिक्षा दिने संस्था र व्यक्तिको लागि पनि प्रमाणपत्र दिलाई शिक्षित गौरव रहने भयो । वास्तवमा खर्च गरिएका समय, अर्थ र परिश्रम खेर नजानु भनेको मानिसको चरित्र निर्माणमा फाइदा पुऱ्याउने हो । शिक्षित कहलिएर पनि चरित्र सुधार नभएर समाजमा प्रत्यक्ष असर नभएको शिक्षिताले जनजीवनमा उपलब्धिमूलकता बनाएको ठहरिँदैन । यस्तो अनुपलिब्धमूलक स्थिति पनि हुने हुनाले शिक्षालाई तत्कालै व्यवहारमा उतार्दै जाने शिक्षणसंस्था हुनु आवश्यक छ जसबाट लगानी सार्थक भई उद्देश्य पूर्ति हुन्छ । बुद्धधर्मको शिक्षाको उद्देश्य पूर्ति भनेको संघजीवन बिताएर शिक्षा प्राप्त गर्नासाथ पालन पनि गर्दै जाने हुनु हो । यस्तो शिक्षा दिने स्थान विहारै मात्र हुनु सिवाय अरू ठाउँमा हुने होइन । व्यावहारिक ज्ञान हासिल गरेर व्यवहारमा प्रयोग गर्नु भनेकै यथावादी तथाकारी हुनु हो । यथावादी तथाकारी हुनु भनेको बुद्धको निर्वाणत्वको लागि राखिएको उद्देश्य र लक्ष्य हो ।

यसै सिलसिलामा नेपाल अधिराज्यमा तत्काल व्यवहारमा ल्याउने चरित्रनिर्माणका शिक्षालय हाल एउटै विहारमा देख्न पाइन्छ, त्यो विहार हो काठमाडौंको नयाँबानेश्वर स्थित विश्व शान्ति विहार जहाँ विश्व शान्ति बौद्ध शिक्षालय छ र गृहस्थहरूलाई प्रेरणा दिई भिक्षुत्व ग्रहण गराएर विद्यार्थी बनाई अध्ययन गराइन्छ । यहाँ अध्ययन गर्नेले शुद्ध विद्यार्थीजीवन पालन गर्नुपर्दछ । पढेअनुसार आचरण गरी बिहान उठेदेखि बेलुका सुतेर ननिदाउन्जेलसम्म पालन गर्नुपर्दछ । तिनीहरूले आफ-आफ्नो घरमा बस्नुको सट्टा अध्ययन समाप्तिपर्यन्त शिक्षालयरूपी विहारमै बस्नुपर्दछ । सिकेका शिक्षालाई तत्काल व्यवहारमा उतार्ने शिक्षणसंस्था हुनु भनेको सितिमिति सजिलो कुरा होइन । शिक्षामा वास्तविक लगानी यस्तैप्रकारको शिक्षालयमा हुनु उचित कुरा हो । ऐच्छिक शिक्षा ग्रहणले आंशिक उद्देश्य पूर्ति हुनुसिबाय पूर्ण उद्देश्य पूर्ति हुनु कठिन छ । यसैले कुनै पनि कक्षामा उत्तीर्ण भई त्यसको प्रमाणपत्र लिनु र स्वत: प्रमाणित हुने गरी शिक्षा लिनु दिनुमा विशेषताको ख्याल गरी शिक्षालय संचालन गर्नु गराउनु प्रत्येक सचेत नागरिक एवं जिम्मेवार नीतिकार, योजनाकार, नेता र सरकारी जिम्मेवार अफिसहरूको कर्तव्य हुने हुन्छ । तब एक मानव वास्तविक मानव बन्नमा सघाउ पुग्छ र पुशुवत् व्यवहारबाट अलग्गिने हुन्छ र लोक कल्याणकारी मार्ग खुल्छ ।

❋

*'शान्ति-सन्देश' बु.सं २५४५ (वि.सं. २०५८)



Downloaded from http://www.dhamma.digital

# धर्मउपदेशक बुद्ध किन मौन रहनुन्थ्यो ?*

भगवान् बुद्ध मानवकल्याणका लागि धर्मदेशना गर्नुहुन्थ्यो । उहाँले सांसारिक मानिसमात्रको दुःखको कारण बताएर मानिसका भित्री मनलाई शान्त पार्नुहुन्थ्यो । भगवान् बुद्धका अगाडि नाना प्रकारका सुखी, दुःखी, योगी, भोगीहरू आ-आफ्नो मनशान्ति र सन्तोषको लागि भौतिक आध्यात्मिकविषयका कुराहरूको प्रश्न गर्थे । भगवान्ले जिज्ञासुहरूका लागि उनीहरूद्वारा सोधिएका प्रश्नहरूको जवाफ दिने गर्नुहुन्थ्यो । दुःखले छटपटाएका र अप्ठ्यारोमा परेका धेरैजनाको दुःख निवारणका प्रश्नहरूलाई समाधान गरिदिएको कुरा त्रिपिटकमा यत्रतत्र पाइन्छन् । त्यसो भएर पनि भगवान् कुनै बेला कुनै प्रश्नको जवाफ नदिई मौन भई बस्नुहुन्थ्यो । प्रश्नकर्ताको अगाडि भगवान् त्यसरी मौन रहनुहुँदा साधारणतया उत्पटांग प्रश्न पर्‍यो होला भनी विद्वान्हरू ठान्दथे होलान् । सज्जन, भद्रपुरुष र सन्तहरू उत्पटांग प्रश्नमा अल्झेर रहन चाहँदैनन् । सही हुन सक्छ उत्पटांग प्रश्नमा भगवान् मौन रहनुहुन्थ्यो होला तापनि समय अवस्था हेरी उत्पटांगेलाई पनि सही बाटोमा ल्याउन धर्मदेशनाद्वारा नै प्रयास गर्नुहुन्थ्यो ।

केही त्यस्ता प्रश्नका कुराहरू छन् जुनको उत्तर नै नदिइकन ती कुरालाई भगवान् बुद्धले अव्याकृत भनिदिनु भयो । अव्याकृत भनेको सितिमिति टुंगो नलाग्ने, समय बरबाद हुने अनिर्वचनीय अस्पष्ट कुराहरू हुन् । भगवान् बुद्ध कुनै कुरामा ढिपिकसेर दार्शनिक पाण्डित्याइँ छाँट्न चाहनुहुन्नथ्यो र दार्शनिक समस्याहरूप्रति तर्कवितर्क गरिरहनु युक्तिगत कुरा मान्नुहुन्नथ्यो । यो लोक शाश्वत कि अशाश्वत, अन्तयुक्त कि अनन्त छ, जीव र शरीर एकै हो वा अलग हो, भगवान् तथागत मृत्युपश्चात् पनि रहनुहुन्छ कि रहुनहुन्न भन्ने आदि कुराका प्रश्नलाई नै भगवान् अव्याकृत भन्नुहुन्थ्यो ।

बुद्ध यसप्रकारको उपदेश दिनु चाहनुहुन्थ्यो कि जसबाट मानिस दुःखबाट पार होओस् । तार्किक र दार्शनिक विवेचनबाट उहाँ अलग रहन चाहनुहुन्थ्यो । दुनियामा आध्यात्मिक सत्यको अभिव्यक्ति नै धर्मोपदेशकहरूलाई मन पर्ने हुन्छ सिबाय जति तर्क गरे पनि



Downloaded from http://www.dhamma.digital

नटुंगिने सूक्ष्म र विवादास्पद व्याख्याका हुलिया तिनीहरूलाई मनपर्दैन। बुद्ध मौन रहिदिनुहुँदा कोही भन्थे कि बुद्धसँग त्यस्ता प्रश्नको जवाफ दिने ज्ञान नै थिएन, कोही भन्दथे कि उपयोग नहुने बेकारको कुरा भएको ले मौन रहनुभएको थियो। भगवान् बुद्धले अस्पष्ट अर्थात् अव्याकृत भनी तर्क नगरी जवाफ नदिइकन मौन बसिदिनु भएका १४ प्रकारका प्रश्नहरू यसप्रकार छन् -

१. के लोक शाश्वत छ ?

२. के लोक अशाश्वत छ ?

३. के लोक शाश्वत र अशाश्वत दुबै छ ?

४. के लोक न शाश्वत छ, न आशाश्वत छ ?

५. के लोक अन्तवान् छ ?

६. के लोक अनन्त छ ?

७. के लोक अन्तवान् र अनन्त दुबै छ ?

८. के लोक न अन्तवान् छ न अनन्त छ ?

९. के मरणोपरान्त तथागत रहन्छ ?

१०. के मरणोपरान्त तथागत रहँदैन ?

११. के मरणोपरान्त तथागत रहन्छ पनि रहँदैन पनि ?

१२. के तथागत मरणोपरान्त न हुँदैन, न नहुँदैन ?

१३. के जीव र शरीर एकै हो ?

१४. के जीव अर्कै हो र शरीर अर्कै हो ?

बुद्धका अनुसार यस्ता अस्पष्ट प्रश्नहरूको व्याख्या सहजरूपमा गर्न सकिँदैन किन्तु ठुल्ठूला दार्शनिकहरूले यस्ता प्रश्नविषयमा व्याख्या गरेका छन्। यस्ता दार्शनिकहरूको व्याख्याप्रति भने समीक्षा गर्न सकिन्छ। भगवान् बुद्ध पूर्णरूपेण कसैमा विरोधी हुने तर्कैतर्कमा अल्झिने कुराको बीचमा फँस्न चाहनु हुन्नथ्यो। विशेष वादविवाद आउन सक्ने खालका प्रश्न र विभिन्न विचार उत्पन्न भई अन्यौलमा पर्न सक्ने प्रश्नको कुनै निश्चित उत्तर नदिई त्यस्ता कुरालाई अव्याकृत भनी सिद्ध गरिदिनुभएको थियो। भगवान् बुद्धका अरू उपदेशहरूझैं उनका सन्देश व्यावहारिक थिए। उहाँले मानवका सदै बन्धनहरूको पूर्ण मुक्तिको लागि भव्य मार्ग निर्देशन गर्नुभयो र त्यसप्रकारको मुक्तिमार्गको जीवन यापनको लागि सबैलाई प्रेरित गर्नुभयो। भगवान् बुद्धद्वारा त्यसरी मौनता अवलम्बन गरिएको उहाँको आफ्नो गौरव प्रस्तुत गरिएको हो। भगवान् बुद्ध व्यक्तिको अहंताप्रति व्यर्थभावको विचारको परिपोषक हुनुहुन्थ्यो।



Downloaded from http://www.dhamma.digital

भगवान् बुद्धको सन्देश यही छ कि पुरुषार्थमा अग्रसर हुने मानिसको लागि आध्यात्मिक तर्कवितर्कमा फँस्ने खालका कुराहरूतिर नलागेर जीवनको परम पूर्णता प्राप्तिको लीग प्रयत्नशील हुनुपर्दछ । जीवनको जुन दुर्लभ क्षण मानिसको लागि प्राप्त भएको छ, त्यो क्षण तर्क-प्रपंचको लागि होइन अपितु निर्वाण प्राप्तिको लागि हो। तर्क-प्रपंचद्वारा निर्वाण प्राप्तिको संभव छैन किनकि त्यसबाट वाणी निवृत्त हुन जान्छ। यसैले जीवनको महत्त्वपूर्ण क्षणको निरर्थक र असंगत तर्क-वितर्कमा लगाउनु उचित कुरा होइन । यही कारणले नै भगवान् बुद्धले आफ्ना सद्धर्मदेशनाहरूमा यद्यपि ईश्वर र आत्मा आदिको खण्डन त गर्नुभयो तर त्यसको बारेमा धेरै पटक अनेकप्रकारले प्रश्न गरिएतापनि त्यस विषयमा मौन रहनु नै युक्तिसंगत ठान्नुभयो र त्यस्ता प्रश्नहरूलाई अव्याकृत भनेर निर्वाणलाई पन्छाउने खालका त्यसप्रकारका तर्क-वितर्कमा रहनुलाई निषेध गरेर लोकको कल्याण हुने चेतानाले प्रेरित हुन मानिसको गन्तव्यतिर उन्मुख हुने खालका उपदेश भगवान् बुद्धले दिनुभयो किनकि भगवान् तथागत लोकजनको लागि करुणावान् हुनुहुन्थ्यो ।

❋

*'महाबुद्ध- स्मारिका' बु.सं २५४५ (वि.सं. २०५८)

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# धम्मपदमा वृद्धसंबन्धमा चेतना*

बुद्धको उपदेश मानवमात्रको लागि कल्याण मार्ग हो। यसरी बुद्धलाई अगाडि सार्नु खालि स्तुतिगान र अन्धभक्ति होइन। मात्र दर्शन छाँटी हावामा महल बनाउने खालका कुरा भगवान् बुद्धका उपदेशमा छैन। जे कुरा भनियो त्यो व्यवहारमा नै देखिने र प्रयोग भइरहने विषय बुद्धको उपदेश हो। *'एहि पस्सिको'* अर्थात् 'आएर हेर' भनी फुर्तीसाथ आव्हान गरी उदाहरण प्रस्तुत गरेर व्यवहारमा नै देखाइदिने घटनाले भरिएको संझाउनी भएको ले *'बुद्धवचन'* विश्वमा एकमात्र शान्तिको सन्देशवाहक जनिएको छ। कुनैपनि धर्मका धर्मगुरुहरू प्राय: शान्तिप्रिय नै हुन्छन्, यसमा विवाद नहोला तर गुरुहरूका शान्तिवचनमा पनि यदाकदा अशान्तिजन्य दु:खका कारण मिसिएका हुन्छन्। कुनैपनि प्रकारका दु:खको निवारणको लागि बुद्धोपदेशित चतुआर्यसत्य र आर्यअष्टांगिक मार्ग विदित गरी त्यसको प्रत्यक्ष ज्ञानको सहायताले जीवनयापन गर्नु आमआवश्यकता भएको बुद्धधर्मले स्पष्ट पारेको छ।

भगवान् बुद्धको उपदेशमा सन्निहित सत्य-सन्देशको आधार *'त्रिपिटक'* हो। त्रिपिटकको पछिल्लो भाग धम्मपद *'बुद्धवचन'* हो। धम्मपदमा २६ वटा वर्ग र ४२३ वटा गाथा रहेका छन्। ती सबै गाथाहरू मानवसँग संबन्धित घटनाहरूको आधारमा मानवको लागि समुचित निर्देशन र संझाउनीका कारण बनेका छन्। समय-समयमा भोगिने सुख-दु:खलाई केलाएर परिस्थितिअनुकूल त्यसलाई समाधान गर्न उच्चरित गाथाहरू मानवकल्याणोपयोगी भई जनजीवनका लागि शान्तिका मार्ग बनेका छन्।

जुनसुकै मानिस सुख चाहन्छन्, दु:ख चाहँदैनन्। तसर्थ मानिस जीवनभर सुखको खोजीमा लाग्दछन् र सुख भोगको आशामा रुमल्लिन्छन्। सुख पाउन भनी मानिस विभिन्न साधना र उपायको खोजीमा लाग्दछन्। बुद्ध स्वयं पनि यस्ता खोजीहरूमा लागेर दु:खको सामना गर्दै घन्यारौं साधुहरूसँको संगतपछि आफैआफ बुद्धत्व प्राप्त गरेका महामानव हुन्। प्राय: मानिस भौतिक सुख चाहन्छन् भने कोही आध्यात्मिक सुख चाहन्छन्। वास्तवमा बुद्धले बताएका सुख भनेको जीवित अवस्थामा उपभोग गरिने व्यावहारिक सौख्य हो। यसै सिलसिलामा अनिवार्यरूपले भोगेर सहनुपर्ने एउटा दु:खावस्था *'वृद्धत्व'* हो। यसै वृद्धत्वको अवस्थालाई लिएर



Downloaded from http://www.dhamma.digital

धम्मपदको ११ औं वर्गको रूपमा *'जरावग्गो'* अर्थात् *'वृद्धवर्ग'* मा वृद्धशरीरको अवस्था र त्यसप्रति अनित्यताको बोध गरी चेताउनी लिनुपर्ने खालका कुराहरूलाई लिएर ११ वटा गाथा प्रस्तुत गरिएको छ । ती गाथाहरूमध्येको पहिलो गाथामा वृद्धजीवन मृत्युपदमा पुग्ने अवस्था हो र त्यस अवस्थामा भवसंसारबाट पार हुने उपायतिर लाग्नुपर्दछ र अरू भौतिक कुराहरूमा अल्झिन उचित होइन भनी देखाइएको छ ।

*कोनु हासो किमानन्दो निच्चं पज्जलितोसित ।*
*अन्धकारेन ओनद्धा पदीपं न गवेस्सथ ॥*

अर्थात् - आफ्नो शरीर सदैव आगो बलिरहेको अवस्थामा पुगिसकेको छ । यस्तो अवस्थामा कसरी हाँस्नु र कसरी रुनु ? यसप्रकारले आफूमाथि अन्धकारले घेरिसकेपछि पनि किन आलोक खोज्दैनौ ?

राम्ररी सिँगारिएर पनि स्थायी नहुने शरीर विचित्रको छ भन्ने कुरालाई दोस्रो गाथामा यसरी भाव व्यक्त गरिएको छ -

*यस्स चित्तं कतं बिम्बं अरूकायं समुट्ठितं ।*
*आतुरं बहुसङ्कप्पं यस्स नत्थि धुवं ठिति ॥*

अर्थात् - चित्रसमान सिँगारिई चित्तलाई बोध गरिने यो देह घाउ र वेदनाले व्यथित भई अनेकप्रकारको संकल्पले भरिएर अस्थिर अवस्थामा पुगेको छ । हाय ! यस्तो शरीरलाई हेर ।

शरीरको क्षणभङ्गुरतालाई दर्शाई मानिसले मर्नैपर्ने कुरालाई औंल्याएर तेस्रो गाथामा यसरी विचार पोखेको छ ।

*परिजण्णमिदं रूपं रोगनिड्ढं पभङ्गुरं ।*
*भिज्जति पूति सन्देहो मरणन्तं हि जीवितं ॥*

अर्थात् - यो रूप जीर्ण भएर जाने हो । यो देह रोगको घर हो, क्षणभङ्गुर हो । यो गन्हाउने शरीर छुटेर जान्छ । जीवन अन्त्य भई मृत्युपदमा पुग्छ ।

वृद्धावस्थाको शरीरप्रति कसैको आकर्षण हुँदैन भनी चौथो गाथामा यसरी भनिएको छ -

*यानि'मानि अपत्यानि अलापूनेव सारदे ।*
*कपोतकानि अट्ठीन तानि दिस्वानका रति ॥*

अर्थात् - शरदऋतुमा फालिएको वेकासको लौका र परेवाझैं सेतो हाडरूपी देहलाई देखेर त्यसप्रति कसको प्रीति रहला ?

शरीर एउटा हाड र मासुको पुत्ला हो । त्यसमा अभिमान र कपट आदि लुकेको हुन्छ । शरीर जति राम्रो भएपनि आखिर त्यस शरीरमा बुढ्याईं र मृत्यु निहित भएकै हुन्छ भनी पाँचौ गाथामा यसरी बयान गरिएको छ -

*अट्ठीनं नगरकतं मंसलोहितलेपनं ।*
*यत्थ जरा च मच्चू च मानो मक्खो च ओहितो ॥*



Downloaded from http://www.dhamma.digital

अर्थात् - शरीर त्यस्तो बस्तु हो जुन हाडरूपी नगर बनाएर त्यसमा मासु र रगतरूपी लेप लगाइएको छ । त्यसमा वृद्धत्व, मृत्यु, अभिमान र कपट आदि कुराहरू लुकाइएका छन् ।

शरीर जीर्ण भएर जाने हुन्छ किन्तु धर्म जीर्ण हुँदैन । यसैले मानिसले साधु सन्तसरह भएर धर्मलाई अपनाई आफ्नो जीवन सार्थक हुने कुरातिर लाग्नु आवश्यक छ भन्ने आशय प्रष्ट पारेर छैठौं गाथामा यसरी बताइएको छ -

*जीरन्ति वे राजरथा सुचित्ता*
*अथ शरीरम्पि जरं उपेति*
*सतञ्च धम्मो न जरं उपेति*
*सन्तो हवे सब्भि पवेदयन्ति ॥*

अर्थात् - सजिसजाउ भएको राजाको रथ जीर्ण भएर गएझैं मानिसको देह पन जीर्ण भएर जान्छ, किन्तु साधु सन्तमा निहित धर्म जीर्ण हुँदैन । साधु सन्तहरू आपसमा यस्तैप्रकारका जीर्णत्व र धर्मका कुरा गर्दछन् ।

अज्ञानी मानिसको शरीरमात्र मोटो हुन्छ, परन्तु बुद्धि छोटो नै हुन्छ भनी शरीरमात्र बढ्ने बुद्धि नहुने गोरुको उपमा दिई सातौं गाथा यसरी अगाडि सारिएको छ -

*अप्पसुता'यं पुरिसो बलिवद्दोव जीरति ।*
*मंसानि तस्स वड्ढन्ति पञ्ञातस्स न वड्ढति ॥*

अज्ञानी मानिस गोरुझैं बढ्छ । त्यसको मासुमात्र बढ्छ, प्रज्ञा बढ्दैन ।

बोधित्व प्राप्त गरिसकेपछि भगवान् बुद्धले शरीर धारी भई दुःखैदुःखमा अल्मलिँदै जीवन बिताएको कुरालाई स्मरण गरी आइन्दा त्यसप्रकारको देहरूपी दुःखमय जीवन धारण गर्न नपर्ने गरी वृद्धत्वको बन्धन नै चुँडालेको कुरा उद्गार को रूपमा व्यक्त गर्नुभएको छ । आठौं र नवौंको रूपमा रहेको संयुक्त गाथा बुद्धधर्मको मुख्य *'सार'* को रूपमा लोकप्रसिद्ध भई उदाहरणीय रहेको छ -

*अनेक जाति संसारं सन्धाविस्संअनिब्बिसं ।*
*गहकारकं गवेसन्तो दुक्खा जाति पुनप्पुनं ।*
*गहकारका दिठ्ठिठो'सि पुन गेहं नकाहसि ।*
*सब्बाते फासुका भग्गा गहकूटं विसंठितं ।*
*विसङ्खारगतं चित्तं तण्हानं वयम'ज्झगा ॥*

अर्थात् - गृह निर्माण गर्नेलाई खोज्दाखोज्दै अनेक जन्म बित्यो । मेरो हरेक जन्म दुःखमय भएर बित्यो । अब हे गृहनिर्माण गर्ने बुद्धि हो । मैले तिमीलाई देखिसकें । अब तिमीले फेरि पनि गृह बनाउन सक्नेछैनौ । तिम्रो घर बनाउने काठपात सरसामान सबै टुक्राटाक्री पारिसकें र घरको धुरी पनि भत्काइदिएं । मेरो चित्त संस्काररहित भई तृष्णाको विनाश भइसक्यो ।

मानिसले उमेर छँदै समयमै



Downloaded from http://www.dhamma.digital

जीवन सार्थक पार्न आवश्यक साधन जुटाउनुपर्छ नत्र वृद्धावस्थामा पुगेपछि जीवन बरबाद भई क्रौंचपंछीले बेकारको ठाउँमा कुरेर जीवन गुमाएझैं हुनेछ भनी सोदाहरण दशौं गाथा प्रस्तुत गरिएको छ -

*अचरित्व ब्रम्हचरियं अलद्धा योब्वने धनं।*
*जिण्णकोञ्चा'व झायन्ति खीणामच्छेव पल्लले॥*

अर्थात् - जवानी अवस्थामा धन नकमाई, ब्रम्हचर्य पालन नगरी बस्नेले बिनामाछाको पोखरीमा ढुकेर बस्ने क्रौंचपंछीले आफ्नो जीवन व्यर्थ खेरफालेझैं जीवन खेरफाल्नुपर्नेछ।

बेलैमा आवश्यक काम नगर्नेहरू मूर्खमा गनिन्छन्। त्यस्ता मूर्खहरूले पश्चात्ताप गरी बस्नुपर्नेछ भन्ने कुरालाई लिएर वृद्धवर्गको अन्तिम या एघारौं गाथामा यसरी चेतावनी प्रस्तुत गरिएको छ -

*अचरित्वा ब्रम्हचरियं अलद्धा यौब्वने धनं।*
*सेन्ति चापा'तिखोणा'व पुराणानी अनुत्थुनं॥*

अर्थात् - यौवनास्थामा धन नकमाएर अनि ब्रम्हचर्य पालन नगरी बस्ने मूर्खले काम नचली त्यसै फ्याँकिएको पुरानो धनुषझैं भएर बितेका कुरामा मात्र चिन्ता गरी अपशोाच मान्नुपर्नेछ।

भगवान् बुद्धले विभिन्न जनपदका ठाउँहरूमा गएर परिस्थिति र आवश्यकतानुसार लोकजनको उद्धारको लागि उपदेश गर्नुहुन्थ्यो। यसै क्रममा यो वृद्धवर्गको कुरा पनि तत् तत् समयमा विभिन्न ठाउँमा, विभिन्न जनलाई परिआएको घटनाको बेला बताउनुभएको थियो। जेतवनमा रहनुहुँदा विशाखाकी एकजना साथी, उत्तरा थेरी, एक अभिमानी भिक्षु, रूपनन्द थेरी, मल्लिकादेवी र लालुदायी थेरहरूलाई बताउनुभएको थियो भने राजगृहको बेणुवनमा सिरिमालाई, वाराणसीको ऋषिपतनमा महाधनी सेठका छोरालाई उदानवाक्यको रूपमा बोधिवृक्षमुनि बताउनुभएको थियो।

धम्मपद एउटा बुद्धको नीतिशास्त्र नै हो र जनमानसमा आ-आफ्नो चरित्र उच्च पार्नको लागि यस ग्रन्थले धेरै प्रेरणा दिन्छ। कति मानिस त यसको प्रभावबाट जीवनमुक्त भएका छन्। यही धम्मपदको उद्देश्य हो।

❋

*'संघराम' बु.सं २५४६ (वि.सं. २०५९)



Downloaded from http://www.dhamma.digital

# नेपालमा बौद्ध र बौद्धसंस्था*

बुद्धधर्मका अनुयायीलाई बौद्ध भनिन्छ । नेपालमा बौद्धहरू धेरै छन् । कुनैपनि धर्मका अनुयायीले त्यस धर्मका कुरा नबुझ्नु अशिक्षाको कारण हुनु नै मुख्य हो। नेपालमा शिक्षाको प्रचार प्रसार र व्यवस्था ज्यादै कम छ। आफूलाई बौद्ध भनेर पनि बुद्धसम्बन्धी शिक्षाको कमीले बौद्धहरूले आंशिकरूपमा मात्र बुद्धको उपदेशात्मक ज्ञान बुझेको कुरा उनीहरूको व्यवहारले देखाउँछ। बौद्धहरूमा बुद्धधर्मसम्बन्धी ज्ञानको कमी हुनु बौद्धसंस्कार विधिको कमी हुनाले हो । नेपालमा बच्चाको जन्मेदेखि गरिने धार्मिक संस्कार शुद्ध बुद्धधर्मानुकुलका नरहेको कुरा देखिन आउँछ। बौद्धका छोराछोरीहरूलाई बालककालदेखि नै बौद्धशिक्षा दिइन्न । ठाउँअनुसारको परम्परागतरूपमा गरिआएको संस्कारलाई नै आफ्नो जीवनभरिको धार्मिक संस्कारको रूपमा मान्ने गरी नेपालीबौद्धहरूले धार्मिक कर्मकाण्ड गरिआएका छन्। बौद्ध भनेर जातलाई मान्ने परम्परा नेपालमा छ। उपत्यकामा प्राचीन सभ्यता बोकेको भनी गर्व राख्ने नेवारहरूमा शाक्य, वज्राचार्य र उदासले आफूलाई पक्का बौद्ध मान्दछन् । शाक्य र वज्राचार्यहरूले अपनाइएका धार्मिक कर्मकाण्डको संस्कार विधि जस्तोसुकै भए पनि उनीहरू बौद्ध हुन् भन्ने कुरामा कसैले दुइमत मानेका छैनन् । शाक्य वज्राचार्यको व्रतबन्धको परम्परा शाक्यमुनि बुद्धले स्थापना गरेको प्रव्रज्यापरम्परा नै हो । आजसम्म शाक्य वज्राचार्यले यो परम्परा छाडेका छैनन्। यी दुई थरद्वारा अपनाइने प्रव्रज्या परम्पराका विधि पनि स्थान अनुसार विभिन्न थरीका रहिआएका छन् । भक्तपुर आदि ठाउँका शाक्य वज्राचार्यहरू व्रतबन्धमा धनुर्वाण लिई प्रव्रजित बेलाको विधि अपनाउँछन् भने अरूले प्रव्रज्याको बेला धनुर्वाण प्रयोग गर्दैनन्। यस्ता बौद्ध परम्परासँग आपसमा मेल नखाने विधिहरू बौद्धहरूमा पाइन्छन् । नेवारबौद्धहरूमा बौद्धपनभन्दा समुदायको रूपमा रहेको नेवारपन बढी पाइन्छ। त्यसैकारण नेवार बौद्ध कहिने ज्यापू, चित्रकार, मालाकार, रंजितकार, नापित, नकर्मी, कारन्जित र तण्डुकार आदि जातका समूहहरूमा कहिलेकाहीं यिनीहरू आफू बौद्ध हुनुमा द्विविधाको बिचार राख्दछन् । नेपालको प्राचीन परम्पराको कुरामा दृष्टि दिँदा प्रायः जसो श्रेष्ठ जातहरू बौद्ध रहेका देखिन्छन् तापनि उनीहरूको कर्मकाण्ड विधि बौद्धपनभन्दा टाढिएर रहिसकेका छन् ।



Downloaded from http://www.dhamma.digital

सुरापान, मद्य, मांस वर्जितअवस्थाको प्रव्रज्याग्रहणको बेला स्वयं शाक्य वज्राचार्यपर्यन्तले मद्य र मांस प्रयोग गरी व्रतबन्धको नाममा भोज भतेर लगाउँछन् । पाटनमा स्वयं उदास कहिने ताम्राकारहरू आफूलाई बौद्धमा गणना गर्दैनन् ।

नेपालका गुरुङ, मगर, तामाङ, शेर्पा र थकालीहरू बौद्ध हुन् भनिन्छ । यी जातिहरूको पनि धार्मिक संस्कार व्यवहारमा आफ-आफ्नै आदिवासीपन छ यद्यपि आ-आफ्नैपनले नेपलीबौद्धहरू आफूलाई बौद्ध भनी बुद्धको प्रार्थना गर्ने गर्दछन् । जे होस् बौद्ध त रहे, तापनि बौद्ध रहनुमा चाहिने पूर्वाधार र गुणहरू नेपालीबौद्धहरूमा खस्केको छ ।

विश्वका विभिन धर्महरूसँग छुट्याउने कडी भनेको अनित्य, दु:ख र अनात्मका सिद्धान्त र तदनुकूल व्यवहार हुन् । नेपाली बौद्धहरू बुद्धधर्मसम्बन्धी शिक्षामा अशिक्षित छन् भनेको अभिप्राय: नै यी तीन कुरालाई अँगालेर व्यवहारमा उर्तान नसकेको ले हो । सबैप्रकारका धर्मावलम्बीहरूले अनित्यलाई त सम्झन्छन् तर अन्त्यमा गएर ईश्वर र आत्माजस्ता कुरालाई नित्य मान्ने व्यवहार देखाउँछन् । दु:खलाई पनि सबैप्रकारका धर्मावलम्बीले सकार्छन् तर सर्वदा दु:ख व्याप्त रहने कुरालाई सकार्दैनन् । आत्मासम्बन्धी विषयमा भने बुद्धधर्मको सिद्धान्त एक्लो नै छ । अन्य सबै धर्महरूमा आत्मालाई नित्य मानी स्वीकार गरिएको हुन्छ जुन कुरा बुद्धधर्ममा मान्य छैन । अनित्य, दु:ख र अनात्मभावलाई बुद्धधर्ममा स्वीकार नगरिएको प्रमाण भनेको बुद्धधर्म नै ईश्वर वाद नहुनु हो । यस विश्वमा ईश्वरलाई स्वीकार नगर्ने धर्म देखिँदैन । भौतिकवादका समर्थक चारवाक् मतले ईश्वरको अस्तित्वलाई मान्दैनन् तापनि त्यस चार वाक् मतको त्यो बिचार सिद्धान्तमात्र हो सिबाय त्यसलाई धर्मको रूपमा मानिएको छैन ।

बुद्धधर्ममा ईश्वरसम्बन्धी कुरालाई अव्याकृत मानेर मानिसको आफ्नै कर्मलाई भाग्य ठान्ने गरिन्छ । कर्मको शाब्दिक अर्थ 'काम' हो । मानिसहरू यदाकदा कर्मलाई भाग्य सम्झन्छन् । विशेष अर्थमा लिईंदा कर्तव्यनिष्ठ भई गरिने व्यवहार नै कर्म हो । कर्तव्यनिष्ठताका साथ नगरिएको कर्म अकर्म हुन्छ । यस्तै कर्म, अकर्म, सुकर्म, कुकर्म नै मानिसको कार्यका विषय हुन् र यससम्बन्धमा ईश्वर को कुनै सरोकार रहन्न । ईश्वर त विश्वासको कुरा हो भनिन्छ । *'माने देउता नमाने ढुंगा'* भन्ने नेपालीको उखान नै छ । बौद्धहरूमा यसप्रकारका बौद्धशिक्षाको कमी नै बौद्धत्वको सवाल बनेको छ र त्यस्ता बौद्धहरू अरूको अगाडि आलोच्य बनिएको छ ।



Downloaded from http://www.dhamma.digital

बौद्धहरू पञ्चशीलको प्रार्थना गर्दछन्। पञ्चशीलको प्रार्थना गर्नु स्वभावजन्य मानवीय अवगुणहरूलाई हटाउँदै वास्तविक मानवीय गुणको अभ्यासको चाहना लिइनु हो । अभ्यास गर्दै जाँदा पूर्णरूपेण व्यवहारमा उत्रन नसक्दैमा बौद्ध नहुने होइन । आवश्यक नियम पालन गर्दै जाने उद्देश्यलाई अगाडि सार्दै जानु बौद्ध हुनु हो । उद्देश्य र लक्ष्य खुलाएर पञ्चशीलका कुराहरूको अभ्यासमात्र गर्ने नभै दैनिक व्यवहारमा अनिवार्यरूपमा नियम पालन गर्ने गरी बौद्ध बनेकाहरू प्रव्रज्या ग्रहण गरी बुद्धोपदेशित नियममा लागेका छन्। यस्ता व्यक्तिलाई लोग्नेमानिस भएमा भिक्षु र स्वास्नीमानिस भएमा भिक्षुणी भन्ने गरिन्छ । भिक्षु-भिक्षुणी हुनुअगाडिको अवस्थामा रहेका चीवरधारी नियमपालकलाई श्रामणेर, अनगारिका आदि भन्ने नियम र हेको छ। बुद्धोपदेशित नियम व्यवहारको नजिक पुग्दै जीवनयापन गर्ने पुरुष भएमा उपासक र स्त्री भएमा उपासिका बन्ने हुन्छ । अनित्य, दुःख र अनात्मलाई आत्मासात् नगर्ने तर बुद्धका उपदेशलाई अध्ययन मनन गरी त्यसका असल गुणरूपी रसमात्र लिन चाहनेलाई खालि ज्ञानपिपासुमात्र भन्न सकिन्छ, बौद्ध भन्न सकिँदैन । बौद्ध बन्नको लागि प्रथमतः अनीश्वरवादितालाई नै स्वीकार्ने हुनुपर्दछ। बौद्धसंस्था खोलेर वा खोलिएको बौद्धसंस्थामा लाग्दैमा बौद्ध बनिने होइन। त्यसोभए उपरिल्लिखित बौद्धजनजातिहरू कसरी बौद्ध रहे त भन्ने तड्कारो प्रश्न उब्जिन सक्छ। यसको लागि एउटै जवाफ पर्याप्त हुन्छ कि ती बौद्ध कहिएका जातिहरू अनीश्वरवादितालाई हार्दिकरूपमा सकार्छन् र समय-परिस्थिति, साथ-संगत एवं उचित शिक्षाको अभावले मात्र बानी बिग्रेका हुन् सिबाय अनित्य, दुःख र अनात्मका विरोधी होइनन्। समुचित शिक्षा दीक्षाले सचेत भई उनीहरू पुनः आफ्नै बौद्ध स्थितिमा आउनेछन् र आउने प्रयास जारी छ । यस्तो अवस्थालाई मनन गरेर बौद्धसमाजलाई अग्रसर गराउन बौद्धनेताका रूपमा रहने व्यक्तिहरू, बौद्धगुरुहरू, भिक्षु-भिक्षुणीहरू, बौद्धजगत्का हिमायती बौद्धशिक्षितहरूको इमान्दारितापूर्वकको बुद्धोपदेशप्रतिको समर्पित भावनाको व्यवहार आवश्यक पर्दछ । कारणवश बौद्धक्रियाकलापबाट विचलित रहेका बौद्धजनहरू बौद्ध भावनामा प्रेरित हुँदै बौद्धव्यवहारमा उत्रनेछन् भन्ने कुरामा शंका लिनु उचित छैन। आज सुसभ्य एवं सुसंस्कृत जाति कहिएका नेवारबौद्धको साथसाथमा अन्य बौद्धजातिहरू चनाखो भई परम्परागत बौद्धको दाँजोमा अझ बढी शुद्ध बुद्धधर्मावलम्बी हुन अग्रसर भइरहेको आजको बौद्धसमाज रहेको छ। अहिलेको



Downloaded from http://www.dhamma.digital

अवस्थामा नेपालीबौद्धहरूको लागि गुणस्तरीय बौद्ध शिक्षाकै खाँचो छ। पवित्र गुरुहरूको उत्तिकै खाँचो छ भने उदाहरणीय बौद्ध नेतृत्वको पनि खाँचो छ।

नेपालमा बौद्धजगत्को समुन्नतिको लागि खोलिएका बौद्धसंघ संस्थाको कमी छैन, परन्तु बौद्धसंस्थाको अगुवा बनेकाहरू बुद्धोपदेशअनुकूल नियमपालन र शीलाचरणमा उदाहरणीयरूपमा प्रस्तुत हुन नसकेको कटुसत्य रहेको छ। बौद्धसंस्थाहरूबाट बुद्धधर्मको सभा समारोहका विषयहरू प्रचार भएका छन्, यो कुरा अवश्य पनि मान्य होला तर प्रचार प्रसार भएसरह बौद्धपनको गुणस्तर मा कति वृद्धि भयो भन्ने लेखाजोखामा शीलयुक्तरूपमा उदाहरण प्रस्तुत गर्न खडा गर्ने बौद्धव्यक्ति पाउन मुश्किल रहेको छ। जनसाधारण बौद्धहरूको लागि आपसमा सेवाको आदान प्रदानको अवस्था जुटाउने खालको बौद्धसंस्थाको खाँचो आजको बौद्धसंस्थाले टार्न सकेको देखिएको छैन। बुद्धको अर्थनीति दुर्व्यवहारले कमाइएको अर्थ र सम्पत्तिसँग सुसरोकार राख्दैन। भोको दरिद्र मानिसले बुद्धधर्ममा दिगो रहन सक्दैन भन्ने बुद्धको वचन अति मननीय छ। बुद्धधर्म पूजा-आजा, प्रचार-प्रसार र सिद्धान्तमा मात्र निर्भर छैन, यो धर्म त पूर्ण व्यावहारिक सारोकारसँग आधारित शीलसम्पन्नव्यवहारवादितामा छ। *'व्यापारमा झूठो नबोली फाइदा हुन्न'* भन्ने जस्तो अवधारणा बुद्धधर्मको लागि मान्य छैन। सदाचारले अर्थ आर्जन हुन्छ। सदाचारले जीवनयापन हुन्छ, सम्यक्आजीवको बुद्धधर्ममा आफ्नै विशिष्ट स्थान छ।

यस परिप्रेक्षमा बौद्धसंस्था संचालन गर्न बौद्ध नै हुनुपर्दछ भन्नुमा दुराग्रह हुन्न होला। यसको मतलब अनीश्वरवादितलाई समर्थन नगर्ने व्यक्तिहरूद्वारा सन्चालन गरेको बौद्ध संस्थामा *'अत्ता हि अत्तनो नाथो'* आफ्नो मालिक आफै हो भन्ने सिद्धान्त प्रतिपालन हुन सक्दैछ। अहिंसा र शान्तिको नारा मात्रले बौद्धसंस्थाको क्रियाकलाप भन्दैमा त्यसको परिणाम बौद्धत्व प्रतिस्थापनामा फलीभूत हुन सक्दैछ। बौद्धत्व अर्थात् बुद्धअनुयायीत्व स्वीकार गर्ने हो भने कुनैपनि जात जाति हुँदैमा बौद्धक्रियाकलाप अपनाई बौद्धसंस्था संचालन गर्नमा कुनै बाधा हुनेछैन। बौद्धसंस्था कुनै जातीय, व्यापारिक, राजनैतिक र साधारण सामाजिक संस्थाजस्तो भोटले जित्ने खालको सबैको साझाविषय होइन। धर्मसँग सम्बन्धित भएको ले सोही धर्मको अनुरूप विधि विधान हुनुपर्दछ अन्यथा धर्ममा विकृति पैदा भई धार्मिक अस्तव्यस्तता र हने हुन्छ। यसैले श्रद्धेय वसुदेवपुत्र श्रीकृष्णले *'स्वधर्मे निधनं श्रेय: परधर्मो भयावह:'* भनेको होला। नीति आफ-



Downloaded from http://www.dhamma.digital

आफ्नो क्षेत्रमा सबै पूर्णप्राय: हुन्छन् ।

अर्काको सम्पत्तिले आफ्नो धर्म बच्दैन, आफ्नै सम्पत्ति र समर्पित प्रयासले धर्मको संरक्षण हुन्छ। कुनैपनि बौद्धसंस्था मागिखाने भाँडोजस्तो रहेमा बुद्धधर्मको संरक्षण प्रवर्द्धनमा ह्रास आउँछ र बौद्धत्वमा खोट लाग्छसिबाय त्यस धर्मको समुन्नति हुँदैन । देखौवा उन्नति बौद्ध चरित्र होइन । नेपालमा बौद्धजनहरू सीधा सादारूपमा रहेका छन् र रहन चाहन्छन् तापनि गहकिला गतिशील बौद्धसंस्थाको अभावमा बौद्धजगत् नै अन्यौलको परिस्थितिमा रहने हुन्छ। कुनैपनि धर्मावलम्बीले कुनैपनि मानवजातिको संस्थालाई सहयोग गरी त्यसको नैतिक क्रियाकलापमा हौसला बढाउनु मानवीय सहभावना राख्नु हो । एउटै राष्ट्रमा एक जाति वा एक धर्मले अर्को जाति वा अर्को धर्मलाई सहयोग पुऱ्याई सहिष्णुतामा रहनु राष्ट्रियताप्रतिको उच्च भावना हो। धर्ममा लाग्ने भन्दैमा धर्मपरिवर्तन गर्नु वा संस्था नै खोलेर मिश्रित प्रक्रिया अपनाउनु आवश्यक छैन ।

नेपालमा प्रचलित बौद्ध निकायहरूमा थेरवादी भिक्षुहरू, महायानी लामाहरू, वज्रयानी गुरुहरूको संयुक्त बौद्ध संस्था हुनु अति आवश्यक छ। जहाँसम्म धार्मिक अनुशासनको ख्याल गरिँदैन धार्मिक संस्था खालि बुँख्या:चा (Scarecrow) जस्तोमात्र हुन्छ ।

❋

*'शान्तिसन्देश' बु.सं २५४६ (वि.सं. २०५९)



Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# नेपालमा बुद्धधर्म*

बुद्धधर्म विश्वका ठूला धर्महरूमध्येको एउटा उल्लेखनीय धर्म हो। शान्तिनीति यस धर्मको मूल उद्देश्य भएको हुनाले जुनसुकै धर्मसँग यसको प्रतिपादित चतुरार्यसत्य र आर्यअष्टाङ्गिक मार्गको आधारमा श्रुतिपरंपराबाट लिपिबद्ध हुन आएको त्रिपिटक बुद्धधर्मको नीति, नियम र आशयको संग्रह भई बौद्धधर्मग्रन्थ बनेको छ। यही त्रिपिटकभित्रका कुराको अर्थकथा, व्याख्या र भाष्यको आधारमा बौद्धदर्शनहरू सृजना भए। व्याख्याकारहरूको मान्यताअनुसार बुद्धधर्ममा विभिन्न निकायहरू गठन भए। मानिसले जन्मजन्मान्तरमा जीवनयापन गर्दा शान्तमय जीवनको अभिलाषा रोखेको हुन्छ। शान्तमय जीवन जिउने उपायहरू बुद्धले उपदेश गरी बताएका छन्। बुद्धका ती उपदेश पालन गर्दै जाँदा शान्तिको स्वत: उपभोग गर्दै जाने हुन्छ। शान्तिमा पनि परमशान्ति बुद्धको मूल लक्ष्य हो। यो परमशान्ति भनेको जीवनचक्रबाट मुक्ति पाउने निर्वाणत्व प्राप्ति हो। यही निर्वाणपदलाई नै भगवान् बुद्धले परमसुख अर्थात् दु:खबाट मुक्ति मानेको छ। बुद्धधर्मका जतिपनि निकायहरू छन् ती सबैको धर्मपालनको उद्देश्य त्यही निर्वाणत्वको अन्तिम लक्ष्यमा पुग्नु हो। यसैले शान्तिको खोजीमा निर्वाणप्राप्तिको लागि हिँडेका सबैखालका बुद्धधर्मावलम्बीले बुद्धको मूर्ति अगाडि राखी त्रिशरणगमन गरी आफूलाई बुद्धमार्गी अथवा बौद्ध भन्ने गरेका छन्। बुद्धप्रति अगाढ श्रद्धा राख्नेहरू धेरै भएको ठाउँमा त्यहाँका शान्तिकामी जनहरूले आफ्नो देशलाई नै बौद्धदेश बनाएका छन्।

नेपाल बुद्धजन्मभूमि हो। नेपालउपत्यका यद्यपि बौद्धसंस्कारबाट सृजना भएको देखिएपनि यहाँ बौद्धहरूद्वारा धर्ममा पूर्वाग्रह राखी बौद्धदेशको जिक्र गरिएको छैन। पौराणिक काललाई छोडेर ऐतिहासिक कालको विवरणलाई कोट्याउँदा पनि किरातकालदेखि बौद्धकला संस्कृतिहरूको उत्कर्ष नमूना यहाँ पाइँदै आएको छ। नेपालउपत्यकालाई संस्कृति र कलाको धनी कहलाएका तत्त्वहरूमा बौद्धजगत् निकै उच्चस्तरमा प्रमाणित रहेको छ। यहाँको जनजीवन स्वस्थ, स्वच्छ, सेवाभावपूर्ण, मैत्री, करुणा र मुदितामा पलाएको छ। विहारसंस्कृतिले नेपालीइतिहासलाई जीवन्त पारेको छ।

आज नेपालमा सरकारी जनगणनाको तथ्यांकअनुसार ११ प्रतिशत बौद्ध रहेको देखाइएतापनि भाषा, जाति र संस्कृतिको आधारमा हेर्दा ५० प्रतिशत भन्दा बढी बौद्धहरू विद्यमान छन्। सांस्कृतिक आधार लाई मान्ने हो भने उपत्यकाका आदिवासी



Downloaded from http://www.dhamma.digital

सबै बौद्ध देखापर्छन् र अधिराज्यमा यत्रतत्र बौद्धहरू पाइन्छन् ।

नेपालमा बौद्धहरू आस्थाका भरमा रहँदा राजनैतिक, सांस्कृतिक, आर्थिक र सामाजिक अतिक्रमण एवं दुरावस्थाले यहाँको व्यवहारमा बौद्धपन बिलाउँदै गएको तथ्य पनि खुल्न आउने हुन्छ । शताब्दियौँदेखि यहाँ बौद्धहरूले मद्य मांस प्रयोग गर्दै आएको देखिन्छ तर यसलाई आफ्नै तरिकाले प्रयोग गरिआएको छ जसबाट बहुजनहितमा यसले कहिल्यै बाधा पुऱ्याएको देखिँदैन । सहिष्णुजीवन नै बौद्ध जीवन हो । नेपालको बौद्धइतिहास यस्तै छ । जाल झेल छल कपट र दुराग्रही राजनीतिबाट टाढा रही मात्र दर्शन र सिद्धान्तका पछि लागेर पूजा, पाठ र भक्तिभावमा आफूलाई अर्पेर बौद्ध बनिरहेको अवस्था नेपालको छ । जातीय संकीर्णतालाई कज्याउने संस्कृति भित्रिनु बौद्धजगत्मा ह्रासको कारण बन्न गएको छ ।

समयपरिस्थितिसँगै गुट्मुटिँदै जाँदा अशिक्षाका कारण बौद्धजगत् कमजोर हुँदै गएको कुरामाथि होश जागृत भएर आएको कुरा सम्झँदै लाँदा पुनर्जागरणको रूप लिन पुगेको इतिहास पनि आजको नजिकैको कुरा हो । अहिले नेपालमा बौद्धजगत् होश सँभालेर बौद्धपनलाई पुन:स्थापना गर्दैलाने मार्ग पहिल्याएर अगाडि बढेको पाइन्छ । बौद्धभिक्षुहरू, बौद्धविद्वान्हरू, बौद्धउपासक उपासिकाहरू, बौद्धविहार र बौद्धग्रन्थको विकास एवं बौद्धआचरणप्रति जोड दिएर आफ्ना क्रियाकलापहरूलाई पुरस्सर गर्दै सामाजिक, आर्थिकरूपमा समर्पित हुँदै आएको देखिन्छ । प्राचीन विहार, नवनिर्मित विहार र गुम्बाहरूमा एकताभावको आत्मीय पक्ष मजबूत हुँदै आएको छ । निकायभेद विधिको भिन्नतामात्र भएको र अन्तिम लक्ष्य एउटै भएको, आपसी समझदारीमा मतभेद नभएको आजको स्थिति बौद्धजगत्को लागि सन्तोष र हौसलाको नववातावरण सृजित रहेको झैं छ । अन्तर्राष्ट्रिय सम्बन्ध बढ्दै विश्वबौद्धजगत्मा नेपालीबौद्धको परिचय र आपसी मैत्री स्थापनामा भावनात्मक सुदृढता बढ्दै आएको छ ।

स्तोत्रपाठ नेपालीभक्तिभावको प्रतिरूप रहेको ठाउँमा ज्ञानको रूपमा बौद्धभजनले ठाउँ लिएको विश्वबौद्धजगत्मा नै एउटा नमूना हुन आएको छ । ६५ वर्षअघिदेखि बुद्धधर्ममा आधारित ज्ञानको प्रचार प्रसार गर्ने भजन नेपालखाल्डोमा विकास भएर अहिले अधिराज्यमा विस्तार हुँदै विदेशमा पर्यन्त यसले ख्याति प्राप्त गर्दै जाने कदमहरूको थालनी आज सुरुवात भएको छ । बौद्धभजनलाई यहाँ ज्ञानमाला भजन भन्ने गरिएको छ । बौद्धज्ञान चेतनामा अग्रणी भूमिका खेलेर नेपालको शोषणावस्थाको राज्यव्यवस्था भएको बेलामा सृजना भएको ले समाजमा ज्ञानमाला भजनको ठूलो भूमिका रहन आएको छ । ज्ञानमालाको विकास बौद्धजगत्मा नै ठूलो विकासको रूपमा मान्य हुने अवस्था यस ज्ञानमालाले सृजना



Downloaded from http://www.dhamma.digital

गर्दै ल्याउने विशेषता ओगट्ने देखिन्छ । देशको अवस्था र विश्वको भौतिक विकासले आध्यात्मिक भावनाप्रति दमनस्वरूपको वातावरण पर्लिंदै आएको विश्वको परिप्रेक्षमा नेपाल पनि गुट्मुटिँदै जानुमा त्यति आश्चर्य मान्नुपर्ने र चिन्तित हुनुपर्ने नभएपनि मानवकल्याणको मार्ग पहिल्याई अगाडि बढ्ने क्रममा बुद्धभूमिका नेपालीबौद्धहरू सबभन्दा अगाडि रहनुपर्ने दायीत्वबोध नेपालमा रहनु विश्वशान्तिको कामना गर्ने मानवजाति भनी विश्वमा परिचय दिलाउनु वास्तविक बौद्धको चरित्र हुनेछ । यस दिशातिर ध्यान दिई बढ्दै आएका बौद्धसंघसंस्थाले बुद्धवचनअनुसार आचरणशुद्धीतिर अग्रसर हुनु वास्तविक बौद्धजीवनको सार हुनेछ । बौद्धसंघ संस्था देखौवा बौद्धको रूपमा रहन गएमा विश्वमा नै ढोंगी कहलिई हास्यको पात्रमा गनिने कुरातर्फ बढी सशंकित हुनु उचित भएको बेला अहिले रहेको छ । बौद्धकार्यक्रमहरू बुद्धको उपदेशसँग मिल्ने बनाउनु र आजका अन्य भौतिकतामाथि जोड दिइने संघ संस्थाको दाँजोमा त्यस्ताको अनुकरण गरी पछिलाग्ने खालको कार्यक्रम नबनाउनु वास्तविक बौद्धको कर्तव्य हुनेछ । पंचशीलका कुरालाई शिरोपर गरी बौद्धसंघ संस्थाले आफ्ना सदस्यहरूको आचरणशुद्धीमा जोड दिलाउनु कर्तव्यनिष्ठता हुनेछ । तीर्थयात्रा र पूजाभ्रमण एवं भजनगायनभ्रमणमा गएर पिकनिकसरहको वातावरण बनाई विनयशीलतालाई भंग गर्ने बानी ब्यहोरालाई हतोत्साहित गर्दै लानुपरेको आजको अवस्था छ । बुद्धशासनको गौरव राख्न यशकीर्तिको लोभमा र राजनैतिक शक्तिको फण्डामा पर्दै जानुबाट टाढिनुपर्ने पनि बेला छ । देशका प्रत्येक व्यवहारपक्षमा बुद्धका शीलआचरणको प्रभाव पर्ने क्रियाकलापहरू बौद्धसंघ संस्थाले अपनाएर उदाहरणीय बनिदिनु वास्तविक बौद्ध बनिनु हुनेछ । आफ्नो दोष हेर्नु र आफ्नो कमी कमजोरीलाई नियाल्नु बौद्धचरित्र हो सिबाय अरूको खेदोखन्नु र अरूप्रति डाही बनी मानवता विचलित गर्नु बौद्धचरित्रलाई ध्वंश पार्ने प्रवृत्तिको परिचय दिनु हुनेछ । बुद्धवचनलाई अध्ययन, मनन र अनुमोदन नगर्ने खालका व्यक्तिहरूबाट बौद्धसंस्था संचालन भएमा धूर्तहरूको बोलबाला बढी बालमूर्खहरूको लागि प्रोत्साहन हुन गई कर्तव्यनिष्ठ समर्पित बौद्धहरू हतोत्साहित हुनजाने र नेपाल नाउँमात्रको बुद्धभूमि र बौद्धदेश हुने कुरामा कोट्याइरहनु नपर्ला ।

नेपालमा बुद्धधर्म पलाएको, हुर्केको, जग बसेको अवस्था रहेको थियो भने पिसिएको, गुम्सिएको, शिथिल भएर बिताउने अवस्थासमेत रहन गएको थियो । यस्ता दिनहरू पार गर्दै हौसिएको जोशिएको, गौरवमय जागरण आएको अवस्थाबाट युग र समयअनुसार बुद्धधर्मले कोल्टो फेर्दै आएको छ ।

❋

*'ज्ञानमाला-स्मारिका' बु.सं २५४६ (वि.सं. २०५९)



Downloaded from http://www.dhamma.digital

# शान्तिको चाहना विहारनिर्माण*

नेपालीसभ्यता भनेको शान्तिको सभ्यता हो । किरातकालमा थुम्कोको आकारमा रहेको चैत्य लिच्छवीकालमा बौद्धस्थलको रूपमा परिचित हुन पुगेको थियो । लिच्छवीकालदेखिका विहारहरू नेपाल काठमाडौंउपत्यकाबाहिर पनि प्रशस्तै रहेका थिए जुन अहिले परिचित हुँदै आएको छ । सुर्खेतको कांक्रेविहार र नुवाकोटको हालै जीर्णोद्धार हुने भएका विहारहरू उसबेलाका नमूना हुन् । मन्दिर शब्दको व्यापकप्रचार भएको धार्मिक संस्कारले "विहार" शब्दको परिचयमात्र होइन त्यसको अर्थसमेत थाहा नहुने भएको छ । हिन्दूको पूजा गर्ने स्थानमा बनेका भवन र देवदेवीका प्रतिमाहरू सुरक्षित गर्न बनिएका देवलहरूलाई मन्दिर भनिन्छ भने बौद्धको पूजाविधि अपनाउने स्थल र भिक्षु भिक्षुणी बास नर्गे तथा बौद्धशिक्षाका अध्ययन अध्यापन एवं शील पालन गर्ने स्थानलाई विहार भनिन्छ । विहारमात्र भन्दा त्यसको परिचय प्राप्त नहुने सामाजिक संस्कारका बालबच्चा युवासमेतका व्यक्तिहरू अधिक भएको हुँदा आजकाल विहारमात्र नभनी बौद्धविहार भन्नुपर्ने अवस्था आएको छ । बौद्धस्थलमा रहेका देवताहरू नाथसंप्रदायका हिन्दूसंस्कारसँग पटक्कै नमिल्ने भएपनि हिन्दूसंस्कारको नवबाहुल्यताले प्रसिद्ध बौद्धचैत्य रहेका स्वयम्भू र बौद्धलाई समेत नाथ जोडी स्वयम्भूनाथ र बौद्धनाथ भन्न थालिसकिएको छ । पौराणिक कथा समेत जोडिएर बौद्ध अवलोकितेश्वर र करुणामयजस्ता देवताहरू पनि भैरवनाथ जस्तै मच्छिन्द्रनाथ र मीननाथ आदि भइदिएका छन् ।

भगवान् शाक्यसिंह गौतम बुद्ध आफ्नो जीवनभरिको सम्पूर्ण अवस्थामा विश्वशान्तिकामी एकमात्र महामानवको रूपमा यस भूतलमा देखिएका हुन् । हरएक धर्ममा शान्तिको चाहना प्रबलरूपमा नभएको होइन तापनि जस्तोसुकै परिस्थिति आइपरेपनि अशान्तिजन्य शब्दमात्र पनि अवलम्बन गर्ने खालको व्यवहार बुद्धबाट उनको जीवनभरमा कहिल्यै भएन । शान्तिको लागि युद्धसम्म गर्नु आवश्यक छ भन्ने जस्ता कुरा बुद्धबाहेक अन्य धर्मका महापुरुषहरूमा पाइन्छ । अशान्ति उत्पन्न गराउने कुनैपनि शारीरिक र मानिसिक प्रवृत्तिलाई दमन गर्ने बुद्धको नीति छ र त्यसैअनुसारका उपदेश बुद्धले गरेका छन् । बुद्धले आजीवन पंचशील पालन गरे जुन कुनैपनि धर्मप्रवर्तक एवं



Downloaded from http://www.dhamma.digital

धर्माधिकारीले स्वीकारेतापनि परिस्थितिलाई काबूमा राख्न यताउनी गर्ने गरिन्छ। क्रोध अशान्तिको मूल जरो हो भने भगवान् बुद्धले क्रोधको शमन गरेर आफूले निर्वाणत्व प्राप्त गरेका थिए र आफ्ना अनुयायीलाई पनि क्रोध नगर्ने शीलको उपदेश गरेर उनीहरूलाई सोही आचरणमा रहन जोड दिए। बुद्धधर्ममा क्रोधको कहीँ पनि स्थान छैन । यसैले बुद्धधर्ममा सरापको कहीँ उल्लेख नै छैन । सहेर आत्मबलिदान गरेको छ तर सरापेर अरूको नाश गर्ने गरेको कथामात्र पनि दुर्लभ छ । बुद्धलाई *'दशबल'* भनिन्छ । यसको मतलब बुद्ध दशवटा नैतिक बलले पूर्ण भइदिएका छन् । जन्ममरणको भवचक्रबाट छुटकारा पाउने पद वा अवस्था निर्वाणत्व हो । निर्वाण हुनको लागि पार हुन पुऱ्याउनुपर्ने गुण दशवटा छन् जसलाई दशपारमिता भनिन्छ । दशपारमिताको सिद्धान्त बुद्धको धर्ममा सिबाय अन्य धर्ममा देखिएको छैन । दान, शील, क्षान्ति, वीर्य, ध्यान र प्रज्ञाको चर्चा जुनसुकै धर्ममा भएतापनि जीवनमा अविच्छिन्नरूपमा पालन गर्नुपर्ने षट्पार मिताधर्म बुद्धकै उपदेशित धर्ममा मात्र रहेको देखिन्छ सिबाय अरूको सिद्धान्तमा परिस्थितिअनुसार व्यवहार गर्नुपर्ने निर्देशन पाइन्छ । छिनभरमात्रको परिस्थितिले पनि मानिसमा शान्ति भंग हुने भएको ले बुद्धधर्मलाई अनवरत शान्तिको अनुसरणशील भनी मानिएको छ । बुद्धधर्मका अनुयायीलाई यसै षट्पारमिताको बलको गुणगान गराइन्छ र यसैअनुसारको आचरणशुद्धिमा जोड दिलाइन्छ ।

बुद्धका प्रव्रजितत्वलाई पालन गरी विहारमा बस्नेलाई भिक्षु भन्दछ । भिक्षुहरू बुद्धले बताएका सम्पूर्ण नियम पालन गरी आफूकहाँ आउनेहरूलाई सो नियमका कुराहरू बताउँछन् र सिकाउँछन् । यसैले विहार शान्तिको प्रतिस्थापकको रूपमा रहेको हुन्छ । नेपालीपरंपरामा लिच्छवीकालदेखिको विहार आजकालको उत्कृष्ट नमूनाको रूपमा रहिआएका छन् तापनि त्यहाँ मद्यमांस प्रयोग गरिने स्थान भइआएको छ । तमोगुणले युक्त आहारको प्रतिग्रहणले त्यहाँ शान्ति भंग हुनुमा कुनै आश्चर्य रहँदैन । चीवरधारी प्रव्रजित पंचशील शुद्धतया पालन गर्ने व्यक्ति त्यहाँ नरहँदा नेपालमा शाक्यमुनि बुद्धकै पालाको जस्तो शीलाचरण अनुगमन गर्ने नवविहारको पुन: सृजना भई त्यहाँ चीवरधारी भिक्षुहरू रहने गरिआएको इतिहास नेपालमा पुन: शुरू भएको छ । आजकाल यस्ता विहारलाई थेरवादीविहार भनिन्छ । पूर्ण शान्तिको चाहना राख्ने भिक्षुहरू विहारमै बस्ने र घरगृहस्थमा बस्ने शान्तिकामीहरू त्यस्ता विहारमा गई शीलको अनुगमन गरी



Downloaded from http://www.dhamma.digital

शान्तिको खोजीमा लाग्छन्। आफ्नो लागि शान्ति र अरूलाई पनि शान्ति दिलाउने हेतुले उत्सुक रहेका व्यक्ति विहारनिर्माणमा जोड दिन्छन्। त्यसबेला बुद्धको पालामा एकजना ब्यापारी सेंठ अनाथपिण्डिकले भगवान् बुद्धलाई आफूले नै विहार बनाई दान दिएका थिए। त्यस विहारलाई जेतवन विहार भन्ने गरिन्छ।

बुद्धका पालामा र बुद्धपछि पनि भिक्षुहरू बस्ने विहार महाभारतक्षेत्रमा जहाँतहीं हुने गरी धर्मको प्रचार भएको थियो। बुद्धको जन्मभूमि नेपाल र कर्मभूमि भारतखण्डबाट प्रचारित त्यस्ता क्षेत्रमा थाइलैंड, कम्बोडिया, भियतनाम, श्रीलंका र बर्मा (म्यानमार) प्रसिद्ध छन्। ती ठाउँहरूमा आज पनि यथावत्‌रूपमा बौद्धक्षेत्र भई धर्म संचालित छन्। त्यहाँ नवविहारहरू निर्माण हुँदैछन्। नेपालमा अब बुद्धधर्मको नवजागरण आइरहेको छ। नेपालीविहारको रूपमा ठाउँ ठाउँमा थेरवादीविहारहरूको स्थापनाले अन्तर्राष्ट्रिय बौद्धसम्बन्ध मजबूत हुँदै आएको छ। शान्तिको नाराका साथै बुद्धको नाउँ त्यससंबन्धमा गाँसिने परंपरा विश्वमा नै अवलम्बित हुँदै आएको छ। बौद्ध भनिएपनि आफ्ना परंपरागत धार्मिक कहिएका विधिहरू अपनाइआएका तामाङ, गुरुङ र थारूहरूले थेरवाद बुद्धधर्मको परिचयलाई वास्तविक शान्तिको धर्म भनी अवलम्बन गर्दै आएको कुरा आजका शिक्षित बौद्धजगत्‌मा खुलेर बोल्न र सीधै लेख्नेसमेत गरेको बाट ज्ञात हुन आएको छ।

यसै परिप्रेक्षमा नेपालको एउटा जिल्ला रूपन्देहीको बुद्धजन्मेकै स्थान लुम्बिनीको परिसरमा *'पूगताभूमि जेतवन विहार'* को नाउँले एउटा विहार निर्माण भई समुद्घाटन हुने भएको छ। यस विहारको महत्त्व सायद उसबेलाको *'जेतवन'* को स्मरण गराउनेको नाताले हुनेछ भन्ने विश्वासले भरिएको छ पूर्णशान्तिको चाहनाले मात्र निर्माण गरिने विहारविषयमा यस विहारको दाता पूर्ण शान्तिकामी रहेको भन्ने कुरामा कुनै सन्देह रहनेछैन। यहाँ एउटै कुरा मननीय छ कि आजको विकृत बौद्धसंस्कृतिको छाप रहेको अवस्थमा यस विहारले कति छिटो बौद्धक्षेत्रमा आफ्नो भूमिका निभाउन सफल हुनेछ होला ?

❋

---

*'पूगताभूमि जेतवनविहार'
बु.सं. २५४६ (वि.सं. २०५९)



Downloaded from http://www.dhamma.digital

# धार्मिक लोभ*

धर्ममा संलग्न हुनेलाई धार्मिक भनिन्छ। सेवा, परोपकार, सुरक्षा, करुणा र पूजा आदि धार्मिक कुरा हुन्छ भने मात्र लाभजनित कुराचाहिँ कहिल्यै धार्मिक हुन सक्दैन। पाप धर्मको विपरीत कुरा हो। *'लोभः पापस्य कारणम्'* - लोभ नै पापको कारण हो। लोभी धार्मिक हुने कुरै आउँदैन। लोभको अर्थ लगाई हेर्दा कुनैपनि बस्तु आफ्नो बनाउने इच्छा नै लोभ भन्ने बुझिन्छ। आफ्नो पहुँचमा रहेका जुनसुकै कुरा आफ्नो बनाउने भएपछि त्यस्ता व्यक्तिलाई अरूको भलो गर्ने कुराको ख्याल रहँदैन। धार्मिक हुनलाई समताभाव निहित हुनुपर्दछ। लोभमा समताभाव नहुने हुँदा लोभी व्यक्ति धार्मिक हुन सक्दैन।

मानिसमा लोभ विद्यामान हुनु मानवीय स्वभाव हो। असल हुन चाहने मानिस लोभलाई न्यून गरी लोभीपनबाट टाढा रहन सत्संगतबाट असल शिक्षा ग्रहण गर्नतिर लाग्दछ। व्यवहारमा लोभ पनि घुलमिलिरहेको हुन्छ र समाजव्यवहारमा लोभ पनि एकप्रकारको व्यवहारजस्तै बन्न जाने हुन्छ। व्यावहारकि जीवनमा काम, क्रोध र लोभ आदिको फल दुःखजन्य हुन जाने भएको ले मानिसले धार्मिक भई व्यवहारमा लाग्न चाहने हुन्छ किनकि धर्ममा लोभको स्थान हुँदैन। धर्म भन्नासाथ काम, क्रोध, लोभादिबाट पन्छिने हुन्छ। लोभबाट नपन्छिइकन ईश्वर मान्नेलाई ईश्वरत्व र निर्वाण चाहनेको लागि निर्वाणत्व प्राप्त हुने हुँदैन भन्ने धारणा कुनैपनि धार्मिक व्यक्तिमा हुन्छ।

मानिसको स्वभावमा लोभ अति बलवान् बस्तु भएको हुनाले धार्मिक बनेर रहेका लाई पनि धर्मका कुराबाट विचलित पारेर त्यस्तालाई लोभले आफ्नो वशमा राख्न जोड दिइराखेको हुन्छ। धार्मिक व्यक्तिको धर्मका कुरामा संलग्न भइराखेको स्तरअनुसार लोभ पनि त्यही अनुपातमा समाहित रहेको हुन्छ। हुँदा हुँदा लोभको आकर्षणले खिँचिएर धार्मिकहरू पनि नक्कली रूप ग्रहण गरी नाममात्रले धार्मिक रही देखावटी पनि हुने हुन्छन्। धार्मिकपनमा समझदारी रहेन भने लोभसमाहित धार्मिक क्रियाकलापलाई नै जीवनको आवश्यकीय व्यवहारको बस्तु संझेर त्यस्ता लोभमिश्रित क्रियाकलापमा जोड दिइने हुन्छ।

बुद्धको उपदेश अनुभवपूर्ण र व्यावहारिक शिक्षा भएको हुनाले लोभलाई यसमा पटक्कै स्थान दिइएको हुँदैन। लोभ पनि आवश्यकताको बस्तु हो भनी केही



Downloaded from http://www.dhamma.digital

व्यक्तिले लोभको विशेषताको पक्षमा लागी नाना तर्क ल्याउने गरिएपनि त्यस्ता तर्कलाई स्थान नदिई बुद्धको शिक्षा लोभरहित रही आफ्नो स्थानमा रहँदै आएको छ । चोर्ने, ढाँट्ने, छल्ने कुरातिर लोभेच्छा रहनुहुन्न तर ज्ञान हासिल गर्ने जस्ता कुरामा लोभ रहनु आवश्यक छ भन्नेहरू पनि छन् । ज्ञानको लोभले बढी ज्ञान प्राप्त हुने हुन्छ र उन्नति गर्नेले त्यसमा सन्तोष मान्नुहुँदैन भनेजस्तै गरी तर्कलाई बंग्याएर लोभ र असन्तोषलाई प्रोत्साहित हुने गरी आफ्नो धारणा प्रस्तुत गर्ने पनि छन् । बढी ज्ञानको लागि लोभको आवश्यकता रहँदैन र उन्नतिको अभिवृद्धिको लागि असन्तोष हुनुपर्दछ भन्ने छैन । लोभ र सन्तोषको वास्तविकतालाई बंग्याएर अर्थ चातुर्यको प्रयोग गरिनु धूर्त्याइँसिबाय अरू हुन सक्दैन । कुनै कुराको अभिवृद्धि गर्नु भनेको तत्कार्यमा अरू बढी अग्रसर हुनु हो । त्यसरी सत्कार्यमा बढी अग्रसर हुनु भनेको लोभलाई महत्त्व दिनु र असन्तोषलाई बढावा दिनु होइन । यसैले लोभको अभिवृद्धि हुने गरी धार्मिक क्षेत्रमा प्रतियोगितात्मक कार्यक्रम सांलन गर्नु उचित कुरा होइन । प्रतियोगितामा विजयी हुनु भनेको एउटा लोभ अकार्षणको नमुना हो । अझ भनूंभने प्रतियोगितामा सहभागी हुनु नै पुरस्कृत हुने र सम्मानित हुने लोभमा फँस्नु हो । लोभको कारण प्रतियोगितात्मक कार्यक्रम संचालन गर्नु उचित कुरा होइन । प्रतियोगितामा विजयी हुनु भनेको एउटा लोभाकर्षणको नमुना हो । अझ भनूं भने प्रतियोगितामा सहभागी हुनु नै पुरस्कृत हुने र सम्मानित हुने लोभमा फँस्नु हो । लोभको कारण प्रतियोगितात्मक कार्यक्रममा अनैतिक तवरले विजयी हुन पहल गरिने पनि होइन्छ । प्रतियोगिताको परिणामको निर्णयप्रति असन्तोष गरी अशान्तरूपमा विवाद उठाइने पनि हुन्छ । यसकिसिमको प्रतियोगिताद्वारा शान्ति भंग हुने हुन्छ । लोभकै कारण हिंसा र अशान्ति मच्चिने हुन्छ । चोरी, छलछाम जस्ता सबै बदनियती लोभकै कारणले हुने हुन्छ । बुद्धधर्ममा यस्ता प्रतियोगिताका कार्यक्रमहरू धर्म खल्बल्याउने कारण हुन जाने भएको ले उन्नति र विकासको लागि तत्सम्बन्धी प्रतिभाप्रदर्शन, सीपसंचालन अभ्यास प्रदर्शन आदि गरिनु उचित हुन्छसिबाय अन्य सामाजिक कार्यक्रमसरह बौद्धकार्यक्रममा यस्ता प्रतियोगिताका विषयलाई सही क्रियाकलाप ठानिनु अदूरदर्शी र लोभाकर्षित कार्यतिर अग्रसर हुनुजस्तो हुनेछ । भगवान् बुद्धले भन्नुभएको छ कि विजयीलाई अरूले ईर्ष्या र डाह गर्दछ भने पराजयी वेचैन भएर रहने हुनाले जयपराजयलाई वास्ता नगरी बस्नेले सुखसँग जीवन निर्वाह गर्दछ । यसो भन्नुको मतलब



Downloaded from http://www.dhamma.digital

प्रतियोगिताप्रदर्शनले मानिसमा दु:खको सृजना हुने हुन्छ भनिएको हो । बुद्धको शिक्षामा अष्टलोक धर्मको उल्लेख गरि एको छ। कुनै बस्तुको प्राप्ति र अप्राप्तिमा मनलाई सन्तोष पारी समान राख्नु वास्तविक जीवनको लागि आवश्यक गुण हो । यसर्थ बुद्धको शिक्षामा लोभलाई कुनैप्रकारले पनि स्थान दिइएको छैन ।

आजकाल मानिस धार्मिक भावनामा यति गिरेको देखिन्छ कि भोककै कारण धर्मको उन्नति भएको भनेर समेत भन्न थालिएको छ । दानजस्तो पवित्र श्रद्धाभावलाई लोभजन्य बनाई दानमाहात्म्यलाई नै अवमूल्यन गराइदिएको छ । दान वा चन्दा प्राप्त गर्नको लागि यति रकम दिएमा वा चन्दा राखेमा शिलापत्रमा नाउँ अंकित गर्ने, सभा समारोहमा सम्मान गरिने आदि प्रलोभनको आह्वानद्वारा दान लिने गरिन्छ । नाम र मान पाउने लोभले मानिस आफूसँग पैसा भई नभई पनि चन्दा वा दान दिन तम्सिने हुन्छ । त्यसरी प्राप्त हुने रकमले कुनै कार्यक्रम वा निर्माण आदिमा आर्थिकरूपमा टेवा त मिल्ने हुन्छ तर पवित्र श्रद्धा बटुल्न सकिएको भने होइन्न। सस्तो विज्ञापनमुखी प्रचारले चन्दा संकलन गर्नु धर्मानुकूल नभई धर्मलाई बन्धकी राख्ने जस्तो हुन जाने हुन्छ। यसले घरसम्म आउने श्रद्धालु दाताहरू विलीन भई आडम्बरीलाई प्रोत्साहन हुन जानेमा पनि शंका पैदा हुने भएको छ । प्राचीन कालमा पनि धार्मिकहरू शिलापत्र राखिनु धर्मचित्त उत्पन्न भएको जनाउनु र अरूलाई धार्मिक एवं सेवाभावनामा प्रेरित गर्नको लागि कर्तव्यनिष्ठतामा रही गरिन्थ्यो । आजकालको दानमा होडबाजी र नाउँ कमाउने जस्तो लोभलाई अगाडि सारेर शिलापत्र आदिको कुरा उल्लेख गरिएको हुन्छ। शिलापत्र वा कहींदाताको नामाङ्कन गर्नु नराम्रो होइन तर आह्वानको तरिका र दान दिने तरिका देखावटी भइदिएको छ। आम्दानी खर्चको हिसाब ठोसरूपमा कहीं पनि उल्लिखित गर्नु वाञ्छनीय छ न कि नामांकन गर्ने प्रलोभनको तरिका उचित हुन्छ। यसरी नाउँको प्रलोभनबाट दान दिइने अवस्थाले सम्यक्कर्मान्त गरी कमाएर गुप्तदानको रूपमा धर्मको लागि सम्पत्ति अर्पण गर्ने व्यक्तिको श्रद्धामा ऱ्हास हुन पुगेको हुनसक्छ । श्रदा स्वत: हार्दिक हुन्छ, जबर्दस्ती हुँदैन । आजकाल धार्मिक कामको लागि दान प्राप्त गर्दासमेत मोलतोको हिसाबले उक्साई पुस्क्याई, ललाई फुल्याई गर्ने भएको देखिएको छ । दाता हुनेहरू पनि नाउँको यति लोभी देखिइसके कि थोरै रकमको एउटा ब्रस्तु दान दिँदा पनि त्यस बस्तुमै सबैले देख्ने गरी आफ्नो नाम लेखाई नाउँको विज्ञापन भए सरह फुलेल हुने भइसकेको देखिएको



Downloaded from http://www.dhamma.digital

छ। सानो पंखा एउटामा पनि पखेटापिच्छे आफ्नो नाम कोर्न लगाउने देखिएको छ। वास्तविक श्रद्धामा यस्तो देखावटीले अत्युक्ति प्रदर्शन गर्दछ भनेर लाजको लेसमात्रको पनि ख्याल नगरी नामको भुखा भएको प्रमाणस्वरूप दाता कहलाई दंग हुने भएको देखिन्छ। यसो हुनु धर्मचित्त रहेको भएपनि धर्म दानको महत्त्वको वास्तविकताबाट अनभिज्ञ रहेको स्पष्ट हुन्छ। वास्तवमा दान दिनाले मात्र पनि धर्म हुने होइन। सही ठाउँमा, सही प्रयोगको लागि श्रद्धा जगाएर दिइने दानले मात्र पुण्य प्राप्त हुने हो। एउटा माग्नेलाई दान दिँदा त्यो पैसाले त्यसले रक्सी किनेर खाएर समाजमा भाँडभैलो मचाई बबाल उठाउँछ भने त्यो दानले समाजको लागि अहित हुनुसिबाय दाताको पुण्यको लागि हुने हुँदैन। फेरि समुद्रमा पानी हालेझैं संचय गरिराख्ने हुनेखानेको लागि दान दिँदा दैनिकरूपमा भोका नांगालाई वास्ता नराख्ने गरी दिइने दान पनि त्यति श्रद्धाको दानजस्तो देखिँदैन। अनावश्यकप्रकारको वितरण र दानले दान ग्रहण गर्नेलाई लोभमा फँसाउने पनि हुन जाने हुन्छ। यसप्रकारका दान लिने र दिने विषयमा धार्मिक लोभतिर बिचार पुऱ्याउनु भगवान् बुद्धको धर्मको सारलाई बचाउनु हुनेछ। स्वच्छ धर्मलाई व्यवहारमा पालनसमेत गर्ने गराउने प्रवृत्तिलाई बढाउन सकिए धार्मिक लोभ हट्न गई प्रतीत्यसमुत्पाद ज्ञानको अभिवृद्धि भई बुद्धप्रतिको सम्मानमा हार्दिकता रहन जाने हुन्छ। तब अन्य साम्प्रदायिक धर्मसँग बुद्धधर्म अलग्ग रही चतुरार्यसत्यको प्रतिपादान भएको विशेषतामा बौद्धजगत्मा गौरव गर्ने ठाउँ रहने हुन्छ।

❋

*'शान्तिवन' बु.सं. २५४७ (वि.सं. २०६०)



Downloaded from http://www.dhamma.digital

# बुद्धधर्म र धन*

बुद्धधर्म आदर्शमय कल्याणकारी मानवधर्म हो । मानवधर्म भन्नुको अर्थ मनुष्यमात्रमा आइपर्ने दु:खलाई पहिल्याएर त्यस दु:खलाई निवारण गर्न प्रयास गरिने धर्म भनिएको हो। चराचरजगत्को रूपमा रहेको यस दुनियाँमा पशु, पंक्षी, कीट, पतंग र प्राकृतिक यावत् बस्तुहरू सबै मानवसरोकारका बस्तु हुन् । यस्ता मानवसरोकार रहेका सम्पूर्ण कुरामा मानव कहलाउनु हो। यस्तो मानवीयता विषयमा कडारूपमा मानवको लागि शिक्षा दिएर त्यसप्रकारको शिक्षालाई व्यवहारमा पालन गराउन निरन्तर प्रयत्न गर्ने धर्म बुद्धधर्म नै हुनसक्छ । बुद्धधर्ममा बोली-वचन नरम भएपनि नियम कडा स्वभावको भई त्यसको विपरीत छ । विनय,शील र सदाचारबिना मानवको मूल्य रहँदैन र विनामूल्यको मानवले जुनिजुनि पर्यन्त दु:खको भुमरीमा फँसिराख्ने हुन्छ। यो नै बुद्ध-शिक्षाको सार रहेको हुनाले यो सारलाई ग्रहण गरी जीवन संचालन गर्नु ज्यादै कठिन कुरा हो। जीवन संचालनमा धेरै कुराको आवश्यकता पर्दछ । यस्तो आवश्यकता मध्ये धन पनि एउटा मानिएको छ ।

धन अथवा सम्पन्नता दुबै अवस्थामा मानिसलाई बुद्धधर्मको शिक्षाचरणमा रहन अति गाह्रो भएको छ । स्वच्छ र सन्तुलित जीवनमा धनले ठूलो सम्बन्ध गाँसेको हुन्छ। धनको प्रयोग एउटा जटिल विषय हो । धन कमाउने र खर्च गर्ने कुरामा बुद्धले आफ्नै सिद्धान्त अपनाएका छन्। बुद्ध स्वयं व्यावहारिक भएको हुनाले आवश्यक धनको लागि परिश्रम गर्नुपर्ने र परिश्रमले आर्जन गरेको धनलाई बजेट बनाई दैनिक गुजारादेखि सेवा र धर्मपर्यन्तको क्षेत्रमा बाँडफाँट गरी सदुपयोग गर्ने कुरा बताएका छन्। बुद्धको प्रत्येक पक्षको शिक्षामा होश पुऱ्याई व्यवहारमा लाग्नुपर्ने कुरा रहेको छ । हरकुरामा नैतिकतवरले लाग्नुपर्ने हुन्छ र धनप्राप्तिमा पनि नैतिक आधारका कुरा बताइएका छन्। दु:खै दु:खले भरेको जीवनमा धन भएपनि दु:ख, र नभएपनि दु:ख छ । यो स्वाभाविक दु:खलाई धनसम्बन्धमा मात्राजन्य आम्दानी खर्चको विवरणले समाधान गर्न सकिने उपाय भगवान्को शिक्षामा बताइएको छ। दु:ख हटाउने उपायमा आर्यअष्टांगिक मार्गलाई अगाडि सारी सम्यक्दृष्टि, सम्यक्संकल्प, सम्यक्वचन, सम्यक्कर्मान्त, सम्यक्आजीव, सम्यक्व्यायाम, सम्यक्स्मृति र सम्यक्समाधिको व्याख्या र उदाहरणसमेत दिई यी ८ कुरालाई विशेषरूपमा प्रस्तुत गरिएको छ जसमध्ये सम्यक्आजीवले धनसंबन्धमा सरोकार राख्दछ ।



Downloaded from http://www.dhamma.digital

मानिसले धन कमाउँछ र जीवन गुजारागर्दछ। कमाइएको धनले पुण्य संचय गर्ने, सेवा पुऱ्याउने, लोककल्याण गर्ने र निर्वाणत्व प्राप्त गर्नेसम्मको कुरालाई ओगट्न सक्दछ । परिश्रमको फल र व्यापारको कमाइ धनप्राप्ति हो भने धनद्वारा कमाइने दु:खान्तको स्थिति हो। यसविषयमा कुरा गर्दा पंचशीलभित्रको *'अदिन्नादाना वेरमणि सिक्खापदं समादियामि'* ले धन प्राप्तसँग संबन्ध राख्दछ। अरूले नदिइएको बस्तु लिनु अर्थात् चोरेर लिनुले मानिसको प्रतिष्ठा गुम्नगई नैतिकरूपमा अवहेलनाको भागी हुनुपर्ने हुन्छ । नैतिकता गुमेको जीवन सार्थक हुँदैन । त्यस्तो जीवनमा निर्वाणत्व त असम्भव नै हुने भयो । दुराचारद्वारा प्राप्त गरेको धनले पुण्यलाई खियाउँछ सिबाय वृद्धि हुँदैन। धनी मानी वा दानी भनी देखाउन धन प्रयोग गरी सेवाभाव देखाउनेको लागि बुद्धधर्ममा उचित स्थान हुँदैन किनकि एउटा स्वांगले अर्को स्वांग बढाउँछ र स्वांग भनेको पापाचारको माध्यम हो । देखौवा सेवा गर्नेले भित्र-भित्र धेरैको कुभलो गरिराखेको हुन सक्छ। भगवान् बुद्ध भन्दछन्, गुप्त पाप अक्षम्य हुन्छ। धनको लागि आफन्तका बीचमा पर्यन्त दाउपेच हुने हुन्छ। यस्ता दाउपेचले समाजमा अशान्ति उब्जने हुन्छ। शान्तिको लागि अपनाइने धर्ममा अशान्ति उब्जने खालको कुरामा होश राखी इमान्दरी विद्यमान हुनु धर्मको ख्याल रहनु हुनेछ। यसैले मानिसको जीवनमा विद्यमान दु:ख हटाउन बुद्धधर्ममा सम्यक्आजीवको नियम प्रतिपादित गरिएको छ । सम्यक्आजीव अथवा राम्ररी जीविका गर्ने हो भने पैसा कमाउने कार्य र व्यापारमा कुनैप्रकारको धोखा हुनुहुन्न। कसैप्रति शोषण र अन्याय गरिनहुन्न। कसैलाई कुनै तवरले नोक्सान पुऱ्याउनुहुन्न। बुद्धधर्मका उपासक हुनेले धनको खातिर मान्छेको बेचबिखन गर्ने, मासु बेच्ने, शस्त्रास्त्र बेच्ने, विषको कारोबार र जाँड-रक्सीजस्ता अम्मली बस्तु बेच्ने काम धन्दा गर्नुमा निषेध छ। ऋण दिएर बढी ब्याज लिने, वेश्यावृत्तिबाट आर्जन गर्ने आदि कुराबाट कुनैपनि बौद्ध अलग रहनुपर्दछ । मानिसमा सादा जीवनको लागि धन हुनुपर्दछ सिबाय भड्किलो जीवनले मानिसमा भौतिक सुख बढाउने हुन्छ र भौतिकताको अवलिप्तताले मानिस दु:खको भुमरीमा फँस्दै जानु सिबाय बुद्धको शिक्षाअनुरूपको त्याग र भोगबाट अलग हुने होइन्न। भौतिकतामा अवलिप्त रहेका ले आफूलाई बुद्धधर्मानुकूलको भनिरहनु ढोंगमात्र हुने हुन्छ। बुद्धधर्म मन, वचन र कर्मले यर्थाथरूपमा समान हुनुलाई भनिन्छ । जीवन अपनाउने तरिका धेरै छन् तर जीवन साकार पार्न कठिन संयम विद्यमान हुनुपर्दछ।

विश्वसमाजमा बुद्धलाई सम्मान गरी बुद्धधर्मका शान्ति नीतिलाई उद्घोष गरिएतापनि धनसंबन्धको कुरामा बुद्धको शिक्षालाई अपनाउन सकिएको छैन । बुद्धबाट जनकल्याण नहुने भनी निषेध



Downloaded from http://www.dhamma.digital

गरिएको जाँड-रक्सीले राष्ट्रिय आर्थिक स्रोतको रूपमा सघाउ पुऱ्याएको भनी बौद्धदेशमा गनिएको राष्ट्रमा पर्यन्त वेश्यावृत्तिलाई रोक्न नसकिएको तड्कारो उदाहरण पनि पाइएको छ । यसरी काम एकातिर कुरा अर्कोतिर भई विश्वसमाजमा बुद्धको शिक्षा हात्तीको देखाउने रम्य दाँतझैं भइरहेको पनि देखिइएको छ । समाजमा उच्चस्तरको बौद्धनेतामा गनिने व्यक्तिहरू, बौद्ध विद्वान्हरू, बुद्धधर्मका अनुयायीहरूपर्यन्त बुद्धको नीति नियम पालनमा असफल रहेका छन् ।

बुद्धधर्म र अर्थसम्बन्धमा २६०० वर्षपहिलेदेखि व्यावहारिक स्वच्छता ल्याउने प्रयास जारी रहेको स्वरूप बुद्ध धर्मावलम्बीहरू आजसम्म विद्यमान रहेतापनि सामाजिक विकृति यथावत्झैं रहेको देखिएबाट अर्को २६०० वर्ष लाग्दा पनि धर्म र धनपक्षमा बुद्धको उपदेश फलीभूत होला जस्तो लागेको छैन । बुद्धधर्ममा सस्तो क्षमायाचनाको कुरा हुँदैन बरु एकपटकलाई नियम चुकाई गरेको भूलको लागि क्षमा प्रदान गरी क्षान्ति पारमितालाई पालन गरिने हुन्छ । एउटै कुरामा पटक-पटक भूल दोहोऱ्याउने जस्तो कुराले बुद्धधर्म स्वार्थपूर्तिको लागि हतियारको रूपमा लिइने गरिएको देखिएको छ । धर्म ठूलो कि धन ठूलो भन्ने प्रश्न आएमा सम्यक्आजीवको हिसाबले हेर्ने हो भने धन पनि कम महत्त्वको बस्तु देखिँदैन । धर्म त मानिसको आत्मसात्को कुरा नै भयो । धर्मलाई धेरैले सम्मान गर्दछ र आस्थाको वस्तु संझेको हुन्छ तर व्यवहारमा भने धर्मप्रति बेइमानी भएको मा महशुस गर्दैनन् । मात्र कर्मकाण्डविधिलाई पालन गरी धर्म मान्नेहरू देखिएका छन् सिबाय व्यवहार र आचरणमा शुद्ध धर्मका कुरा प्रयोग भएको देख्न ज्यादै दुर्लभ छ । यस परि प्रेक्षमा धर्म र धन दुबै एकाकारमा राखी बुद्धको शिक्षालाई अपनाउने खालको शिक्षालय संचालन गरी प्रयोगात्मक रूपमा मूल्याङ्कन गरिने जमर्को हुन सके केही हदसम्म स्वच्छ धर्मपालनमा जोड दिई शान्तिकामीहरूको लागि वास्तविक शान्ति मिल्नेछ । शान्तिको चरमबिन्दु निर्वाणमार्ग हो । बुद्धधर्मको अन्तिम उपलब्धि निर्वाण भएको ले *'धन'* को कारण निर्वाणमार्ग अवरुद्ध नहोस् र धनको सदुपयोगबाटै निर्वाणमार्ग पनि खोलोस् भन्ने चाहना बौद्धमात्रको हुनु उचित छ ।

---

*'आनन्दभूमि' बु.सं २५४७ (वि.सं. २०६०)



Downloaded from http://www.dhamma.digital

# बुद्धधर्म र प्रचार*

कुनैपनि नयाँ कुरा प्रचार प्रसार गरियो भने त्यो कुरा सबैले थाहापाउने हुन्छ । मानिसको लागि ज्ञान सकभर फराकिलो हुनुपर्दछ । मानिसमा ज्ञान सीमित भएमा काम कुरोको उन्नति हुने हुँदैन । यसैले नवज्ञानको लागि प्रचार प्रसारको ठूलो महत्त्व रहेको हुन्छ । भगवान् बुद्धले बोधित्व प्राप्त गरी आफूले पाएका ती कुरालाई आफ्नै शुरूका ५ शिष्यलाई सिकाई बुझाई ठाउँ ठाउँमा गई प्रचार प्रसार गर्न आज्ञा दिएका थिए -

*'चरथ भिक्खवे चारिकं बहुजनहिताय बहुजनसुखाय'*। (भिक्षु हो ! बहुजनको हित र बहुजनको सुखको लागि विचरण गर ।) बुद्धका यी उपदेश विचार गर्ने हो भने मानिसले प्रचार प्रसार गर्नु भनेको बहुजन हित र बहुजन सुखको लागि हो ।

बुद्धले बुद्धत्व प्राप्त गरेर मानिसका स्वभाविक आध्यात्मिक एवं भौतिकप्रवृत्तिलाई जानेका हुन् । जन्मेका मानिसलाई सबैभन्दा ठूलो आवश्यकता भनेको दुःखको नाश र सुखप्राप्ति हो । त्यसैले सुखको लागि अपनाउने कार्य भनेको दुःखको निवारणको लागि प्रयास गर्नु हो । यसप्रकारको प्रयास सफलपार्न मानिसले उद्देश्यसम्बन्धमा पूर्ण ज्ञान हासिल गरेर त्यही आफूले जानेका ज्ञानअनुसार आफूले आचरण गर्नुपर्दछ । मानिसमा कुनै कुराको ज्ञान हुँदैमा त्यसको प्रयोग हुने गरी आचरणशील नभएमा त्यस्ताले बुद्धको शिक्षा प्राप्त गर्न सकेको ठहर्दैन । ज्ञानमा सानो खोट लागुन्जेल सुखप्राप्तिमा बाधा भइरहन्छ । बुद्धको धर्मप्रचारको उद्देश्य यस्ता खोटहरू हटाउने कुरामा आधारित छ ।

आजकाल प्रचार प्रसारको कुरा गर्दा बुद्धको प्रचारनीतिको उद्देश्यसँग धेरै फरक रहेको पाइन्छ । फटाहा कुराको प्रचार हुनुहुन्न भन्ने बुद्धको शिक्षाको सामू चलाख्याइँ, धूर्त्याइँ र झूठकै पनि सहायता लिएर सीमित मानिसको लागि फाइदा लिने प्रचारनीति आजको दुनियामा यत्रतत्र देखिन्छ । आर्थिक लाभको प्रचार गरिने कुराहरू यद्यपि साँचो नै भएपनि मानिसको आचरणलाई विकृत पार्ने खालको प्रचार भइदिएमा यस्ता कुराको प्रचार हुनु बुद्धको नीतिअनुसार विपरीत मानिन्छ । अरूलाई विलासितामा फँसाउने र क्षणिक सन्तुष्टिले भविष्य बिगार्ने खालको प्रचार मानिसलाई दुःखको मार्गमा ढकेल्ने विधि हो । सुरक्षाको लागि भनिएपनि मानिसको हत्याको लागि नै प्रयोग हुने शस्त्रअस्त्रको



Downloaded from http://www.dhamma.digital

प्रचार बुद्धको सम्यक्आजीविकाको सिद्धान्तको विपरीत हुन्छ। आजको अर्थप्राप्तिको प्रचार नीतिसम्बन्धमा बुद्धधर्मानुकूल हुनुपर्दछ भनिँदा स्वयं बौद्धहरू नै पनि मान तयार नभएका पाइन्छन्। आजको युगअनुसारको प्रचार प्रसारको विधि नअपनाइएका बुद्ध धर्मावलम्बीले ठूलो आर्थिक समस्या भोगी दुःख भोग्नुपर्ने हुन्छ भन्ने धारणा केही बौद्धहरूको नै पाइन्छ। एकातिर बुद्धधर्मको प्रचार प्रसार, अर्कोतिर भौतिक सुखका साधनहरूको प्रचार प्रसार भई आएको यो बेला बुद्धधर्म र बजारिया प्रचारबीच प्रतियोगिताको पाराले भइरहेको दौडको प्रदर्शनझैं भइराखेको छ। बुद्धधर्मलाई निरन्तरता दिने हो भने बुद्धधर्मावलम्बीले बुद्धधर्मानुकूलको प्रचारलाई छानी छानी अगाडि सार्नुपर्दछ। बौद्ध भएर बौद्धसंस्थामा रहेर बुद्धधर्मानुकूल आचरणलाई पुष्टि दिने कार्यमा नरही लोकजनकै हाहामा लागेर प्रचार प्रसारको विधिलाई छानेर प्रयो नगर्ने हो भने त्यस्ता धार्मिक बौद्धसंस्थाको कुनै मूल्य नरहने हुन्छ। धार्मिक संस्थाले प्रकाशित गरेको पत्रपत्रिका एवं प्रसाकार्यमा आर्थिक लाभको दुष्टिले रक्सी, जाँड एवं लागूपदार्थको विज्ञापन प्रसार गरेमा धार्मिक संस्थाको बदनाम भई संपूर्ण बौद्धजगत् नै आलोच्य हुन जानेछ। बाहिरी जगत्को प्रचारमा बुद्धधर्मको नै शोषण हुने गरी बुद्धको नाउँमा बुद्धद्वारा निषेधित बस्तुको ट्रेडमार्क लगाई प्रचार प्रसारमा आर्कषण दिन खोजिएको उदाहरण पाइन्छ। जस्तै - बुद्धजर्दा, बुद्धव्हिस्की र बुद्धबियर आदि। सचेत बौद्धहरूको यस्ता प्रचारबाजीको विरोध पनि जनाइआएका छन्।

पहिलेको जमानामा बुद्धद्वारा गरिने गराइने प्रचार धर्मदेशना र सामाजिक कुसंस्कारविरुद्ध हुन्थे भने आजकालको प्रचार मात्र व्यापार र व्यक्तिगत फाइदाको रूपले हुने भएको छ। उहिले जुनसुकै कुराको प्रचार गर्नुपरेपनि मानिस स्वयं गई प्रत्यक्ष भई गरिन्थ्यो र त्यस्तो प्रचार ठोसरूपमा प्रभावकारी भई कार्यान्वयनमा समेत तत्काल लागिने हुन्थ्यो। प्रचारक जहाँ गयो त्यही ठाउँमा मात्र प्रचार हुँदा विकृतिलाई सुधार गर्ने औसर बढी हुन्थे। विद्युतीय प्रचारका साधनले उसबेलाको विकासमा प्रचारको पूरा प्रभाव पर्न नपाए पनि मानिसद्वारा प्रचार हुनेमा दुष्प्रवृत्तिको विकास कममात्रमा हुने हुन्थ्यो। आज टी.भी. र रेडियो आदिको प्रयोगद्वारा कुनै पनि कुरा छिटो प्रसार हुने हुन्छ र आकर्षणका तरिकामा जस्तै किसिमका छलछाम रहेपनि त्यस्ता प्रवृत्तिलाई छिटै थाहापाइने हुँदैन र प्रत्यक्ष भई छलफल गरी बुझ्न सकिने औसर हुँदैन। प्रचारको विषय र तरिका जे जस्तो भएपनि



Downloaded from http://www.dhamma.digital

बुद्धधर्मको प्रचारकार्य नैतिकताको आधारमा हुने भएको ले आजको प्रचार बाजी प्रसार बौद्धजगत्मा विचलित पार्ने किसिमको बढी देखिन्छ। बुद्ध र बुद्धधर्मको प्रचारले एशियाका देशहरू प्रभावित भई त्यहाँका व्यक्ति स्वयं बौद्ध बनेका छन् । बुद्धको प्रचार भनेको दिगो अवस्थामा र हेको देखिन्छ। आजको नानाविध प्रचारले जीवनस्तर उकास्ने गरी कामकाजमा दिगो पार्न सकिएको देखिएको छैन। आजकालको प्रचारमा छिनभरको सुख सुविस्ताले रहने गरिएको हुने र मानिसक तनाव बढाउने काम बढी भएको छ । प्रचारमा आएझैं वास्तविकतामा त्यसले दिने फाइदा पहिलेको तुलनामा अहिले आधा पनि पूरा नहुने हुँदा मानिसमा प्रचारबाजीप्रति विश्वास हराउँदै गएको छ। यस्तो स्थितिमा बुद्धधर्ममा लाग्नेहरूद्वारा गरिने प्रचारमा पनि आधुनिक बाह्यजगत्को वातावरणको असरपरी बुद्धधर्मका नैतिकताका कुरामा पनि प्रश्न उठ्ने भएको छ। बौद्धजगत्मा यसरी बौद्धप्रचार सम्बन्धमा शंका उब्जिनु दुर्भाग्यमात्र नभै सुख शान्तिका लागि गरिने क्रियाकलापमा समेत वितृष्णा उत्पन्न गराउने गराएको छ ।

यो विश्वविकाससम्बन्धी कुरामा आजलाई प्रचारको युग भनिए पनि बुद्धको निर्देशनसम्बन्धमा भौतिकता बलियो पार्ने कामको युग हो । सबै युग परिवर्तन हुँदै जाने हुन्छ भने बुद्धको शिक्षाको तौर तरिका र व्यवहारीकरणको युग उही हुन्छ जो पहिले थियो, अहिले छ र पछि हुनेछ । ज्ञान र बुद्धि युगअनुसार हुन्छ भने प्रज्ञाज्ञान त्रिकालसत्य हुने हुन्छ । त्यसैले *'प्रज्ञापरमिता'* बुद्धधर्मको लक्ष्य रहेको निर्वाणत्व प्राप्त गर्ने माध्यम हो। प्रज्ञा प्रचारको कुरा होइन, वास्तविक अनुभवको कुरा हो । प्रज्ञाज्ञानीहरू अनुभवसिद्ध कुरालाई जीवनमा प्रयोग गर्छन् । तब त्यस्ताको पारमिता पूर्ण हुने मार्ग सिधा रहन्छ। पारमिता पूर्ण भएपछि त्यस्तो व्यक्ति बोधिसत्त्व होइन्छ। बोधिसत्त्व नै निर्वाणमार्गमा पुग्छ । निर्वाणमार्गमा पुऱ्याउने क्रियाकलाप बुद्धधर्मका वास्तविक प्रचार हुन् जुन प्रचारले धर्मको बीउ जोगाउँछ र धर्म सधैं प्रचार योग्य रहिरन्छ।

मौर्यसम्राट् अशोकले धर्मप्रचार गरेबाट उसको राज्यको अत्याचारी पूर्वक्रियाकलापलाई संझाइदिन्छ कि ऊ कसरी बुद्धधर्मप्रचारमा लाग्न पुग्यो। उनले ८४,००० धर्मस्कन्धको प्रचार र ८४,००० स्तूप बनाएको कुराको प्रचार आजसम्म पनि सांस्कृतिक आधारमा विश्वमा यथावत् देख्न सकिने गरी विद्यमान छन्। यसप्रकारको सन्र्दभको उदाहरणसहितको दिगो प्रचार सायदै मात्र विश्वमा यथावत् देख्न सकिने गरी विद्यमान छन्। यसप्रकारको सन्दर्भको



Downloaded from http://www.dhamma.digital

उदाहरणसहितको दिगो प्रचार सायदै मात्र विश्वमा टिकेको देखिन्छ। कति प्रचारका कुराहरू आए, गए, हावामा उड्ए भनेझैं विस्मृतिमा पुगेर विलीन भएका छन्। आजको विकासेयुगमा देखौवा विज्ञापन प्रचार हुन्छ भने मानवजातिको हितमात्रको लागि गरिने प्रचार सन्तान दरसन्तानसम्म याद दिलाउने दिगो प्रचारको रूपमा रहेको हुन्छ।

मानिसले गरिने प्रचारमा कुनै प्रचार आफ्नो पक्षको कुराको परिपूर्ति गरी निजी लाभको लागि गरिने गरिन्छ भने कुनै प्रचार वास्तविक मानवपक्षको भलाइको लागि गरिने हुन्छ। बुद्धधर्मको प्रचार कुनै एक वर्ग, एक राष्ट्रसम्मको लागि हित कल्याणमा उन्मुख गराउने नभै विश्वजगत्मा नै दुःखावरोध हुने गरी मानवस्वभावमा परिवर्तन ल्याउने शिक्षाको रूपमा गरिने हुन्छ। त्यसैले बुद्धलाई विश्वका सम्पूर्ण राष्ट्रहरूमा शान्तिको पर्यायवाची किसिमले लिइने भएको पाइएको छ। यसैकारण बुद्धधर्म र प्रचारको विषयमा आजको प्रचारबाजी युगलाई उपयोगीरूपमा गरिने नमूनास्वरूपको प्रचार नीति अपनाई बुद्ध, धर्म र संघप्रतिको श्रद्धा र मानवकल्याणको विषयलाई संझाउने गरी बौद्धहरूले प्रचारनीति अपनाएर विश्वससामू धर्मको वास्तविकता छर्लङ्ग पारिदिन सच्चा बौद्धहरू अग्रसर हुनुपर्ने कुरा संझनु योग्य छ।

❋

---

*'संघराम' बु.सं २५४७ (वि.सं. २०६०)



Downloaded from http://www.dhamma.digital

# धर्म र संस्कार*

*"अनिच्चावत संखारा"* संस्कार अनित्य छ । यावत् संस्कार अनित्य छ भन्ने कुरा बुद्धधर्मको ज्ञान दिलाउने प्रमुख विचारधारा हो । मानिसले जुन विधि व्यवहार चलाउँदै आएको छ, त्यो संस्कारगत विधि हुन आउँछ । समाजमा जन्मदेखि मृत्युसम्ममा गरिने पूजा-आजा, भोज-भतेर, संस्कारका विधि-व्यवहार मानिसले सृजना गरेका हुन् । मानवनिर्मित यस्ता सबै कुरा अनित्य नै छन् । यस्तो अनित्यतालाई बुझेर शाक्यमुनि बुद्धद्वारा प्रतिपादित चतुरार्यसत्यलाई मनन गरी बुद्धका उपदेशअनुसार आफ्नो जीवनलाई ढाल्नु बुद्धधर्मलाई अवलम्बन गर्नु हो । बुद्धको उपदेशानुसार काम कुरालाई अपनाइने भएकोले यस धर्मलाई बुद्धधर्म भनी मानियो । बौद्ध भएर जब जब संस्कार लाई कज्याएर माकुरोको जालभित्र गुटमुटिएझैं जीवनव्यवहारलाई अल्झाउँदै हिँड्नेतिर लाग्छ तब त्यस्ता व्यक्ति र समाज बुद्धधर्मबाट टाढिँदै गएको हुन्छ । अनित्य, दु:ख र अनात्मलाई बुझेर, संझेर, अँगालेर अगाडि बढ्नु धर्मको निकट लाग्दै जानेलाईभनिन्छ ।

कोही कसैले पनि आफूले धारणा गरेर अँगालेको कुरालाई त्यसको धर्म भनिने हुँदा धारण गर्ने तरिकाको फरकले धर्मावलम्बी कहिनुमा पनि फरक हुँदै धर्मको नाउँ नै छुट्टाछुट्टैप्रकार को हुन गयो । जो, जुन, जसको शिक्षाको आधारमा अनि जो जसको सम्मानको आधारमा त्यस्ताप्रति आस्था प्रकट गरी तिनका कुरालाई व्यवहारमा लैजाँदा तत् तत्को नामबाट धर्मको नाम पनि रहन गएको देखिन्छ । कुनैपनि धर्मका कुरालाई अपनाउने विधिको एउटा आधार हुन्छ । बुद्धधर्म मान्नेको लागि बुद्धद्वारा प्रदत्त शिक्षा नै धर्मको आधार रहेको छ । पंचशील, अष्टशील र दशशीलका कुराहरू बुद्धको शिक्षाअन्तर्गतका आधारभूत व्यवहार हुन् । बुद्धका अनुसार शील भनेको मानिसले गरिने आचरणका नियम हुन् । यी नियम पालन गर्न अभ्यास गर्दै लानु धार्मिक हुँदै जानु हो । धार्मिक नियमलाई भंग गर्दै जानु अधार्मिक हुँदै जानु हो । धार्मिक नियमसँग संबन्धित भई संयमित हुनु, ध्यानभावनामा लाग्नु, समाधिलाई अपनाउनु जस्ता कुराहरू धार्मिक प्रवृत्तिलाई मजबूत पार्नुमा संलग्न हुनु हो । बुद्धधर्मसम्बन्धको धार्मिक भावनामा संलग्न हुनेले संस्कार बढ्ने खालको क्रियाकलापलाई घटाउँदै लैजानुसिबाय बढाउँदै लानु संस्कारमा मुछिँदै जानु हुनेछ । आजको सामाजिक



Downloaded from http://www.dhamma.digital

व्यवहार मिश्रित संस्कृतिले चल्दै जानाले बुद्धधर्मको मूल उद्देश्यमा नै घात पर्नेगरी बौद्धहरूसमेत नाउँले मात्र बौद्ध हुँदै गइर हेका छन्। नेपालीसमाजमा धेरै अगाडिदेखि नै आत्मवाद र ईश्वरवादको जग बसिआएको हुनाले नेपालकाबौद्धहरू अनजानमै आत्मवाद र ईश्वरवादमा फँस्दै गइराखेका छन्। बुद्धधर्मको मूल सिद्धान्त थाहाभएकाहरूले पर्यन्त नेपालमा चलेको परंपरागत संस्कारलाई छोड्न नसकी आत्मवाद र ईश्वरवादलाई टेवा मिल्ने विधि-व्यवहार र क्रियाकलापतिर अग्रसर हुँदै गइराखेका छन् । फलत: बौद्ध भनिएकाहरू पूजाआजा र जात्रापात्रामा संलग्न रही संस्कृतिको बचाउ र पुण्यसंचयको नाममा बुद्धधर्मको प्रतिकूल आचारणतिर जोड दिँदै जाने भएका छन्। हुँदा हुँदा प्रव्रजित रहेका चीवरधारी भिक्षु श्रामणेरपर्यन्त गृहस्थसरहको शिक्षा ग्रहण गर्नमा जोडदिनेखालका भएर आएको देखिन्छ । आफू पूर्ण संयमित भएर गृहस्थलाई समेत संयमतिर नजिक पुऱ्याउने अर्थात् उपासक बनाउनेमा प्रयत्नशील रहने भएका भिक्षुहरूको संलग्नता संस्कारमय व्यवहारमा अग्रसरता बढ्दै गएको देखिन थालेको छ ।

विश्वमा फैलिएको अशान्तिलाई यज्ञ, होम आदि गरी शान्तिको कामना गर्ने अन्य धर्मावलम्बीसरह अनीश्वरवादी बौद्धहरूले पनि कर्मवादलाई वास्ता नगरी ईश्ववादपाराका कामना प्रक्रियाहरूलाई अपनाउँदै जाने गर्दा टाउको भिजाउन खुट्टामा पानी खन्याउने जस्तो हुन गइरहेको छ। कार्य केही नगरी कामनामात्र गर्ने खालका बौद्धक्रियाकलापा कर्मवादविरुद्धको होइन भन्न सकिँदैन । राजनीति र प्रशासनिक दबावको लागि जमात मिलेर आउने पदयात्राको महत्त्व आफ्नै स्थानमा हुन्छ तर शान्ति हुने कुनै प्रकारको क्रियाकलाप नअपनाइकन शान्ति होओस् भनी शान्तिपदयात्रा गर्नुले भने नपढीकन *'जाँचमा पास गरिदेऊ'* भनी ईश्वसँग गुहार माग्नु जस्तो हुनुसिबाय अरू के हुन सक्छ ? वैरभावले वैरभाव शान्त हुँदैन भन्ने मन्त्र घोकेर आफू वैरभाव उत्पन्न हुने काम कुरोमा सक्रिय हुँदै जानाले आपसी लडाईं झगडा त्यसै शान्त हुन्छ भनी संझनु कतिको उचित होला ? रक्सी खाएर मात्तिएर झगडा-तगडा शान्त पारिदेऊ भनी भगवान्सँग प्रार्थना गर्ने कि रक्सी खान छोड्ने छोडाउने ? यतातिर को सोचाइको शिक्षा दिनुसट्टा कागजी प्रमाणपत्रले शिक्षित बनेका लाई शिक्षित मानी आचरणपक्षलाई वास्ता नगर्ने भएमा त्यस्ताको लागि बुद्धधर्मको ज्ञान रहेको शिक्षित विद्वान् भनी बुद्धधर्ममा मान्न सकिँदैन ।

आजको दुनिया विज्ञान र प्रविधिको हो। यसको मतलब शरीर र व्यवहारले धान्न नसकिने गरी विज्ञानको प्रयोग र प्रविधिको अभ्यास गर्नु कतिको वाञ्छनीय



Downloaded from http://www.dhamma.digital

होला ? विज्ञान र प्रविधिले मानवजीवनमा सुख शान्ति बढाउँछ र सुविधा प्राप्त गराउँछ भने यसको विकास मानवजगत्मा आशीर्वाद नै बन्दछ तर विज्ञान र प्रविधिको पहलले मानवजीवनलाई ध्वस्त पार्छ भने त्यस्तो विकास जीवनको लागि अभिशापसिबाय अरू के हुन सक्ला ? साँचै त यो कुरामा विकासको दोष होइन, मानवधर्म पालन नगर्ने मानिसको पूरापूर दोष हुन जान्छ। जीवनमा उमेरअनुसारको दोष गुण आउने प्रकृतिको नियम हुन्छ । त्यसैले त्यस्ता स्वाभाविक नियमसँगै स्वाभाविक दोष निरूपणका प्रक्रिया पनि अपनाउँदै जाने हो भने दोष मेटिएर गुण पलाउने हुन सक्छ । यस्तो गुणको पोको भएको मानवकल्याणमा सघाउ पुग्ने शिक्षा अन्तर्निहित रहेको हुँदा बुद्धधर्मलाई वैज्ञानिक धर्म भनिएको हो सिबाय आकाशभरि चील उडेझैं हवाइजहाज उडाउने अर्थविहीन वैज्ञानिकता सृजना गर्ने खालको वैज्ञानिक अर्थ लगाइएको होइन। नरसंहारका तत्त्वहरूको विनाश र निवारण गर्ने उपाय बताएर आफूले त्यस उपायमा नलाग्ने शिक्षित, विद्वान् र गुरु भनाउँदाले यो दुनिया भरिभराउ भएमा मानवकल्याणको नाउँमा कुकुर र श्यालको ह्वाउ ह्वाउ र हुया हुया रहनुसिबाय यहाँ के हुन सक्ला ? संस्कारलाई अनित्यभावले उछिन्ने धर्म नै बुद्धधर्म हो। बुद्धको शिक्षामा शीलको अभ्यास नै वास्तविक उपयोगी संस्कार हो । यसैले बुद्धधर्म बूढा भएपछि मात्र भजन गाएर ईश्वरको स्तुति गरी अर्काको भरमा पर्ने धर्म होइन किन्तु बच्चादेखि नै मैत्री, करुणा, मुदिता र उपेक्षाको अभ्यास गर्ने गराउने धर्म हो ।

बुद्धको जीवनी र बुद्धका सिद्धान्त विषयमा ठेलीका ठेली धर्मशास्त्र हुनुले यस्ता ग्रन्थका व्याख्याहरू अनगिन्ती पाइएका छन् तर चतुरार्यसत्य र आर्यअष्टांगिक मार्गको कुराको सार-संक्षेप एउटै रहेको छ सिबाय त्यसमा अन्नर्गलतर्फ र विवादको कुराले पुट पाएको छैन । बुद्धधर्मलाई अरू धर्मको अगाडि छुट्टै अस्तित्व दिने कुरा यी नै हुन् । यी सिद्धान्तका अतिरिक्त कुनैपनि तर्कले बुद्धका उपदेशलाई बंग्याउँछ भने त्यो सरासर कुतर्क हुनेछ । यस सिद्धान्तमा रहनु नै सच्चा बुद्धोपासकको चिन्ह हो। हाड नभएको जिब्रो जता पल्टाऊ वा मसीले भरेको कलम जति घोटेपनि सत्य र वास्तविकता आफ्नै स्थानमा रहने हुन्छ। आफ्नो डम्फु बजाएर आफै ज्ञानी गुणी भन्नेहरूको आचार व्यवहार पहिचान गर्नु वास्तविक धर्मप्रति मर्मज्ञको काम हो। धर्म र संस्कारलाई सापेक्ष गरी बहुजनहिताय र बहुजनसुखायमा लाग्ने हुनु नै बुद्धधर्मको अनुयायी हुनु हो। अन्यथा दुनिया संस्कार पीडित भई जन्मजन्मान्तर भवचक्रमा रुमल्लिरहने हुन्छ ।

❋

*'धर्मचक्र' बु.सं २५४७ (वि.सं. २०६०)



Downloaded from http://www.dhamma.digital

# मरेपछि दान*

नेपालमा आफ्ना आफन्त मरेपछि त्यसको नाउँबाट दान दिने चलन छ । यहाँको परंपरागत सांस्कृतिक विधिअनुसार पनि मरेकै दिनदेखि मर्नेको लुगाफाटोदेखि लिएर उनको नामबाट उनी जिउँदो रहँदा उनले उपभोग गर्ने गरेका बस्तुहरूसहित रूपियाँ पैसा दान दिने गरिन्छ । मरेकाको ७ दिने, १० दिने, १३ दिने, १५ दिने, ४५ दिने, ३ महिने, ६ महिने, वर्ष दिने र २ वर्षे आदि दिनहरूमा उनको लागि मोक्षप्राप्ति, वैकुण्ठवास, सुखावतीभुवनवास होस् भनी पुरोहित, संन्यासी, भिक्षुवर्ग आदिमा दान दिने गरी वर्षेपिच्छे श्राद्धको रूपमा दानप्रदान गर्ने गरिन्छ । मरेपछिको त्यसको नाउँबाट दान दिएर आफ्नो मान्छेप्रति देखाएका संझना, श्रद्धा र आत्मीयता ज्यादै उल्लेखनीय सहृदयता हो । उनले उनको जीवनकालमा पाप गरेको भए मृत्युपछि पुराण आदिमा उल्लेख गरिएअनुसार नाना दुःख भोग्नुपर्ने जस्ता नरकादिमा पुगेर दुःख भोग्न नपारेस् भनी उनको सुखको कामना गरी दान दिने र पूजा भावना आदि विधि अपनाउने गरिन्छ । मृत्युपदमा पुगेका आफ्ना आमाबाबुको श्रद्धामा आमाबाबुको मुख हेर्ने दिनमा छोराछोरीले तीर्थस्नान गरी दान दछिना प्रदान गर्ने गरिन्छ । नयाँ धारणा जागृत भएअनुसार कोही आफन्तको संझनामा उनको सालिक राख्दछन् । मरेका आफन्तका नाउँमा बस्तु दान दिने, पुस्तक प्रकाशित गरिदिने, पुरस्कारको लागि अक्षयकोष राखिदिने आदि गरी दानस्वरूप संपत्ति अर्पण गरिने पनि हुन्छ । यसरी मरेका को हित सुख चाहेर आफूसँग रहेको बस्तु दान दिने गरिन्छ ।

बुद्धधर्ममा दानको माहात्म्य ठूलो छ । कुनैपनि बेला, कुनैपनि प्रकारले गरिएको दान मानवीय गुणमध्ये उच्चप्रकारको गुणमा गनिन्छ । यसरी मरेपछिको संझनास्वरूप दिइने दान एकप्रकारको विशेष दान नै भन्न सकिन्छ ।

मरेपछि आफ्ना आफन्तको गुण र आफन्तपनलाई प्रतीत गरेर आफूसँग भई नभई आफ्नो हकको धन-संपत्ति दान गरी त्यस्ताको भावी जुनिहरूमा समेत हित-कल्याण चाहना गर्ने गरिएझैं मृत्युपदमा पुगेका त्यस्ता मान्छेप्रति बाँचिरहेकै बेलामा पनि उत्तिकै हितकामी भई आत्मीयभावले उनको जीवनरक्षार्थ बिरामी, वृद्ध र विपन्न अवस्था श्रद्धा र



Downloaded from http://www.dhamma.digital

सहयोगबाट सुश्रूषा अपनाउनु मरेपछिको दानले श्रद्धा दर्शाउनुभन्दा कम आत्मीय ठहरिँदैन । बुद्धधर्मको शिक्षापदमा त झन् आफन्तप्रतिको व्यवहारसंबन्धी नीति, नियम र आचरण स्पष्टरूपमा किटिदिएको छ । आफन्तप्रतिको श्रद्धा करुणा आदिलाई अँगाली पूर्व-पश्चिम आदि १० दिशालाई प्रतीकात्मकरूपमा दिनहुँ नमस्कार गर्ने नियम नै बुद्धधर्ममा विद्यमान छ । आफन्त भनेपछि व्यवहारमा ठूलो सानो भन्ने हुँदैन र सबै नै उत्तिकै श्रद्धेय र प्रियमा गनिने हुन्छ । यति भएर पनि मरेपछिको श्रद्धाभाव प्रदर्शन गरिएझैं मर्नुअघि जिउँदो बेलामा त्यसरी श्रद्धाभावले वर्ताव गरिएको भने यदा कदा कहीं कहींमात्र देखिने सुनिने भएको छ । मरेपछिको गरिने यस्ता कर्मक्रियाझैं समाजमा जीवितकालमै श्रद्धाभाव पोख्ने खालको नेपाली संस्कृति नभएको होइन । व्रत-उपवास आदि र चाडपर्वमा श्रद्धास्वरूपको जीवनपद्धतिको प्रथा पनि नेपालीसमाजमा रहेका छन् । यस किसिमले छोराछोरी दिवस, साथीभाइदिवस, दाजुभाइदिदीबहिनीदिवस, ज्वाइँ-ससुरादिवस, लोग्ने-स्वास्नीदिवस, आदि दिवसैदिवसले भरिएको संस्कृति नेपालीको छ । यस्ता प्रथाहरूमा आपसमा दानप्रदानै चलन छ । आज यस्ता आफन्तीय श्रद्धाका चलन सबै विधिमा मात्र सीमित भएर वास्तविक श्रद्धाको उदार भावना खस्किएको छ । आफ्नो संस्कृतिप्रति संरक्षण, सुधार र सद्व्यवहारमा लागेर नयाँ युगअनुकूल वैज्ञानिक किसिमले त्यसलाई उपयोग गरिनु इहलोककै विकास र लोकउद्धारको काम हुने थियो । संस्कृतिको सुधार, संरक्षण र व्यवहारमा लाग्ने विचारलाई वास्ता नगरिँदा शान्तभूमि सुन्दर शान्त विशाल भनिने नेपाल अशान्तिले छाएर भताभुंग अवस्थामा गुज्रँदै गएको अनुभव गर्नुपरिराखेको छ । यो शान्तिप्रिय देवभूमिमा देवीदेवताको त कुरै छोडूं ऐतिहासिक विश्वप्रसिद्ध महामानव भगवान् गौतम बुद्धको शिक्षासम्म पनि शुद्धरूपमा कज्याउन सकिएको छैन । बुद्धलाई शान्तिको प्रतीक मान्दछन् आजको दुनियामा, यो कुरा निर्विवाद छ ।

मरेपछि त्यसप्रति गरिने श्रद्धालाई त्यसै स्थानमा राखी जीवन्तकालमै पनि त्यसप्रति श्रद्धा, आत्मीयता र हिताभिलाषीतलाई दैनिक आचार-व्यवहारले व्यक्त गर्ने प्रयास भएमा धर्मशास्त्रहरूमा उल्लिखित काम, क्रोध, लोभ मोह, मद, मात्सर्य, ईर्ष्या, द्वेष र रागादि सबैमा विजय प्राप्त भई दान, शील, क्षान्ति, वीर्य, ध्यान, प्रज्ञा र बल आदिको अभिवृद्धि भई नेपालभूमि वास्तविक पुण्यभूमि नहोला भन्न सकिँदैन । देवभूमि, शान्तिभूमि, पुण्यभूमि, तपोभूमि, धर्मभूमि र आनन्दभूमि आदि भनी यस देशको नाउँ लिइनै रहेका छौं भने यसलाई सार्थक



Downloaded from http://www.dhamma.digital

कुरा हो भनेर मान्न सकिने पनि हुन्छ। यस्ता भूमि भनिने देशलाई आरोपित गर्न सकिने पर्यावाची नाउँलाई हात्तीको देखाउने दाँतझैं मात्र मान्ने गरी गौरव प्रकाश गर्ने किसिमले शब्दमात्र भट्याउने हो भने शास्त्रहरू पनि जलाइदिए हुन्छ, नदीमा बगाइदिए हुन्छ, माटोमा पुरिदिए हुन्छ भन्नुमा हिच्किचाउनुपर्दैन होला।

*'उद्देश्यं के लिनु उडी छुनु एक चन्द्र'* भन्ने भनाइ उचित हो भनेर संस्कृतिका आचार-विचारका कुरा पनि बकंफ्वास भनी संझनु उचित नहोला। पुराना पुराण र शास्त्रमा वर्णित चमत्कारपूर्ण कुरालाई विश्वास गरी त्यस्ताको प्रतिपालनस्वरूप सांस्कृतिक विधि अपनाइआएको छ भने बुद्धले कल्पना गरेको बहुजनहिताय, सुखायको कुरा असम्भव मान्नु उचित नहोला। बुद्धद्वारा बताइएका आर्यअष्टांगिक मार्गको कुरा घोक्ने र लेख्ने बस्तुमात्र भएर बुद्धधर्म नमान्ने भनी बस्ने हो भने बुद्ध दिनानुदिन हास्यको पात्र बनी विश्वमा शान्तिको समेत अवमूल्यन नहोला भन्न सकिँदैन। जगत्मा विज्ञानले जति जति ठोस कुरालाई प्रकट गरी सक्कलीपन ल्यायो मानिसको व्यवहारमा उति उति नक्कलीपनले भरिँदै गएको छ। नेपालमा विश्वबजारको हावा जतिसुकै बहेपनि नेपालस्थित विश्वभरिको उच्च हिमाल जस्तोसुकै हुरी बतास र आँधीबेरीले डेग नचलाइने भएझैं नेपालीजगत् शान्ति आचरणमा अडिग रहन सक्ने विश्वास लिन सक्नु एकमात्र महामानव बुद्धसँग सापेक्ष रहन सक्नु हुनेछ। कसैले नगरेको कुरा र कहींपनि नभएको कुरालाई नमूना गरी देखाउनु बहादुरी हुन्छ र अरूको नक्कलमात्र गर्नु त दास बन्दैजाने मात्र हुनेछ।

मानिसप्रतिको मरेपछि मात्र गरिने श्रद्धाभिव्यक्तिलाई जिउँदो अवस्थामा नै पनि प्रतिपालन गरी व्यवहारमा ल्याउने दिवसको रूपमा बुद्धजयन्तीका दिनलाई छान्ने गर्नु एउटा नयाँ प्रस्ताव हुनेछ। बुद्धदिवसलाई लुम्बिनीदिवसको रूपमा मनाउने गरिएझैं लुम्बिनीदिवसलाई बुद्धशिक्षाको व्यवहारदिवसको रूपमा मनाउने बौद्धहरूको जमर्को हुनु वाञ्छनीय भएको कुरा अस्वाभाविक हुँदैन होला।

नेवारभाषामा एउटा आह्वान छ, *'दत्तले कुचा:, मदयेका: बिचा:, प्यन्हुदयेका: ल्व:चा: (लोकाचार)'*। (बाँचुन्जेल बाधा संझेर राम्रो व्यवहार नगर्ने, मरेपछि बिचार गर्ने भनी लाग्ने, मरेको चारौं दिनमा लोकाचार गरी शोक व्यक्त गर्ने)। मरेपछिको त्यसको नाउँमा दानका विधि व्यवहार गर्ने कुरासँग यस आह्वानको ठूलो सम्बन्ध छ। मरेपछिको दानदिने कुरालाई नराम्रो संझिएको होइन



Downloaded from http://www.dhamma.digital

परन्तु जीवितावस्थामा भोगेको दु:खलाई वास्ता नगरी मरेपछिको त्यसरी प्रकट गरिएको श्रद्धा पूर्णश्रद्धास्वरूपको नभै स्वार्थी र नक्कली व्यवहारझैं देखिन गएको ले यसप्रकारको अपांगव्यवहारलाई सच्याउनुपर्ने चेतना दिन खोजिएको हो। आजकाल जिउँदा मान्छेलाई त मान्छेले मान्छे नै नगन्ने व्यवहार पलित भएको छ। बाँचुञ्जेल भोकै रहँदा पनि, दु:ख कष्टका साथ ठोकर खाइरहेपनि मानवतालाई जगाउने गरिएको देखिँदैन। बाँचुन्जेल आमाबाबुलाई छोराछोरीले पर्यन्त हेर्न भ्याउँदैनन्। मरेपछि तिनको नाउँमा भूमिदान, अन्नदान, वस्त्रदान, द्रव्यदान, पुष्पफलादि दानैदान ब्यहोरिन्छ। आज देखिएको छ, जीवनलाई घृणा गरिन्छ जति मृत्युलाई प्रेम र सम्मान गरिन्छ।

*'पूर्वजन्म र उत्तरजन्ममा फँसेर वर्तमान जीवनलाई व्यर्थ नपार भन्ने बुद्धको शिक्षा छ'*। कुनैपनि राम्रो र वास्तविक शिक्षालाई कागजी शिक्षा बनाउने जमानाले कागजीप्रमाणपत्रलाई शिक्षितपनको कसी बनाइदिएको छ। जीवन सुध्रिने आचरण र व्यवहारको प्रयोगात्मक परीक्षा र मूल्यांकन रहेन। यस सन्दर्भमा मृत्युपछिको दानलाई मानिसको जीवनकालमा नै सार्थक बनाई दानस्वरूप व्यवहारमा उतार्नेप्रकारको शिक्षा लिने खालको वाक्यांशको रूपमा ग्रहण गर्नु नयाँ सोच हुनेछ। यस्ता सोचाइले ढोंगीपन, अन्धविश्वास, यशकीर्तिको लोभ, दुराचारको आर्जन घट्न गई सदाचारको प्रतिपालन हुने होला भनी बिचार गर्न सकिने ठाउँ हुन आउने हुन्छ। तब इहलोक परलोक दुबै सप्रने धारणामा प्रोत्साहित हुन सकिनेछ।

❋

***'धर्मकीर्ति' बु.सं २५४७ (वि.सं. २०६०)**



Downloaded from http://www.dhamma.digital



लेखक

# बुद्धधर्म र व्यवहार

## (केही उद्धृत वाक्य)

☆ मानिस एक दुःखको पोको हो ।

- बुद्धको उपदेश र धर्मचक्रप्रवर्तन

☆ मानवको हित नहुने सिद्धान्त खालि कोरा कल्पना र हठवादमात्र हो ।

- मानवधर्म

☆ अज्ञान भनेको कुरा नबुझ्नुमात्र होइन, बुझेर बूझ पचाउनु पनि हो ।

- बौद्धसंस्थामा सदस्य हुँदैमा बौद्ध होइन्न

☆ धर्मको भिन्नता भनेको धर्मको प्रतिपादक र शास्त्रको भिन्नता हो ।

- बौद्धहरूलाई हिन्दू भनेर किन भन्दछन् ।

☆ शास्त्र मानिसले बनाएको ले, यस्ता शास्त्र अनगिन्ती छन् र अनगिन्ती भएर आउँछन् पनि ।

- धर्म र व्यवहार

☆ कोही बौद्ध बुद्धधर्मका कुरा पढ्न तत्पर छन् त कोही पढाउन तत्पर छन् तर पढेको जानेको कुरालाई व्यवहारमा उतार्न कोशिश गरिएको भने बिरलै पाइन्छ ।

- बुद्धधर्म ह्रास हुनुमा बौद्धकै कमजोरी

☆ शिक्षाले मानिसलाई जान्ने बुझ्ने गराई चलाक बनाउँछ र त्यही चलाक्याइँबाट मानिसलाई स्वार्थी पनि बनाउने हुन्छ ।

- शिक्षालाई तत्काल व्यवहारमा उतार्ने शिक्षणसंस्था

☆ अर्काको सम्पतिले आफ्नो धर्म बच्दैन, आफ्नै सम्पत्ति र समर्पित प्रयासले धर्मको संरक्षण हुन्छ ।

- नेपालमा बौद्ध र बौद्धसंस्था

☆ सस्तो विज्ञापनमुखी प्रचारले चन्दा संकलन गर्नु धर्मानुकूल नभै धर्मलाई बन्धकी राख्ने जस्तो हुन जाने हुन्छ ।

- धार्मिक लोभ

☆ दुःखैदुःखले भरेको जीवनमा धन भएपनि दुःख र नभएपनि दुःख छ ।

- बुद्धधर्म र धन

☆ हाड नभएको जिब्रो जता पल्टाऊ वा मसीले भरेको कलम जति घोटेपनि सत्य र वास्तविकता आफ्नै स्थानमा रहने हुन्छ ।

- धर्म र संस्कार

❄

Downloaded from http://www.dhamma.digital